चिलीको चर्चित कम्युनिष्ट आन्दोलनको उत्थान र पतनको अन्तर्कथा

# मूल्याङ्कन

मूल्य रू. १५।-

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णांक-१८ २०५०-५१ चैत्र/बैशाख




## राजधानीमै भारतीय प्रहरीको सशस्त्र हस्तक्षेप

नेपाली कांग्रेसमा अब के होला ?

नेपालमा पहिलोपटक चारधर्के (4RT) फलामे छड

'तौल ट्याग' सहित

फलामे छड रोज्दा
अब अल्मलिनु पर्दैन




पंचकन्याको चारधर्के फलामे छड रोज्नुहोस् र निश्चिन्त हुनुहोस् ।

पंचकन्याको छड अलग्गै चिनिन्छ । छड किन्दा बण्डलमा झुण्ड्याइएको 'ट्याग' हेरेर मात्र किन्नुहोस् । स्मरण रहोस्, बजारमा उपलब्ध अन्य छडहरुमा पनि यस्तै ट्याग देखिन थालेका छन् । हामी गुणस्तरीय उत्पादन प्रति प्रतिबद्ध छौं । हाम्रो प्रत्येक उत्पादनको प्रयोगशालामा परिक्षण गरिएको हुन्छ । पंचकन्याको छड किन्दा 'टेष्ट सर्टिफिकेट' पनि माग्न नबिर्सनु होला ।

हामी चाहन्छौं, तपाईको रोजाई विशुद्ध तपाईकै होस् ।

पंचकन्या ...... सदैव विश्वासिलो

**पंचकन्या आईरन इण्डष्ट्रिज प्रा.लि.**

कोटिहवा, भैरहवा, फोन: (०७१) २०३६८, (०७१) २०५७१
मुख्य कार्यालय: कृष्णगल्ली पुल्चोक, पोष्ट बक्स २७४३, काठमाडौं
फोन: ५२६५५१, ५२५१७२, फ्याक्स: ५२६५२९



Mark of Quality

**Leather Wings**
for real walking pleasure

जहिले पनि जहाँ पनि सबैलाई हुने
अन्तर्राष्ट्रिय स्तरको लेदर विङ्गसका जुत्ताहरू
सुपथ मूल्यमा ग्यारेण्टका साथ धमाधम बिक्री हुँदैछ ।

"सित्तैमा"

आर्थिक वर्ष भित्र लेदरविङ्गसका शोरूम भोटाहिटी कमलाक्षी गल्ली तथा पाटनढोका बसपार्क अगाडिबाट १८ जोर जुत्ता खरीद गरेमा एक जोर सित्तैमा प्रदान गरिने छ ।

अधिराज्यका सम्पूर्ण शहरहरूमा उपलब्ध छ ।

समय मै लेदर विङ्गसका जुत्ता खरीद गरी ढुक्क हुनुहोस् ।

कृपया लेदर विङ्गसको छाप (लोगो) हेर्न नभुल्नु होला ।





**लेदर विङ्गस (प्रा०) लि०**
पो. ब. नं. ७२४० बाँसबारी, रिंगरोड, काठमाण्डौं -३ फोन ४-११७२०

Leather WingsLeather WingsLeather WingsLeather WingsLeather Wings



**नेबिको**

नयाँ
आवश्यकता

बिस्कुटहरु
तपाईको स्वास्थ्य, बचत
र सम्मान प्रति जत्तिको
होसियार छ त्यत्तिकै
आफ्नो गुणस्तर प्रति छ।




नेबिको प्रा. लि.
काठमाडौं, नेपाल

**मुनाफा प्रतिशत कम राखेर बिक्री वितरण गर्नु के अपराध हो ?**

**होइन भने अरू ब्यापारी साथीहरू हामीसंग किन रिस गर्ने ?**

*हामी त हाम्रो लक्ष्य अनुसार कम भन्दा कम मुनाफा लिएर ग्राहकको सेवा गर्छौं ।*

**ग्राहकको सन्तुष्टि हाम्रो मुनाफा ।**

# शेष इन्टरनेशनल

**हामी निम्न सामाग्रीको साथै तपाईहरूको स्वागत गर्दछौं ।**



अन्य जानकारीका लागि सम्पर्क राख्नुहोस्

## शेष इन्टरनेशनल

**पसल नं. १० बिशाल बजार, काठमाडौं । फोनः २२८१०४,२२८१५२ केबलः BANTI**

*हामी खुद्रा तथा थोक बिक्रेता हौं ।*

मूल्याङ्कन

(विचार-अन्तर्क्रियामुखी मासिक)

वर्ष : १२, पूर्णांक १७
२०५०/०५१ चैत्र/वैशाख

**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संगौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी.आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**कार्यकारी सम्पादक**
हरिगोविन्द लुईंटेल
**सह-सम्पादक**
राजेन्द्र महर्जन
**व्यवस्थापक**
श्याम खड्का
**व्यवस्थापन सहयोगी**
बेखबहादुर महर्जन
**लेखा**
केदारमणि पोखरेल

अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
का लागि सुवास श्रेष्ठद्वारा
प्रकाशित
**सम्पर्क कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
न्हूसाल, झोछें, ख-२,२३७
काठमाडौं-२३
फोन २१३६९४
पो.ब.नं. ३०२६ काठमाडौं

## चैत्र १४ को वानेश्वर काण्ड

# सरकारको भारतीय तावेदारीको स्पष्ट उदाहरण

देशको राजधानीमै गएको चैत्र १४ गते भारतीय सरकारका प्रहरीहरूले नेपालीहरूका घरमा छापा मारेको घटनाले पूरै नेपाल राष्ट्रलाई स्तब्ध र अक्रोशित पारेको छ । यो घटनाले प्रष्ट देखाएको छ- भारतीय शासक वर्ग अहिले पनि नेपाललाई एउटा सार्वभौमसत्ता सम्पन्न स्वतन्त्र मुलुक ठान्दैन, यसलाई एउटा भारतीय राज्य झैं ठान्छ, जहाँ जतिखेर पनि पस्न सकिन्छ र जे पनि गर्न सकिन्छ । माने भंज्याङ र गोर्खा काण्डमा सशक्त विरोध व्यहोरीसकेपछि पनि भारतीय शासक वर्गको दृष्टिकोण यथावत् छ भन्ने कुरा यो घटनाले पुनः देखाएको छ ।

नेपालको स्वतन्त्रताको लागि दुर्भाग्यको कुरो के छ भने- यहाँ त्यस्तो पार्टी सत्तारूढ छ, जो भारतीय शासक वर्गको हरेक विस्तारवादी मनसुवालाई हमेशा आँखा चिम्लेर ल्याप्चे ठोक्छ । नेपाल भारतको एउटा प्रान्त जस्तै हो भन्ने भारतीय शासक वर्गको साम्राज्यवादी समझदारीमा यसको पूरापूर सहमति देखिन्छ । टनकपुर काण्डले यो कुरा प्रष्ट इंगित गरेको थियो । अहिले वानेश्वर काण्डले त्यसको फेरि पुष्टि गरेको छ ।

सरकारको स्पष्ट जानकारीमा वानेश्वरमा भारतीय प्रहरीहरूले त्यो ज्यादती गरेको हरेक तरहले पुष्टि हुन्छ । अन्यथा, त्यो हस्तक्षेपमा नेपाल प्रहरीको संलग्नता कसरी हुन सक्यो ? आठ-दश जनाको सशस्त्र प्रहरी गिरोह थुप्रै संवेदनशील सुरक्षा नाकाहरू नाघेर बेरोकटोक राजधानीसम्म कसरी आउन सक्यो ? राजधानीमा ५-५ दिन कसरी बस्न सक्यो ? र नेपालबाट भारततर्फ-बेरोटोक कसरी फर्कन सक्यो ? फर्कने दौरानमा भरतपुरमा त्यो गिरोह पक्राउ पर्दा कसरी नेपाल प्रहरीको उच्च अधिकृतको आदेशले त्यो फुत्कन सक्यो ?

यी सब घटनाले प्रमाणित गर्छ- एउटा विरोध पत्र दिएर र एक जना प्रहरी अधिकृतलाई मात्र दोषी बताएर आफ्नो संलग्नता छोप्ने सरकारको प्रयत्न जनताको आँखामा धूलो छर्ने दुष्प्रयत्न मात्र हो । हैन, सरकारलाई यो थाहा थिएन भन्ने वनावटी सरकारी कथन स्वीकार्ने हो भने यो कुरा पनि स्वीकार्नै पर्ने हुन्छ- यो देशको वर्तमान सरकारको सुरक्षा-यन्त्र विल्कूल निकम्मा छ, सरकारको वर्तमान राज्ययन्त्र देशको स्वतन्त्रता र सार्वभौमिकताको रक्षा गर्न र देशका नागरिकहरूको सुरक्षा गर्न विल्कूलै असक्षम छ । यो यति पंगु र विदेशी तावेदार छ कि विदेशका प्रहरीहरूलाई देशका नागरिकहरूमाथि लूटपाट मच्चाउन, कँचटमा पिस्तोल तेर्स्याउन समेत सघाउने कार्य गर्छ । के यो स्थितिमा यस्तो निकम्मा र विदेशी तावेदार सरकारलाई देशको शासन चलाउने कुनै नैतिक हक बाँकी रहन्छ ?

कांग्रेसी सरकार अहिले विरोध पत्र, कार्वाही, आयोग र अनभिज्ञताको जुन नाटक गर्दैछ, त्यो पनि प्रतिपक्षले पैदा गरेको जन दवावले गर्दा हो । जनसमक्ष नांगिनबाट बच्न ऊ यस्तो गर्दैछ । उसले कार्वाही नै गर्ने भए यो मामलामा जिम्मेवार देशको परराष्ट्र मंत्री, रक्षा मन्त्री र गृहमन्त्रीलाई कार्वाही गर्न सक्नु पर्छ । आयोग नै गठन गर्ने यसको सदाशय भए- न्यायाधीश र वरिष्ठ एवं स्वतन्त्र नागरिकहरू भएको निष्पक्ष आयोग गठन गर्नु पर्छ । सरकारप्रति वफादार हुनु पर्ने एउटा सरकारी सचिवको नेतृत्वमा बनेको आयोगले कुनै निष्पक्ष छानवीन गर्ला भनेर कसले आशा गर्न सक्छ ?

भण्डाफोर र जन दवावको कति तागत हुँदो रहेछ ?- त्यो कुरा यो घटनामा प्रष्ट देखिएको छ । घटनाको पर्दाफास भएपछि दिल्ली सरकार समेत आफैंले पठाएको प्रहरी जत्थालाई आफैं निलम्वन गर्न वाध्य भएको छ । यो घटनालाई जन समक्ष ल्याउने श्रेय प्रतिपक्षलाई छ, विशेषतः वाम प्रतिपक्षलाई । यो घटनामा तुरून्त सडकमा उत्रेर प्रजातान्त्रिक राष्ट्रिय युवा संघले, अ.ने.रा. स्व.वि.यु (क्रान्तिकारी) ले र अ.ने.ट्रे.यू. महासंघले सराहनीय कार्य गरेका छन् । तर सार्वभौमिकता र राष्ट्रिय स्वतन्त्रतासँग जोडिएको यति सवेदनशील सवालमा वाम पार्टीहरूले संसदको भण्डाफोर र वक्तव्यसम्म मात्र सीमित हुनु उचित भएन भन्ने हामीलाई लाग्दछ । सरकार यो घटनामा दोषबाट पन्छिने प्रयत्न गर्दैछ । प्रष्ट प्रमाण सहित यसमा सरकारी संलग्नता देखाउँदै वामशक्ति देशव्यापी रूपमा सडक कार्यक्रममा उत्रिनु जरूरी थियो र जनतालाई भारतीय मिचाह रवैयाबारे व्यापक रूपमा सचेत गराउनु जरूरी थियो । अहिले पनि त्यसका लागि बेला घड्कीसकेको छैन भन्ने हामीलाई लाग्छ । आफ्नो हातमा डाडूपन्यौ छँदा राष्ट्रिय अस्मिताको सौदा गर्नेहरूको पार्टी रा.प्र.पा.समेत यो मामलामा सडकमा उत्रने, तर राष्ट्रिय स्वतन्त्रताका पहरेदार वाम पार्टीहरू चाहिं सदनमा र वक्तव्यमा मात्र सीमित हुनुले जनतामा के मनोवैज्ञानिक प्रभाव पर्ला ? प्रत्येक जिम्मेवार पार्टी नेतृत्वले सोच्नु पर्ने कुरा हो । ❑

# राजधानीमै भारतीय प्रहरी हस्तक्षेप

भारतको नियत के ?

हस्तक्षेपको परिणाम के ?

घटना विवरण सहित विश्लेषण



वामपन्थीहरूको दायित्व के ?

क. शम्भुराम श्रेष्ठ,
क. रोहित र
क. हिरण्यलाल श्रेष्ठका विचारहरू

## अब नेपाली कांग्रेसमा के होला ?

## खै त संसदीय र संवैधानिक बाटोबाट बदमास प्रधानमन्त्रीलाई पदच्यूत गर्न सकिएको ?

रात खतम होस् भन्ने पनि चाहने,
विहानीलाई फाइदा पुग्ला भनेर पनि डराउने,
यो कसरी हुन्छ ? ३८

## रा.प्र.पा. र सद्भावना पार्टीको भूमिका कस्तो रह्यो ?

चिली

## जहाँ चुनावमा बहुमतले चुनिएका वामपन्थी राष्ट्रपति एलेण्डे —मारिए—

एलेण्डेको हत्या कसरी भयो ?
चिलीको कम्युनिष्ट आन्दोलनको उतार- चढावको कथा ⑫



प्रतीक्षा गर्नुहोस् !

*नयाँ मनोरंजक र विचारोत्तेजक सूचना-सामग्रीहरूको वैकल्पिक स्रोतको रूपमा प्रकाशित हुँदैछ-*
**ज्ञानवर्धक, जीवनमुखी र प्रगतिमुखी**
**युवा मासिक पत्रिका**
- अन्तर्क्रिया प्रकाशन प्रा.लि.

## ८ मार्च दिवसको सान्दर्भिकता

नारी र फेसन शो ⑱

## यसपालिको ८ मार्च :

मानौं यो विधि पुऱ्याउने कुरा मात्र हो !
आदिम युगमा नारीहरू किन शोषित थिएनन् ?

**हाम्रो मूल्यांकन**
सरकारको भारतीय तावेदारी ४
**घटना र प्रवृत्ति**
चालू संघर्ष
"स्वतन्त्र तिब्बत" को राजनीति ४५
तिब्बत र सी.आई.ए. ४५
उत्तर कोरिया संकटमा ४४
कुलेखानीको आयु ७ वर्ष बाँकी ४२
छुवाछूत विरोधी संघर्ष ३७
प्रलेसका कार्यक्रमहरू ३७
नेपालको वैदेशिक व्यापार ४०
**आँखी-झ्याल**
पुँजीवादी समाजमा नारी समानताको हाल २३
**विश्व कम्युनिष्ट आन्दोलन**
क. गोञ्जालोमाथि थप मुद्दा १०
कोलम्बियामा कम्युनिष्ट नेताहरूको हत्या जारी ११
फिलिपिन्स : पूर्व छापामार कमाण्डरको हत्या ११
वेलायती कम्युनिष्ट पार्टीको अधिवेशन ४३
जर्मन कम्युनिष्टद्वारा एकताको आह्वान ४३
डेनमार्क : नयाँ कम्युनिष्ट पार्टीको निर्माण ४३
उत्तर- अमेरिकी कम्युनिष्ट पार्टीहरूको घोषणा ११
रूस, मोल्दोभा र वंगलादेश : संक्षेपमा ४३
**संगठन र जनसत्ता**
सबै कुरा के क्रान्तिपछि मात्रै गर्ने ? - प्रज्ञानरत्न ३०
**दर्शन/दिग्दर्शन**
ईश्वरको काल्पनिक धारणाको जन्म - डी.आर. पोखरेल ३२
दार्शनिक शब्दार्थहरू ३४
**नीति/संस्कृति**
कहाँ गए, रामेश-रायनहरू ? - चन्द्रदेव नेपाली २८
**पर्दा/रंगमंच**
सामना संगीत कार्यक्रम - हरिगोविन्द लुइटेल २७
हिन्दी फिल्म र विज्ञापनमा नारी - सब्यसाची २५
**साहित्य**
पोथी बास्नु हुँदैन (कविता) - कुन्ता शर्मा २६
वस्त्र (कथा) - खलील जिब्रान ३७
**विज्ञान/प्रविधि**
ओजोन प्वाल र नेपाली आकाशको हाल - डा. नारायण पोखरेल ३५
**प्रेरक प्रसंग**
माओको सादा जीवन ३४
**पाठकको कुरा** ४६

आवरण फोटो : बानेश्वर काण्ड घटेको दिनको २ दिनपछि नै प्र.रा.यु. संघले राजधानीमा गरेको विरोध प्रदर्शन / फोटो:- रबिन सायमि
आवरण कला : आइडियल डिजाइनर्स / अन्य फोटोहरू : उषा तिवारी / कम्प्युटर : नेप्युटर, बागबजार / मुद्रक : शिवशक्ति प्रिन्टर्स, बागबजार ।

# राजधानीमै भारतीय

## भारतको नियत के ?

नेपाली नागरिकको घरमा आएर एकाबिहानै बिदेशी प्रहरीले कन्चटमा पिस्तोल तेर्स्याउँछन्, अनधिकृत रुपमा घरको कोठा-चोटा चाहर्दछन् र दराज फोडेर रुपियाँ र सुन लुट्छन् ।

यसपछि उनीहरू जुन गाडीमा आएको हो, उही गाडीमा बसेर करीब ३०० कि.मी. बाटो नाघ्दै सीमा पार हुन्छन् ।

कुनै पनि सार्वभौमसत्ता सम्पन्न देशका लागि यस्तो घटना असैह्य हुने गर्छ । यस्तोमा सबै राष्ट्रप्रेमीहरू एक भएर यस्तो घटनाको विरुद्ध व्यापक रुपमा जुट्छन्, अहिले यो घटना कसरी घट्न सम्भव भयो ? त्यसको खोजी गरी राष्ट्रघातीहरूलाई कारबाही गर्छन् र भविष्यमा यस्तो घटना घट्न नदिन तात्कालीन एवं दीर्घकालीन उपायहरू अप्नाउन थालीहाल्छन् ।

तर दुःखको कुरा, नेपालमा भने यस्तो हुने गर्दैन ।

राष्ट्रको लागि जीवन उत्सर्ग गर्ने वीर बलभद्र, अमरसिंह र भक्तिथापाको यो देश आजकाल नालायक र स्वार्थी सत्ताधारीहरूको कारण मौन र तमासे मात्र भएको छ, मानौं यहाँ केही पनि भएकै छैन !

माने भञ्ज्याङमा भारतले थिचोमिचो गर्दा आफ्नो देशको पक्षमा आवाज उठाउने नेपाली जनतामाथि नै गोली ठोक्ने पञ्चायती ओठे-राष्ट्रवादीहरूको क्रुर नंग्राबाट बल्लबल्ल फुत्किएको यो देश पुनः टनकपुरमा नेपाली जमीन र महाकाली नदीको आफ्नो अधिकार भारतलाई सुम्पिने ताबेदारमुखी कांग्रेसी मुठ्ठीमा जकडिएको छ । भारतीय सत्तारुढ वर्गको स्वार्थको निम्ति दलाली गर्ने राष्ट्रद्रोही यो सरकारले गत चैत्र १४ गते बानेश्वरमा भारतीय प्रहरीहरूले गरेको माथि उल्लिखित पिस्तोल-आतंक, जवर्जस्ती खानतलासी र लुटको घटनामा न त भारतीय पक्षलाई औपचारिक रुपले माफी मगाउने काम गऱ्यो, न संलग्न दोषीहरूको छानबीन गर्न सर्वदलीय आयोग नै गठन गऱ्यो ।

"कडा विरोध गर्दैको" पत्र सरकारले भारतलाई दिएको भनिएको छ । तर आश्चर्य, पत्रको व्यहोरा खुला गरिएको छैन । भारत सरकारको तर्फबाट प्रधानमन्त्री रावले प्र.म. गिरिजासँग टेलिफोनमा फेरि यस्तो घटना नघट्ने कुरा बताई माफी मागेका छन् भनी प्र.म. ले बताएका छन् तर सो टेलिफोन बार्ता अनुरुपको लिखित कागज भने तयार गराइएको छैन, सार्वजनिक वक्तव्य वा माफीको कागजात पनि जनसमक्ष ल्याइएको छैन । यो कागजात तयार गर्न र जनसमक्ष ल्याउन भारतसँग माग गर्दा "मालिक रिसाउने डर" ने.का. सरकारलाई रहेको देखिन्छ । अर्काको देशमा पसी त्यहाँका नागरिकको कन्चटमा पिस्तोल तेर्स्याउने भारत सरकारले खुलेरै सार्वजनिक रुपमा माफी माग्नु पर्ने हो । टेलिफोनबाट टार्न मिल्ने सामान्य घटना यो थिएन ।

तर भारतीय शासक वर्गले यसलाई सामान्यभन्दा पनि सामान्य घटनाको रुपमा लिएको छ । भारतकै एउटा प्रदेशको पुलिसले अर्को प्रदेशमा जानु पर्दा त्यहाँको राज्य सरकारसँग सम्पर्क गरेर मात्र जानु पर्छ । भारतको केन्द्रीय रिर्जव पुलिस (CRP) ले समेत अर्को प्रदेशमा कार्वाही चलाउनुपर्दा सम्बन्धित राज्यसँग संपर्क गरेर मात्र कारबाही चलाउन पाउँछ । यहाँ त त्यति पनि गरिएन ।

यसको अर्थ हो- भारतीय शासक वर्ग नेपाललाई आफ्नो कुनै प्रान्त जत्तिको पनि गन्दैन । नेपाल एउटा सिंगो सार्वभौम राष्ट्र हो, दिल्लीको कुनै एउटा टोल होइन भन्ने कुरा भारत सरकारलाई थाहै नभएको त कसरी भन्ने ? तर यसले नेपाललाई यसभन्दा बढी सोचेन । यस सम्बन्धमा केही वर्ष अघि गोरखामा सोभै भारतीय प्रहरी इन्स्पेक्टरको प्रवेशको घटना पनि नेपालीहरूले बिर्सेका छैनन । यस्ता घटनाहरू असंख्य घट्दै आएका छन् ।

अत्यन्त उल्लेखनीय र दुःखको कुरा, नेपाली कांग्रेस पार्टीले बानेश्वर काण्डका बारेमा औपचारिक रुपमा पार्टीस्तरमा चुँसम्म पनि बोलेको छैन । आफ्ना छोरा र श्रीमतीले चुनाव हारेको जस्ता झोंकमा समेत नेपाली जनतालाई उत्ताउलो गाली गर्नमा कहिल्यै पछि नपर्ने कांग्रेसी सर्वोच्च नेताको पनि भारतीय शासक वर्गको विरुद्ध यस विषयमा एउटै बाक्य पनि फुटेको छैन । यत्ति हुँदाहुँदै पनि नेपाली कांग्रेसलाई "राष्ट्रियता, प्रजातन्त्र र सामाजवाद" को पार्टी भनी कांग्रेसीहरू ठूलो हौवा खडा गर्ने गरिरहेकै छन् ।

### यत्ति पनि प्रतिपक्षको दबावले गर्दा भएको हो

नेपाल सरकारले काठमाडौं प्रहरी प्रमुख रेबतबहादुर थापालाई निलम्बन गरेको र भारत सरकारले पनि सो काण्डमा संलग्न ८ जना भारतीय प्रहरीहरूलाई निलम्बन गरेको घटनाले देखाएको छ- दुवै सरकारहरू आफ्ना नांगा करतूतहरूलाई केही सामान्य कारवाहीहरूको माध्यमबाट छोपछाप र टालटुल पार्न चाहन्छन् । भारत सरकार सार्वजनिक रुपले यस घटनाबारे माफी माग्न र यस्तो घटना फेरि पछि हुन नदिने कुराको ग्यारेन्टी दिन चाहँदैन । यो सानो मुलुक नेपालप्रतिको यसको साम्राज्यवादी चरित्रको हेपाहा र मिचाहा प्रवृत्ति हो ।

## वामपन्थीहरूको दायित्व के हुनु पर्छ ?

यसैगरी गिरिजा सरकार चाहिं यस घटनामा आफ्नो नालायकीपन वा संलग्नताको मूर्त रूपमा भण्डाफोर नहोस्

## जसको कञ्चटमा भारतीय शसस्त्र प्रहरीले पिस्तोल तेर्स्याए !



भारतीय प्रहरीद्वारा तलासी लिइएको घर



# प्रहरीको सशस्त्र हस्तक्षेप

## हस्तक्षेपको परिणाम के ?

## क. शंभुराम श्रेष्ठ क. रोहित र क. हिरण्यलाल श्रेष्ठको प्रतिक्रिया

### घटना यसरी घट्यो

*चैत्र ९ गते बब्लू श्रीवास्तव नामक कथित "हत्यारा" लाई पक्रन भनी दिल्ली प्रहरी निरीक्षक राजेन्द्र बोक्सि सहित ८ जना भारतीय प्रहरीहरू सुनौली हुँदै नेपाल पसे । उनीहरू UP 70 EE 0616 र DLC 5687 नम्बरका मारूती कार र जीपमा थिए । केही महीना अघि दिल्ली प्रहरीको एक अधिकृतको हत्याको सन्दर्भमा उक्त व्यक्ति संलग्न भएको शंकामा यो खोजी गरिएको भन्ने बुझिएको छ ।*

*- साँझ ९ बजे काठमाडौं बागबजारको तुलसी होटेलमा उनीहरू व्यापारीको भेषमा बसे ।*

*- १३ गतेसम्म उनीहरूले गोप्य गतिविधिहरू संचालन गरे । भारतीय दूतावासका प्रथम सचिवलाई र काठमाडौं प्रहरी प्रमुख रेबतबहादुर थापालाई पनि यसैबीच उनीहरूले सम्पर्क गरे ।*

*- १४ गते विहान उनीहरू होटेल छोडी वानेश्वरको बाटो लागे । उनीहरूको साथमा नेपाली प्रहरी अ.स.इ. ज्ञानेन्द्र बस्नेत "ठाउँ देखाउन" भनी खटिएर गएका थिए ।*

*- विहान करीब ७ बजे उनीहरू वानेश्वर सि.डि. ओ. टोलमा शिवप्रसाद शर्माको घरमा पसे । उनका भाइ द्वारिका शर्मा बार्दलीमा उभिएर चिया पिउँदै थिए । एउटा भारतीय प्रहरीले तलैबाट "ह्याण्ड्स अप" भन्दै उनीतिर रिभल्वर तेर्स्यायो र अघि बढेर उनको टाउकोमा सोझ्यायो । अरूले घरको कुनाकुनाको खानतलासी लिए । आङ्घ्यानमै रेडियो सुनिरहेका शिवप्रसाद शर्मालाई तर्साएर उनीहरूले सि.डि.ओ. मदनकृष्ण श्रेष्ठ कहाँ छ भनी सोधे । मदनकृष्ण श्रेष्ठको घर त्यो नभएको बुझेपछि गलत ठाउँमा आफू आएको स्वीकार्दै उनीहरू त्यहाँबाट हिंडे ।*

*- त्यसपछि मदनकृष्ण श्रेष्ठको घरमा गई उनकी श्रीमतीलाई घम्क्याएर उनको घरमा बसेको अरूण अग्रवाल भन्ने मारवाडीलाई खोजेको बताए । मारवाडी घरमा थिएन, त्यसैले उसको मेनेजर इद्रिस अन्सारीलाई पेस्तोलले ताकेर "पल्लु सिंह सरदार यहाँ छ ?" भनेर धम्कीको भाषामा सोधे र उनको कोठाको खानतलासी लिए । पल्लु सिंह भन्ने कसैलाई पनि इद्रिसले नचिनेको कुरा गरेपछि "सरी" भन्दै उनीहरू त्यहाँबाट हिँडे ।*

*- इद्रिस अन्सारीका अनुसार उनको दराज फोरेर साठी हजार रूपियाँ र चार वटा सुनका औंठीहरू पनि ती भारतीय प्रहरीहरूले लुटेर लगे । त्यसपछि उनीहरूले तुरून्तै काठमाण्डौ छोडे र बेलुका ७ बजे सुनौली पुगेर सीमा पार गरी भारत पसे । चितवनमा नेपाली प्रहरीले प्रहरी महानिरीक्षक मोतिलाल बोहोराको आदेशमा उनीहरूलाई रोक्यो तर डि.आई.जी. रामकाजी बान्तवाले "माथिको आदेश छ छोडी दिनू" भन्ने आदेश दिएपछि उनीहरूलाई त्यत्तिकै छोडियो ।*

भनेर सर्वदलीय संसदीय जाँच आयोग गठन गर्न चाहँदैन । यो यसको भारतीय शासक वर्गको दलाली गर्ने दलाल चरित्रको द्योतक हो ।

सरकारले भारलाई विरोध पत्र दिएको, संसदमा कांग्रेसी सांसदहरूले पनि घटनाको विरोध गरेको, ने.वि. संघले समेत विरोध जुलूस गरेको आदि कुराहरू वास्तविक अर्थमा "राष्ट्रियता" को पक्षधरता थिएन । यो त संसदमा खास गरी वामपन्थी विपक्षीहरूको देशभक्तिपूर्ण अडानको कारण वा नेपाली जनतामा तीब्र रुपमा देशप्रेमको भावना विद्यमान हुनुको कारण बाध्य भएर मुख फोर्नु परेको उनीहरूको बाध्यता मात्र थियो । संसदमा उनीहरूले प्रतिपक्षले गरेको सर्वदलीय संसदीय जाँच आयोगको मागको समर्थन नगर्नुले र गृह मन्त्रालयको कर्मचारी सह-सचिव श्रीकान्त रेग्मीको छानवीन टोली र मन्त्रिपरिषद् सचिवालयका कर्मचारी सचिव बलाराम सिंह मल्लको "एक सदस्यीय आयोग" मै उनीहरूले पनि चित्त बुझाउनुले यस कुराको पुष्टि गरेको छ । बाहिर "राष्ट्रियता" को पक्षमा ठूलो ठूलो कुरा गर्ने, तर राष्ट्रियताको पक्षमा ठोस निर्णय र काम गर्नुपर्दा चाहिं खुट्टा कमाउने र अदालतले पनि राष्ट्रद्रोही साबित गरिसकेको गिरिजाको सम्पूर्ण रुपले पक्ष लिने उनीहरूको चरित्रले उनीहरूको असलियत प्रस्तुत गरेको छ ।

यस संबेदनशील घटनाको विवरण सदनमा प्रस्तुत गर्न समेत ७ दिनको समय माग्ने काम गृहमन्त्रीले गरे । प्रतिपक्षको जोडमा मात्र यो म्याद २४ घण्टामा बदलियो । चार दिनपछि मात्र प्रधानमन्त्री तथा रक्षा एवं परराष्ट्रमन्त्री गिरिजाप्रसादले बोल्ने आँट गरे, त्यो पनि घण्टाभरको रोष्टम घेराऊपछि मात्र ।

### सरकारको संलग्नता छैन भने

गिरिजा सरकारले काठमाडौं प्रहरी प्रमुख रेबतबहादुर थापालाई मात्र निलम्बन गरी "तल्लो निकायको त्रुटी" को रूपमा मात्र यस घटनालाई सीमित गर्न खोजेको छ । यदि यो सत्य हो भने प्रष्ट देखिन्छ- नेपालको प्रहरी गिरिजा सरकारको नियन्त्रणमा छैन । र, नेपालको प्रहरी-सेवाभित्र भारतीय दलालहरूको ठूला घुसपैठ छ । नत्र विदेशी प्रहरीहरूलाई नेपालीको घरमा छापा मार्ने र टाउकोमा पिस्तोल तेर्स्याउने काम सरकारको अनुमतिविना प्रहरी मात्रैले गर्नु कसरी संभव हुन सक्छ ? के यो कुरा गिरिजा सरकारले स्वीकार्न तयार छ ? यदि यसो हो भने जनताले यस्तो निकम्मा र नियन्त्रणहीन राज्ययन्त्रबाट कसरी देश र जनताको सुरक्षा हुन सक्छ भनेर पत्याउने ? र, यस्तो प्रहरी-यन्त्रको आवश्यकता र उपदेयता नै के ?

बानेश्वर जाँदा भारतीय प्रहरीहरूलाई साथ दिन एक जना अ.स.ई. खटिएका छन् । १३ गते नै रेबतबहादुर थापासँग उनीहरूको भेटभएको छ । नेपाल पस्दा नै पनि बाटोमा पर्ने नारायणघाट प्रहरी नाकाले उनीहरूलाई रोकेको थियो, "माथिको आदेश" ले उनीहरूलाई छोडिएको थियो ।

एक छिन मानौं, अझै पनि भारतीय प्रहरीहरूको खास नियत नेपाल सरकारलाई थाहा भएन रे ! तर नेपालबाट फर्कन लाग्दा त के कुरा प्रष्ट भैसकेको थियो भने- ती भारतीय प्रहरीहरूले ठाडै अनधिकृत कामहरू गरे- आतंक फैलाए, नेपालीका घरभित्र पसे र लुटे ।

यो थाह भएपछि त उनीहरूमाथि सरकारले सोझै कारबाही गर्नु पर्ने थियो । उनीहरूलाई गिरफ्तार गरेर, हातहतियार जफ्त गरेर भारत सरकारबाट क्षमा मगाएर र लुटको हर्जाना तिराएर मात्र उनीहरूलाई भारतसमक्ष सुम्पिनु पर्थ्यो । तर आश्चर्य ! भारत फर्कन लाग्दा बाटोमा उनीहरूलाई पक्रने प्रहरी चौकीलाई समेत "माथिको आदेश छ छोड्नू" भनी आदेश दिइएको पाइएको छ । यी सब कुराले के पुष्टी गरेका छन् भने- गिरिजा सरकार यो घटनामा आफैं पनि संलग्न छ । गिरिजा सरकार आफैं यो देशभित्र अर्को देशका सशस्त्र प्रहरीहरूलाई निर्वाध रुपले पस्न, आफ्ना नागरिकका थाप्लामा पिस्तोल तेर्स्याउन र मनपरी गर्न दिइरहेछ । यो भारतको दलालीको परिचय नभए अरु के हो त ?

घटनाहरूको विश्लेषणबाट देखिन्छ- वास्तविकता यो दोस्रो पक्ष नै हो । अर्थात् सरकार यस घटनामा संलग्न छ । सरकारले पुनः एक पल्ट राष्ट्रघात गरेको छ, जघन्य अपराध गरेको छ ।

यसबाट भारतीय प्रहरीहरूलाई चुपचाप १४ गते नै सरकारले आफैंले भगाएको देखिन्छ । चितवन नारायणघाटमा





## के.आई.सिंह काण्ड

*२००७ सालमा दिल्लीमा भएको राणा-कांग्रेस सम्झौताको विरूद्ध डा. के.आई.सिंहको नेतृत्वमा भएको सशस्त्र संघर्षलाई दवाउन प्रधानमन्त्री मोहनसम्शेर र गृहमन्त्री वि.पि. कोइराला रहेको तात्कालीन नेपाल सरकारले ठाडै भारतको सशस्त्र फौजलाई निम्त्याएर भारतको ठाडो हस्तक्षेपलाई आफैंले स्वागत गऱ्यो ।*

*यसबारे गृष्म बहादुर देवकोटा लिखित "नेपालको राजनीतिक दर्पण" लेख्छ- "०७११८ गते ४.३० बजेतिर भैरहवामा ठूलो आक्रमण भयो । सरकार तर्फका ४ मरे, ५ घाइते भए । डा.के.आई. सिंहतर्फका ९ जना मारिए र ९ जना पक्राऊ भए । फागुन ९ गते बेलुका ९ बजे भारतका एरिया-कमाण्डर फौज लिई आए र भारत-नेपालका फौजले मिलेर डा. के.आई. सिंहलाई उनका अनुयायी ३५७ का साथ पक्राउ गरे ।"*

*"०७११२३ का दिन भैरहवाको हमलामा भारतको सैनिक सहायताबाट के.आई.सिंह लगायतका उनका साथीहरू पक्रिएकोमा अन्तर्राष्ट्रिय कानूनबाट नदिएको भनी भारत सरकारको कारवाहीमा कलकत्ताका नेपाली प्रगतिशील छात्र- अध्ययनशालाका विद्यार्थीहरूले असन्तोष प्रकट गरे ।"*

*"दिल्लीस्थित नेपाली दूतावासबाट "भारत सरकारप्रति धन्यवाद प्रकट गरिएको छ कि उसले पश्चिमी नेपालको गडबडीलाई शान्त गरी त्यहाँ शान्ति व्यवस्था कायम राख्न सैनिक सहायता दियो" भन्ने विज्ञप्ति प्रकाशित भयो ।"*

❑❑

# भारतीय प्रहरी हस्तक्षेप
# यसका विरूद्ध के गरिनु पर्छ ?

**वा**नेश्वरको यस अतिक्रमणमा भारतीय शासक वर्ग र नेपाली कांग्रेसको सरकारको मिलीमतो र सकृय सहभागिता स्पष्ट रूपमा देखिएको छ । नेपाली कांग्रेसले सत्तामा नभएको बेलादेखि नै भारतीय शासक वर्गको तावेदारी गर्दै आइरहेको छ भन्ने कम्युनिष्टहरूको भनाइलाई यस अतिक्रमणले पुनः सत्य सावित गरेको छ । स्मरणीय छ, सत्तामा नभएको बेला, बी.पी. कोइरालाद्वारा नेपाली राष्ट्रिय कांग्रेसको स्थापना गर्दा खेरी नै नेपाल भारतको एक प्रान्त मात्रै भएको विचार घोषणा-पत्रमा उल्लेख गरिएको थियो ।

सत्तामा हुँदा त्यसले भारतीय शासक वर्गलाई नेपालको उत्तरी भागमा चेक पोष्ट राख्न दिएको, भारतीय सैनिकहरूद्वारा प्रशिक्षण संचालन गर्न लगाएको थियो । यसको विरोधमा कम्युनिष्टहरूले संघर्ष गरेका थिए । त्यस्तै भारतको मात्रै हित हुने गण्डक संभौता गरेकोमा ठूलो संघर्ष हुँदा स्थानीय प्रहरीलाई आइ.जि.पी. मोतीलाल बोहोराले उनीहरूलाई रोक्नु भन्ने आदेश दिएको तर पछि डि.आई.जि. रामकाजी बान्तवाले भने "माथिको आदेश छ छोडिदिनू" भनेको कुराले संवेदनशील तेस्रो प्रश्न पनि पैदा गरेको छ- के नेपालको प्रहरी-यन्त्रमा दुई वटा शक्तिकेन्द्र र लवी छ ? नत्र आई.जी.पी. को आदेशले पक्रिएको अपराधीलाई त्यो भन्दा मुनिको प्रहरी अधिकृतको आदेशले छोड्ने कार्य कसरी हुन संभव हुन्छ ?

### भारतले जस्तै चीन र पाकिस्तानले पनि यसै गरे भने के होला ?

भारतका "अपराधी" हरू वा "आतंककारी" हरू नेपालमा घुसेका छन् भनी भारत सरकारले यो हैकमवादी व्यबहार नेपालमाथि लाद्ने हो भने यस्तो व्यवहार अरु देशले पनि गर्न थाले भने के होला ?

तामिल वा शिख वा काश्मिरी विद्रोहीहरू नेपालमा प्रशस्त छन् भन्ने भारतको दावी रहेको कुरा भारतीय पत्र पत्रिकाहरूले पटक पटक उठाउँदै आएका छन् । भारत विरोधी पाकिस्तानी खुफिया-यन्त्र पनि नेपालमा क्रियाशील छ भनी भारतीय सत्तापक्षीय अखबारहरूले लेख्दै आएका छन् । "एशियन डन" नामक पत्रिकाले त नेपालले यस्ता अपराधीहरूलाई संरक्षण दिइ रहेको आरोप लगाएर भारतले सोझै अर्ध सैनिक बल नेपालमा पठाएर तिनीहरूलाई कारबाही गरोस् भन्ने आशय सहित भए- नभएका विवरणहरू रंगीचंगी गेट-अपमा छापेर प्रचार गरेको छ । अहिले पनि Indian Express लगायतका भारतीय सत्ता पक्षीय कतिपय अखबारहरू बानेश्वर काण्डलाई जायज ठहऱ्याउने काम गरिरहेछन् ।

भारतीय खुफिया यन्त्र RAW को प्रायोजनामा प्रचारित भएका मानिएका यस्ता नेपालको सार्वभौमिकता र क्षेत्रीय अखण्डता विरोधी धारणाहरूलाई यदि नेपाल सरकारले स्वीकार गरेर भारतीय हस्तक्षेपलाई समर्थन गर्ने हो भने त्यही मान्यताका आधारमा चीन वा पाकिस्तान वा भुटानले पनि नेपालमा यस्तै कामहरू गर्न खोजेमा के होला ? के नेपालले नै पनि आफ्ना प्रहरीहरू सिधै भारत पठाएर त्यहाँ भएका नेपालका अपराधीहरूलाई सोझै पक्रेमा भारतीय शासक वर्गले यो सहन गर्न सक्छ ? यस्तो गर्ने अनुमति भारतले नेपाललाई दिन सक्छ ?

नेपालमा भइरहेको "स्वतन्त्र तिब्बत सम्बन्धी" गतिविधिका विरुद्ध चीनले यहाँ घरघरै आएर नेपालीहरूको कंचटमा बन्दुक तेर्स्यायो भने के होला ? भुटानले झापाको शरणार्थी शिविरमा भुटानी सैनिक पठाएर त्यहाँका भुटानीहरूलाई "हत्यारा" र "आतंककारी" भन्दै कारबाही गर्न थाल्यो भने के होला ? पाकिस्तानले नेपालमा पसेका पाकिस्तान विरोधी गतिविधिमा संलग्न "र" का एजेण्टहरू भनी केही व्यक्तिहरूका विरुद्ध आफ्नै प्रहरी यहाँ पठायो भने के होला ?

यसो भयो भने नेपाल एउटा "स्वतन्त्र" सार्वभौम मुलुकका रुपमा बाँकी रहला कि यो विदेशी शक्तिहरूको खुलेआम भीडन्त-स्थल होला ?

यो प्रश्न नेपालमा रहेका भारतीय दलालहरूलाई सोध्नु जरुरी भएको छ ।

### भारतको हैकमवादले कसरी प्रोत्साहन पाइरहेछ ?

भारतीय प्रतिकृयावादी सत्तारुढ वर्गको सबै छिमेकी मुलुकहरूप्रति हैकमवादी रवैया रही आएको छ । यो वर्गले नेपाललाई अरु साना छिमेकी मुलुकलाई भन्दा झन् ज्यादा "सजिलो र मलिलो" भूमिको रुपमा लिने गरेको छ । यहाँको प्रतिकृयावादी शासकवर्गसँग साँठगाँठ गरी १९५० को सन्धि, १९६५ को सन्धि लगायतका असमान सन्धिहरू र कोशी-गण्डक आदि जस्ता असमान सम्झौताहरूद्वारा भारतीय सत्तारुढ वर्गले आफ्नो स्वार्थ पूरा गर्दै आएको छ । रौतहट काण्ड, के.आई. सिंह काण्ड र भीमदत्त पन्त काण्डजस्तामा त नेपाली प्रतिक्रियावादी सरकारहरूको बोलाहटको आड समेत यसले पाएको थियो ।


हालै मात्रको टनकपुर प्रकरणमा गिरिजा सरकारले देखाएको भारतभक्तिले पनि भारतीय हैकमले ठूलो टेवा पाएको छ । गत कार्तिकमा कोटेश्वरमा केही शिखहरूलाई पक्रेर अदालती छानवीन बिनानै भारत पठाइएको घटना जस्ता थुप्रै घटनाहरू प्रकटमा ल्याइएका छैनन् । गिरिजा सरकारका यी सब हुतिहारा र तावेदारीपूर्ण व्यवहारहरूबाट साम्राज्यवादी भारतीय सत्तारुढवर्ग निरुत्साहित हैन, झन् झन् उत्साहित हुँदै आएको छ । प्रतिरोध गर्नुको सट्टामा जब जब राष्ट्रघात वा आत्मसर्मपण गरिन्छ, तब तब मिचाहाहरूको बल बढ्नु स्वभाविकै हो ।

### देशभक्तहरू एक हुनु जरुरी

बानेश्वर-काण्डले फेरि एक पटक

बाँकी ४१ पेजमा

## क. शंभुराम श्रेष्ठको प्रतिक्रिया



त्यस संघर्षलाई भ्रमित पार्न "चीनले पनि सगरमाथामाथि दावी गरेको छ" भन्ने तथ्यहीन इस्यू कांग्रेसी सरकारले उठाएको थियो ।

नेपाली कांग्रेसको भारतप्रतिको यस तावेदारीकै निरन्तरतामा भएको यस अतिक्रमणले स्पष्ट गरेको छ- नेपाल वास्तवमा भारतको अर्द्ध उपनिवेश मात्रै हुँदै आएको छ भन्ने कम्युनिष्टहरूको राय ठीक छ । यस भारतीय अर्द्ध उपनिवेशको स्थितिको अन्तको लागि "राष्ट्रियता" को संघर्ष चलाउनु पर्छ । राष्ट्रियताको सवाल नै प्रमुख संघर्षको सवाल भएको यस स्थितिमा नेपालको पूर्ण स्वतन्त्रता, सार्वभौमिकताको लागि सम्पूर्ण असमान सन्धि रद्द गर्न, खुला सीमानाको नियन्त्रण गर्न र वर्क परमिटको व्यवस्थाको लागि संघर्ष गर्नु पर्दछ, भारतको तावेदार सरकारलाई हटाउनु पर्दछ ।

यस संघर्षमा सबै कम्युनिष्टहरू एकतावद्ध हुनुपर्दछ । कम्युनिष्टहरू मात्रै होइन, सम्पूर्ण देशभक्तहरू एक भएर संघर्ष गर्नुपर्दछ । कम्युनिष्टहरू र देशभक्त शक्तिहरूबीच वृहद राष्ट्रिय- मोर्चा बनाई संघर्ष गर्नु पर्दछ ।

❑❑

## भीमदत्त पन्त-काण्ड

*२०१० असार महिनामा मातृकाप्रसाद कोइराला प्रधानमन्त्री भएको बखत सुदूर पश्चिम नेपालमा लोकप्रिय किसान नेता भीमदत्त पन्तलाई पर्केर उनको नेतृत्वमा भएको किसान विद्रोह दबाइयो । यो दमन कार्यका लागि पनि सरकारले भारतबाट सशस्त्र सैनिक ल्याएको थियो ।*

*यसबारे "नेपालको राजनीतिक दर्पण" पुस्तकमा लेखिएको छ- "१५ जुलाइमा सयुक्त कार्यवाही गर्न भारत र नेपालको सैनिकले नेपालको स्थलमा प्रवेश गरिसकेको थियो । भारतीय फौजले दुई नेपालीलाई मारे, ५० जना नेपालीलाई घाइते पारे र २७२ नेपालीलाई पक्राउमा पारे । भीमदत्त पन्थलाई पक्रन सकेनन् । बरेलीमा बसेका नेपालका प्रधान सेनापतिले रू. ५००० इनामको घोषणा गरेर जसले भीमदत्तको जीउँदै या मरेको लास ल्याउँछ, त्यसले पुरस्कार पाउँछ भने । भीमदत्त र उनका मुख्य साथीहरूलाई पक्रन कठीन छ र सुव्यवस्था ल्याउन धेरै दिन लाग्दछ यसै कारणले धेरै दिनसम्म भारतीय फौजले नेपालमा बस्नुपर्दछ भन्ने समाचार प्रकाशित भयो ।"*

*"०१० श्रावण २० गतेका दिन पश्चिम सीमान्त जिल्ला डढेलधुराको जंगलमा सरकारतर्फबाट खटिएका दमनकारी सैनिकहरूका बीच गोली हानाहान हुँदा भीमदत्त पन्थ मारियो" भन्ने समाचार प्रकाशित भयो ।"*

❑❑

## मलाई लाग्छ

# बामपन्थीहरू संयुक्त रुपमा सडकमा जानेछन्

**- क. रोहित**



*वानेश्वरमा भारतीय सशस्त्र प्रहरी हस्तक्षेपको घटनालाई तपाईंले कसरी लिनु भएको छ ?*

- यस घटनाले नेपाली जनताको राष्ट्रिय भावनामा ठेस पुऱ्याएको छ र फेरि एक पल्ट यसले नेपाली जनतालाई संवेदनशील बनाएको छ । म देखिरहेको छु- यो घटना नियोजित होस् वा नहोस्, यसको प्रभाव नेपाली जनतामा बडो नराम्रोसित परेको छ । जनता आक्रोशित छन् र यस विरूद्धका गतिविधिहरू गाउँ गाउँका जनताहरूसम्म पनि पुग्दै जाने सम्भावना चाहिं छ । यो असहनीय घटनाको तीव्र विरोध हामी गर्दछौं । नेपाली जनतामा रहेको भारतीय विस्तारवाद विरोधी भावनालाई यसले फेरि एकपल्ट चर्काइदिएको छ ।

*भारतले यस्तो किन गऱ्यो होला भन्ने तपाईं ठान्नु हुन्छ ?*

- यसलाई अंग्रेजी साम्राज्यवादीहरूको उत्तराधिकारलाई वर्तमान भारतीय सत्तारूढ वर्गले पनि हुबहु आफूले अँगालेको नै मान्नु पर्छ । यसमा हाम्रो सरकार पनि चोखो रहेको छैन । यसको पनि दोष रहेको हामी देखिरहेका छौं ।

*यत्रो ठूलो विषयमा वामपन्थीहरू वक्तव्य र सदनमा मात्र सीमित नभई सडकमा पनि आउनु पर्ने जरूरी छैन ?*

- सदन चलेको बेला परेकोले यसलाई एउटा मंचको रूपमा प्रयोग गरिएको हो । सडकमा पनि यो मामला केही हदसम्म चाहिं आएको छ । सदन सकिएको छ । मलाई लाग्छ- अब यही घटनालाई मुख्य इस्यु बनाएर वामपन्थी संयुक्त रूपमा सडकमा जाने छन् । ❒ ❒

# हामीलाई पंचहरूको "अन्धराष्ट्रवाद" वा, कांग्रेसहरूको "तावेदारीवाद" हैन, "देशभक्तिवाद" जरूरी छ

**- हिरण्यलाल श्रेष्ठ, सांसद, एमाले**



*चैत्र १४ को घटनालाई तपाईंले कसरी लिनु भएको छ ?*

- यो जुन ठाडो भारतीय सशस्त्र हस्तक्षेप भयो, यसको भर्त्सना गर्नैपर्छ । यो घटना अन्तर्राष्ट्रिय कानूनहरू र नेपाल-भारत सुपर्दगी सन्धि १९५३ को पनि विरूद्ध छ ।

साठीको दशकमा पंजावका तात्कालीन मूख्य मन्त्री प्रताप सिंह कैरोनको हत्याको आशंकामा सुच्चा सिंहलाई भारतीय प्रहरीले यस्तै हस्तक्षेप गरी पक्राउ गरी लान खोज्दा नेपालको तर्फबाट ठूलो विरोध भएको थियो । नेपाल आएका भारतीय प्रहरीहरूलाई पक्राउ नै गरियो । पछि अदालतमा मुद्दा भयो । सुच्चासिंहको बारेमा अदालतले छानवीन गरी हत्यारा नै ठानेपछि मात्र विधिवत उसलाई सुपुर्दगी गरियो ।

सुपुर्दगी सन्धिअनुसार काम गर्ने हो भने- दुईमध्ये कुनै देशको अपराधी अर्को देशमा लुकेको भए त्यस देशको अनुरोधमा अर्को देशले पक्राउ गरी आफ्नै देशको अदालतद्वारा छानवीन गरी अपराधी ठहरिएमा मात्र त्यस देशलाई सुपुर्दगी गर्नु पर्ने प्रावधान छ । अहिले बिल्कूलै यस्तो प्रकृया अप्नाइएन । त्यसकारण यो नेपालको सार्वभौमिकता र क्षेत्रीय अखण्डतामाथिको ठाडो हस्तक्षेप हो ।

यस घटनाले नेपाली नागरिकको गोप्यता उलंघन भएको छ, लुटपाट पनि भएको छ । आतंक खडा गरिएको छ । मानव अधिकारको ठाडो उलंघन भएको छ ।

*यस हस्तक्षेपको पछाडि भारत सरकारको नियत के रहेको तपाईंले ठान्नु भएको छ ?*

- यसका पछाडि विभिन्न नियतहरू लुकेका हुन संक्छन् तर पनि मूल कुरा चाहिं भारतीय शासक वर्गले नेपालप्रति दादागिरी देखाउन नै यो घटना घटाएको हो । नेपाललाई हेप्ने र हेपेर जथाभावी गर्ने उसको परम्परा नै रहीआएको छ । सुपुर्दगी ऐन १९५३ अनुसारको प्रकृया झन्झटपूर्ण र लामो भयो, त्यसैले तत्कालै आफ्नै संलग्नता जरूरी भयो भन्ने धारणा राखेर पनि त्यो सन्धिलाई बदल्न उसले यसरी दवाव र चुनौति दिएको पनि हुनसक्छ । अहिले नेपालको गिरिजा सरकार कमजोर भएको बेला पारेर यो बदल्ने काम गर्न उसले खोजेको पनि हुनसक्छ । कारण, जहिले जहिले नेपालका सरकारहरू कमजोर हुन्छन्, त्यतिखेर सधैं भारतले नेपाललाई मिच्ने र नेपालबाट बढी थुत्ने गर्दै आएको छ ।

थप अर्को कुरा के पनि हुन सक्छ भने- नेपालमा दक्षिण एशिया सम्बन्धी मामला हेर्ने अमेरिकी विदेश सहायक मन्त्री श्रीमती रविन राफेल आएर भ्रमणमा रहेको बेला यस्तो घटना घटाएर भारतले अमेरिकाले नेपालको शासन व्यवस्थामा चाख लिएको र भुटानी आन्दोलनमा विशेष लगाव राखेको कुराप्रति आफ्नो चित्त नबुझेको संकेत दिन खोजेको पनि हुनसक्छ । यो क्षेत्रको आफ्नो प्रभुत्वमा अरूको चाख भारतलाई मन नपरिरहेको पनि हुन सक्छ ।

*यसबेला तपाईं सरकारसँग के कुराको माग गर्नु हुन्छ ?*

- ३० बर्षसम्म पन्चायतले अन्धराष्ट्रवाद अंगाल्यो । अहिले कांग्रेसले तावेदारवाद अँगालेको छ । यी दुवैभन्दा भिन्न "देशभक्तिवाद" आजको खाँचो हो । पंचशीलको आधारमा मैत्रीपूर्ण सम्बन्धलाई झन झन मजवूत गराउने, तर कसैको पनि हस्तक्षेप पटक्कै नस्वीकार्ने नीतिमा नेपाल अडिग हुनु पर्छ ।

यस सन्दर्भमा म निम्न कुराहरू उठाउन चाहन्छु । यी कुराहरू मैले संसदमा पनि प्रस्तुत गरेको थिएँ ।

- नेपाल भारत-खुला सीमालाई नियन्त्रित र नियमित गरिनु पर्छ । सीमा वारपार गर्नेहरूको प्रवेश- पासको व्यवस्था लागु गर्नु पर्छ । पासपोर्ट प्रणाली नै लागु गरे पनि हुन्छ ।

- विदेशी हस्तक्षेप विरूद्ध काम गर्ने पुलीस र गुप्तचरको क्षमता वृद्धि गरिनु पर्छ । तिनीहरूलाई उपयुक्त साधन, तालिम र आधुनिक उपकरणले युक्त गरिनु पर्छ ।

- नेपाल-भारतबीच भएका सबै गोप्य सन्धी-सम्झौताहरू बाहिर ल्याइनु पर्छ ।

- नेपाल सरकार र भारतले वानेश्वर-घटनामा जस्तै कति पटक यस्ता कारबाहीहरू गरेको छ र कति जना व्यक्तिहरूलाई भारत सरकारको जिम्मा लगाएको छ ? - यी कुराहरू तुरून्त बाहिर ल्याइनु पर्छ ।

- घटनाको जिम्मेवारी सरकारले लिनुपर्छ र कर्मचारीको आयोग गठन गरेर हुँदैन, सर्वदलीय स्वतन्त्र जाँच आयोग गठन गरिनु पर्छ ।

*हाल वामपन्थी पार्टीहरूले यो मामलामा देखाएको चासो र सक्रियता तपाईंलाई कस्तो लागेको छ ?*

- यस काण्डको विरोधमा संसदमा चाहिं वामपन्थीहरूले धेरै नै कामहरू गरे तर जनताको बीचमा गरिनु पर्ने कामहरू भने यथेष्ट भएका छैनन् । यो राष्ट्रिय मामला हो, थुप्रै सार्वजनिक -प्रदर्शनहरू गरिनु पर्छ । किनभने, जनताको सजगताले नै राष्ट्र र राष्ट्रियताको रक्षा गर्न सक्छ । ❒ ❒


नयाँ वर्ष २०५१ को उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक

**शुभकामना !**

धुलिखेल नगरपालिका परिवार

नयाँ वर्ष २०५१ को उपलक्ष्यमा समस्त देशवासीमा

हार्दिक शुभकामना !

**कृषि सामग्री संस्थान परिवार**

**नयाँ वर्ष २०५१ को उपलक्ष्यमा समस्त देशवासीमा हार्दिक शुभकामना !**

जनक शिक्षा सामग्री केन्द्र परिवार

सानोठिमी, भक्तपुर ।

# क. गोन्जालोमाथि थप मुद्दा

## विश्व मानव अधिकारवादी वकिलहरूद्वारा क. गोन्जालोलाई भेट्ने प्रयास जारी !

अमेरिकी साम्राज्यवादको पाल्तू कुकुर फुजिमोरी सरकारले लादेको आजीवन कारावासको सजाय भोगिरहनु भएका पेरू कम्युनिष्ट पार्टी (साइनिङ पाथ) का अध्यक्ष क. गोन्जालोलाई थप मुद्दाहरू चलाइएको छ ।

सैनिक अदालतले थोपरेको आजीवन कारावासको सजायअनुसार थुनामा राखिनु भएका क. गोन्जालोमाथि "आतंकवादी अपराधका बौद्धिक गुरु" भएको आरोपमा नागरिक अदालतमा समेत विभिन्न थप मुद्दाहरू सरकारले चलाएको छ । ती मुद्दाहरूमध्ये एक मुद्दाको गत फागुन २२ गतेको पेशीमा गोन्जालो लगायत प्रख्यात वामपन्थी पत्रिका "एल डायरियो" का पत्रकारहरू समेत ९३ जनालाई अभियुक्त बनाएर बयान लिइएको थियो ।

पेरूको बार एशोसियसनका अध्यक्ष डा. जर्ज एवेण्डानोको भनाइअनुसार, विश्वको सामान्य न्याय-प्रणालीअन्तर्गत यसरी नागरिक अदालतमा चलेको मुद्दामा आफ्नो बयान दिनु अघि क. गोन्जालोले मात्रै होइन, जुनसुकै नागरिकले पनि आफ्ना वकिलसँग सल्लाह गर्न पाउनुपर्छ । तर तानाशाह फुजि-मोरी सरकारले यस सामान्य नागरिक अधिकारबाट समेत क. गोन्जालोलाई बञ्चित गरेर पुनः आफ्नो निरंकुश र फासिस्ट प्रवृत्ति प्रदर्शित गरेको छ ।

स्मरणीय छ, क. गोन्जालोलाई विगत डेढ वर्षदेखि कसैलाई पनि भेटघाट गर्नसम्म नदिई कडा पहराका साथ खोरमा थुनेर राखिएको छ ।

खोरबाटै उहाँले तानाशाह फुजिमोरीसमक्ष आत्मसमर्पण गर्न "शान्ति सम्झौता" को प्रस्ताव राख्नु भएको छ भन्ने झूठो हल्ला फैलाउने काम पनि फुजिमोरी सरकारले गर्दै आएको हो ।

क. गोन्जालो विरुद्धका यस्ता षड्यन्त्रको पर्दाफास गर्न र क. गोन्जालोको वर्तमान स्वास्थ्य अवस्था बुझेर विश्वलाई त्यसको यथार्थ बताउन "रिम" द्वारा गठित अन्तर्राष्ट्रिय इमर्जेन्सी कमिटीले अन्तर्राष्ट्रिय मानव अधिकारवादी वकिलहरूलाई पेरूमा पठाएको खबर छ ।

हालै पेरूको राजधानी लिमामा मेक्सिकोका अन्तर्राष्ट्रियतावादी वकिल डा. एनरिक गोन्जालेज रूइजपछि कोलंवियाका प्रख्यात वकिल हुवाँ जोसे लाण्डिनेज त्यहाँ पुग्न सफल भएका छन् । स्मरणीय छ, स्पेनका मानव अधिकारवादी वकिल डा. आर्नोलाई फुजिमोरी सरकारले भिसा नै नदिएर आफ्नो तानाशाही अनुहार प्रकट गरेको थियो । त्यसपछि विश्वभर उठेको फुजिमोरी विरोधी चर्को स्वरबाट भयभीत सरकार डा. रूइज र डा. लाण्डिनेजलाई भने भिसा दिन बाध्य भएको थियो ।

यसरी लिमामा पुग्न सफल भएका अन्तर्राष्ट्रियतावादी मानवअधिकारवादी विकलहरूले पेरूको बार एशोसियसनको सहयोग लिई क. गोन्जालोलाई भेट्न पाउनका लागि सरकारलाई दवाव दिँदैछन् । अर्कोतिर तिनीहरू पेरूका दुई जना प्रख्यात वाकिलहरू डा. कार्लोस गाभेरो किस्पे र डा. अर्नेष्टो डेल्लाडोसँग मिली क. गोन्जालोसँग भेटेर कानूनी सरसल्लाह गर्न पाउनु पर्छ भन्ने न्यायिक आवाजको समर्थनमा जनमत बनाउन कार्यरत रहेको थाहा भएको छ ।

यसैबीच, यी सबै कार्यको सूत्रधार अन्तर्राष्ट्रिय इमर्जेन्सी कमिटीले यस न्यायिक आवाजको समर्थनमा विश्वव्यापी रूपमा आज उठाउन र पेरूको तानाशाही सरकारलाई चर्को दवाव दिन संसारभरका वकिलहरूलाई अपील गरेको छ ।

## क. गोन्जालोको रिहाई एवं जीवन प्रतिरक्षार्थ नेपाली वकिलहरू पनि


नेपालका ३७ जना वकिलहरूले पेरूको तानाशाही शासक फुजिमोरीलाई एक ज्ञापन पत्र पठाई क. गोन्जालोको रिहाई र जीवन रक्षार्थ भइरहेको विश्वव्यापी संघर्षप्रति ऐक्यवद्धता प्रकट गरेका छन् ।

ज्ञापनपत्रमा फुजिमोरी सरकारबाट अन्तर्राष्ट्रिय कानूनको अवज्ञा भएको, मानव अधिकारको हनन भएको तथा प्रजातान्त्रिक प्रयोग समेत उल्लंघन भएको कुरा उल्लेख गरिएको छ । त्यस ज्ञापन पत्रमा नेपाल बार एशोसियसनका अध्यक्ष राधेश्याम अधिकारी, सचिव प्रकाश वस्ती, वरिष्ठ अधिवक्ता तथा सांसद सिन्धुनाथ प्याकुरेल, वरिष्ठ अधिवक्ता तथा सांसद सुवास नेम्वांग र वरिष्ठ अधिवक्ता सर्वज्ञरत्न तुलाधर लगायतका वकिलहरूले हस्ताक्षर गरेर आफ्नो ऐक्यवद्धता प्रकट गरेका छन् ।

## "साइनिंग पाथ" सक्रिय

वन्दी क. गोन्जालोको जीवन रक्षार्थ र रिहाइका लागि कानूनी प्रकृया र संघर्ष चलिरहेको यस बेला पे.क.पा. का छापामारहरू पनि चुपचाप वसिरहेका छैनन् । छापामारहरूले पेरूको राजधानी लगायत देशका विभिन्न भागमा गरिरहेको निरन्तर आक्रमणको क्रममा लिमामा पुनः आक्रमण गरिएको समाचार छ । लिमाको सान मार्कोस युनिभर्सिटीका भवनहरूमा बमहरू पड्काई छापामारहरूले आफ्नो कृयाशीलता प्रदर्शन गरेका छन् । त्यस आक्रमणमा भवनहरू क्षतिग्रस्त भएपनि मानिसहरू घाइते भएका छैनन् ।

फागुन मसान्तकै दिन लिमाको पूर्वी शहर सान्ता क्लारास्थित प्रहरी चौकीमा कारबम विस्फोट गरी चौकी नै ध्वस्त पारिएको खवर छ । पे.क.पा., साइनिंग पाथका छापामारहरूद्वारा नियन्त्रित उक्त कारबमद्वारा प्रहरी चौकी ध्वस्त हुनुका साथै वरिपरिका भवनहरू पनि क्षतिग्रस्त भएका छन् । ५ जना घाइते भएको यस आक्रमणले लिमामा छापामारहरू कृयाशील भएको तथ्यलाई पुष्टि गरेको छ ।



## क. गोन्जालोबारे भिडिओ क्यासेट

क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोलन (RIM) द्वारा पेरू कम्युनिष्ट पार्टीका नेता क. गोन्जालोको जीवन रक्षा र रिहाइको लागि निर्माण गरिएको अन्तर्राष्ट्रिय इमर्जेन्सी कमिटी (IEC) ले हालै क. गोन्जालोबारे भिडियो क्यासेट तयार गरेको छ ।

क. गोन्जालोको जीवन रक्षा र रिहाईका निम्ति विश्वभरमा चलिरहेको अभियान र पेरूका क्रान्तिकारी कम्युनिष्टका संघर्षहरूलाई छायाँकन गरेर यो भिडियो क्यासेटको निर्माण गरिएको छ । यसले पेरूको वामपन्थी आन्दोलन एवं क. गोन्जालोको जीवन रक्षार्थ भएका विश्वव्यापी अभियानहरूको ज्ञानलाई विस्तृत पार्नमा मद्दत मिल्ने संभावना देखेर त्यसलाई विश्वभर नै वितरण गरिएको छ ।

स्मरणीय छ, ४८ मिनेट लामो सो भिडियो क्यासेटमा पेरूका महत्वपूर्ण व्यक्तिहरूसँग गरिएका उपयोगी कुराकानीहरूको छायाँकन समेत समावेश गरिएको छ । ❒

## लागू औषधीका तस्कर क. गोन्जालो होइन, फुजिमोरी सरकार स्वयं नै हो भन्ने कुरा प्रमाणित

पेरूमा क. गोन्जालोमाथि लागू औषधीको तस्करी गरेको झूठो आरोप लगाउने तानाशाही फुजिमोरी सरकार स्वयं नै तस्कर हो भन्ने कुरा हालै प्रमाणित भएको छ ।

पानामाका शासक तथा लागू औषधका नामूद तस्कर जनरल नोरियगालाई जन्माउने, पाल्ने पोस्ने अमेरिकी साम्राज्यवादकै एक पिठ्ठू-फुजिमोरी सरकार स्वयं नै लागू औषधीको

तस्करीमा संलग्न रहेको तथ्य हालै "लागू औषध तस्करी सम्बन्धी अध्ययनका लागि निर्मित संसदीय उप-समिति" का अध्यक्ष जुलियो क्यास्ट्रोले ३५० जना सरकारी प्रहरी तथा सैनिकहरू यस कुकर्ममा संलग्न रहेको प्रमाण पेश गरी पुष्टि गरेका छन् ।

संसदीय उपसमितिका अध्यक्ष जुलियो क्यास्ट्रोका अनुसार ती ३५० जना सरकारी प्रहरी र सैनिकहरू विशेषतः कोका उत्पादनका लागि प्रख्यात क्षेत्र-अप्पर हुआलागा भ्यालीको एयरपोर्टमा कार्यरत रही लागू औषधमा संलग्न रहेका थिए । उनीहरूले लागू औषधका तस्कर-सम्राटहरूलाई एरपोर्टबाट लागू औषध ओसार-पसार गर्न सहयोग गरी अवैध रूपमा कमाई गरिरहेको र ठूल-ठूला सैनिक-प्रहरी अधिकारीहरू आफैले ती तस्करहरूसँग मिली यसको व्यापार गरिहेको तथ्य पनि प्रकाशित भएको छ ।

यसै तथ्यलाई थप प्रमाण पेश गर्दै सैनिक जनरल निकोलस हर्मोजा, सशस्त्र सैनिकहरूको संयुक्त कमाण्डका प्रमुख, ले १०० जना सैनिक अधिकारीहरूलाई लागू औषध-तस्करीमा संलग्नता रहेको प्रमाणित भएपछि जेल सजाय दिइएको कुरा बोल्न बाध्य भएको छ । तर जनरल हर्मोजाले तिनीहरूलाई कसरी, कति सजाय कहिले दिइएको थियो भन्ने कुरा उल्लेख नगरी सरकारी दावीमाथि आशंका उत्पन्न गराइदिएको छ । संसदीय उपसमितिका अध्यक्ष क्यास्ट्रोका अनुसार २५० जना पेरूका राष्ट्रिय प्रहरीहरू र १०० जना सेना-अधिकारीहरूलाई क्रमशः नागरिक अदालत र बन्द सैनिक अदालतमा मुद्दा चलाइने छ । लागू औषध-तस्करी विरूद्ध युद्ध छेडिरहेको दावी गर्ने अमेरिकी साम्राज्यवादले भने आफ्नो साम्राज्यवादी स्वार्थ पूर्ति गरिरहेसम्म पानामाका जनरल नोरियगालाई जस्तै फुजिमोरी सरकारलाई पनि संरक्षण दिइरहने कुरामा शंका गर्ने ठाउँ नै छैन ।

❑ ❑ ❑

# कोलम्बिया | कम्युनिष्ट नेताहरूको हत्या जारी छ !




ल्याटिन अमेरिकाली देश कोलम्बियाका जनताको शान्तिपूर्ण र सशस्त्र प्रतिरोधबाट भयभीत भएको अमेरिकी साम्राज्यवादको पिठ्ठू सरकारले कोलम्बियाली कम्युनिष्ट पार्टी एवं युनाइटेड प्याट्रियोटिक लेफ्ट (UPL) का नेता एवं कार्यकर्ताहरूमाथि अर्धसैनिक हत्यारा दस्ताहरूबाट हिंसात्मक आक्रमण चर्काउन थालेको छ ।

यी हत्यारा दस्ताहरूले कम्युनिष्ट पार्टीका कार्यकर्ता र गरीब किसानहरूमाथि हिंसात्मक आक्रमण गर्ने क्रममा यस वर्ष मात्रै तीन जनाभन्दा बढी पार्टी कार्यकर्ताहरूको निर्मम हत्या गरिसकेका छन् ।

"आर्मी फर दि प्याशिफिकेशन अफ उराबा" नामक यस हत्यारा दस्तालाई १९८० तिर कोलम्बियाको फासिस्ट सरकारले आफ्नो सत्ता सुरक्षित राख्न र त्यसलाई असुरक्षित पारिरहेका वामपन्थी छापामार समूहहरूबाट "गाउँलेहरूलाई बचाउन" भन्ने निहुँमा निर्माण गरेको थियो । अमेरिकी साम्राज्यवादको "कम घनीभूत युद्ध" को नीति अनुसार निर्माण गरिएको यस दस्ताले १९८८ देखि त खुला रूपमै जनसंगठनहरू र श्रमिक संगठनहरूका कार्यकर्ता एवं नेतादेखि समर्थकहरूमाथि समेत घातक अक्रमण गर्न थालेको थियो ।

यी आक्रमणहरूको क्रममा हालसम्म युनाइटेड प्याट्रियोटिक लेफ्ट संगठनका मात्रै १ हजारभन्दा बढी सदस्यहरूको निर्मम हत्या भइसकेको छ भने कम्युनिष्ट पार्टीको हत्या त अनगिन्ती भइसकेको छ ।

सन् १९८९ मा कोलम्बियाली कम्युनिष्ट पार्टीका दुई जना केन्द्रीय समितिका नेताहरू तियोफिलो फोरेरो र जोसे आन्तेकुएराको हत्या यस दस्ताले गरेको थियो । गत महिना मात्रै पनि राजधानी बोगोटामा त्यहाँको कम्युनिष्ट पार्टीका सचिवको हत्या भएको थियो ।

यी हत्या, आक्रमण र संहारदेखि आक्रोशित पार्टी र जनताले देशभरि सडक-संघर्ष एवं प्रतिरोध संघर्ष थालेका थिए । यसै संघर्षको दवाव स्वरूप फासिस्ट सरकारले यस दस्तालाई "प्रतिबन्धित" घोषणा गर्नुपर्‍यो भने राष्ट्रिय, अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्थाहरूले यस विषयतिर ध्यान केन्द्रित गर्नुपर्‍यो ।

हत्यारा अर्द्ध सैनिक दस्तामाथि सरकारले लगाएको प्रतिबन्ध कोलम्बियाली जनताको आँखामा छारो हाल्नलाई मात्र गरिएको हो भन्ने तथ्य अब प्रमाणित हुँदैछ । यस वर्ष मात्रै तीन-तीन कम्युनिष्ट कार्यकर्ताको हत्या र थुप्रै सांघातिक आक्रमणले त्यसलाई झनै पुष्टि गरेका छन् ।

यस हत्या र आक्रमणको विरोधमा कानमा तेल हालेर चुपचाप बसिरहेको फासिस्ट सरकारको र हत्यारा दस्ताको कम्युनिष्ट पार्टीले कडा विरोध गर्दै यस्ता फासिस्ट शक्तिको प्रतिरोध गर्न अपील गरेको छ । कम्युनिष्ट पार्टी एवं युनाइटेड प्याट्रियोटिक लेफ्ट संगठनले गृहमन्त्रालय, न्याय विभाग र मानव अधिकार संगठनलाई त्यस्ता अर्धसैनिक हत्यारा दस्तालाई निर्मूल पार्न र आफ्ना कार्यकर्ताहरूलाई रिहा गर्न जोडदार माग गरेको छ । ❑

# फिलिपिन्स : पूर्व छापामार कमाण्डरको हत्या

क. हेक्टरको नामले परिचित भूतपूर्व छापामार कमाण्डर लियोपोल्डो माबिलांगानलाई राजधानी मनिलाबाट ५० की.मी. दक्षिणमा पर्ने सान्तो टोमास स्थित प्रान्तीय चर्चमा बिवाहमा सहभागी भइरहेको बेला एक जना सशस्त्र व्यक्तिले नजिकैबाट गोली हानी हत्या गरिदिएको छ ।

विगतमा फिलिपिन्स कम्युनिष्ट पार्टीको नेतृत्वमा रहेको सशस्त्र नयाँ जन सेना (New Peoples Army) को वानाहवा क्षेत्रको एक कमाण्डरको भूमिका निभाउँदै आएका क. हेक्टरले गत वर्षमात्र सरकारसमक्ष आत्मसमर्पण गरेका थिए ।

हेक्टरको यस आत्मसमर्पणलाई अमेरिकी साम्राज्यवादको पिठ पूँजी बनाई बनाई फिलिपिंसका राष्ट्रपति फिडेल रामोसले उनलाई एउटा स्थानीय सार्वजनिक सेवा सम्बन्धी प्रोजेक्टको प्रमुखमा नियुक्त गरेका थिए । त्यस प्रोजेक्टले वामपन्थी छापामारहरूलाई आत्मसमर्पण गर्न र आत्मसमर्पण पश्चात् सामान्य जीवन अप्नाउन उत्प्रेरित गर्ने-गराउने कार्य गर्दथ्यो । हुन त यस हत्याको स्पष्ट छानवीन हुन बाँकी नै छ, तर यस हत्याको लागि कहीं उनकै यस्ता आत्म समर्थनवादी कामहरू त जिम्मेवार छैनन् ? - सवाल

❑ ❑

# उत्तरी अमेरिकी कम्युनिष्ट पार्टीहरूद्वारा सँगै काम गर्ने घोषणा

उत्तर-अमेरिकी कम्युनिष्ट पार्टी एवं श्रमिक पार्टीहरूको प्रथम भेला पछि अमेरिकी कम्युनिष्ट पार्टी (Communist Party of the United States), क्यानाडाली कम्युनिष्ट पार्टी र मेक्सिकोको पपुलर सोशलिष्ट पार्टीले उत्तर अमेरिकी महादेशका श्रमिक जनताको हक-हित र अधिकारको लागि" संगै काम गर्दै अगाडि बढ्ने घोषणा गरेका छन् ।

ती पार्टीहरूले मार्क्सवाद-लेलिनवादलाई आफ्नो मार्गदर्शक सिद्धान्त मानिरहने घोषणा गर्दै पूर्वी यूरोप र सोभियत संघमा अल्-अिबधिको लागि मात्रै समाजवाद परास्त भएको भए तापनि फगत समाजवादी व्यवस्थाले मात्रै मानवजातिका आशा आकांक्षालाई साकार गर्नसक्ने धारणा व्यक्त गरेका छन् ।

उत्तर-अमेरिकाको विशेष स्थितिको उल्लेख गर्दै आफ्नो देशका अति दक्षिणपन्थी प्रति कृयावादी शक्तिहरूको सरकारले लिइरहेको बहुराष्ट्रिय कम्पनिको हित रक्षा गर्ने फासिष्ट नीतिको कारणले गरीवि, सम्पतिको केन्द्रीकरण र बेरोजगारी बढ्ने क्रम जारी नै रहेको छ भन्ने कुरा उनीहरूको उल्लेख घोषणामा छ । घोशणा अनुसार, अमेरिकाले आफ्ना बृद्ध बहुराष्ट्रिय कम्पनीहरूको स्वार्थ रक्षार्थ लागू गरेको उत्तर अमेरिकी स्वतन्त्र व्यापार संभौता (NAFTA) ले उत्तर-अमेरिकी राष्ट्रहरू र सिंगै महादेशलाई नै अमेरिकी साम्राज्यवादी राजनीतिक-आर्थिक स्वार्थको उपनिवेश बनाउने र त्यसले मेक्सिको, क्यानाडा र अमेरिकाका जनताका जनताको

बाँकी ४३ पेजमा



# चिली

# जहाँ संसदीय बाटोबाट शान्तिपूर्ण ढंगले क्रान्ति भयो

"जबसम्म पूँजीवाद हतियारले लैश हुन्छ, तवसम्म क्रान्ति पनि सशस्त्र हुनु अनिवार्य हुन्छ"
**- लेनिन**

-राजेन्द्र महर्जन

विश्व कम्युनिष्ट आन्दोलनमा नेतृत्वकारी भूमिका खेलिरहेको र सर्वमान्य प्रतिष्ठा प्राप्त गरिरहेको सोभियत संघको कम्युनिष्ट पार्टी (C .P .S .U) को बीसौं कांग्रेसमा सोभियत नेता खुश्चेभले क्रान्तिको सन्दर्भमा एउटा नयाँ विचारोत्तेजक प्रस्थापना प्रस्तुत गरेका थिए-

**"के पूँजीवादीबाट समाजवादमा शान्तिपूर्ण तरीकाले संसदीय बाटोबाट संक्रमण गर्न संभव छैन ?"**

सोभियत नेता खुश्चेभको प्रस्थापनाअनुसार- "बदलिएको अन्तर्राष्ट्रिय परिस्थितिमा पूँजीवादी देशहरुमा शान्तिपूर्ण तरीकाले समाजवादी क्रान्ति गर्न सकिने सम्भावना अब सामान्य नियम भैसकेको छ ।"

खुश्चेभको यस प्रस्थापना के साँच्चै मार्क्सवादी- लेनिनवादी सिद्धान्त अनुकूल छ ? के साँच्चै पूँजीवादबाट शान्तिपूर्ण तरीकाले, संसदीय बाटोबाट समाजवादी क्रान्ति गर्न व्यवहारिक रुपले पनि संभव छ ? छैन भने किन र कसरी छैन त ? र, छ भने कुन कुन देशमा कसरी यो सम्भव भयो ?

यी प्रश्नहरु दक्षिण एशियाली राष्ट्र इण्डोनेशियाको लागि मात्र होइन, ल्याटिन अमेरिकी देश- चिलीको लागि पनि उत्तिकै सान्दर्भिक छन् !

विश्व कम्युनिष्ट आन्दोलनमा संसदीय बाटोबाट, शान्तिपूर्ण ढंगले समाजवादी क्रान्ति गर्न सम्भव छ कि छैन भनेर परीक्षण गरिएको देशको रुपमा इण्डोनेशियापछि चिली चर्चित छ । यसैकारण, चिलीमा गरिएको यही परीक्षणको सैद्धान्तिक र व्यावहारिक विवेचना गर्नु अति नै जरुरी भएको छ, यो कुरामा नेपाली वामआन्दोलनका शीर्षस्थ नेतादेखि कार्यकर्ताहरु समेतमा ठूलो चासो रहेको छ ।

यही जरुरतलाई महशूस गरेर नै, आउनुहोस्, हामी चिलीको सन्दर्भमा उठेका प्रश्नहरुबारे चर्चा- परिचर्चा गर्ने प्रयासु शुरु गरौं ।

**चुनाव जितेर सत्तामा गएका वामपन्थीहरुलाई पनि के प्रतिकृयावादीहरुले टिक्न दिए ?**

**संसदीय बाटोबाट "समाजवादी क्रान्ति"को परीक्षण !**

चिलीमा चुनाव जितेर वामपन्थीहरु सत्तामा गए । वामपन्थी राष्ट्रपति एलेण्डे ४ पटकसम्म चुनाव लडेर, विस्तारै विस्तारै लोकप्रियता र जनसमर्थन बढाउँदै गएर र साम्राज्यवादी प्रतिकृयावादीहरुलाई परास्त गर्दै गएर अत्यन्त जनप्रिय र प्रतिष्ठित भए । पछिल्लो पटक बहुमतले राष्ट्रपति चुनिए । उनले त्यसपछि जनताको भलाइको पक्षमा थुप्रै कदमहरु चाल्न थाले ।

तर के प्रतिकृयावादीहरुले उनलाई यी जनपक्षीय कामहरु गर्न दिए ?

अहँ, उनीहरुले त्यस्तो गर्न दिएनन् ।

साम्राज्यवादी अमेरिकाको आडमा उनीहरुले त्यस निर्वाचित वामपन्थी सरकारका विरुद्ध षडयन्त्रहरु र घातहरु गर्न थाले । निर्लज्ज तरीकाले उनीहरुले सैनिक विद्रोहको नाटक गरेर वन्दूकले त्यस "जनताको सरकार" लाई ढाले । राष्ट्रपति एलेण्डेले अन्तिम समयसम्म पनि उनीहरूसँग घुँडा टेकेनन्" । तर आखिर उनलाई प्रतिकृयावादीहरुले निर्लज्ज तरकिाले गोली र तोप वर्साएर मारे । त्यसपछि त्यहाँ जन निर्वाचित सरकार र वामपन्थी नेता कार्यकर्ताहरुमाथि ठूलो दमन गरियो ।

यसरी चिलीको वामपन्थी शक्तिले चुनावबाट सत्तामा पुगी "समाजवादतिरे शान्तिपूर्ण संक्रमण" को सिद्धान्त लागू गर्न खोजेको घटना र त्यसपछिको प्रतिकृयावादी षडयन्त्र र प्रहारको यस घटनाबाट संसद र सरकारमा जाँदैमा मात्र वामपन्थीहरुलाई शत्रुहरुले निर्वाध रुपमा काम गन दिन्छन् र ?- भन्ने सवालतर्फ संसारभरिका वामपन्थीहरुको ध्यान तानिदैआएको छ ।

शत्रुसँग चाहिं सशस्त्र बल हुने, तर आफूसँग भने यो बल नहुने हो भने जन-प्रतिरोध कार्य पनि राम्ररी हुन नसक्ने कुरा यस घटनाबाट पाठको रुपमा लिनु पर्छ कि पर्दैन ?

- यो प्रश्न हरेक वामपन्थीहरुको लागि चुनौति बनेर उभिएको छ ।

□

**वामपन्थी राष्ट्रपति एलेण्डे कसरी मारिए ?**

# त्यो नाटकीय क्षण, जतिखेर एलेण्डे मारिए

## अमेरिकी साम्राज्यवादको पिठ्ठू- जनरल पिनोचेटद्वारा गरिएको सैनिक विद्रोहको जीवन्त रिपोर्ट



सन् १९७३, सेप्टेम्बर ११, विहान ६:३० बजे ।

ल्याटिन अमेरिकी देश-चिलीको राजधानी सान्टियागा डि चिलीस्थित वामपन्थी राष्ट्रपति साल्भाडोर एलेण्डेको निवासमा अचानक फोनको घण्टी बज्यो ।

फोनबाट राष्ट्रपति एलेण्डेलाई समाचार प्राप्त भयो- "चिलीको प्रमुख वन्दरगाहको शहर वाल्पाराइसो स्थित नौसैनिकहरुले विद्रोह गरे र त्यस शहर सिंगै सैनिक विद्रोहीहरुको नियन्त्रणमा छ ।"

वाल्पाराइसो शहरमा ठीक त्यही बेला अमेरिकी नौसैनिकहरुका साथ चिलीका नौ सैनिकहरुको "संयुक्त प्रशिक्षण अभ्यास" भै रहेकोले राष्ट्रपति एलेण्डेले सैनिक विद्रोहको घण्टी बजेको महशूस गरे । त्यसैले नवनियुक्त प्रतिरक्षा मन्त्री ओर्लाण्डो लेतेलिएरलाई फोन गरेर स्थल सेनाध्यक्ष जनरल अगस्टो पिनोचेटलाई सम्पर्क गर्न अऱ्हाए, र आफैले पनि ३० मिनेटसम्म सम्पर्कको लागि प्रयत्न गरे । तर प्रयत्न सफल हुन सकेन ।

जनरल पिनोचेटसँग सम्पर्क नभएपछि उनले आफ्नो संयुक्त मोर्चा "लोकप्रिय एकता" (Popular Unity) को सरकारका मन्त्रीहरु एवं पार्टीका नेताहरुसँग सम्पर्क कायम गर्न खोजे । यो प्रयत्न पनि विफल भएपछि ७.१५ बजेतिर उनी प्रहरी प्रमुख जनरल जोसे मारिया सेपुल्वेडाका साथ ५० सशस्त्र सैनिकहरुको दल, आफ्ना २३ जना अंगरक्षकहरु र अभिन्न सहयोगीहरु समेत राष्ट्रपति भवन "ला मोनेडा प्यालेस" तिर अगाडि बढे । राष्ट्रपति एलेण्डे शिरखानिक मजदूरहरुको हेल्मेट लगाएर, आफ्ना मित्र एवं क्यूवाली क्रान्तिका नायक फिडेल क्यास्त्रोद्वारा उपहारमा प्राप्त सव-मेशिन गन लिएर कारबाट यात्रा गर्दै थिए भने अरु सबै जना तीन वटा जीपमा थिए ।

राष्ट्रपति भवनतिर गइरहेका राष्ट्रपति एलेण्डेलाई सैनिक विद्रोहको स्वरुप र विस्तारबारे राम्ररी थाहा भएको थिएन, न त गएको राति विद्रोही सैनिकहरुद्वारा सबै रेजिमेन्टमाथि कब्जा जमाइएको र त्यो विद्रोहको विरोधी गर्ने सैनिक र सैनिक अधिकारीहरुलाई बीज रेजीमेन्ट, काराकेरो रेजिमेन्ट र सान फेलिबा सैनिक स्कूलमा निःशस्त्र गर्दै गोलीको शिकार बनाइएको कुरा नै थाहा थियो ।

यस अज्ञात स्थितिमा पनि ला मोनेडा प्यालेसतिर अघि बढिरहेका राष्ट्रपतिको दल-बल विद्रोही सशस्त्र प्रहरीको घेराउलाई छिचोलेर राष्ट्रपति भवनमा प्रवेश गऱ्यो । एलेण्डेले आफ्नो विशेष कोठामा गई आफ्ना मन्त्रीहरु, सहयोगीहरू, लोकप्रिय एकता (Popular Unity) संयुक्त मोर्चा र त्यसका प्रमुख घटक कम्युनिष्ट पार्टी- सोशलिष्ट पार्टीका नेताहरु एवं जन-संगठनहरुलाई सम्पर्क गरेर विद्रोहको सूचना दिए ।

त्यसपछि देशवासीलाई विद्रोहबारे सचेत गराउनका लागि रेडियोबाट सम्बोधन गरे । सम्बोधनका क्रममा वाल्पाराइसो विद्रोहबारे सूचित गर्दै आम जनतालाई होशियारी एवं सजगता अप्नाउनका लागि उनले आह्वान गरे, र विद्रोही सैनिकहरुले आक्रमण गरेमा आ-आफ्ना उद्योग र कारखानाहरुको सुरक्षार्थ प्रतिरोध गर्न जनतामा अपील गरे ।

प्रचारलाई तीब्र गर्नुपर्ने महशूस गरी उनले ८.१५ मा पुनः रेडियोद्वारा देशवासीलाई सम्बोधन गरे, र पहिलेकै सम्बोधन दोहोऱ्याए । त्यसपछि तुरुन्तै हवाई सेनाको हेडक्वार्टरबाट एलेण्डेका प्रवन्धक रोबर्टो साँचेजले उनलाई जल, थल र हवाई सेनाध्यक्षहरुले उनको राजिनामा मागिरहेको कुराको खवर दिए । त्यसको लगत्तै सैनिक विद्रोहका नेताहरुले पनि एलेण्डसँग सेना समक्ष राजिनामा दिन पुनः माग गर्दै रेडियोद्वारा वामपन्थी सरकार समर्थक अखवार, रेडियो स्टेशन र टि.भि च्यानल बन्द गर्न दवाब.दिनुका साथै, बन्द नगरे हवाई र स्थल आक्रमण गर्ने धम्की दिए ।

यसैबीच जल, स्थल र हवाई सेनाध्यक्ष लगायत अमेरिकी साम्राज्यवादको प्रमुख एजेण्ट-सेनाका मुख्य जनरल अगस्टो पिनोचेटको पनि हस्ताक्षर भएको "मागपत्र" राष्ट्रपतिसमक्ष पुऱ्याइसकिएको थियो । स्मरणीय छ, निज पनोचेट हाल चिलीका सेनाध्यक्ष छन्, बीचमा उनी करीव डेढ दशकसम्म राष्ट्रपति पनि रहे ।

त्यस माग-पत्रमा देशको "राजनीतिक अस्थिरता, आर्थिक दुरावस्था, व्याप्त हिंसा एवं अराजकता" का लागि राष्ट्रपति एलेण्डे र उनको संयुक्त मोर्चा- "लोकप्रिय एकता" दोषी भएको आरोप लगाउँदै सेनाले देशको शासन आफ्नो हातमा लिइसकेकोले राष्ट्रपतिले तुरुन्त राजिनामा दिनु पर्छ भनी माग गरिएको थियो ।

राष्ट्रपति एलेण्डेले राजिनामा नदिने अठोट व्यक्त गर्दै सोशलिष्ट पार्टीको रेडियो स्टेशनबाट विद्रोही सैनिकहरुका विरुद्ध सबै तरीकाबाट संघर्ष गर्ने घोषणा गरे । विद्रोही सैनिकहरुले उनलाई दिएको "विदेश भाग्ने" सल्लाहलाई कुल्चँदै राष्ट्रपतिले संघर्षको घोषणा गरे ।

राष्ट्रपति भवनलाई चारैतिरबाट झन झन् धेरै अगाडि बढिरहेका विद्रोही सैनिकका टैंक, बख्तरवन्द गाडी र सैनिकहरुको प्रतिरोध गर्न उनले आफ्ना सहयोगीहरुलाई रणनीतिक महत्वका ठाउँहरुमा वस्न अऱ्हाए । टिटिनोस र मोरेण्डे सडकबाट अघि बढिरहेका विद्रोहहरु निकै नजीक आएको देखेर राष्ट्रपतिले आक्रमण गर्न आदेश दिए, साथै आफै पनि आफ्नो सव-मेशिनगनबाट दुस्मनका विरुद्ध गोली हान्न थाले ।

ला मोनेडा प्यालेसमा शुरु भएको यस युद्ध यसरी अब दोहोरो हानाहानमा परिणत भयो । युद्ध यति घनीभूत भयो कि- विद्रोही सैनिकहरुले "संवैधानिक इस्क्वायर"बाट स्थल आक्रमण गरेर पराजित गर्न नसकेपछि, उनीहरुले त्यहाँ हवाई आक्रमण गरे । ला मोनेडा प्यालेसका



हाँतमा बन्दूक सहित एलेण्डे बायूसेनाका विमानहरुतिर हेर्दै

हिउँदे बगैचा, हल र अफिस वम आक्रमणका कारणले ध्वस्त हुँदै गए। राष्ट्रपति भवनमाथि यसरी भएको हवाई र स्थल आक्रमणको दौरानमा बन्दूक, टैंक, तोप र मेशिनगनको आक्रमण एवं वमवर्षाले गर्दा आगो र धुँवा नै धुँवाले भवन ढाकियो।

आक्रमणकारी विद्रोही सैनिकहरुको तुलनामा हातहतियार र संख्यामा अत्यन्त न्यून रहेका राष्ट्रपति समर्थक योद्धाहरु विस्तारै ढल्दै जान थाले- शत्रुहरुलाई पनि मार्दै ! ६-७ घण्टाको घमासान युद्धपछि षडयन्त्रकारी मेजर जनरल जेवियर पेलेसियोस र क्याप्टेन रोबर्टो गारिडोको नेतृत्वमा राष्ट्रपति भवनको मोर्चा तोड्दै भवनभित्र पसेका विद्रोही सैनिकहरु एलेण्डेको विशिष्ट लाल कक्षको भरेंग चढ्दै गरेको बेला एलेण्डेले "गद्दार" भनेर गाली गर्दै गोली चलाए, जुन जेवियरमाथि बर्सियो।

त्यसैबेला, विद्रोही सैनिकहरुको एउटा गोली एलेण्डेको पेटमै घँसियो, तापनि मेचपछाडिबाट उनले गोली बर्साइरहे। यसैबीच, पुनः उनको बाँया पाखुरामा अर्को गोली लाग्यो। कमजोर भइसके तापनि सब-मेशिनगनबाट लडिरहेका एलेण्डेलाई फेरि तेस्रो गोली छाँतीमा लाग्यो र त्यसको चोट सहन नसकेर उनले प्राण त्याग गरे। पछि बाँकी बचेका योद्धाहरुले पनि तवसम्म प्रतिरोध जारी राखे, जवसम्म उनीहरु जीवित थिए।


यसरी संवैधानिक रुपले जनताद्वारा चुनिएका चिलीका वामपन्थी राष्ट्रपति एलेण्डेको निर्मम हत्या भयो। तर विद्रोही सैनिकहरुको फाशिष्ट डफ्फाले "एलेण्डेले आत्महत्या गरेको" घोषणा गर्दै चुपचाप उनको शवलाई गाडीदियो।

चिलीमा यस हत्या पश्चात् पनि युद्ध टुंगिएन। ला मोनेडामाथि वमवर्षा भइरहेको बेला सैनिक नाकावन्दीमा रहेका छात्रावास, मिल-कारखाना एवं श्रमिक वस्तीहरुमा प्रतिरोध भएको थियो। यो प्रतिरोधी निरन्तर जारी रह्यो।

☐☐

# चिलीको वामपन्थी आन्दोलन

## ल्याटिन अमेरिकाको सबैभन्दा ठूलो कम्युनिष्ट पार्टीको उत्थान र पतनको कथा







१९१७ को सोभियत समाजवादी क्रान्तिपछि ल्याटिन अमेरिकामा बगेको वामपन्थको हावा यतिथियो कितेजत्यहाँ अमेरिकी साम्राज्यवादको नाकैमुनि क्यूवामा सशस्त्र क्रान्ति भएपछि, चिलीमा शान्तिपूर्ण तरीकाले, संसदीय बाटोबाट "क्रान्ति" भयो, निकारागुआमा सशस्त्र संघर्षबाट साण्डिनिष्टा क्रान्ति भयो।

### समाजवादी पार्टीको संघर्ष : साम्यवादको वीजारोपण।

चिलीमा वामपन्थी विचारको प्रचार उन्नाईसौं शताब्दीको सातौं दशकतिर नै भइसकेको थियो। स्पेनीश र ब्रिटिश साम्राज्यवादको पन्जाबाट मुक्त हुन संघर्षरत चिलीमा।१८८० को शुरूवाततिरै समाजवादी पार्टीको निर्माण भइसकेको थियो।

चिलीको राजनीतिक- क्षेत्रमा अत्यन्त महत्वपूर्ण भूमिका खेलेको यस वामपन्थी संगठनले वामपन्थको विचार र संगठन विस्तारमा उल्लेखनीय भूमिका खेलेको थियो १९३० तिर यस पार्टीको पुनर्निमार्ण भएर यो पुनः कृयाशील भएको थियो। पुनर्निर्मित यस पार्टीको निरन्तर प्रयास मजदूर र किसान समूदायमा केन्द्रित थियो, जसको स्पष्ट प्रभाव १९३० को दशकमा छाएको "विश्वव्यापी आर्थिक मन्दी"को बेला चिलीमा तानाशाही सरकार र त्यसको अमेरिकापरस्त आर्थिक नीतिको विरोधमा भएका मजदूर-किसान संघर्षहरुमा देखिएको थियो। यसका साथै चिलीको सैनिक शक्तिमा माथिदेखि तलसम्म पनि यसले आफ्नो वामपन्थी विचारलाई प्रसारित गर्न सफल भएको तथ्य यहाँ उल्लेखनीय छ।

### कम्युनिष्ट पार्टीको अभूतपूर्व विकास

चिलीको वामपन्थी आन्दोलनमा एउटा प्रमुख शक्ति हो- चिली कम्युनिष्ट पार्टी ! यो पार्टीको पूर्व रुप "सोशलिष्ट वर्कर्स पार्टी" थियो। चिलीको श्रमिक आन्दोलनका प्रथम चरणका नेताहरुमध्ये अग्रणी क. लुइस इमिलियो रिकाबारेनको नेतृत्वमा यो सोशलिष्ट वर्कर्स पार्टी सन् १९१२ मा स्थापना भएको थियो। यही वर्कर्स पार्टी १९२२ मा गएर महाधिवेशन गरी विधिवत रुपमा "चिली कम्युनिष्ट पार्टी"मा परिवर्तित भएको थियो।

यस पार्टीले स्थापना कालदेखि नै चिलीका खानी-मजदूर एवं औद्योगिक मजदूरहरु माझ आफ्नो पकड मजवूत पार्दै आएको थियो। मजदूरहरुलाई उच्च वेतन, काम गर्ने र जीउने सुव्यवस्थाको लागि संघर्षरत यस पार्टीको संघर्षशील इतिहास र राम्रो वैचारिक-राजनीतिक संघर्षले गर्दा यसको सदस्य संख्यामा पनि काफी बृद्धि भएको देखिन्छ। १९३० को दशकमै यसको सदस्य संख्या, त्यो पनि मजवूत संगठन भित्र संगठित सदस्य संख्या मात्रै थियो- ३ हजार !

चालीसको दशकमा यो ५ हजारमा वृद्धि भयो भने १९६० को दशकमा यसको कृयाशीलता यति बढ्यो कि १९६५ देखि १९६९ भित्र ३५ हजार सदस्य संख्या डबल भएर ७० हजार पुग्यो। ल्याटिन अमेरिकाका अन्य कुनै पनि देशका कम्युनिष्ट पार्टीको सदस्य संख्याभन्दा यो बेसी थियो।

### इतिहासमा वामपन्थीहरुको भूमिका

सुधारवादी राष्ट्रपति आर्टुरो अलेसान्द्रीको सत्ता पल्टाएर कर्नल कार्लोस् इबानेजको नेतृत्वमा रहेका सैनिकहरुले अमेरिकी एकाधिकारी पूँजीपतिहरु, ठूला सामन्तहरु र सैनिक अधिकारीहरुको बलमा १९२७ मा सत्ता-शक्ति आफ्नो हातमा लिएपछि वामपन्थीहरुले सैनिक दमनको सामना गर्नु पर्‍यो, यहींबाट ब्रिटिश साम्राज्यवादको चंगुलबाट मुक्त भई चिली अमेरिकी साम्राज्यवादको खाडलमा जाक्किन पुगेको थियो।

सुधारवादी राष्ट्रपति अलेसान्द्रीको शासन कालमा वैचारिक सांगठनिक रुपमा निकै सबल भएको, सबै जनसंगठनमा आफ्नो प्रभाव कायम गर्न सफल भएको चिली कम्युनिष्ट पार्टी सैनिक शासनमा प्रतिबन्धित नै भयो। प्रतिबन्धित स्थितिमा पनि यसले जन-संघर्षहरु उठाउने कार्यमा कुनै कमी ल्याएन। अन्य वामपन्थी संगठनहरु पनि भूमिगत रुपमा कृयाशील रहे। स्मरणीय छ, १९२८ मा सम्पन्न





# समाजवादमा पुग्ने नौलो बाटो खोज्दा–खोज्दै शहादत प्राप्त गरेका साल्भाडोर एलेण्डे

**"साल्भाडोर एलेण्डे !**

**एउटै लक्ष्य प्राप्तिका लागि वैकल्पिक बाटोको खोजिगरिरहेका मानिस ।"**

यो परिचय क्यूवाली सशस्त्र क्रान्तिका एक नायक चे ग्वेभेराले चिलीका वामपन्थी नेता साल्भाडोर एलेण्डेलाई आफ्नो पुस्तक उपहारस्वरुप दिंदा लेख्नुभएको हो ।

समाजवादी लक्ष्य प्राप्तिको लागि चिलीको बाटो, शान्तिपूर्ण संक्रमणको बाटो, संसदीय चुनावबाट निर्वाचित भएर अघि बढ्ने बाटोको खोजिमा लागिपरेका वामपन्थी नेता साल्भाडोर एलेण्डे शुरुमा मेडिकल डाक्टर थिए ।

खुला, स्वतन्त्र र प्रगतिशील विचारका वकिल पिता साल्भाडोर एलेण्डे क्यास्ट्रो र उदार विचारकी माता लौरा गोस्सिन उरीवेको सन्तानको रुपमा २६ जुन, १९०८ मा चिलीको बन्दरगाहको शहर वाल्पाराइसोमा जन्मेका एलेण्डेले विद्यार्थी कालदेखि नै वामपन्थी आन्दोलनमा सकृय हुन थालेका थिए ।

कलिलै उमेरमा शान्टियागो नेशनल यूनिभर्सिटीबाट मेडिकल डाक्टर पास गरेका एलेण्डेले विद्यार्थी नेताको रुपमा वामपन्थी राजनीति बोकेर हिडेका थिए । यसरी हिंड्दा सरकार विरोधी विद्यार्थी संघर्षलाई सम्बोधन गरेको निहुँमा १९३१ मा अमेरिका समर्थक तानाशाह राष्ट्रपति कार्लोस इबानेजका प्रहरीहरुबाट गिरफ्तार भएर उनी वन्दी बनाइएका थिए । आम माफीबाट रिहा भएपछि संघर्षमा पुनः होमिएका एलेण्डेले चिलीको पुरानो वामपन्थी पार्टी- चिलियन सोशलिष्ट पार्टीलाई पुनर्निर्माण गर्ने कार्यमा नेतृत्व गरे ।

चिलीको दोस्रो ठूलो शहर-वाल्पाराइसो स्थित त्यस पार्टीका संगठनका प्रमुखको हैसियतले काम गरेका एलेण्डेले चिलीमा जर्मन नाजीवादको जस्तै घिनलाग्दो प्रतिकृयावादी क्रियाकलाप बहन थालेपछि त्यसको मुकाविला गर्न सोशलिष्ट मिलिसियाको गठन पनि गरेका थिए । उनले इबानेजको फासिष्ट सरकारको विरोधमा चिलीमा सैनिक विद्रोह गरेर त्यहाँ प्रथम "समाजवादी राज्य" को निर्माण गर्ने आफ्ना साथी मार्माड्यूक ग्रोभको प्रयासको पनि समर्थन गरेका थिए ।

वामपन्थी र प्रजातान्त्रिक शक्तिहरुबीच संयुक्त मोर्चा कायम गरेर चुनावी संघर्ष गरिरहेको चिलीको वामपन्थी आन्दोलनका एक नायक एलेण्डे १९३८ मा स्थापित पेड्रो सेर्दाको सरकारमा स्वास्थ्य मन्त्री बनेका थिए । त्यसपछिका वर्षहरुमा कहिले माथिल्लो सदनको सदस्यका रुपमा त कहिले तल्लो सदनका सदस्यको रुपमा, र कहिले चाहिं सभामुख भएर समेत संसदीय संघर्षमा लागिपरिरहे ।

एलेण्डे १९५२ देखि राष्ट्रपति पदको चुनावमा वामपन्थी उम्मेदवारको रुपमा उठ्न थालेका थिए । चुनावमा तीन पटकसम्मको हार पश्चात् पनि, कहिल्यै हार नमानेर वामपन्थी संयुक्त मोर्चाको राष्ट्रपति उम्मेद्वार भइरहेका उनी अमेरिकी साम्राज्यवादको सम्पूर्ण जालसाजीका वावजूद १९७० को ३ सेप्टेम्वरको चुनावबाट चिलीको राष्ट्रपति पदमा वहुमत भोटले निर्वाचित भएका थिए ।

सडक र सदनको वीरतापूर्ण संघर्ष ताकादेखि नै संसदीय मार्गबाट, शान्तिपूर्ण ढंगले चिलीमा समाजवाद ल्याउन सकिने विचार बोक्ने एलेण्डेले आफ्नो राष्ट्रपति-कालमा केही सुधारवादी क्रान्तिकारी रुपान्तरणका कामहरु सफलतापूर्वक गरे । तर यो सफलताबाट छटपटिएको अमेरिकी साम्राज्यवादले अन्ततः सी.आई.ए., चिलीस्थित बहुराष्ट्रिय कम्पनीहरु तथा सत्तापिपाशु सैनिक अधिकारीहरु मार्फत सैनिक विद्रोहबाट उनलाई सत्ताच्यूत गरे । ११ सेप्टेम्बर, १९७३ को सैनिक विद्रोहको सशस्त्र प्रतिरोध गर्दागर्दै तानाशाह पिनाचेटले गरेको बमवारी र तोप वर्षाले उनको प्राण लियो । ❑

---

विश्वका कम्युनिष्ट पार्टीहरुको छैठौं सम्मेलनमा चिलीको कम्युनिष्ट पार्टीका प्रतिनिधि पनि सहभागी भएका थिए । र, यो तेस्रो अन्तर्राष्ट्रियसँग सम्बद्ध भई कार्यरत रह्यो ।

> **"हाम्रो देशमा वर्तमान शासनलाई शान्तिपूर्ण ढंगले, संसदीय उपायद्वारा, चुनाव तथा अन्य उपायद्वारा परिवर्तन गर्न सक्ने संभावना देखिएको छ ।**
>
> **चिली कम्युनिष्ट पार्टीका महासचिव गालो गोञ्जालेज**

## प्रथम "समाजवादी राज्य" को पतन

सोशलिष्ट पार्टीको प्रभावमा रहेका युवा नौ सैनिक अधिकारीहरुले १९३१ मा वाल्पाराइसो शहरमा हडतालरत मजदूरहरुको समर्थन गरे, साथै केही युद्ध पोतहरुमा रातो झण्डा फहराए । नौ सैनिकहरुको यस विद्रोहलाई इबानेजको तानाशाही सरकारले निर्ममतापूर्वक कुल्चे पनि मजदूर संघर्षलाई भने यसले कुल्चन सकेन ।

मजदूर संघर्ष चलिरहेकै बेला जून, १९३२ मा हवाई सेनाध्यक्ष जनरल मार्माड्यूक ग्रोभको नेतृत्वमा रहेको सेनाले विद्रोह गरी चिलीमा प्रथम पटक "समाजवादी राज्य" खडा गऱ्यो । किसान-मजदूर र शोषित जनताको लागि भनी स्थापित यस चिलीको प्रथम "समाजवादी राज्य" जनताको सहभागिता विना सैनिक विद्रोहद्वारा मात्र स्थापित भएको कारणले यो १२ दिनपछि नै ध्वस्त भयो । अमेरिकासमर्थित सैनिकहरुले "समाजवादी राज्य" को मुख्यालय ला मोनेडा प्यालेसमाथि धावा बोलेर कर्नल ग्रोभलाई आफ्नो कब्जामा लिएपछि यो संघर्ष रोकिएको थियो ।

यस सैनिक विद्रोहलाई साल्भाडोर एलेण्डे लगायत कार्लोस अल्टामिरानो, एनिसिटो रोड्रीग्वेजको नेतृत्वमा पुनर्निर्माण गरिएको पुरानो चिलियन सोशलिष्ट पार्टीले समर्थन गरेको थियो । कम्युनिष्ट पार्टीले पनि त्यसलाई समर्थन गरेको थियो, तर समर्थन दिएर त्यसले विद्रोही सैनिकहरु समक्ष जनतालाई सशस्त्र पार्न पनि आह्वान गरेको थियो, जुन आह्वान विद्रोहीहरुले नमानेको कारणले गर्दा त्यो त्रासदी भोग्नु पऱ्यो ।

यही त्रासदीपछि पुराना सुधारवादी राष्ट्रपति आर्टुरो अलेसान्द्री पुनः निर्वाचित भए, तापनि अमेरिका समर्थित सैनिक तानाशाहहरुको हातमा चिलीको शासन-सत्ता रहीरहयो । यस मिसावटबाट संसारभरि फैलिएको नाजीवादी र फासिवादी विचारलाई चिलीमा पनि प्रश्रय मिल्यो ।

## संयुक्त मोर्चाबाट संसदीय संघर्ष

सन् १९२७ देखि १९३१ सम्म अवैध घोषित भएर भूमिगत रुपमा कार्यरत चिली कम्युनिष्ट पार्टीले अबैध नभएको स्थितिमा पनि भूमिगत, अर्द्ध भूमिगत र कतिपय स्थितिमा खुला रुपमै कार्य गर्न थाल्यो । यसैबीच, विश्वव्यापी फासिवादी-नाजीवादी लहरकों विरुद्ध जुध्न अन्तर्राष्ट्रिय कम्युनिष्ट नेता ज्यार्जी दिमित्रोभद्वारा विश्वको कम्युनिष्ट पार्टीहरुको सातौं सम्मेलनमा प्रस्तावित फासिवाद विरोधी व्यापक प्रजातान्त्रिक-जनवादी संयुक्त मोर्चा संगठित गर्ने नीति तय गऱ्यो, जसले यस सम्मेलनका सहभागी चिली कम्युनिष्ट पार्टीको भावी लक्ष्य र दिशामा पनि आमूल परिवर्तन ल्यायो । त्यस पार्टीले आफ्नो देशको फासिवादी शक्तिको विरुद्ध लड्नका लागि मार्च, १९३६ मा नव गठित समाजवादी पार्टीदेखि उदारवादीहरु र रेडिकल पार्टीसँग पनि संयुक्त मोर्चा निर्माण गऱ्यो ।

"लोकप्रिय मोर्चा" (पपुलर फ्रन्ट) को नामले चर्चित यस संयुक्त मोर्चाले संसदीय संघर्षमा पुराना सामन्त, पूँजीपतिहरुद्वारा समर्थित फासिष्टहरुलाई अर्थात लिवरल पार्टी र नेशनलिष्ट पार्टीलाई पराजित गऱ्यो र नेशनल युनिभर्सिटीका पूर्व डीन, आफ्ना सुधारवादी उम्मेदवार पेड्रो सेर्दालाई १९३८ मा राष्ट्रपति पदमा निर्वाचित गर्न सफलता प्राप्त गऱ्यो । कम्युनिष्ट पार्टी, सोशलिष्ट पार्टी, डेमोक्रेटिक पार्टी र पूर्व राष्ट्रपति कार्लोस इबानेजवादी कही समूहहरुको सहभागिता रहेको यस मोर्चा र मोर्चाको सरकारको प्रमुख घटक रेडिकल पार्टी थियो ।

यस सुधारवादी सेर्दा सरकारले (सोशलिष्ट) समाजवादी र कम्युनिष्ट पार्टीलाई पनि सरकारमा सहभागी बनाएर पूँजीवादी सुधारवादी कदमहरु चलाएको थियो । यस सरकारमा समाजवादीहरुको तर्फबाट भावी वामपन्थी राष्ट्रपति, ३० वर्षीय मेडिकल डाक्टर, सांसद साल्भाडोर एलेण्डेलाई स्वास्थ्य मन्त्रीमा नियुक्ति दिइएको थियो ।

चिलीको फासिष्ट सैनिक शक्तिलाई यस सुधारवादी संयुक्त मोर्चाको सरकार अलिकति पनि पेचेको थिएन । त्यसले अगस्त २५, १९३९ मा जनरल हर्रेराको नेतृत्वमा विद्रोह गऱ्यो । विद्रोहमाथि दमन गरिए तापनि अब चिलीमा राजनीतिमा सैनिकहरुको भूमिका बढ्न थाल्यो । सैनिक शक्ति र आर्थिक शक्तिहरु मार्फत सकृय अमेरिकी साम्राज्यवादले सेर्दाको मृत्यु पश्चात् १९४२ मा सत्तासीन भएका दक्षिणपन्थी राष्ट्रपति हुआँ अन्तोनियो रियोज मार्फत आफ्नो चाल चल्न थालेपछि संयुक्त मोर्चामा विभाजन आयो । राष्ट्रपति रियोजले अन्य सबै वामपन्थी- समाजवादी पार्टीहरुलाई सरकार र मोर्चाबाट निष्काशित गरे ।

## सरकारमा वामपन्थीहरुको सहभागिता र दमन

सन् १९४६ मा आफ्नो राष्ट्रपतीय कार्यकाल पूरा गर्न नपाउँदै राष्ट्रपति रियोजको पनि मृत्यु भएकोले संसदले कम्युनिष्ट पार्टी समर्थित रेडिकल पार्टीका गोन्जालेज विदेलालाई राष्ट्रपति पदमा निर्वाचित गऱ्यो। राष्ट्रपति विदेलाले मन्त्री-मण्डलका तीन जना सदस्यमा कम्युनिष्ट पार्टीका सांसदहरुलाई लिए, यो कुराले अमेरिकी साम्राज्यवादलाई निकै झस्कायो। फेरि, त्यस बेला कम्युनिष्ट पार्टी समर्थक मजदूर संगठनहरुले महंगी नियन्त्रण, कामको सुरक्षा र तलव वृद्धिको मागमा ठूला-ठूला संघर्षहरु गरिरहेका थिए। यी संघर्षहरुले राष्ट्रिय पूँजीपतिहरु र अमेरिकी एकाधिकारी वर्गको आर्थिक हितमाथि ठूलो प्रहार गरिरहेको थियो।

यस आघातलाई साम्य पार्न अमेरिकी सरकारले विदेला सरकारलाई आर्थिक र सैनिक क्षेत्रबाट डर, धम्की र दवाब दिई मन्त्री मण्डलबाट कम्युनिष्ट मन्त्रीहरुलाई खोस्न लगाउने कार्य मात्रै गरेन, कम्युनिष्ट पार्टी स्वयंलाई प्रतिबन्धित गर्न समेत लगायो। साथै, सोभियत संघ, युगोस्लोभिया र चेकोस्लोभाकियासँग को चिलीको कुटनीतिक सम्पर्क नै पनि टुटाईदियो।

यो तानाशाही यत्ति चर्किँदै गयो कि-कम्युनिष्ट नेताहरुलाई थुन्ने, मार्ने र निर्वासित गर्नेदेखि लिएर सबै जनवादी शक्तिमाथि दमन अभियान चलाउने कामसम्म पनि त्यहाँ हुन थाले। "साम्यवादलाई रोक्न" भनेर खुल्ला र धिनलाग्दो तवरले अमेरिकी डलरको खोलो बगेपछि विदेलाको सरकारले अन्ततः आफ्नो सशस्त्र सेनालाई अमेरिकी सैनिक विभाग पेन्टागनको "अधीन"मा समेत राखी दियो।

## राष्ट्रपति चुनावमा प्रथम पटक वामपन्थी उम्मेदवार

अमेरिकी साम्राज्यवाद र त्यसको मतियार विदेला सरकारको कठोर दमनको प्रतिरोध गर्दा गर्दै उठेका वामपन्थीहरुले १९५१ देखि पुनः संयुक्त मोर्चाको निर्माण गरी संसदीय संघर्ष जारी राखे। कम्युनिष्ट पार्टी र सोशलिष्ट पार्टीको सहभागितामा निर्मित यस संयुक्तमोर्चा- "पीपुल्स फ्रन्ट" अमेरिकी एकाधिकारी पूँजीपति वर्ग र अमेरिकी साम्राज्यवादबाट देशलाई आर्थिक-राजनीतिक मुक्ति दिलाउने र राष्ट्रिय पूँजीपति वर्गलाई संरक्षण दिने घोषणा सहित चुनावी संघर्षमा देखापऱ्यो।

१९५२ को राष्ट्रपतीय चुनावमा पिपुल्स फ्रन्टले आफ्ना उम्मेदवार नजित्ने कुरा थाहा हुदाहुँदै पनि औपचारिक रुपमा समाजवादी नेता एवं पूर्व स्वास्थ्य मन्त्री साल्भाडोर एलेण्डेलाई प्रथम पटक राष्ट्रपति पदमा उठायो। एलेण्डेको उम्मेदवारी सम्पूर्ण प्रजातान्त्रिक र वामपन्थी शक्तिको पूर्ण समर्थन प्राप्त गर्नमा अर्थपूर्ण रह्यो। प्रजातान्त्रिक र वामपन्थी शक्तिहरुको एक मात्र राष्ट्रपतीय उम्मेदवार एलेण्डेले कम्युनिष्ट पार्टी भूमिगत हुनु परिरहेको स्थितिमा, आर्थिक र प्रचारात्मक पक्षमा अत्यन्त कमी रहेको बेलामा पनि, ५२ हजार भोट प्राप्त गर्न सके।

## इबानेजको तानाशाही शासन कम्युनिष्ट पार्टीको मजदूर संघर्ष

चुनावी संघर्षमा पराजित भए तापनि चिलीको वामपन्थी शक्तिले सडक संघर्षलाई जारी राख्यो। विदेलापछि निर्वाचित भएका राष्ट्रपति जनरल कार्लोस ईबानेजले पनि उही तानाशाही र प्रतिक्रियावादी शासन अख्तियार गरीराख्यो। हुन त इबानेज आफ्नो पूर्ववर्ती तानाशाही सरकार- विदेलाको सरकार-का नीति र व्यवहारको कटु आलोचना गरेर, राष्ट्रवादी नारा दिएर र विदेला सरकार र अमेरिकाबीचको सैनिक सम्झौताको विरोधी विचार प्रचार प्रसार गरेर सत्तारुढ भएको थियो, तर सत्तारुढ भएपछि भने ऊ आफैंले अराष्ट्रवादी काम गर्नुका साथै अमेरिकी साम्राज्यवादलाई बढी सुविधा दिने कार्य गऱ्यो।

इवानेजको तानाशाही शासन र त्यसको आडमा अमेरिकी एकाधिकारवादी पूँजीपतिहरुको चकचकीको विरोधमा वामपन्थीहरुले आफ्नो कृयाशीलतामा वृद्धि गरे। कम्युनिष्ट पार्टीले भूमिगत ढंगले नै मजदूर वर्गलाई मात्र होइन, मध्यम वर्ग र राष्ट्रिय पूँजीपति वर्गलाई समेत साम्राज्यवाद विरोधी संघर्षमा अघि बढायो। तानाशाही सरकारको हिटलरी दमन र उत्पीडनको स्थितिमा पनि मजदूर वर्गले साम्राज्यवाद विरोधी, जनवादी आन्दोलन चलाइरहेको थियो। यस आन्दोलनको आड-भरोसामा सबै जनवादी शक्तिहरु एकतावद्ध ढंगले संघर्ष गरिरहेका थिए।

१९५३ मा कम्युनिष्ट पार्टीको सकृयतामा देशमा एकीकृत ट्रेड यूनियन केन्द्र (Central Union of Workers) बन्यो। पूँजीपतिवर्गको तानाशाही शासनको मजदूरवर्गलाई विभाजित गरिराख्ने प्रयासका बाबजूद एकीकृत मजदूर वर्गले जनवादी अधिकारहरुको पुनर्स्थापना गर्न र देशको सार्वभौम सत्ता बचाइराख्ने मागसहित संघर्ष जारीराख्यो। मई, १९५४ मा यही मागलाई लिएर आम हडताल भयो, जुन पछिसम्म कहिले निरन्तर, त कहिले छिटफुट रुपमा जारी रह्यो।

## नयाँ ढंगको संसदीय संघर्ष

सन् १९५६ मा विश्व कम्युनिष्ट आन्दोलनको नेतृत्वकारी भूमिका खेलिरहेको सोभियत संघको कम्युनिष्ट पार्टीको बीसौं कांग्रेसले सोभियत नेता खुश्चेभद्वारा प्रतिपादित "पूँजीवादबाट समाजवादतिर शान्तिपूर्ण ढंगले, संसदीय बाटोबाट संक्रमण गर्न सकिने" प्रस्थापना पारित गऱ्यो।

यस प्रस्थापनाले १९३० को दशकदेखि सडक र सदनको संघर्षमा लागिपरिरहेको चिलीको कम्युनिष्ट पार्टीमा पनि निकै ठूलो असर पाऱ्यो। साँच्चै भन्ने हो भने, अन्तर्राष्ट्रिय कम्युनिष्ट नेता ज्यार्जी दिमित्रोभद्वारा प्रतिपादित "प्रजातान्त्रिक र जनवादी शक्तिहरुको व्यापक संयुक्त मोर्चा" को प्रस्थापनालाई चिलीको संसदीय संघर्षको दौरानमा उपयोग गरिरहेको चिलीको कम्युनिष्ट पार्टीलाई खुचेभको "संसदीय बाटो"को प्रस्थापनाले आफ्नो संसदीय संघर्षलाई सैद्धान्तिक आधार प्रदान गरिदियो।

यही सैद्धान्तिक आधारमाथि उभिएर त्यस पार्टीले पुनः १९५६ मा कम्युनिष्ट, समाजवादी, प्रजातन्त्रवादी आदि सबै साम्राज्यवाद- सामन्तवादविरोधी शक्तिहरुलाई "जन कारवाही मोर्चा (Irente de-Accion Popular)" मा एकताबद्ध गऱ्यो। यो मोर्चा सामाजिक-आर्थिक सुधार लागू गर्ने, प्रजातान्त्रि शासन स्थापित गर्ने र देशको सार्वभौमसत्ता सुदृढ गर्ने घोषणासहित चुनावी संघर्षमा उत्रिन थाल्यो। मोर्चाको संघर्षशील प्रभावबाट आत्तिएको इवानेजको तानाशाही सरकार १९४७ देखि प्रतिबन्धित चिली कम्युनिष्ट पार्टीलाई बैध घोषित गर्न बाध्य भयो।

यस संयुक्त मोर्चाले १९५८ मा सम्पन्न राष्ट्रपति चुनावमा दक्षिणपन्थी उम्मेदवार जोर्गे अलेसान्द्रीको विरुद्ध पुनः समाजवादी नेता साल्भाडोर एलेण्डेलाई दोस्रो पटक पनि आफ्नो उम्मेद्वार बनायो। एलेण्डेले ४ सेप्टेम्बरको चुनावमा ३ लाख ५४ हजार मत प्राप्त गरे भने ३ लाख ८६ हजार मत प्राप्त गरेको अलेसान्द्री राष्ट्रपति पदमा निर्वाचित भयो। तापनि, एलेण्डेले कहिले प्रतिनिधिसभाको त कहिले सिनेटको सदस्यको रुपमा, त कहिले सभामुख भई संसदीय संघर्षमा वामपन्थीहरुको नेतृत्व दिइराखे।



अमेरिकी साम्राज्यवादको पिट्ठु जनरल पिनोचेट

## कडा संसदीय प्रतिस्पर्धा : वामपन्थी शक्ति र अमेरिकी साम्राज्यवाद बीच

दक्षिणपन्थी राष्ट्रपति अलेसान्द्रीले पनि आफ्ना पूर्ववर्ती शासकहरुले जस्तै जन-विरोधी फासिष्ट शासनलाई चलाईराख्ने परम्पराको बिंडो थामीराख्यो। अमेरिकी साम्राज्यवादको चाटुकारितामा उसको शासन चलिरह्यो। यस स्थितिमा, कम्युनिष्ट पार्टीले संसदीय संघर्षका अलावा किसान संघर्षतिर पनि ध्यान केन्द्रित गऱ्यो। आफ्ना राम्रा संगठनकर्ताहरुलाई त्यसले गाउँतिर पठाई किसानहरुलाई सचेत, संगठित र संघर्षशील गर्न थाल्यो। यसको परिणामस्वरुप तीन वटा किसान संगठनमा कम्युनिष्ट पार्टीको वर्चश्व कायम हुन गयो।

यसको प्रभाव १९६४ को राष्ट्रपति-चुनावमा स्पष्ट देखियो। १९५९ मा छिमेकी क्यूबामा सशस्त्र क्रान्ति सफलतापूर्वक सम्पन्न भैसकेको स्थितिमा चिलीमा वामपन्थी र प्रजातान्त्रिक शक्तिहरुको संयुक्त मोर्चाले अमेरिकी साम्राज्यवाद समर्थक शक्तिहरुलाई चुनावी संघर्षमा पछार्ने सम्भावना निकै विकसित भयो। अमेरिकी साम्राज्यवाद स्वयं यसबाट चिलीमा अर्को "क्यूबा" जन्मने डरले अति नै भयभीत भयो।

क्रान्तिकारी भूमिसुधार, देशका प्रमुख उद्योगहरुलाई राष्ट्रियकरण गर्ने, समाजवादी खेमासँग सहयोग र सम्पर्क विस्तार गर्ने, सम्पति जनतालाई वितरण गर्ने उद्घोषका साथ चुनावी संघर्षमा उत्रेका समाजवादी नेता साल्भाडोर

एलेण्डेलाई हराउन अमेरिकी साम्राज्यवादले ठूलो प्रयत्न गर्‍यो । यसले भ्रष्ट शासक अलेसान्द्रीको सट्टामा प्रतिकृयावादी नेशनलिष्ट पार्टी र पुरानो कन्जरभेटिभ पार्टीको समागमद्वारा १९५७ मा जन्मेको तथाकथित रेडिकल पार्टी "क्रिश्चियन डेमोक्रेटिक पार्टी" का नेता एडुआर्दो फ्रेइलाई राष्ट्रपति पदमा उम्मेदवार बनायो । Agency for Intenational Development (AID) नामक गैर सरकारी संस्था मार्फत कम्तीमा २ करोड डलर- अर्थात् प्रत्येक भोटको लागि ८ डलर- बराबरका पैसाको खोलो बगायो । सी.आई.ए. मार्फत् सोभियत संघ र क्यूबालाई समेत जोडेर वामपन्थ विरुद्ध प्रचार-युद्ध चलायो ।

यी सबका बावजूद पनि राष्ट्रपति चुनावमा वामपन्थी उम्मेद्वार साल्भाडोर एलेण्डे र अमेरिका समर्थित फ्रेइ बीच कडा प्रतिस्पर्धा भयो । अमेरिकी साम्राज्यवादले आशा गरेजति सफलता भने प्राप्त गर्न सकेन, तर पनि फ्रेड १४ लाख १८ हजार मत प्राप्त गरी विजयी भयो, भने एलेण्डे ९ लाख ८२ हजार मत प्राप्त गरी पराजित भए । यसो भएतापनि वामपन्थी शक्तिको सुदृढीकरणको प्रमाण प्रस्तुत गर्न भने एलेण्डे सफल भए ।

"स्वतन्त्रतामा क्रान्ति"को नारा दिएर विजयी भएको फ्रेड सरकारले चुनावी वाचा अनुसार भूमि सुधार कार्यक्रम लागू गर्‍यो, तर सामन्त र भूमिपतिहरुको स्वार्थमा अलिकति पनि धक्का नपुग्ने गरी मात्रै । त्यस्तै, उद्योग धन्दाको राष्ट्रियकरण गर्ने चुनावी वाचा पनि त्यसले उद्योगको ५१% शेयर किनेर "चिलीकरण (Chileanization)" गरेर मात्रै छाडीदियो । यसको कारण हो- अमेरिकी बहुराष्ट्रिय कम्पनीहरुको कडा विरोध ।

यो विरोधबाट भयभीत भएको सरकारले "एकीकृत ट्रेड यूनियन केन्द्र" र "किसानहरूको राष्ट्रिय फेडरेशन" को कडा विरोध र संघर्षको सामना गर्नु पर्‍यो ।

## अमेरिकी साम्राज्यवादको नयाँ षडयन्त्र र वामपन्थीहरुको नयाँ रणनीति

यसरी देशमा वामपन्थी शक्तिको नेतृत्वमा किसान र मजदूरहरुको संघर्षले परिवर्तनको दिशातिर देशलाई अगाडि बढाइरहेको स्थितिमा यस परिवर्तनलाई रोकीराख्न अमेरिकी साम्राज्यवादले फ्रेइको सरकारलाई २ अरब ५० करोड अमेरिकी डलरमा किन्न खोज्यो, ता कि- फ्रेइले राष्ट्रपतिको हैसियतले आफ्नो कार्यभार छोड्नु अघि देशमा "आपतकाल" घोषणा गरेर सेनालाई सत्ता सुम्पिने काम गरोस् ।

यस प्रस्तावप्रति फ्रेइको असहमतिका कारण अमेरिकाले आफ्नो ध्यान एकातिर, नयाँ राष्ट्रपतीय उम्मेद्वार- पुराना तानाशाह राष्ट्रपति अल्लेसान्द्रीलाई समर्थन र सहयोग गर्ने, अर्कोतिर, सेनामा असन्तोष उत्पन्न गराई विद्रोह गराउने प्रयत्नमा केन्द्रित गर्‍यो । यी दुवै कार्यको लक्ष्य एउटै थियो- वामपन्थीहरुलाई चुनाव मार्फत् शान्तिपूर्ण र संसदीय॰ मार्गबाट पनि सत्तासीन हुनबाट रोक्नु ।

अमेरिकी साम्राज्यवादका प्रत्येक हथकण्डाहरुको प्रयोग र तानाशाही फ्रेइ सरकारको कठोर दमनका बावजूद वामपन्थी शक्तिहरु भने झन् झन् बलियो हुँदै गइरहेका थिए । किसान र मजदूरहरुको निरन्तर संघर्ष र केही सफलताका कारणले कम्युनिष्ट पार्टी यत्ति ठूलो भइसकेको थियो कि-त्यो ल्याटिन अमेरिकाकै सबैभन्दा ठूलो कम्युनिष्ट पार्टीमा दरिईसकेको थियो ।

यसै बीच, त्यसले ख्रुश्चेभद्वारा प्रतिपादित "पूँजीवादबाट समाजवादमा शान्तिपूर्ण ढंगले, संसदीय वाटोबाटै संक्रमण गर्न सकिने स्थापना" लाई व्यवहारमै लागू गर्न थालेको हो । त्यस पार्टीको १९६९ मा सम्पन्न चौधौं महाधिवेशनले सत्ता-शक्तिमा कब्जा गरी देशमा रहेका एकाधिकारवादी पूँजीवादी वर्गको शोषणलाई शान्तिपूर्ण ढंगले सम्बैधानिक उपायद्वारा अन्त गर्ने नीति तय गर्‍यो ।

> **अर्को अंकमा**
> - वामपन्थी सरकारका सुधारवादी क्रान्तिकारी कार्यहरू
> - अमेरिकी साम्राज्यवादको षडयन्त्र
> - सैनिक विद्रोहपछिको जनप्रतिरोध र संघर्ष
> - चिलीको "शान्तिपूर्ण क्रान्ति" को परीक्षणले सिकाएका पाठहरू ।

चिली कम्युनिष्ट पार्टीका महासचिव गालो गोन्जालोको भनाइ यहाँ स्मरणीय छ- "हाम्रो देशमा वर्तमान शासनलाई शान्तिपूर्ण ढंगले, संसदीय उपायद्वारा, चुनाव तथा अन्य उपायद्वारा परिवर्तन गर्न सक्ने संभावना देखिएको छ । यस पार्टीको (दशौं कांग्रेस) ले ... पार्टी नजीकका शक्तिसँग संयुक्त मोर्चा निर्माण गर्ने नीति तय गरेको छ र विस्तृत जन संघर्षहरुद्वारा गृहयुद्धमार्फत् राजनीतिक सत्ता हत्याउने नीतिलाई निषेध गर्ने संभावनाको तर्क प्रस्तुत गरेको छ ।"

कम्युनिष्ट पार्टीले तय गरेको यो संसदीय मार्ग त्यहाँको अर्को वामपन्थी पार्टी- "समाजवादी पार्टी" लाई पनि पहिलेदेखि नै सही जँचेको थियो । त्यसैले, सजिलै कम्युनिष्ट पार्टीको सकृयतामा संसदीय चुनावमा लड्नका लागि पुन: १९६९ को डिसेम्बरमा "लोकप्रिय एकता (Popular Unity) नामक संयुक्त मोर्चा निर्माण भयो । यसमा मूलत: कम्युनिष्ट पार्टी र सोशलिष्ट पार्टी जस्ता वामपन्थीहरुको वर्चश्व थियो । तर, यसका साथै वामपन्थी समर्थक सोशल डेमोक्रेटहरु, क्रिश्चियन डेमोक्रेटहरु, राफेल अगस्टिन गुमुसियो, ज्याक्वीज कोंकल र जुलियो सिल्फाको नेतृत्वमा रहेका "लोकप्रिय एकता कारवाही अभियान" (MAPU) का तीन वटा घटकहरुका साथै क्यूबा समर्थक "इण्डिपेडेन्ट पपुलर एक्शन ग्रुप अफ मार्क्सिष्ट", वामपन्थी रोमन क्याथोलिकहरु र रेडिकल पार्टी विरोधीहरु पनि त्यसमा समाहित भएका थिए ।

१७ डिसेम्बर, १९६९ मा "लोकप्रिय एकता" मोर्चाको संयोजन समितिले राष्ट्रिय परिस्थितिको विश्लेषण गरेर एउटा संयुक्त कार्य-योजना जनतासामु अनुमोदनका लागि प्रस्तुत गर्‍यो ।

त्यो कार्य योजना अनुसार, राष्ट्र र जनताको लागि अत्यावश्यक क्रान्तिकारी परिवर्तनहरु तब मात्रै संभव छ, जब चिलीका जनताले सत्ता-शक्ति आफ्नो हातमा लिन्छ र त्यसलाई राम्ररी र प्रभावकारी ढंगले प्रयोग गर्छ, भन्ने विचार प्रकट गरिएको थियो ।

त्यसअनुसार, जनप्रिय र क्रान्तिकारी शक्तिहरु राष्ट्रपति फेर्नका लागि वा एक पार्टीलाई फ्याँकेर अर्को पार्टीलाई सत्तासीन गर्न एकतावद्ध भएका होइनन् भन्दै "राष्ट्रिय परिस्थितिको माग अनुसारको आधारभूत परिवर्तनको लागि" त्यसो गरिएको हो भनिएको थियो । त्यस परिवर्तनले पूरानो शासक वर्गबाट सत्ता-शक्तिलाई देशका सम्पूर्ण मजदूरहरु, किसानहरु एवं मध्यम वर्गीय प्रगतिशील शक्तिमा हस्तान्तरण गर्ने छ भनी घोषणा गरिएको थियो ।

यस घोषणालाई चिलीका जनताहरुले सहर्ष अनुमोदन गरे । वामपन्थको विरोधमा अमेरिकी साम्राज्यवादले अलेसान्द्रीलाई दिएको २० देखि १३० करोड डलरको रकम, सी.आई.ए. ले एलेण्डेको विरोधमा गरेको अत्याधुनिक प्रचार विरोधमा गरेको युद्ध र फ्रेइ सरकारको कठोर दमनले र चुनावी धाधलीले पनि यस जनमतलाई डगाउन सकेन । अन्तत: १९७० को सेप्टेम्बर ३ मा सम्पन्न राष्ट्रपतीय चुनावमा चौथो पटक उम्मेद्वार बनाइएका वामपन्थी समाजवादी नेता साल्भाडोर एलेण्डेले "लोकप्रिय एकता" मोर्चाको नेतृत्व गरी विजय हासिल गरे ।

उनी १० लाख ७५ हजार ६१६ मत अर्थात् ३६.३% मत हासिल गरेर विजयी भए, जसमा मोर्चाको प्रमुख घटक कम्युनिष्ट पार्टीले १५.९% मत प्राप्त गरी त्यसमा योगदान गरेका थियो भने सोशलिष्ट पार्टीले १४.४ मत प्राप्त गरी विजयी अभियानमा साथ दिएको थियो ।

यस चुनावमा अमेरिकी साम्राज्यवादको नैतिक, भौतिक, सबै सहयोग प्राप्त गरेको हरुवा उम्मेद्वार अलेसान्द्रीले १० लाख ३६ हजार २७८ अर्थात् ३४.९% मत प्राप्त गरेको थियो । यस हारजितमा एलेण्डेको स्पष्ट बहुमत नआएको कारणले उनले दुवै सदनको नवनिर्वाचित सांसदहरुबाट विश्वासको मत प्राप्त गर्नु पर्‍यो । यसमा क्रिश्चियन डेमोक्रेट्हरुको समेत सहयोग पाएर उनको वामपन्थी सरकार सत्तासीन हुन सफल भयो । यसरी "समाजवादको लागि चिलीको बाटो" तिरको यात्रा शुरु भयो ।

## वामपन्थीहरुलाई सत्तासीन हुनबाट रोक्न ....

यो यात्रा कति कठीन हुने होला भन्ने आशंकाको पूर्व संकेत भने चुनाव अगाडि नै देखिइसकिएको थियो ।

अमेरिकी साम्राज्यवादले एलेण्डेको वामपन्थी संयुक्त मोर्चालाई सत्तासीन हुनबाट रोक्न चुनाव अघिदेखि नै षडयन्त्रको जालो बुन्न लागेको थियो । स्मरणीय छ, त्यसले एकातिर अलेसान्द्रीको उम्मेदवारी-लाई समर्थन गर्दै, अर्कोतिर सेनालाई राजनीतिक सत्ताको स्वाद चखाउने उद्देश्यले सैनिक विद्रोह गराउने चालवाजी थालेको थियो । अमेरिकाको राज्य-विभाग र सी.आई.ए. को गोप्य अभियानको क्रममा भएका ती सबै कारवाहीहरु Trac-1 र Trac-2 नामक षडयन्त्रकारी योजना अन्तर्गत पर्दथे । पूर्व राष्ट्रपति फ्रेइलाई किन्ने योजना Trac-1 अन्तर्गत भएको थियो, जुन नराम्ररी असफल भएको थियो ।

Trac-2 अन्तर्गत अमेरिकी साम्राज्यवादले सैनिक विद्रोह गराउने सिलसिलामा एलेण्डे राष्ट्रपति हुनु अघि नै अक्टोवर १९६९ र मई १९७० को असफल सैनिक विद्रोहले भावी वामपन्थी सरकारलाई चेतावनी दिइसकेको थियो । अझ १९७० को अक्टोवर २२ मा, एलेण्डेले संसदको दुवै सदनबाट विश्वासको मत हासिल गर्नुभन्दा दुई दिन मात्र अगाडि, सैनिकहरुको राजनीतिक हस्तक्षेपका विरोधी एवं कट्टर संविधानवादी प्रमुख सैनिक कमाण्डर जनरल रेने नीदरलाई अमेरिकी साम्राज्यवादका छाउराहरुले निर्ममतापूर्वक हत्या गरिदिए ।

Trac-2 अन्तर्गतको यस हत्याकाण्डबाट उत्साहित अमेरिकी राष्ट्रपति निक्सनले वामपन्थीनेता साल्भाडोर एलेण्डे राष्ट्रपति पदमा निर्वाचित भएको एक हप्तापछि नै १५ सेप्टेम्बरमा आफ्नो अध्यक्षतामा ह्वाइट हाउसमा बसेको एक बैठकमा राष्ट्रिय सुरक्षा विभागका हेनरी किसिन्जर, सी.आइ.ए.का निर्देशक रिचर्ड हेल्मस तथा महान्यायाधिवक्ता जोन मिशेललाई दिएको निर्देशन कदापि विर्सन सकिँदैन ।

उक्त निर्देशन यस्तो थियो- "हर हालतमा पनि एलेण्डेलाई सत्ताच्यूत गर्नै पर्छ, जुन तरीकाबाट सम्भव छ, त्यही तरीका अप्नाइयोस्, धनको कुनै चिन्ता नगरियोस्, सबैभन्दा राम्रा र दक्ष मानिसहरु यस (मिशन) कार्यमा लागीपरुन्, यो कार्य चौवीसै घण्टा जारी रहनु पर्छ । चिली स्थित अमेरिकी दूतावासको सहभागिता प्रमाणित नहोस् भनेर चाहिं सतर्कता अप्नाइयोस् !"

विश्वभर "स्वतन्त्रता" र "मानव अधिकार" ढोल पिट्ने अमेरिकी साम्राज्यवादको षडयन्त्रकारी सक्कली चेहरा यसबाट उदांगो हुन्छ । के चिली जस्ता साना देशहरुलाई "आफ्नो भाग्य आफैं निर्धारण" गर्ने अधिकार छैन ?

मुखले जे बालेपनि पाखण्डी साम्राज्यवादीहरुले व्यवहारले जहिले पनि यसको जवाफ नकारात्मक नै दिएका छन् । ❑

# ८ मार्च ८३ वर्ष अघिदेखिको परम्परा

*८ मार्च-श्रमिक महिला दिवस विश्वका विभिन्न देशहरूमा हरेक वर्ष मनाईदै आएको छ । यसपालि पनि मनाइयो । नेपालमा पनि सरकारी निकाय, विभिन्न महिला संगठनहरू र गैर सरकारी संस्थाहरूले पनि मनाए । यिनीहरूले आ-आफ्नै किसिमले जुलूस, गोष्ठी, आमसभा आदिको आयोजना गरे । यस्ता कार्यक्रमको आयोजना संयुक्त राष्ट्र संघले महिला दशकको घोषणा गरेदेखि नेपालमा पनि शुरु भएको हो । केही महिला संगठनहरूले ८ मार्चको कार्यक्रम गाउँ गाउँमा समेत मनाएतापनि सरकारी तवरबाट र केही संगठनहरूले भने शहरमा नै यसलाई सीमित पार्दै आएका छन् ।*

*तर के ८ मार्च मनाउँने सही तरीका यो हो त ? ८ मार्चको शुरुवात नै महिलामाथि भएको अन्याय, शोषण, असमान व्यवहारको विरुद्ध श्रमिक महिला आन्दोलनको रुपमा भएको थियो । विश्वका महिलाहरूको समानता र न्यायको स्थिति आजको उचाइसम्म पुऱ्याउन ८ मार्चको आन्दोलनले ठूलो भूमिका खेलेको छ ।*

*सर्वप्रथम, १८८९ को मार्च ८ मा साम्यवादी नेतृ क्लारा जेटकिनको नेतृत्वमा पेरिसमा श्रमिक महिलाहरूको अन्तर्राष्ट्रिय सम्मेलन भएको थियो । यस सम्मेलनमा उहाँले महिलाहरूको समान अधिकारको लागि आवाज उठाउनु भएको थियो । महिलाहरूको समानताको लागि आवाज उठाइएको यो नै पहिलो घटना थियो ।*

*सन् १८९७ मार्च ८ कै दिन, फेरि न्यूयोर्कमा श्रमिक महिलाहरूले उचित ज्याला र १० घण्टा मात्र काम गर्ने माग राखेर हड्ताल, जुलुस र आमसभाको आयोजना गरे । महिलाहरू आफ्नो मागलाई लिएर सबभन्दा पहिले सडकमा उत्रेको दिन यही नै थियो ।*

*सन् १९०७ मा पुन: ८ मार्चकै दिन जर्मनीको स्टुटगार्टमा महिलाहरूको अन्तरराष्ट्रिय सम्मेलन भयो । १९०८ को ८ मार्चको दिन न्यूयोर्कका श्रमिक महिलाहरूले समान मताधिकारको लागि जुलूस निकालेका थिए । विश्वमा राजनैतिक अधिकारको लागि महिलाहरूले गरेको यो नै प्रथम र महत्वपूर्ण संघर्ष थियो ।*

*यसरी नै अमेरिकाको शिकागोका श्रमिक महिलाहरूले १९०९, मार्च ८ मा आफ्नो अधिकारको लागि विशाल प्रदर्शन, जुलूस र हड्ताल गरेका थिए । यसप्रकार, ८ मार्चको दिन श्रमिक महिलाहरूको लागि सामाजिक न्याय र समानताको लागि निरन्तर संघर्षको दिन बन्न गयो ।*

*यसै परंपरालाई अंगाल्दै मार्च ८, १९१० को दिनमै डेनमार्कको राजधानी कोपेनहेगनमा समाजवादी महिलाहरूको दोश्रो अन्तरराष्ट्रिय सम्मेलन भयो । यसमा १७ देशका महिलाहरूले भाग लिएका थिए । यस सम्मेलनमा महिलाहरूका विभिन्न समस्याहरूमाथि छलफल भएको थियो । यसै सम्मेलनमा नै श्रमिक महिलाहरूको क्रान्तिकारी परंपरा भएको ८ मार्चको दिनलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाउने भन्ने निर्णय समेत भएको थियो । यसको प्रस्ताव समाजवादी महिला नेतृ क्लारा जेट्किनले राख्नु भएको थियो*

*यसरी यो ८ मार्चको संघर्ष महिलाहरूको सामाजिक न्याय, समान ज्याला र आमा र बच्चाहरूको स्वास्थ्य सुरक्षा आदिको माग राख्दै पुरूषसरह समान अधिकार प्राप्तिको लागि शुरूवात भएको थियो । Ø*





संयुक्त जुलूस

# यसपालिको ८ मार्च:
## मानौं यो कुनै विधि पुऱ्याउनु पर्ने कुरा मात्र हो !

यसपाली पनि गत वर्षहरूमा जस्तै श्रमिक महिला दिवस गत फागुन २४ गते (८ मार्च) का दिन नेपालमा पनि मनाइयो ।

सो दिन काठमाडौंमा अखिल नेपाल महिलासंघ, जी.फन्ट केन्द्रिय महिला मजदूर विभाग र अनेरास्ववियू केन्द्रिय महिला विभागले एक संयुक्त जुलूस सहित सिंहदरबार पुगी प्रधानमन्त्रीसमक्ष एक ज्ञापन-पत्र दियो । महिला हक हितबारे मागहरू समाविष्ट उक्त ज्ञापन-पत्र दुवै सदनका प्रमुखहरूलाई पनि दिइयो । अस्टलक्ष्मी शाक्य, विद्या भण्डारी लगायतका महिला नेतृहरूले सो जुलूसको नेतृत्व गर्नुभएको थियो ।

यसैगरी अर्को अ.ने.म. संघले पनि सोही दिन काठमाडौंमा एक जुलूस गरी अपरान्हमा गोयथे इन्स्टिच्यूटमा एक विचार गोष्ठीको आयोजना गऱ्यो । सो गोष्ठीमा डा. वावुराम भट्टराईले प्रमुख वत्ताको रूपमा बोल्नु भएको थियो । पध्मरत्न तुलाधर, पम्फा भुसाल, सीता खड्का, गीता गुरूङले पनि आ-आफ्ना विचारहरू व्यक्त गर्नुभएको उक्त गोष्ठीको सभापतित्व हिसिला यमीले गर्नुभएको थियो ।

त्यही दिन नै त्रि-चन्द्र क्याम्पसमा अ.ने.म.सं. काठमाडौं जिल्ला समितिले एक समारोहको आयोजना गऱ्यो । महिलाको हक-अधिकारबारे सो समारोहमा राधा आचार्य, विहानी थापा, नर्मला लामिछाने र तारा गिरी आदिले बोल्नु भएको थियो । कार्यक्रमको वीचमा "रक्तिम" परिवारका गीतहरू पनि गाइएका थिए ।

करीव ५० वटा भन्दा बढी महिला संगठन र गैर सरकारी संस्था (NGO) हरू मिलेर बनेको महिला दवाव समूहले पनि चावहिलमा एक सभाको आयोजना गऱ्यो ।

सो दिन संसदमा पनि विभिन्न सांसद वक्ताहरूले श्रमिक महिला दिवसमा पूरै दिनको सार्वजनिक विदा दिई योजनावद्ध र सशक्त रूपमा यसलाई मनाउनु पर्ने कुरा र महिला अधिकार एवं वर्तमान नेपाली महिलाको स्थितिबारे आफ्ना विचारहरू व्यक्त गरे । काठमाडौंमै र यसभन्दा बाहिर विभिन्न जिल्लाहरूमा पनि महिला संस्था र संगठनहरूका तर्फबाट अन्य छिटपुट कार्यक्रमहरू भए ।




विचार गोष्ठी

यी सबै कार्यक्रमहरू र यिनको आयोजना पक्षलाई हेर्दा के देखिन्थ्यो भने- यस पल्ट "श्रमिक महिला दिवस" अत्यन्त सीमित रूपमा र विभाजित रूपमा मनाइयो । खास गरी प्रगतिशील महिला संगठनहरूले मात्रै पनि संयुक्त रूपमा व्यापक प्रचार प्रसार गरी ठूलो स्तरमा रचनात्मक कार्यक्रमहरू गर्न नसकेको देखिनु अत्यन्त दुःखलाग्दो कुरा हो। आफ्ना राजनीतिक झुकाव र समर्थन अलग अलग हुँदाहुँदै पनि महिलाहरूका समस्याहरूको क्षेत्रमा थुप्रै साझा चरित्रका सवालहरू छन् । तिनीहरूलाई लिएर मात्रै पनि ८ मार्च दिवस बढी प्रभावकारी ढंगले मनाउन सकिन्थ्यो । तर यसो हुन सकेन ।

८ मार्च दिवस जस्ता दिनहरूलाई व्यापक र आम रूपमा महिला जागरण बढाउन विशेष रूपले लाग्ने अभियान दिवसको रूपमा लिइनु पर्ने हो । राजधानी जस्ता ठाउँहरूमा त यस दिन व्यापक जन सहभागितामा महिलाहरूको अवस्था र हक हितका विषयमा चर्चा-परिचर्चा र ठूला प्रदर्शनहरू नै गरिनु पर्दथ्यो । यसले देशभरिका महिलाहरूमा नै आत्मविश्वास र जागरूकमा अभिवृद्धि गर्न मद्दत पुऱ्याउँथ्यो ।

कार्यक्रमहरू अलग अलग हुनु र तिनीहरूमा महिला सहभागिता अत्यन्त कम हुनु दुवै चिन्ताजनक विषय हुन् । महिला दवाव समूहको कार्यक्रममा उपस्थिति ४८ जना सहभागीहरूको संख्या यसमा झनै उल्लेखनीय छ । ५० वटा भन्दा बढी संस्थाहरू सहभागी भएको संस्थाले गरेको कार्यक्रममा ५० जनाभन्दा पनि कमको उपस्थिति हुनुले ती संख्याहरूको सतही चरित्रको प्रदर्शनी गरेको छ । संलग्न संगठनहरूले त्यसरी दयनीय रूपमा कार्यक्रम गर्ने गरी आफू त्यसमा संलग्न हुने हो भने बरू त्यस्ता कार्यक्रमहरू नगर्न नै सोच्नु पर्ने हुन्छ । यस बाहेक, यसमा संलग्न महिला सम्बन्धी एन.जि.ओ. हरूको हविगत पनि यसले राम्ररी नै प्रदर्शित गरेको छ । महिला हक हितका ठूला ठूला प्रपोजल र रिपोर्ट तयार गर्ने र "दाता" हरूबाट "दान" लिनमै मात्र उनीहरू दत्तचित्त छन् र उनीहरू उत्पीडित महिलाहरूको संपर्कमा भने छैनन र संपर्क गर्ने चासो पनि उनीहरूमा छैन भन्ने कुरा पनि यसले दर्शाउँछ ।

स्मरणीय छ, नेपाली काँग्रेस नजीकको महिला संघकी अध्यक्ष मंगलादेवी सिंहले सो दिन एउटा "कोठे चियापान" मा मात्र आफूलाई सीमित गर्नु भयो भने हिजो पंचायतकालमा पद र सुविधा हत्याउन "नारी दिवस" को ठूलो ठूलो आयोजना गर्ने "पंचायती नारीहरू" ले यसपल्ट कतै पनि उल्लेख्य रूपमा आफूलाई प्रस्तुत गरेनन् । ❀

बुधवार : 'दृष्टि'वार

# ८ मार्च

# किन र कसरी मनाउने ?

## के यो दिवसको सान्दर्भिकता अझै बाँकी छ ?

– मुक्ता श्रेष्ठ

विश्वभरि ८ मार्च श्रमिक महिला दिवस मनाउन थालिएको ८३ वर्ष बितीसकेको छ । तर आज पनि विश्वमा महिलाहरूको स्थिति के छ त ? जुन कारणले ८ मार्चको दिन महिलाहरू मैदानमा उत्रन शुरू गरेका थिए, त्यो कारण आज के निमिट्यान्न भएको छ ? के आज पनि विश्वमा श्रमिक महिला दिवसको सान्दर्भिकता बाँकी छ ?

सर्वप्रथम, हामी विकसित पूंजीवादी मुलुकहरूका नारीहरूको स्थितिलाई नै लिऊँ । जुन मुलुकले आफूलाई मानब अधिकारको अग्रगामी मुलुक ठान्दछन्, त्यहाँ पनि अद्यापि महिलाहरूले पुरूषसमान अधिकार र अवसर प्राप्त गर्न सकेका छैनन् । UNDP Human Development Report, 1991 का अनुसार पोर्चुगल र जापानमा पुरूषको उच्च शिक्षा प्राप्त गर्ने अवसरलाई १०० मान्ने हो भने त्यहाँ महिलाहरूको यो अवसर ७६ मात्र छ । अझ वैज्ञानिक र प्राविधिक शिक्षा प्राप्त गर्ने अवसर महिलाहरूलाई इटाली, अष्ट्रिया, क्यानाडा, नेदरल्याण्ड र संयुक्त अधिराज्यमा पुरूषको तुलनामा क्रमशः ३५, ३२ र २८, २८, २८ मात्र छ ।

अझै पनि समाजवादी मुलुक बाहेक विकसित पूंजीवादी मुलुकका महिलाहरूले समान कामको लागि समान ज्याला पाएका छैनन् । पुरूषको ज्यालालाई १०० मान्ने हो भने महिलाहरूको ज्याला ८७ छ । क्यानाडामा यो ६३ छ । जापानमा ५२, अष्ट्रियामा ७८, न्युजिलैण्डमा ७७, इटालीमा ८० र डेनमार्कमा ८४ मात्र छ । त्यस्तै किसिमले काम पाउने अवसर पनि पुरूषहरूले भन्दा महिलाहरूले कमै मात्र प्राप्त गर्दछन् । ती देशका पुरूषहरूको वेरोजगारीको खतरा १०० छ भने महिलाहरूको १४० छ । औद्योगिक श्रम-शक्तिमा पुरूषहरूको सहभागिता १०० छ भने महिलाहरूको जापानमा ६१, स्विट्जरलैण्डमा ५८, नेदरलैण्डमा ५५ र आयरलैण्डमा ४१ मात्र सहभागिता छ ।

यसरी आफूलाई सभ्य र बिकसित राष्ट्र मान्ने पूंजीवादी देशहरूमा नै पुरूष र महिलाहरूको स्थितिमा व्यापक असमानता छ । नेपाल र नेपाल जस्तो बिकासोन्मुख देशहरूमा त यो असमानताको दूरी निक्कै देखिएको छ । किनकि, यी देशका महिलाहरूलाई अझै पनि घरका "ज्याला विनाको नोकर" को रूपमा लिइन्छ ।

नेपालको अर्थव्यवस्थामा महिलाहरू एक प्रमुख उत्पादनशील श्रमिकको रूपमा रहेका भए तापनि उनीहरू प्रत्यक्ष आम्दानी हुने काममा पछि परेका छन् । उनीहरू कृषि कार्यमा र विना शुल्क पारिवारिक काममा सीमित छन् । नेपालका कुल आर्थिक रूपले सक्रिय जनसंख्या मध्ये ४०.२ प्रतिशत महिलाहरू छन् । त्यसमध्ये पनि कृषिमा ३६.१ प्रतिशत रहेका छन्, जहाँ पुरूष र महिलाको ज्याला समान छैन ।

उदाहरणको लागि- खेत गोड्ने काम वा रोपाईंको काम वा कुनै पनि काम होस्, पुरूष र महिलाहरूले समान काम गरेतापनि ज्यालाको हकमा पुरूषको रू. ७५।- ज्याला हुंदा महिलाको रू. ५०।- मात्र हुन्छ ।

हाल आएर महिलाहरू गलैचा कारखानामा काम गर्न थालेका छन् । तर त्यहाँ पनि मिटरको हिसावले पुरूषलाई र महिलाहरूलाई समान ज्याला दिने भए तापनि ज्यूनै नपुग्ने ज्याला दिइन्छ र दिनको १४।१५ घण्टा काम गर्नुपर्ने हुन्छ । अरू निर्माण, वाणिज्य, उद्योग, सेवा क्षेत्रमा महिलाहरूको सहभागिता नगण्य मात्रामा छ । जस्तै- वाणिज्यमा ०.८%, उद्योगमा ०.४%, निर्माणमा ०.१% र सेवामा २.३% मात्र महिलाहरूको सहभागिता छ । यस किसिमले नेपाली महिलाहरूको श्रम तथा रोजगारको स्थिति हेर्दा आर्थिक दृष्टिकोणले महिलाहरू पुरूषको दाँजोमा निक्कै नै पछाडि परेका छन् ।

बहुदलको स्थापनापछि बनेको "नेपाल अधिराज्यको संविधान २०४७" ले नेपाली महिलाहरूलाई पनि पुरूष समान घोषणा गरेतापनि त्यसको आधारमा कानून बनेको छैन । हालको पैत्रिक सम्पति, अंशवण्डा, अपुताली, विहावारी निर्धारण गर्ने कानून हिन्दू धर्मशास्त्रमा आधारित छन्, जुन प्राचीन हिन्दू आदर्श र पितृसत्तात्मक धारणाबाट प्रभावित छन् । फलस्वरूप, घरेलु सम्पति र त्यसको उत्तराधिकारमा महिलाहरूलाई कानूनमा



महिला दवाव समूहको कार्यक्रम

समेत पुरूष सरह समान स्तरमा राखिएको छैन ।

अझै पनि नीति निर्णय गर्ने र कार्यान्वयन- गर्ने निकायमा पुगेका महिलाहरूको संख्या नगण्य मात्र देखिन्छ । नेपालको संसदमा २०५ सिटमा महिलाहरूको संख्या ८ मात्र रहेको छ । भन्नाले, कुल संसद सदस्य मध्ये महिलाहरूको संख्या ३.९% मात्र छ । यसोहुनुको मूल कारण महिलाहरूले प्राप्त गर्ने अवसरको कमी हो ।

शिक्षाको अवसर समेत महिलाहरूले पुरूषलें भन्दा निकै कम प्राप्त गरेका छन् । कुल शिक्षित जनसंख्या मध्ये महिलाहरूको साक्षरता ३१.२%, एस.एल.सी. २२.६%, स्नातक १६.६% र स्नातकोत्तर १७.६% मात्र रहेको छ ।

स्वास्थ्यको क्षेत्रमा हेर्ने हो भने पनि पुरूषहरूको दाँजोमा महिलाहरूको आयु कम र अस्वस्थता बढी देखिन्छ । बाल मृत्यु दरमा समेत बालकहरूको भन्दा बालिकाहरूको मृत्यु दर बढी पाइन्छ । बालकहरूको मृत्यु दर ४७.८% छ भने बालिकाहरूको मृत्युदर ५४.५% रहेको छ । यसको मूल कारण पनि हिन्दू संस्कृतिले जन्माएको छोराहरूको प्रधानता नै हो । यही सामाजिक सांस्कृतिक कारणले गर्दा बालिकाहरूको दाँजोमा बढी स्याहार-सुसार, उपचार र पोषण बढी बालकहरूले प्राप्त गर्दछन् । यसैको फलस्वरूप बालिका मृत्यु दर र अस्वस्थता बढी भएको हो ।

यसरी, असमानता र शोषणको जाँतोमुनि पिसिएका बहुसख्यक नेपाली महिलाहरूको लागि ८ मार्चको सान्दर्भिकता छ र यो सान्दर्भिकता अरू बढेको छ । आफूमाथि भएका अन्याय, अत्याचार र असमानताको अन्तको लागि सडकमा निक्लने प्रेरणाको रूपमा यो दिवसलाई नेपाली महिलाहरूले ग्रहण गर्नु पर्दछ । त्यसैले, ८ मार्चको श्रमिक महिला दिवस आफूमाथि परेका अन्याय अत्याचारलाई चुपचाप सहीरहेका महिलाहरूलाई व्युंझाउने, मुक्तिको बाटो पहिल्याउन नसकेका महिलाहरूलाई बाटो देखाउने र उनीहरूलाई संघर्षको मैदानमा सरीक गराउन थाल्ने दिनको रूपमा यसलाई मनाइनु पर्दछ । यसको लागि यो दिबस मनाउन चाहने संघ, संस्था, आदिले यसलाई सभा, गोष्ठिमा मा सीमित नराखीकन सम्पूर्ण महिलाहरूलाई गोलबन्द गर्न र संघर्षका मैदानमा उत्रने कार्यक्रमहरू संचालन गर्नु जरूरी छ । उनीहरूले महिला मुक्तिको लागि आवश्यक मागहरू लिएर आन्दोलनमा उत्रनु जरूरी छ र आम महिलाहरूलाई पनि आन्दोलनमा उतार्नु जरूरी छ । यो काम गर्न सकेको खण्डमा मात्र ८ मार्च, श्रमिक महिला दिवसको परंपरा कायम रहने छ । अनि मात्र सही रूपमा श्रमिक महिला दिवस मनाएको मान्न सकिन्छ ।

★

# आदिम युगमा नारीहरू किन शोषित पीडित थिएनन् ?

– सुवर्ण कपाली




*अहिलेसम्मको मानव इतिहासमा नारीहरू शोषित पीडित अवस्थामा नरहेको युग केवल आदिम (मातृसत्तात्मक) युग मात्रै हो । त्यसपछिका बर्बर दास युग, सामन्तवादी युग र पूँजीवादी युगमा सधैं नै नारीहरु पितृसत्तात्मक समाजका बन्धनहरूभित्र जकडिंदै आएका छन् ।*

*आदिम युगमा मात्रै नारीहरू किन शोषित पीडित थिएनन् त ? आउनुहोस्, यस सम्बन्धमा नयाँ वैज्ञानिक सिद्धान्तका आधारमा छोटो चर्चा गरौं ।*

*लगभग बीस लाख वर्षअघिदेखि साँस्कृतिक जीवको रुपमा मानिसको विकास भएको मानिन्छ । त्यसपछि आज़भन्दा १०-१५ हजार वर्ष अघि सम्मन्कों समयावधिलाई "आदिम युग" भनिन्छ । बीस लाख वर्ष अधिका हाम्रा (मानिसका) पूर्खाले ढुंगाका भद्दा औजारहरू प्रयोग गरेर स-साना पशुहरूको शिकार गर्न जानेपछि र कन्दमूल खोस्रेर खान जानेपछि नै आदिम युगको शुभारम्भ भएको थियो । त्यतिखेरका हाम्रा पूर्खाहरू साना र कुप्रा थिए । उनीहरू दुई खुट्टाले उभिएर हिंड्न सक्थे । हातहरू ढुंगे औजार समात्नका निम्ति स्वतन्त्र थिए । उनीहरुको मस्तिष्क सानै थियो र जीउभरि रौंले ढाकिएको थियो ।*

*तर उनीहरू सधैं यस्तै रहेनन् । अर्को दश लाख वर्षपछिका हाम्रा पुर्खाहरू ५ फिट अग्ला थिए र सिधा उभिन पनि सक्दैनथे । आजभन्दा लगभग चालीस हजार वर्षअघि सम्ममा त हाम्रा पूर्खाहरू शारीरिक रुपमा हामी जत्तिकै विकसित भैसकेका थिए ।*

*ढुंगे औजार प्रयोग गर्न चाहनुभन्दा अघि मानिसको पूर्खाले स-साना किरा-फट्याङग्राको साथमा मूलतः शाकाहारी भोजन नै खाने गर्दथ्यो । त्यतिखेर हरेकले आफ्नो निम्ति आफैंले खाना खोजेर खानु पर्दथ्यो । ढुंगे औजारको प्रयोग हुन थालेपछि खानामा मासुको भाग बढ्यो र खाना जुटाउने प्रक्रियामै पनि फेरबदल आयो । अझ महत्वपूर्ण कुरा त के थियो भने- हरेकले आफ्नो दैनिक व्यवहारद्वारा अर्जित अनुभवलाई संगाल्न र अरुसमक्ष आफ्नो अनुभव बाँड्न सिक्यो । उपयुक्त ढुंगाहरु छान्ने, ढुंगे औजार बनाउने र त्यसको प्रयोगद्वारा शिकार गर्ने जस्ता सीपहरू एक व्यक्तिले अर्को व्यक्तिलाई सिकाउने र कुनै एक व्यक्तिले आफूभन्दा अनुभवीहरूबाट सिक्न सक्ने भएपछि तात्कालीन मानव समुदायहरूबीच साँस्कृतिक चेतनाको अभ्युदय भएको थियो ।*

*अर्कोतिर, शारीरिक दृष्टिल मानिससँग तीखा दाँतहरू, लामा नंग्राहरू र छिटो दौडने क्षमताहरू थिएनन् । त्यसैले शिकार गर्न ढुंगे औजार नभई हुँदैनथ्यो । तर ढुंगे औजार भद्दा थियो र त्यही औजार पनि उसले साम्ररी समाउन सक्दैनथ्यो । उसको हातको बूढी औंला छोटो हुनुका साथै पन्जातिर फर्काउन सकिंदैनथ्यो । शिकारलाई भोजनको नियमित स्रोतको रुपमा कायमै राख्नका लागि हतियारको भद्दापनका त्यस्ता कमजोरीहरूलाई पन्छाउनु आवश्यक थियो ।*

*त्यतिखेर सामूहिक रुपले शिकार गर्ने परिपाटी बसाउनाले मात्रै त्यस्ता कमजोरीहरूलाई पन्छाउन सम्भव भयो । हरेक समुदायका सदस्यहरूले सामूहिक रुपमा शिकार खोज्ने र अरु खाने कुरा बटुल्ने र एकै ठाउँमा भेला भएर ती खानेकुराहरू बाँडेर खाने गर्न थाले । यसरी आदिम युगको शुरुको अवस्थादेखि नै सामूहिक ऐक्यबद्धता अर्थात् समूहमा रहेर सबैले सबैको निम्ति सरसहयोग गर्ने भावना विकसित हुन थाल्यो ।*

*तर शिकार सधैं भेटिने र चाहेजति गर्न सकिने कुरा थिएन । त्यसैले, जीवन धान्नको निमित्त फलफूल, कन्दमूल र स-साना किरा-फट्यांग्रामाथि निर्भर हुनुपर्ने स्थिति कायमै रह्यो । फेरि, एउटै व्यक्तिले शिकार गर्ने र अरु खानेकुरा पनि खोज्ने, दुवै काम एकै पटक गर्न सम्भव थिएन ।*

*यस्तो परिस्थितिले तात्कालीन समुदायहरूभित्र पहिलो पटक नारी र पुरुषहरूका निम्ति छुट्टा छुट्टै कामहरू निर्धारित गरिदियो र पुरुषहरू शिकार गर्न हिंड्थे भने नारीहरु अरु बनस्पतिजन्य खानेकुरा खोज्दथे । यी दुबै काम सामूहिक रुपमा, सामूहिक प्रयोजनका निम्ति हुन्थ्यो, अर्थात् दुबै कामको प्रकृति सामाजिक स्वरुपको थियो । त्यतिखेर नारीहरूले बटुल्ने खानेकुरा नै भोजनको नियमित र भरपर्दो स्रोत थियो । त्यसैले नारीहरुले गर्ने काम समुदायकै अस्तित्वको निम्ति महत्वपूर्ण मानिन्थ्यो । आदिम युगमा नारीहरुलाई आदरणीय मानिनुको यौटा मुख्य कारण यही नै थियो ।*

*आदिम युगमा मानिसले सधै घुमन्ते जिन्दगी बाँच्नु पऱ्यो । मानव समुदायहरु मौसम अनुसार वास सर्दै हिंड्थे । कुनै यौटा समुदायले एक पटक शिकार खेलेको र फलफूल आदि खानेकुरा खोजेको क्षेत्र उनीहरुकै अधीनमा सँधै रहिरहने भन्ने प्रश्न नै उठ्दैनथ्यो । अर्को शव्दमा भन्ने हो, भने जमीन लगायतका कुनै पनि प्राकृतिक स्रोत र साधनमाथि कसैको पनि स्वामित्व थिएन ।*

*आदिम युगमा व्यक्तिहरुले प्रयोग गर्ने औजारहरु समेत नीजी सम्पत्ति कहिल्यै मानिएनन् । किनभने, कुनै पनि व्यक्ति समुदायभन्दा भिन्दै एक्लै बाँच्न सक्ने स्थिति त छँदै थिएन । शिकार समूहमा मिलेर गर्नु पर्थ्यो, अरु खानेकुरा समूहमै मिलेर बटुल्नु पर्थ्यो । त्यसैले मारिएको शिकार र बटुलेको सबै खानेकुरामा सबैको अधिकार स्वतः भएको मानिन्थ्यो । बढी खाने कि थोरै खाने भन्ने कुरा व्यक्तिको शरीरको आवश्यकता अनुसार हुन्थ्यो । बढी लिएर पछिको निम्ति बचाइराख्ने भन्ने त कसैलाई पनि थाहा थिएन । त्यसरी खानेकुरा बचाएर राख्ने कुनै प्रविधिको बिकास पनि भएको थिएन ।*

*यसरी कुनै पनि व्यक्तिले अर्को व्यक्तिलाई काममा लगाएर त्यसको प्रतिफल आफूले खोसेर खाने अर्थात् मानिसद्वारा मानिसको शोषण हुने भौतिक आधार तयार भएकै थिएन । आदिम युगमा नारीहरु (पुरुषहरु पनि) शोषित पिडीत नहुनाको अर्को मुख्य कारण यही नै थियो ।*

*आदिम युगभरि नै समूह विवाहको प्रथा बिभिन्न रुपमा अस्तित्वमा रह्यो । यस प्रथा अनुसार नारीको तर्फबाट मात्र सन्तानको रक्त सम्बन्ध निर्क्यौल गर्न सकिन्थ्यो । त्यसैले, विवाह गर्न हुने र नहुने समुदाय नारीकै तर्फबाट छुट्याइन्थ्यो । समुदायहरु नारीकै नामबाट चिनिन्थे । समुदायभित्र भोजनको बितरण समेत नारीबाटै र नारीसितको रक्त सम्बन्धको आधारमा हुने गर्दथ्यो । यो वास्तविकता नै आदिम युगमा नारीहरुलाई सम्मानित मानिनुको तेश्रो मुख्य कारण थियो ।* ❐

# फेसन, सौन्दर्य प्रतियोगिता र महिलाको स्थान

नेपाल अंब "हिमाली सुन्दरीहरू उत्पादन गर्ने देश" बन्ने




- राजेन्द्रप्रसाद अधिकारी

प्रमुख दुई अन्तर्राष्ट्रिय प्रतियोगिताहरू- "मिस वर्ल्ड विनर" र "मिस यूनिभर्स विनर" का अतिरिक्त थुप्रै सौन्दर्य प्रतियोगिताहरू विश्वमा आयोजना हुने गरेका पाइन्छन् । जस्तै- अमेरिकामा मिस अमेरिका, मिस न्यूड अमेरिका, मिसेस् अमेरिका, मिस लभ्ली लेग्स, नेशनल ललिपप क्विन, लिटिल मिस लभ्ली आदि तथा बेलायतमा हुने मिस लुक अफ रेडियन्स, यूरोपियन क्विन अफ व्यूटी आदि ।

नेपालमा सौन्दर्य प्रतियोगिता गर्न हुन्छ कि हुँदैन ? भन्ने विषयमा ने.टि.भि.ले गत पुसको दोस्रो साता "जिरो आवर" कार्यक्रममा छलफलमा प्रस्तुत गरिएका पम्फा भुषाल बाहेक पाँच सुन्दरीहरू मध्ये क्रमशः सनी रौनियार, हनी रौनियार, पद्मा हिराचन, सिर्जना योन्जन र विनिता वज्राचार्य र ने.वि. संघकी कमला पन्तले सौन्दर्य प्रतियोगिता गर्नु हुन्छ भन्ने पक्षमा तर्क प्रस्तुत गरेका थिए ।

२०५० मंसिर १२ गते दक्षिण अफ्रिकाको सन सिटीमा आयोजना हुन गइरहेको विश्व सुन्दरी प्रतियोगिताका लागि छनौट गरिएका विभिन्न राष्ट्रिय सुन्दरीहरूको तस्वीर भारतीय र नेपाली पत्रिकाहरूले पनि त्यतिखेर छापेका थिए । सो तस्वीरमा देखिएका सम्पूर्ण "सुन्दरीहरू" ले झिनो कपडा (विकिनी) लगाएका थिए । उक्त प्रकारको कपडा लगाएर "सुन्दरी" घोषित हुनका निमित्त सार्वजनिक हुँदा नेपाली कला र संस्कृतिलाई हानि गर्ला कि नगर्ला र त्यस्तो अवस्थालाई अंग प्रदर्शन मान्ने कि नमान्ने ?

विवाद गर्नुभन्दा घोरिएर सोच्नु चाहिं बढी बुद्धिमानी होला भन्ने मलाई लाग्छ । महिला सम्बन्धी एक अन्तर्राष्ट्रिय एट्लस उल्लेख गर्छ- विश्वभरिमा प्रत्येक वर्ष सयौं सौन्दर्य प्रतियोगिताहरूको आयोजना गरिन्छ । यस्ता प्रतियोगिताहरूले महिला र "सौन्दर्य" लाई बस्तु (कमोडिटी) को रूपमा प्रस्तुत गर्दछन् र यस प्रकार, यस्ता प्रतियोगिताहरू सिधै अश्लील साहित्य (पोर्नोग्राफी) र संचार माध्यमहरूमा प्रस्तुत गरिने महिलाको छविसँग सिधै सम्बन्धित हुन पुगेका छन् ।

नेपालको प्रमुख दैनिक द राइजिङ नेपाल आफ्नो "इन्टरटेनमेन्ट स्पेशल" मार्फत नेपाललाई सगरमाथाको देश भनेर चिनिने भएकोमा भन्दा छिट्टै हिमाली सुन्दरीहरूको उत्पादन गर्ने देश भनेर चिनिने भएकोमा बढी गर्वको महशूश गर्दै लेख्छ- सगरमाथाको देश भनेर विश्वमा चिनिएको यो हिमाली अधिराज्यको नामाकरण छिट्टै नै "हिमाली सुन्दरीहरूको देश" हुनेछ भनेर ।

किन ? तपाईं सोध्न सक्नुहुन्छ ।

किनभने, नेपाल विजयी सुन्दरीहरूको उत्पादन गर्दैछ ।

उक्त टिप्पणी नेपालका दुई दिदीबहिनीहरूले दक्षिण कोरियामा सम्पन्न भएको "मिस वर्ल्ड यूनिभर्सिटी कन्टेस्ट-१९९१" मा "मिस वर्ल्ड यूनिभर्टिटी टेलेन्ट अर्वाड" र "मिस वर्ल्ड यूनिभर्सिटी पिस अवार्ड" पाएपछि गरिएको हो । यस टिप्पणीले सौन्दर्य प्रतियोगितामा भाग लिनु र त्यसमा पुरस्कृत हुनुलाई सगरमाथाको शान्त, सौम्य र विवादरहित सौन्दर्यभन्दा बढी गौरवमय मानेको देखिन्छ ।

देशका प्रमुख संचार माध्यमहरूले गर्ने यस प्रकारका टिप्पणीहरूबाट सौन्दर्य प्रतियोगितामा भाग लिएर पुरस्कारसहित देश भित्रिएका "सुन्दरी" हरू मख्ख पर्नु स्वभाविकै हो । यस्तै, अन्य महिलाहरू पनि संचार माध्यमको त्यस्तो भुलभुलैयामा परेर त्यसैलाई नारी हुनुको सार्थकता र आदर्श मानेर "सौन्दर्य" को मुसो दगुराईको पछि लाग्नुलाई पनि अस्वाभाविक मान्न सकिंदैन ।

तर, यहाँनेर बुझ्नु पर्ने कुरा चाहिं के हो भने यस्ता प्रतियोगिताहरूले सौन्दर्यको नाममा महिलाहरूलाई मनोरन्जनको वस्तुको रूपमा प्रस्तुत गर्नमा र सार्वजनिक रूपमा महिलाहरूको छविलाई गिराउनमा यथेष्ट भूमिका खेलिरहेका हुन्छन् ।

महिला स्तम्भकी लेखिका अमृता बासकोटा विज्ञापन, सिनेमा आदिमा अनावश्यक रूपमा गरिने महिला र उनीहरूको शरीर प्रदर्शन-प्रति आफ्नो प्रतिक्रिया यसरी व्यक्त गर्नुहुन्छ- "यस्ता कुराहरू खोज्दै जाने हो भने हामी पल-पलमा नारी अस्मिताको खेलवाड भएको पाउँछौं । एकातर्फ, नारी हक र अधिकारको प्रश्न तीव्र रूपमा ठूला ठूला स्वरले उठाइन्छ भने अर्कोतर्फ, धूपको बट्टादेखि अश्लील साहित्यसम्मको विज्ञापनमा नारी र नारी शरीरको विज्ञापन गरिन्छ । यस्तो परिवेशमा नारीको अस्मिता कसरी जोगिन्छ ? यो सन्दर्भमा दोष, जति विज्ञापन निर्माताको छ, त्यत्ति नै मात्रामा विज्ञापित हुने महिला पनि दोषी छन् (मधुपर्क, साउन २०५०) । यसर्थ- सौन्दर्य प्रतियोगितामा विजयी भएर वा कुनै विज्ञापनमा "मोडेलिंग" गरेर वा हिजोआजका सस्ता सिनेमामा नायिका नै भएर आजका महिलाहरूले गर्व गर्ने स्थिति भने छैन ।

सुन्दरताको चाहना गर्नु, र सौन्दर्यको प्रसंशा गर्नु मानव मात्रको गुण हो । तर, यहाँ मानवीय सौन्दर्यको कुरा आएन, नारी सौन्दर्यको नाममा नारी र नारी शरीरको दुरूपयोग भिन्न भिन्न प्रकारले भइरहेको र स्वयं महिलाहरू (शिक्षित समेत) नै यस भुलभुलैयामा फसिरहेकाले यस विषयलाई जटील बनाएको छ । नारी र नारी शरीरको दुरूपयोग गरी सस्तो मनोरन्जन लिन पल्केका पुरूषहरू, बढी मुनाफा गर्न पल्केका व्यापारीहरू र आधुनिकताको नाममा पुरूषप्रधान संस्कारको दास बनेर सस्तो चर्चामा आउन पल्केका महिलाहरू फेशन र सौन्दर्यलाई नारी मात्रको व्यक्तित्व, नारी मात्रको उच्चतम गुण हो भनेर यसको आवश्यकता र अनिवार्यताको पक्षमा वहश गर्न समेत पछि पर्दैनन् ।

नारी अधिकार, नारी स्वतन्त्रता र आधुनिकताको नाममा नारी अस्मितामाथि नै संकट पार्ने यस्ता काम गर्नबाट आम महिलाहरू कसरी सचेत रहन सक्लान् ?

यो प्रश्न यतिखेर टड्कारो रूपमा उठेको छ । फिलिपिन्स सुन्दरीको उपाधि प्राप्त मुत्या क्रिसोस्टोमोले आफूले सन् १९९० मा प्रतिसाता १२ हजार ५ सय अमेरिकी डलर पाउने गरी ब्रुनाईमा बस्न झण्डै स्वीकृति दिएकी, तर पछि वेश्यावृत्तिमा लगाउनका लागि सो रकमको प्रस्ताव आएको थाहा पाएपछि त्यसलाई अस्वीकार गरेको कुरा एउटा अन्तर्वार्तामा बताएकी छिन भने सिनेटर अर्नेस्टो म्यासेडाले विफियन्सबाट विश्व सुन्दरीमा प्रतिस्पर्धा गर्ने फिलिपिनो युवतीहरू प्रायः ब्रुनाईमा महंगो बेश्याको रूपमा रहने गरेको पाइएको पनि बताएकी छिन् । यसबाट पनि "सुन्दरी" हरूको दशा प्रष्ट हुन्छ ।"

यस्तै, सिंगापुर एयरलाइन्सले आफ्नो व्यवसायको अभिवृद्धिको लागि आफ्ना विमान परिचारिकाहरूका लागि पोशाकको नयाँ डिजाइन तयार पारेको र पोशाककै लागि सिंगापुरका युवतीहरूको "सुन्दरता" को विज्ञापन गर्ने गरेको कारण विमानमा

> धूपको बट्टादेखि अश्लील साहित्यसम्मको विज्ञापनमा नारी र नारी शरीरको विज्ञापन गरिन्छ । यस्तो परिवेशमा नारीको अस्मिता कसरी जोगिन्छ ?

यात्रा गर्दा यात्रीहरूले परिचारिकाहरूमाथि अभद्र व्यवहार गर्ने गरेका कुराहरू पनि सुनिनमा आएका छन् । सिंगापुर विमान सेवाकी एक परिचारिकाका अनुसार- पुरूष यात्रुहरूद्वारा हुने अभद्र व्यवहारहरू निकै बढेको छ र आफू पनि त्यस्तो दुर्व्यवहारबाट पीडित हुनुपरेको छ । उनी भन्छिन्- "हाम्रो पोशाक अलि भड्किलो छ ।

सिंगापुर विमानका परिचारिकाहरूको निमित्त फ्रान्सका फेशन डिजाइनरद्वारा पोशाक तयार पारिएको थियो । यसले पनि के देखाउँछ भने- व्यापारीहरू नाफा कमाउनको लागि नारी र नारी शरीरको प्रदर्शन गर्न ज्यादै सचेत छन् । तर, महिलाहरू आफैं फ्रान्सका डिजाइनरले तयार पारेको भनेर भड्किलो एवं आधाअंग प्रदर्शन हुने पोशाक लगाएर आफू सुन्दर भएको महशूस गर्दछन् भने योभन्दा ठूलो विडम्वना के हुन सक्छ ? वास्तवमा, महिलाहरूलाई नाफाको निमित्त बडो सुक्ष्म तरीकाले बस्तु सरह विक्री गरिएको छ ।

सुन्दरता विवाद र विरोधको विषय होइन । सौन्दर्यको चाहना गर्नु पनि आफैंमा खराब होइन । तर, सौन्दर्यको नाममा नारी र नारी शरीरको दुरूपयोग गर्नु र नारीहरूको छविलाई नै यौन वस्तु (सेक्स अब्जेक्ट) को रूपमा प्रस्तुत गर्नु चाहिं घृणित कार्य हो । महिलाहरू सुन्दर बन्न खोज्नु वा सुन्दरताको चाहना गर्नु नराम्रो मान्न मिल्दैन । तर, सुन्दरताको नाममा अमूर्त गोरी यूरोपियन महिलाको दांजोमा पुग्ने सपना देखेर सार्वजनिक रूपमा अर्धनग्न हुन दैडिनुलाई भने राम्रो मान्नुभन्दा पहिले घोरिएर सोच्नु पर्ने हुन्छ ।

सौन्दर्य प्रतियोगितामा भाग लिने महिलाले सस्तो प्रचार र अलिकति पैसा कमाउन त सक्लान् तर उनीहरूले एक त आफूलाई सार्वजनिक रूपमा नंग्याउने छन्, दोस्रो. आफ्नो शरीरलाई मनोरन्जनको वस्तुको रूपमा उभ्याउने छन् र तेस्रो, सम्पूर्ण नारी र नारी शरीरलाई यौन वस्तु र उपभोग्य वस्तु (कमोडिटी) को रूपमा प्रस्तुत गर्नेछन् । यसको परिणामस्वरूप समाजमा नारीको स्थान उँचो होइन गिर्दो हुन्छ । यसैले गर्दा, सौन्दर्य प्रतियोगिता विवाद र विरोधको विषय हुन पुगेको छ । कतिपय महिलाहरू यसको कडा विरोधमा सक्रिय रूपमा उत्रने गरेका पाइन्छन् । वि.वि.सि.ले पनि सौन्दर्य प्रतियोगितालाई समयसंग मेल नखाने र अपमानजनक (अफेन्सिभ) भनेर सन् १९८४ मा यस सम्बन्धी प्रसारणलाई बन्द गरेको थियो ।

### सन्दर्भ सामग्रीहरू


१. सौन्दर्य प्रसाधन, फेशन र नारी जातिको शोषण- एबलिन रीड
२. वुमेन इन द वर्ल्ड (एन इन्टरनेशनल एटलस) सं- माइकल किड्रोन
३. मधुपर्क (मासिक)
४. द राइजिङ नेपाल (दैनिक)
५. गोरखापत्र (दैनिक)
६. कान्तिपुर (दैनिक)




# घरेलू कामकाजलाई मृत्यु दण्ड दिनुपर्छ

## शिक्षाविद् एवं प्रमुख सोभियत नेता: अनातोली लुनाचार्स्की

परिवारको भित्री सम्बन्धमा भ्लादिमिर इलिच लेनिन आफ्नो विशाल दूरदर्शितापूर्वक यस कुरामा बढि जोडदिनु हुन्थ्यो -

"हामीले महिलाहरूलाई समान अधिकार प्रदान गरेका छौं, तर हामीले उनीहरूलाई घरेलू कामबाट छुटकारा दिएका छैनौं ।"

साँच्चै, कुनै पुरूषले आफ्नी पत्नीलाई सहायता गर्न सक्छ र त्यसो भएमा त्यहाँ मित्रतापूर्ण सम्बन्ध निकै हदसम्म बढ्छ । तर यस समस्याको मौलिक हलका लागि हाम्रो जीवन पद्धतिकै पुनर्निर्माण गर्नुपर्दछ । यसै कारणले नयाँ आरामदायी घरहरूको निर्माण, सामुदायिक भोजन व्यवस्था र सामुदायिक लाउण्ड्री (लुगा धुने ठाउँ) को स्थापना र ती पारिवारिक नर्सरीहरूबाट छुटकाराको व्यवस्था गर्ने विशेष ध्यान दिनु आवश्यक छ, जसले बच्चाहरूको हेरचाहका लागि ठूलो मात्रामा शारीरिक श्रमको माग गर्दछन् ।"

लेनिनको शव्दमा, श्रमको सवैभन्दा असंगठित, सवैभन्दा दासोचित रूप तथा लागत, शक्तिको अर्थमा, सवैभन्दा अकिफायती कार्य- घरेलू कामकाज हो, यसलाई मृत्युदण्डको सजाय दिनु पर्दछ । घरेलू कामकाजलाई विस्तारै-विस्तारै पहिले शहरहरूमा र पछि गाउँले क्षेत्रमा पूर्णतः समाप्त गरिनु पर्दछ ।

यो समाजवादको निर्माणको एउटा पूर्वाधार, एउटा पूर्व शर्त हो । यस कामविना हामी स्त्रीहरूको ठूलो संख्यालाई समाजवादको निर्माणमा तान्न सक्दैनौं र, न त हामी स्त्रीहरू र पुरूषहरूको समान अधिकारलाई कार्यान्वियन गर्न सक्छौं ।




# मोती देवी श्रेष्ठको अभिनन्दन

नेपाली कम्युनिष्ट आन्दोलनलाई संगठित रूपले अघि बढाउन क. पुष्पलालको नेतृत्वमा विधिवत स्थापित कम्युनिष्ट पार्टीका संस्थापक सदस्यहरूमध्ये एक श्रीमती मोती देवी श्रेष्ठको योगदानको कदर गर्दै गत फागुन २३ गते अ.ने.म. संघले उहाँको अभिनन्दन गऱ्यो । ललितपुरस्थित पाटन क्याम्पसको हलमा आयोजित एक समारोहका बीच अ.ने.म. संघकी अध्यक्ष साहना प्रधानले उहाँलाई अभिनन्दनपत्र प्रदान गर्नुभएको र दोसल्ला ओढाई दिनुभएको थियो ।

### विश्व-महिला सम्मेलन

संयुक्त राष्ट्रसंघको आयोजनामा यही वर्षको सेप्टेम्बर (आगामी भाद्र-आश्विन) मा बेइजिंगमा चौथो विश्व-महिला सम्मेलन हुँदैछ ।

यसभन्दा अघि प्रथम, दोस्रो र तेस्रो सम्मेलन क्रमशः १९७५ मा मेक्सिकोमा, १९८० मा कोपनहेगनमा र १९८५ मा नैरोबीमा सम्पन्न भएका थिए ।

आगामी बेइजिंग सम्मेलले नैरोबी सम्मेलन पछिको विश्वका महिलाहरूको स्थिति र समस्याका बारेमा छलफल गरी आगामी अवधिका लागि कार्यक्रमहरू तय गर्नेछ ।

८२ वर्षीया मोती देवी श्रेष्ठ हाल पाटन जावलाखेलमा एउटी सानी बहिनीको साथमा रहनुभएको बुझिएको छ ।

नेकपा स्थापनाकै बेला वहाँ उपस्थित नहुनु भएकोले उहाँलाई संस्थापक सदस्यको रुपमा चाहिं लिन मिल्दैन भन्ने वहाँबारेको विवाद कायमै भए पनि तत्कालिन समयमा एउटी महिला भएर पनि कम्युनिष्ट गतिविधिमा उहाँ संलग्न भएको कुरा अत्यन्त प्रशंसनीय भएकोमा भने कुनै विवाद हुनै सक्दैन ।



# बिकसित पूँजीवादी मुलुकहरूमा नारीहरू कति समान छन् ?

**क्यूबाको संसदमा नारी सहभागिता ५१ प्रतिशत छ ।**

(नारी-समानताको लागि पूंजीवाद हैन, समाजवाद नै काफी अगाडि छ ! तथ्यांकहरूको आधारमा महत्वपूर्ण विश्लेषण)

विश्वका उन्नत पूँजीवादी मुलुकहरू आफ्नो देशमा नमूना मानव अधिकार र प्रजातन्त्र छ भनेर दाबी गर्छन् । अविकसित देशहरूलाई आफ्नो नमूना सिको गर भनेर अर्जी गर्छन् । कुनै देशको मानव अधिकारको रेकर्ड खराब छ कि असल छ,- त्यसको नापजोख गरेर, त्यस आधारमा "फलानो सुबिधा र सहायता अबदेखि रोक्का हुने" भनेर घोषणा गर्छन् । यस्तो भान हुन्छ मानौं - मानव अधिकारप्रति उनीहरू सारै सरोकार राख्छन्, उनीहरूको देश चाहिं मानव अधिकारको लागि "भूस्वर्ग" नै छ ।

कुनै पनि मुलुकमा मानव अधिकार र प्रजातन्त्र नमूनायोग्य छ कि छैन भन्ने कुराको एउटा महत्वपूर्ण नापो त्यहाँको समाजमा नारीहरूले कति समाजिक न्याय र बिकासका लागि समान अवसर पाएका छन् भन्ने सवाल पनि हो । हरेक मुलुकमा आधासरो जनसंख्या नारीहरूकै छ । प्रत्येक सभ्यताको प्राथमिक निर्णायक स्कूल नारीहरू नै हुने गरेका छन् । प्रत्येक सभ्यताको जग हाल्ने र प्रत्येक देशको आधा आकाश थाम्ने नारीहरूले कुनै मुलुकमा सामाजिक न्याय पाएका छैनन् र बिकासका लागि समान अवसर भेट्टाएका छैनन् भने कसरी भन्ने कि- त्यहाँ नमूना मानव अधिकार छ ! कसरी भन्ने कि- त्यहाँ नमूना प्रजातन्त्र छ !

## कामको अबसर र ज्यालामा कति न्याय ?

त्यसैले, हामी एक पटक प्रजातन्त्र र मानव अधिकारका यी "भूस्वर्गहरू" मा नारीहरूको स्थिति कस्तो छ भन्ने कुरा नियालौं । त्यहाँ आधा मानवहरूले अन्य मानव सरह कति सामाजिक न्याय र समान विकासको अवसर भेट्टाएका छन् ? त्यसको नापजोख गरौं ।

सबभन्दा पहिले कुरा थालौं काम र त्यसको ज्यालाबाट, जुन हरेक मानवको आधारभूत मानव अधिकार हो ।

विकसित पूँजीवादी मुलुकहरूमा नारीहरूले पुरूषहरूको तुलनामा निकै कम कामको अवसर पाएका छन् । मानव अधिकारको सबभन्दा चर्चित हिमायती मुलुक अमेरिकाको श्रमशक्तिमा नारी सहभागिता ७१ प्रतिशत मात्र छ । संसारका नयाँ उदीयमान उन्नत पूँजीवादी मुलुकहरू जापान र जर्मनीमा पुरूषको सहभागितालाई १०० मान्दा नारी सहभागिता क्रमशः ६१ र ६० मात्र छ । पहिलेको सबभन्दा विकसित महाशक्ति संयुक्त अधिराज्यमा यो अनुपात ६३ मात्र छ ।

यी मुलुकहरू भन्दा पनि बेसी नारी सहभागिता "समाजवादी प्रजातन्त्र" अप्नाएका मुलुकहरू- फीनलैण्ड, डेनमार्क र स्वेडनमा भएको देखिएको छ । यी मुलुकहरूमा क्रमशः पुरूषको तुलनामा ८८ र ८० प्रतिशत नारीहरू श्रमशक्तिमा सहभागी छन् । सबभन्दा थोरै सहभागिता स्पेनमा देखिएको छ, जहाँ ३२ प्रतिशत नारीहरू मात्र श्रममा सहभागी छन् ।

तर चाखलाग्दो कुरा के भने- यी उन्नत पुँजीवादी मुलुकहरूको परिभाषामा "मानव अधिकार नभएको" भनिएका पछौटे, वामेसरिरहेका, समाजवादी (वा समाजवादको पृष्ठभूमि भएका) मुलुकहरूमा श्रम शक्तिमा नारी सहभागिता तुलनात्मक रूपले धेरै बेसी छ । जस्तो- उत्तर कोरियामा श्रमशक्तिमा नारी सहभागिता ८५ प्रतिशत छ, भियतनाममा ८८ प्रतिशत र चीनमा ७६ प्रतिशत ।

यसको मतलब उत्तर कोरिया, भियतनाम र चीनले यो आधारभूत मानव अधिकारको मामलामा अमेरिका, जापान र जर्मनीलाई समेत उछिनेका छन् । अझ विघटन हुनु अधिको सोभियत संघमा त यो अनुपात ९३ प्रतिशत थियो, जुन विश्वको सबभन्दा उच्च कीर्तिमान हो ।

यी तथ्यहरूले अकाट्य रूपमा के देखाएका छन् भने- नारीहरूले काम पाउने अवसर र उत्पादनशील काममा नारीहरूको सहभागिताको मामलामा समाजवादी वा समाजवादी पृष्ठभूमि भएका साना फुच्चे मुलुकहरूले समेत पहलमान पूँजीवादी मुलुकहरूलाई कता हो कता उछिनेका छन् । ३/४ सय वर्ष अघिदेखि पूँजीवाद लागु गरिरहेका मुलुकहरूलाई ५० वर्ष पनि समाजवाद लागु नगरेका मुलुकहरूले उछिनेका छन् । अमेरिकालाई उत्तर कोरियाले उछिनेको छ ।

**खालि कामको अवसरको सवालमा मात्र होइन, नारीहरूको कामको लागि दिइने ज्यालामा पनि यी अति बिकसित पूँजीवादी मुलुकहरूमा ठूलो सामाजिक अन्याय छ ।**

जापानमा उही र उति नै श्रममा पुरूषले पाउने ज्याला भन्दा नारीले पाउने ज्याला करीव आधा मात्र हुने गर्छ, अर्थात ५२ प्रतिशत मात्र । अमेरिकामा पुरूषले उही र उति नै काममा पाउने ज्यालालाई १०० मान्ने हो भने नारीहरूले पाउने ज्याला ५९ मात्र छ । र, बेलायत जस्तो पूँजीवादको जननी भनिने मुलुकमा ६६ मात्र ।

यस मामलामा पनि पूँजीवादी मुलकुहरू मध्ये समाजवादी प्रजातन्त्र (Social Democracy) अभ्यास गरिरहेका मुलुकहरू भने केही अघि नै देखिन्छन् । जस्तो- निदरलैण्ड, डेनमार्क, स्वेडन, फीनलैण्ड र नर्वेमा यो अनुपात क्रमशः ८४, ८७, ८१ ७६ र ७५ प्रतिशत छ । अष्ट्रेलियामा यो अनुपात ८७ प्रतिशत छ, इटालीमा ८० र फ्रान्समा ७५ प्रतिशत छ । यो मामलामा सबभन्दा पछाडि परेका मुलुकहरू जापान र अमेरिका नै हुन, जो वर्तमान विश्वका दुई सबभन्दा ठूला पूँजीवादी महाशक्ति हुन् ।

यस मामलामा पनि पूँजीवादी महाशक्तिहरूलाई क्यूवा, उत्तर कोरिया, चीन, भियतनाम जस्ता "पछौटे, विकासशील" मुलुकहरूले कता हो कता पछि पारेका छन् । यी मुलुकहरूमा यो सब तथ्यांक उतार गरिएको त्यही समयमा अर्थात १९८६ मा, नारीहरूलाई समान कामको लागि समान ज्याला प्राप्त थियो । नारी र पुरूषबीच ज्यालामा कुनै भेदभाव थिएन । यो तथ्यांक आफैं बोल्छ- नारीहरूलाई समान कामको लागि समान ज्याला जस्तो, आधारभूत सामाजिक न्याय र मानव अधिकार ग्यारेण्टी गर्ने मामलामा सर्वोन्नत व्यवस्था कुन हो- पूँजीवाद कि समाजवाद ?

## बेरोजगारी

उन्नत पूँजीवादी मुलुकमा सबभन्दा बेसी बेरोजगार पनि नारीहरूनै हुने गरेका छन् । पुरूषको बेरोजगारीलाई १०० मान्ने हो भने अमेरिकामा नारी बेरोजगारी १०७ छ । अष्ट्रेलियामा यो १५० छ, इटालीमा १९०, जर्मनीमा २०४, फ्रान्समा २३२ र सबभन्दा बेसी बेल्जियममा ३०२ छ ।

*पूर्व सोभियत संघमा कूल इन्जिनियर मध्ये नारीहरू ५८ प्रतिशत थिए । देशमा कूल डाक्टर मध्ये ६८ प्रतिशत र कूल शिक्षक मध्ये ७३ प्रतिशत नारी थिए । त्यहाँ कूल अर्थशास्त्रीमध्ये करीव दुई तिहाइ र सांस्कृतिक कर्मी मध्ये तीन चौथाई नारीहरू नै थिए ।*





सालाखाला हिसाब गर्दा- सम्पूर्ण विकसित पूंजीवादी मुलुकहरूमा श्रम शक्तिमा नारी सहभागिता औसत ६६ प्रतिशत मात्र छ । पुरूष बेरोजगारलाई १०० मान्दा नारी बेरोजगारी १४० प्रतिशत छ । र, रोजगारी पाउने नारीहरूले पुरूषको ज्यालाको तुलनामा ६५ प्रतिशत ज्याला मात्र पाउँछन् । संपूर्ण विकसित औद्योगिक मुलुकहरूमा कुल रोजगारी मध्ये नारीहरूले ४० प्रतिशत रोजगारी मात्र पाउँछन् ।

नारी समानताको लागि उत्पादनशील काममा नारीहरूको सहभागिता र समान कामको लागि समान ज्याला आधारभूत शर्त हो । पुरूष सरह नारीहरूले उत्पादनशील श्रममा समान अवसर पाउनु र त्यस्तो काम गरेपछि समान ज्याला पाउनु सामाजिक न्यायको हिसाबले महत्वपूर्ण शर्त हो । तर तथ्यहरूले के देखाएका छन् भने- विकसित भनिएका पूंजीवादी मुलुकहरू यो मामलामा पछौटे भनिएका समाजवादी र समाजवादी पृष्ठभूमि भएका मुलुकहरूभन्दा धेरै पछाडि छन् ।

### यस्तो आखिर किन भयो त ?

यस्तो हुनुको मूल कारण के हो भने पूँजीवादले नारीहरूलाई पुरूषसरह स्वीकार्दैन, चाहे त्यो विकसितभन्दा विकसित पूँजीवादले नै किन नहोस् ।

सबभन्दा उन्नत पूंजीवादले समेत सन्तान जन्माउने नारीको प्राकृतिक दायित्वलाई सामाजिक उत्पादनको लागि नभई नहुने अपरिहार्य कार्यको रूपमा मान्यता दिँदैन । उल्टो, सन्तान जन्माउनु र हुर्काउनुलाई पूंजीवादले नारीहरूको कमजोरी ठान्दछ । यही दृष्टिकोणले गर्दा नारीहरूले पुरूषको दाँजोमा कम कामको अवसर पाउँछन् । र कामै पाईहाले पनि समान ज्याला पाउँदैनन् । जस्तो, अमेरिकामा नै बच्चाका आमा भएका ६० प्रतिशत श्रमिक नारीहरूले बच्चा जन्मिदा कुनै सुविधा पाउँदैनन् र उनीहरूको रोजगारी यही आमा भएवापत गुम्ने गर्दछ ।

समाजवादको नारी सम्बन्धी मान्यता यसको ठीक विपरीत छ । समाजवाद नारीलाई सभ्यताको लागि पुरूषसरह उत्तरदायी मान्दछ । त्यसले नारीहरूको सन्तान जन्माउने र हुर्काउने कार्यलाई कमजोरीका रूपमा नलिएर समाजको विकासको लागि नभई नहुने सामाजिक कार्य मान्दछ । त्यसैले, सन्तान जन्माउने र हुर्काउने दायित्व भए पनि समाजवादले नारीलाई उत्पादनशील श्रममा समान रूपमा सहभागी बनाउन खोज्दछ । र, समान कामको लागि समान ज्यालाको नीति अप्नाउँछ । "फुच्चे" समाजवादी मुलुकहरूले समेत "अति विकसित" पूंजीवादी मुलुकहरूलाई यस मामलामा उछिन्नुको मुख्य रहस्य यही हो ।

### शिक्षा र नीति-निर्णयका क्षेत्रमा कति समान अवसर ?

यो दृष्टिकोणको फरकले गर्दा शिक्षा र नीति निर्णय गर्ने ठाउँमा पनि नारी सहभागिता विकसित पूंजीवादी मुलुकहरूमा निकै कम हुने गरेको छ । माध्यमिक तहको शिक्षासम्म यी मुलुकहरूमा नारीहरूले पुरूष सरह शिक्षा हासिल गरेका देखिन्छन् । तर उच्चशिक्षामा पुगेपछि नारीहरूको अवसर कम हुन शुरू गर्छ । जस्तो, स्विटजरलैण्डमा ६६ प्रतिशत नारीहरूले मात्र उच्च शिक्षाको अवसर पाउँछन् । जापानमा ७६ प्रतिशतले, संपूर्ण विकसित पूँजीवादी मुलुकहरूको यो अनुपात सालाखाला पुरूषको १०० वरावरी ९८ मात्र छ ।

*अमेरिकामा नै बच्चाका आमा भएका ६० प्रतिशत श्रमिक नारीहरूले बच्चा जन्मिदा कुनै सुविधा पाउँदैनन् र उनीहरूको रोजगारी यही आमा भएवापत गुम्ने गर्दछ ।*

अझ वैज्ञानिक र प्राविधिक शिक्षाको अवसर त नारीहरूले झनै कम पाएको देखिन्छ, यी मुलुकहरूमा । जस्तो- संयुक्त अधिराज्य, क्यानाडा, नेदरलैण्डमा २८ प्रतिशत नारीहरूले मात्र उच्च वैज्ञानिक शिक्षा प्राप्त गर्ने अवसर पाउँछन् । इटालीका नारीहरूको अवसर अनुपात यस मामलामा ३२ प्रतिशत छ । जापानमा यो अवसर नारीहरूले पुरूषको तुलनामा तीन भागमा दुई भागले मात्र पाउँछन् ।

तर यही समयमा यो मामलामा पूर्व सोभियत संघमा नारीहरूको उच्च वैज्ञानिक शिक्षा प्राप्त गर्ने अवसर पुरूषको १०० को दाँजोमा ९२ थियो । यो विश्वकै सबभन्दा वेसी अनुपात हो । नारीले उच्च शिक्षा हासिल गर्ने मामलामा फुच्चे विकासशील समाजवादी मुलुक क्यूबाले विश्वका सारा विकसित पूंजीवादी मुलुकलाई उछिनेको देखिन्छ । पुरूषको अवसरलाई १०० मान्ने हो भने नारीहरूको उच्च शिक्षाको अवसर त्यहाँ १४२ देखिन्छ । यो विश्वकै सबभन्दा उच्च कीर्तिमान हो ।

यही अवसरको आधिक्यको कारणले पूर्व सोभियत संघमा कूल इन्जिनियर मध्ये नारीहरू ५८ प्रतिशत थिए । देशमा कूल डाक्टर मध्ये ६८ प्रतिशत र कूल शिक्षक मध्ये ७३ प्रतिशत नारी थिए । त्यहाँ कूल अर्थशास्त्रीमध्ये करीव दुई तिहाइ र सांस्कृतिक कर्मी मध्ये तीन चौथाई नारीहरू नै थिए । नारीहरूले आफ्नो विकासको लागि यति अवसर पाएको र यति धेरै महत्वपूर्ण ठाउँहरूमा नारीहरूको अधिकता भएको विश्वका कुनै पनि विकसितभन्दा विकसित पूँजीवादी मुलुकमा पनि देखिएको थिएन ।

नारीहरूले आफ्नो विकासका लागि अवसर पाउने मामलामा सर्वश्रेष्ठ व्यवस्था कुन- समाजवाद कि पूँजीवाद ? त्यो यिनै तथ्यहरूले छर्लंग पार्छन् ।

अवसरको यो असमानताले गर्दा विकसित पूँजीवादी मुलुकहरूमा नीति निर्णय गर्ने ठाउँमा नारीहरूको सहभागिता असाध्यै कम देखिन्छ । सम्पूर्ण विकसित औद्योगिक राष्ट्रहरूमा कूल प्रशासनिक र व्यवस्थापन सम्बन्धी पदहरूमध्ये नारीहरूले २४ प्रतिशत पद मात्र हासिल गरेका छन् । जापानको कुरा गर्ने हो भने, त्यहाँ ७ प्रतिशत नारीहरूले मात्र यस्तो पद ओगट्न सकेका छन् ।

संसदमा नारी सहभागिता त अझ थोरै देखिन्छ । जापानका कूल संसदीय सीट मध्ये २ प्रतिशत सीट मात्र नारीहरूले पाएका छन् । संपूर्ण उन्नत पूंजीवादी मुलुकको संसदमा औसत नारी सहभागिता पुरूषको दाँजोको २२ प्रतिशत मात्र छ । नामै किटेर भन्ने हो भने- अमेरिकामा र अष्ट्रेलियामा ६ प्रतिशत सांसदहरू, फ्रान्स र बेलायतमा ७ प्रतिशत सांसदहरू, क्यानाडामा ११ प्रतिशत सांसदहरू नारी छन् । यस मामलामा पनि पूँजीवादी देशहरू मध्ये समाजवादी प्रजातन्त्र भएका मुलुकहरू चाहि अगाडि छन् । उदाहरणको लागि नर्वेमा ५२ प्रतिशत, डेनमार्कमा ४१ प्रतिशत, स्वेडनमा ४५ प्रतिशत सांसद सीटहरू नारीहरूले प्राप्त गर्न सकेका छन् ।

तर यी घाघ-घाघ विकसित पूंजीवादी मुलुकहरूलाई यो सवालमा पनि फुच्चे समाजवादी वा समाजवादी पृष्ठभूमि भएका मुलुकहरूले धेरै पछि पारेका छन् । दृष्टान्तको लागि क्यूबाको संसदमा नारीको सहभागिता ५१ प्रतिशत छ । जापान, अमेरिका र बेलायतलाई त उत्तर कोरिया, चीन र भियतनामले समेत धेरै पछि पारेका छन् । किनकि ती देशका संसदमा नारी सहभागिता क्रमशः २७, २७ र २२ प्रतिशत छ ।

अझ, पूर्व सोभियत संघमा १९८८ मा त ५३ प्रतिशत संसदीय सीटहरूमा नारीहरूको सहभागिता थियो । तात्कालीन रूमानियामा ५२ प्रतिशत र अल्वानियमा ४० प्रतिशत सीटमा नारीहरू पदासीन थिए । तर समाजवाद ढल्नासाथ १९९१ मा अल्वानियामा नारी सहभागिता ४ प्रतिशतमा झऱ्यो बुल्गारियामा १९ प्रतिशतबाट ९ मा झऱ्यो, हंगेरीमा २९ प्रतिशतबाट ७ प्रतिशतमा । यी तथ्यहरू के बुझाउन आफैं काफी छन भने- नीति निर्णय गर्ने ठाउँमा नारीहरूको सहभागिता सुनिश्चित गर्न सर्वश्रेष्ठ व्यवस्था कुन ? समाजवाद कि पूंजीवाद ?

यसरी तथ्यहरू के बोल्छन् भने- काममा सहभागिता, कामको अवसर, समान कामको लागि समान ज्याला, विकासको लागि समान अवसर, र नीति निर्माणमा नारीहरूको सहभागिताको आधारभूत मानव अधिकारको हिसावले बिकसित पूंजीवादी मुलुकहरूमा मानवहरूको पूरै आधा संख्या निकै असमान स्थितिमा बाँचिरहेछन् । उनीहरू त्यहाँ यी आधारभूत मानव अधिकारहरू निकै कम मात्रामा उपभोग गर्न पाइरहेछन् । उनीहरू सरासर सामाजिक अन्यायको स्थितिमा वाँचिरहे छन् । यी मामलामा भर्खर समाजवादी बाटो समातेका वा समाजवादी पृष्ठभूमि भएका मुलुकहरू कता हो कता अघि छन् । ❐

**- विवेक प्रधान**

### तथ्यांक स्रोत


1. UNDP, *Human Development Report 1991 & 1993.*
2. *UNICEF, The Progress of Nations 1993.*
3. *Socialism- Principle, Practice, Prospects, March 1988, Moscow.*



# हिन्दी फिल्म र विज्ञापनहरूमा नारी

– सव्यसाची

सरल भाषामा जनवादी पुस्तक पुस्तिकाहरू लेखी प्रकाशित गर्दै आउनु भएका भारतीय जनपक्षीय लेखक सव्यसाचीले १९८७ मै लेखेका भएपनि प्रस्तुत लेखनले आम हिन्दी फिल्म र विज्ञापनबाजीको क्षेत्रमा महिलाहरूलाई कसरी लिइने गरिएको छ भन्ने कुराको एक झलक दिने हुनाले ८ मार्च दिवसको सन्दर्भमा हामीले यसलाई यहाँ प्रस्तुत गरेका छौं । युगान्तर प्रकाशनबाट प्रकाशित उहाँको पुस्तिका "महिलाओंसे" बाट साभार उद्धृत गरी अनुवाद गरिएको यो लेख उक्त पुस्तिकाको एक अंश मात्र हो । - का.सं.

नारी दासताका सामन्ती मान्यताहरू र पतनशील साम्राज्यवादी उपभोक्ता संस्कृति एकआपसमा घुलमिल भएको कुरा हामी हिन्दी फिल्महरूको माध्यमबाट राम्ररी नै देख्न सक्छौं ।

प्रारंभिक हिन्दी फिल्महरूमा हामी नारीलाई खलनायिकाको रूपमा देख्छौं किनकि नारी ती फिल्महरूमा सासू-ससुराका विरूद्ध आफ्नो लोग्नेलाई भड्काएर परिवारलाई तोडिदिन्छे ।

कृषि नै जीविकाको आधार हुनुको कारण पहिले पहिले समाजमा संयुक्त परिवारहरू नै हुने गर्दथे, तर औद्योगीकरणले मानिसहरूलाई गाउँ छोडेर नोकरीको लागि शहरमा गएर बस्न विवश गरिदियो । यस्तो स्थितिमा परिवार फुट्नुको जिम्मेवारी खलनायिको बनाएर नारीको थाप्लामाथि लादिदिनु, यो कहाँको समझदारी हो ?

पछि बनेका फिल्महरूमा यौन-पवित्रताको सामन्ती मान्यता स्पष्ट रूपले देख्न सकिन्छ, जहाँ नायकको प्रेमिका वर्षौसम्म वेश्या रहेर नै सती सावित्री बनीरहन्छे र यो सतीत्वको मान्यता फिल्महरूका अल्ट्रा मोडन (अत्याधुनिक) नायिकाहरूमा पनि पाइन्छ । आइमाईलाई यौन (सेक्स) मा अवमूल्यन गरिदिने धारणा हिन्दी फिल्महरूमा खुबै पाइन्छ । जस्तो कि- बलात्कारपछि नायिकाले आत्महत्या गर्छे र नायकको लागि उसले लेखेको प्राप्त पत्रमा लेखिएको हुन्छ-

"म अपवित्र भएकी छु । अब मसँग तिमीलाई दिनको लागि बाँकी बचेको नै के छ र ?"

मानौं, ऊ महिला भइन, यौन हुन पुगी र प्रेमीलाई अर्पित गर्नका लागि प्रेमिकासँग कुमारित्व बाहेक अरू केही हुँदै हुँदैन ।

"इन्साफ के तराजु" फिल्ममा फेशनेबल जीनत अमान बलात्कारको आत्म ग्लानीमा प्रलाप गर्छे- "मनको अपवित्रतालाई दूर गर्न सकिन्छ तर तनको अपवित्रतालाई गंगाको सारा पानीले पनि धुन सक्दैन ।"

नारी ! देख्यौ तिमीले ? जसरी सामन्ती पूँजीवादी व्यवस्थामा मन-मस्तिस्क र रचनात्मक योगदानको कुनै पनि महत्व हुँदैन, त्यसरी नै हिन्दी फिल्महरूमा नारी फगत शरीर मात्र हुन्छे, जसको दिल-दिमागसँग कुनै सम्बन्ध हुँदैन । आज पनि फिल्महरूमा स्त्रीहरूको गुलामीको प्रतीक नारी र पुरूषका बीचमा घरको र बाहिरको कार्य-विभाजनलाई सही सावित गरिन्छ र "इतनी सी बात" फिल्ममा जस्तै संपन्न जीवन यापन गर्न नारी जागिर खाने जोड गर्छे, तर अन्तमा दिक्क भएर उसले जागिर छोडिदिनु पर्छ र "लौटके बुद्धू घरको आये" को जस्तै ऊ खुसी मान्दै घरलाई नै आफ्नो कार्य क्षेत्र स्वीकार गर्छे ।

यसो गरेर आधुनिकतालाई नारीको निम्ति अभिशाप मानेर उसलाई घरको चौघेरोमा सीमित गरिदिने सामन्ती मान्यतालाई नै प्रचारित गर्ने गरिन्छ, जस्तै- हामी फिल्म "श्रीमान श्रीमती" मा देख्छौं । यसमा आधुनिक पत्नी फिल्मको अन्तमा आफ्नो गल्ती अनुभव गरेर आधुनिकतालाई अभिशाप मानेर यसलाई त्याग गरिदिन्छे । "मदर इण्डिया" मा आइमाईको साहस र संघर्षलाई रेखांकित गरिन्छ, तर पति मरेपछि ऊ अर्को कुनै पुरूषलाई पतिको रूपमा स्वीकार गर्दिन । "अर्थ" फिल्ममा पनि यो कुरा देख्न सकिन्छ, जब पतिको बेइमानीको कारण उसलाई त्यागेपछि असल र मानवीय पुरूष पाउँदा पनि, चाहना हुँदा हुँदैपनि नायिका सामन्ती संस्कारहरूको अनुरूप सो पुरूषलाई स्वीकार गर्दिन र नोकनीको बच्चाको पालन पोषणलाई नै जीवनको एक मात्र उद्देश्य मान्दछे ।

फिल्म "मर्द" र "अघेरी रातमे, दिया तेरे हाथमे" जस्ता हिन्दी फिल्महरूमा जति अश्लील संकेत र दुई अर्थ लाग्ने सम्वादहरू छन्, मलाई आश्चर्य लाग्छ कि- महिलाहरू यिनीहरूलाई कसरी स्वीकार गर्छन् ? र, साथै नारीको विरूद्ध अगाडि बढीरहेको यो अश्लीलतामा कसरी उनीहरू सन्तोष हासिल गर्छन ? आज हिन्दी फिल्महरूमा जुन अश्लीलता र नग्नता तेज गतिमा बढ्दै गइरहेछ, के यो नारीको अपमान हैन ? यस्तो किन हुन्छ भने- फिल्महरूमा अर्धनग्न नहुनुको कारण बहीदा रहमान, रेखा, जयप्रदा जस्ता श्रेष्ठ अभिनेत्रीहरूको बजारभाउ घटन जान्छ र मांशल देहहरूले जीनत अमान, श्रीदवी र मन्दाकिनीको भने भाउ बढाइदिन्छन् ।

जस्तोसुकै फिल्म होस् या साहसी नायिका होस्, अन्तमा उसलाई पुरूषको काँधमा टाउको अड्याएपछि मात्रै सन्तोष प्राप्त हुन्छ ।

"जवान हो या बुढिया या नन्ही सी गुडिया, जो भी है, औरत जहरकी है पुडिया" जस्ता नारीलाई नरकको माध्यम मान्ने, तथा "हम तो तम्बूमे बम्बू लगा बैठे" जस्ता अश्लील संकेत गर्ने गानाहरू, फिल्म "मर्द"मा "अहिले तँ कलिली बच्ची नै छेस्, तेरो दूधे दाँत पनि निस्केको छैन, कहीं केही भैहाल्यो भने त म अठार महिनाको लागि थुनामा पर्छु" भन्ने भनाइको जवाफमा अमृतासिंहद्वारा आफू कलिली बच्ची नभएको ट्रायल दिन देखाइएको उत्ताउलोपन र फिल्म "टार्जन" मा किम काटकरका अश्लीलताको सीमा पार गर्ने, शारीरिक क्षुधा मेटाउनका लागि पुरूषलाई फसांउने- उत्तेजित गर्ने कोशीसहरू, के यिनीहरूले नारीको व्यक्तित्वलाई गलत रूपले पेश गर्दैनन् ? के यो नारीको अपमान हैन ?

तर विरोध गर्नु त टाढाकै विषय भयो, हे नारी ! तिमी त यी दृश्यहरूमा रस लिन पो थालेकी छयौं । नाजिया हसन र रूना लैलाका नारीलाई अपमान गर्ने कामुक र उत्तेजक गीत तथा मानिसलाई पशुमा बदल्ने कोशीस गर्ने क्याब्रे या डिस्को या पप संगीतले अब तिमीलाई पनि प्रभावित गर्न थालेका छन् । प्रष्ट छ, यो अमेरिका-फ्रान्सको रोगी साम्राज्यवादी संस्कृतिको नै प्रभाव हो र महानगरहरूका उच्च वर्गबाट शुरू भएर यो प्रभाव नगरहरूमा मध्य वर्गमा पनि तेज गतिमा प्रवेश गर्दै गइरहेको छ ।

के यो एक विडम्बना हैन कि- एकातिर चाहिं पुरातन संस्कारहरूका कारण परखनली (Test Tube) द्वारा बच्चाहरू जन्माएको कारण मानिसहरू छिमेकी माणि चावडालाई हेलाँ गर्छन, तर अर्कातिर भने, तिनै मानिसहरू टि.भि.मा नारीलाई नांगै पार्ने "लिरिल" र "क्राउनिङ ग्लोरी" का विज्ञापन, ल्कोज अप, फार-ल्कोज अस्प, "गारेदजको दराज मेरी पत्नी जस्तै भर पर्न लायक छ" तथा "उनी एक विशेष महिला हुन, किनभने उनी मेरी पत्नी हुन्" जस्ता नारीको अस्मितालाई नै नकार्ने विज्ञापन-



**हिन्दी फिल्महरूमा नारी फगत शरीर मात्र हुन्छे, जसको दिल-दिमागसँग कुनै सम्बन्ध हुँदैन ।**

हरूलाई भने स्वीकार गर्ने गर्छन् ?

हे नारी ! तिमी युवती ! तिमीलाई पनि यिनीहरू सवैसँग कुनै आपत्ती हुँदैन, उल्टो तिमी "गृहशोभा" पत्रिका पढीपढीकन आफ्नो स्वरूपलाई स्लिम (पातलो) राख्ने, अनुहारलाई कमनीय बनाउने, यस्ता लुगा लगाउने र तिनीहरूलाई यसरी लगाउने कि- पुरूषको मनलाई मोहित गर्न सकियोस् !, राम्रा राम्रा व्यंजनहरू बनाउने, घरलाई सफाउने जस्ता कामहरूमा मात्रै तिमी आफू लागिरहन्छ्यौं, मानौं- पतिलाई खुसीराख्नु, र उसलाई आफ्नो आकर्षक शरीरको मोहपाशमा बाँधि राख्नुमै तिम्रो जीवनको सार्थकता छ । मानौं- तिम्रा भावनाहरू, मानवीय गुणहरू र जीवनलाई अर्थवत्ता दिने कला, साहित्य, विज्ञान जस्ता रचनात्मक कार्यहरूको कुनै अस्तित्व नै छैन !

लागीराख नारी ! यिनै कामहरूमा । रातदिन पतिलाई खुसी गराउनमा नै डुबीराख । तर याद राख-तिमी यति गर्दा पनि पतिलाई खुसी नै बनाउन चाहिं सक्नेछैनौं, बरू आफू नै डुब्ने छ्यौं, वाक्क हुने छ्यौं, र टुट्ने-फुट्ने छ्यौं ।

हेर म्याडम ! सुख भन्ने कुरा मनको अनुभूति हो, चाहे सुखको माध्यम शरीर या भौतिक बस्तुहरू नै किन नबनेका हुन् । पर-निर्भरता, असुरक्षा र अमानवीयकरणमा आधारित यो जुन समाज व्यवस्थामा तिमी रहेकी छ्यौं, यस समाज व्यवस्थामा तिम्रो लागि सुख एक मृग-मरीचिका नै हो । यो समाजलाई बदलेर एक स्वस्थ-सुखद मानवीय परिवेशको निर्माण गरेर मात्र सुख-शान्तिको कल्पनालाई साकार गर्न सकिन्छ ।

यो कुरा साँचो हो कि मेशीनको आविस्कार, औद्योगीकरण, पूँजीवाद र प्रजातन्त्रले नारीलाई आत्मनिर्भर बनाएर उसको मुक्तिको मार्गलाई फराकिलो पार्ने काम गर्दछन्- तर यो रहस्य पनि उत्तिकै सही छ कि- बजारमा बेचिने माल (बस्तु उत्पादन) मा आधारित पूँजीवादी अर्थ-व्यवस्थाले मानिसको श्रमलाई पनि जिनिसमा बदलीदिन्छ, यसकारण मानिसहरूमा सर्वाधिक सुन्दर र आकर्षक नारीहरूलाई पनि संपत्तिको दास-एउटा किन्न-बेचन सकिने "चीज"- मा बदलिदिन्छ । परविन बाबी र किमी काटकरको जस्तै नारीका शरीरहरू फिल्महरूमा बिकीरहेछन्, उद्योगपतिहरूका सावुन या क्याम्पाकोला बेच्नको लागि नारी टि.भि. मा अर्धनग्न भइरहेकी छ, ऊ एपोलो टायर्स लिमिटेडको क्यालेण्डरमा एक्दम नांगी ट्रिडाडियन लड्कीको रूपमा र अंग्रेजी हिन्दी पत्रपत्रिकाहरूमा नांगा-अर्धनांगा तस्वीरहरूको रूपमा बिकीरहेकी छे, लाइसेन्स-परमिट हासिल गर्नका लागि अफिसरहरू र मन्त्रीहरूको निम्ति सप्लाई भइरहेकी छे ....

❑

**अनु. हरिगोविन्द लुइटेल**

(कविता)

# पोथी बास्नु हुँदैन

**- कुन्ता शर्मा**



लामो
समय
अघिदेखि
प्रगतिशील कविता
सृजानामा संलग्न रही
आउनु भएकी कवयित्री
कुन्ता शर्माले लेख्नु
भएको एक कविता यहाँ
प्रस्तुत छ । आठ मार्च
"श्रमिक महिला दिवस"
समाजमा मनाइरहेको
समय परेकोले "नारी-
मुक्ति" बारेको यो
व्यंग्यात्मक कविताको
थप सान्दर्भिकता
समेत रहन गएको
छ ।
- का सं.

**स**धैं सधैं
घरका धुरीहरूमा
बारका घोचाहरूमा
आँगनहरूमा, बार्दलीहरूमा
घाँटी तन्काउँदै, सिउर हल्लाउँदै
बास्ने काम भालेको हो
आवाज उकास्ने काम भालेको हो ।
पोथीले
मात्र कुरकुराउनु पर्छ
आक्रोशका घुड्का चुपचाप निल्नुपर्छ
अण्डा पार्नुपर्छ
ओथारा बस्नुपर्छ
चल्ला काढ्नु अनि तन्मयतापूर्वक
बच्चा हुर्काउनुपर्छ
उन्मुक्त हाँसो हाँस्नु हुँदैन
पोथी बास्नु हुँदैन ।

बाटो बाटो हो
त्यो साँघुरो होस् या फराकिलो
त्यो सफा होस् या घिनलाग्दो
चुपचाप चुपचाप हिंड्नुपर्छ
नयाँ नयाँ कुरा सोच्नु हुँदैन
पुरातनलाई घोच्नु हुँदैन
परिवर्तनमा चासो राख्नु हुँदैन
पोथी बास्नु हुँदैन ।

आँसु हतियार हो
सुस्कान हतियार हो
ठाउँ अनुसार, समय अनुसार प्रयोग गर्नुपर्छ
स्थिति अनुसार, परिस्थिति अनुसार उपयोग
गर्नुपर्छ ।

स्वतन्त्र बिचार राख्नु हुँदैन
उन्मुक्त हाँसो हाँस्नु हुँदैन
पोथी बास्नु हुँदैन ।

तौली तौली बोल्नु पर्छ
शब्दमा आदरभाव खोल्नुपर्छ
पाउमा निहुरिनु पर्छ
दासताको फूल सिउरिनु पर्छ
लक्ष्मण-रेखा नाघ्नु हुँदैन
अधिकार माग्नु हुँदैन
पोथी बास्नु हुँदैन ।

टेक गर्नु हुँदैन
थुनछेक गर्नु हुँदैन
"मालिक मालिक" रट्नुपर्छ
यन्त्र जस्तो भएर छट्नुपर्छ
नयाँ परिवेशमा टेक्नु हुँदैन
परिवर्तनको पाठ घोक्नु हुँदैन
पोथी बास्नु हुँदैन ।

एकदमै अनिष्ट हुन्छ
नीति-नियम रूष्ट हुन्छ
ठूलो अवरोध सहन गर्नुपर्छ
बाधा-बिरोध बहन गर्नुपर्छ
सपना तुहिन सक्छ
जीवन चुडिन सक्छ
ओथारोको अण्डा त्यसै कुहिन सक्छ
चल्लाको कलिलो जीवन नफुल्दै झर्न सक्छ
प्रहार हुन सक्छ
संहार हुन सक्छ
त्यसैले, चेतनाको डाँक बोल्नु हुँदैन
अन्धकारको पर्दा खोल्नु हुँदैन
पोथी बास्नु हुँदैन ।

अबरूद्ध चेतना
कहिलेकाहीं प्रवाहित हुन खोज्दा
जडताको विरूद्ध
गतिशीलताको क्षितिज छुन खोज्दा
उज्यालोले कुत्कुत्याएपछि
सम्पूर्ण सम्पूर्ण साहस जुटाएर
धैर्यताको बाँध फुटाएर
मध्ययुगीन पर्खाल चर्काउँदै
विषाक्त परिवेशहरू थर्काउँदै
मुख खोल्दा,
आँटिला मुटुहरूले
साँचो कुरा बोल्दा
आतंकित बर्बरताहरू
एकैचोटि ब्यूँझिएर
जीवनको विरूद्ध
मृत्यु-घण्ट ठोक्न सक्छन्
एकोहोरो शंख फुक्न सक्छन्
त्यसैले, ठूलो आँट नलिई
दरिलो साथ नलिई काँडाधारीमा पस्नु हुँदैन
उन्मुक्त हाँसो हाँस्नु हुँदैन
पोथी बास्नु हुँदैन ।

*("प्रलेस" अंक- २ बाट साभार)*

❑

# "सामना" संगीत संगम



## राजधानीमा गीत-संगीत र नृत्य-अभिनयको कार्यक्रम प्रस्तुत

गत फागुन २०, २१ र २२ गते काठमाडौंको राष्ट्रिय सभागृहको हलमा अखिल नेपाल जन सांस्कृतिक संघको केन्द्रिय सांस्कृतिक टोली "सामना परिवार" ले ४ शो सांस्कृतिक कार्यक्रम प्रस्तुत गऱ्यो । "सामना-संगीत संगम" को नाममा प्रस्तुत सो कार्यक्रमकै दिन पारेर "सामना" परिवारको दोस्रो क्यासेट एल्बम "जलजला" को विक्री वितरण पनि शुरू गरियो । स्मरणीय छ, यसअघि यस परिवारले "हूरी चल्दैछ, आँधी आउँदैछ" शीर्षकमा क्यासेट प्रकाशित गरेको थियो ।

झण्डै ३ घण्टा लामो उक्त "सामना संगीत संगम" दुई चरणमा विभाजित थियो । पहिलो चरणमा गीतहरू र दोस्रो चरणमा नृत्य एवं अभिनयहरू समाविष्ट थिए ।

*"महाकालीको यदि मायाँ छ भने*
*मेची बोल्नु पर्छ*
*सेती बोल्नु पर्छ*
*सगरमाथा साराका सारा बोल्नुपर्छ"*

गीतहरूको चरणमा प्रस्तुत ६ वटा गीतहरू मध्ये यो बोल भएको गीतले दर्शकहरूलाई बढी आकर्षित गऱ्यो । गीत प्रस्तुतिमा कलाकारहरूको जोश र बाजाहरूको विविधता उल्लेखनीय थियो ।

रोल्पाको उत्तरी भेकमा स्थित जलजला नामक पहाडलाई संवोधन गरेर हालै रोल्पामा भएको प्रतिक्रयावादी दमनको सन्दर्भमा रचिएको गीत अर्को आकर्षक आइटम थियो ।

*"भेटेर तिमीलाई सोधूँसोधू लाग्यो*
*लेखेर तिम्रो गीत गाउँ गाउँ लाग्यो*
*प्यारो जलजला*
*प्यारो जलजला ।"*

गायन, शब्द र प्रस्तुतिका अन्य पक्षहरू समेतलाई विचार गर्दा यो गीत नै उक्त गीति चरणको उत्कृष्टतम गीत थियो ।

दोस्रो चरणमा ८ वटा नृत्यहरू, एउटा प्रहशन एउटा प्यारोडी गीत र एउटा दोहोरी गीत प्रस्तुत गरिएका थिए ।

भुटानी शरणार्थीको मर्म प्रस्तुत गरिएको एक गीति नृत्य, जुन त्यहाँ प्रस्तुत गरिएको थियो, त्यसले कारूणिक भावपूर्ण प्रस्तुतिका कारण दर्शकहरूको मन छुन सफलता पाएको देखिन्थ्यो ।

सल्यान-प्यूठानको वीच भेकतिर प्रचलित "टप्पा" लोक नृत्यमा ३ महिला र ३ पुरूषहरूको नृत्य र युवाहरूलाई संवाधेन गरेर प्रस्तुत गरिएको नृत्य यस कार्यक्रमका गीति नृत्यहरूमध्ये सवैभन्दा उत्कृष्ट थिए । टप्पा नृत्यमा प्रस्तुत गीतको "ल्याउनु छ सुदिन" शीर्षकका शब्दहरूलाई खास गरी महिला कलाकारहरूको दक्षतापूर्ण नृत्य-कलाले राम्ररी साथ दिएको थियो । युवा-गीति नृत्यमा ३ पुरूष र एक महिलाहरू मध्ये कलाकार मणि थापाको जोशिलो प्रस्तुतिले दर्शकहरूलाई विशेष रूपले आकृष्ट गरेको थियो ।

*"यस्तो यो चलन फेर्नलाई*
*अव हतियार लिएर उठ ।"* भन्ने भावले दर्शकहरूलाई तताउँथ्यो ।

*" म फुलेको यो माटोलाई म त मायाँ गर्छु"* भन्ने देशभक्तिपूर्ण गीतमा कलाकार अंजना गुरूडको नृत्य सुन्दर थियो । तर यस गीतको गायन पक्ष चाहिं त्यति खारिएको भने देखिँदैनथ्यो । "नेपालवन्द" मा मरेको छोरालाई संझेर आमाले व्यक्त गरेको भाव प्रस्तुत गर्ने नृत्य राम्रो भएर पनि जति संप्रेषणीय यो हुन सक्थ्यो, त्यति भएको देखिएन ।

*"मनको रहर ...*
*डुंडुंगी बास आउने काठमाडौं शहर*

बोलको प्यारोडीमा शब्द, लय र कलाकार प्रकाश खनाल एवं सुमन गजमेरको नृत्य-अभिनय रोचक थियो ।

कार्यक्रमको अन्तमा "ठाडो" नामक भाकामा दोहोरी गीत प्रस्तुत गरिएको थियो । वर्तमान सत्ताका चर्तिकलाहरूको भण्डाफोर गर्ने यस सामूहिक गीतमा कलाकार खुसिराम पाखिन पनि सामेल थिए । यसले पाखिनको जोशिलो र खारिएको गायन-प्रतिभाको आकर्षक प्रस्तुति पेश गरेको थियो ।

वर्तमान काँग्रेसी कलह समेतलाई प्रस्ट्याउने गरी कार्यक्रममा प्रस्तुत प्रहसनमा साग-मुला बेच्न आएको ज्यापु हुने कलाकारको अभिनय अत्यन्त राम्रो थियो भने खरिद गर्न आएको व्यक्तिको अभियन चाहिं अलि फितलो थियो । यसमा अरू थुप्रै विषयहरूमाथि व्यंग्य गर्न सकिने थियो तर कार्यक्रम लामो हुने भयले गर्दा होला- यो अपूरो झैं लाग्दथ्यो ।

जम्मामा, सामनाको कार्यक्रम एउटा रोचक र सफल प्रस्तुति देखिन्थ्यो । खुसीराम पाखिन, मणि थापा, ध्रुव ज्ञवाली, अंजना गुरूङ, चुन्नु गुरूङ आदि र अन्य सबै कलाकारहरूको प्रतिभा र मिहेनत सफल देखिन्थ्यो ।

पर्दा ढीलो खुल्ने र वाद्य-वादनमा र गायन-नृत्यमा पनि केही ठाउँमा देखिने निखारको कमी यसका शैली पक्षका कमी कमजोरी हुन ।

विषय वस्तुहरूका हकमा भने, केही केही ठाउँहरूमा समसामयिक राजनीतिका मोटामोटा पक्षहरू ज्यादा नारामय शब्दमा अभिव्यक्त हुने




नयाँ प्रकाशित क्यासेट

कमजोरीहरू देखिन्थे । समाजको प्रमुख बैरीमाथिको प्रहारकै हाराहारीमा राखेर मित्रशक्तिहरूको आलोचना गर्ने काम पनि "संसदवादको विरोध" को नाममा केही ठाउँमा भए । यस्ता ठाडा विरोधहरूले मित्रलाई नजीक्याउन हैन, टाढा धकेल्न मात्र मद्दत गर्ने हुँदा यस्ता "विशिष्ठ राजनीतिक लाइन" का कुराहरू प्रस्तुत गर्दा विचार पुऱ्याउनु पर्ने देखिन्छ ।

अर्को कुरा, गीत र नृत्यहरूमा प्रायः गरी "बन्दूक बोक्ने" कुराहरू आउँदा उपस्थित दर्शकहरू रोमाञ्चित भएर ज्यादा तालि बजाएको सुनियो । निश्चय नै जनताको सशस्त्र प्रतिरोध विना आमूल परिवर्तन संभव छैन । तर, अरू जरूरी कुराको पूर्वतयारी बिनानै बन्दूक उठाउन जनतालाई प्रेरित गर्दा कतै यसले विगतको झापाकाण्डको प्रवृत्तिलाई नै पुर्नजीवित गर्न खोज्ने त हैन ? यो प्रश्न सहजै उठ्ने गर्छ, जो व्यापक छलफलका विषयहरू नै हुन् ।

❑

- हरिगोबिन्द लुईटेल





# के तपाई-हामी "तमासे" मात्र हौं ?

**मित्रहरुका क्यासेट चक्काका खातहरूमा एउटै पनि प्रगतिशील गीतको क्यासेट भेटिएन ।**

## कहाँ गए रामेश-रायनहरू ?





**-चन्द्रदेव नेपाली**

*"कहाँ गए रामेश - रायनहरु ? यतिखेर त धडाधड् जनपक्षीय कलाकारहरुले धेरैभन्दा धेरै गिती कार्यक्रमहरु दिनु पर्छ नि ! क्यासेटहरु निकाल्नु पर्छ नि !"*

मेरा केही वामपन्थी मित्रहरु प्राय: भेटघाटका अवसरमा वर्तमान नेपाली प्रगतिशील कला फाँटको अवस्थाबारे कुरा हुँदा यी कुराहरु भन्ने गर्नुहुन्छ । रामेश-रायनहरु अर्थात् जनपक्षीय कलाकारहरु पर्याप्त सक्रिय नभएको देख्दा मित्रहरु दु:खी हुनुहुन्छ ।

- *"सके राम्रा र प्रगतिशील फिलिमहरु नै बनाउन थाल्नु पर्ने हो, नसके पहिले पहिले जस्तै गरी, पहिले पहिले जत्ति मात्रै भएपनि, सांस्कृतिक कार्यक्रमहरु दिनु पर्थ्यो । खोई कता गए जन-कलाकारहरु ? खत्तम छ हालत !"*

- *"धडाधड गिती- क्यासेट एल्बमहरु मात्रै निकाले पनि हुन्थ्यो नि ! त्यति पनि नगर्नु त बडो सरम लाग्दो कुरा नै पनि हो !"*

- *"भएन, यसरी त हुँदै भएन ! एकदम जमेर अगाडि बढ्नु पर्नेमा प्रगतिशील कलाकारहरु किन पछाडि परेका ? किन नउठेका ? किन सुतेका ? किन झोक्राएका ?"*

वास्तवमा मित्रहरुका भनाइहरुमा प्रगतिशील आन्दोलनका हामी प्राय: सबै समर्थक-सहयोगीहरु धेरै हदसम्म सहमत हुन सक्छौं ।

साँच्चै हामीले गीत-संगीत लगायतका क्षेत्रहरुमा प्रचूर मात्रामा राम्रा विकल्पहरु पाउन सकेका छैनौं । हाम्रा जन-कलाकारहरु लामो समयदेखि विचारमा दृढ रहेर यस पक्षमा लागीपरिरहनु भएको छ । उहाँहरु कत्तिलाई त प्रतिकृयावादी क्षेत्रबाट थुप्रै डर, त्राश र लोभ-लालचहरु देखाएर आफूतिर तान्न खोजिएको पनि थियो । तर उहाँहरुले "कलाकार" मात्र भएर "भुँडीवालाहरु"को लागि रक्सी र सितनसँगै रमाइलो गर्ने, सुन्ने-हेर्ने, खालको "मनोरंजक" गीत र नृत्यमा आफूलाई लगाउन चाहनु भएन । छाडा, उत्ताउला र जनविरोधी विचारका गीतहरु गाएर "सस्तो लोकप्रियता" र पैसा कमाउन पनि चाहनु भएन । उहाँहरु त "जनताको कलाकार" हुन चाहनु भयो । दु:ख कष्ट सहेर पनि उहाँहरु यस क्षेत्रमा अडिरहनु भएको छ । हाल यस्ता पुराना जन कलाकारहरुको साथमा थुप्रै नवोदित जन-कलाकारहरु पनि थपिएका छन् । तर पनि हामीले प्रचूर मात्रामा किन जनपक्षीय सांस्कृतिक कार्यक्रमहरु, नाटक, प्रहशन र गिती क्यासेटहरु आदि पाइरहेका छैनौं ?

निश्चय नै यो प्रश्न उठ्नु स्वाभाविक छ र यो प्रश्न उठाइनु जरुरी पनि छ ।

जनवादी कला-साहित्यको विकास र विस्तार भनेको जनवादी आन्दोलनको एउटा अत्यन्त महत्वपूर्ण जरुरी पक्ष हो भन्ने कुरामा हाम्रा नेतृत्वदायी पार्टीहरुको पर्याप्त ध्यान नगएर नै वास्तवमा यसो भएको हो । हाल नेपालमा जनपक्षीय पार्टीहरुको काम चुनाव लड्नु वा चुनाव वहिष्कार गर्नु र यसरी चुनाव लड्दा वा वहिष्कार गर्दा पार्टीमा उत्पन्न हुने विवादहरुमा अल्मल्लिनु नै प्रमुख भएको देखापरेको छ । मोटा मोटा राजनीतिक कार्यक्रमहरु र ठूला ठूला बहस एवं विवादमा हाम्रो जत्ति समय र प्रयत्न खर्च भइरहेछन्, त्यसको एक अंश समय र प्रयत्न मात्र पनि कला-संस्कृतिका दीगो प्रकृतिका कामहरुमा लागेका छैनन् ।

यस्ता कुराहरु पत्र-पत्रिकामार्फत उठाउनुलाई केही मित्रहरुले "उपदेश छाँट्नु" वा "केवल नकारात्मक कुरा मात्र गर्नु"को रुपमा पनि लिने गर्नु भएको पाइएको छ ।

वास्तवमा, पाठक वर्गमा म के कुरा नम्रतापूर्वक प्रष्ट पार्न चाहन्छु भने- यो कुनै उपदेश छँटाइ हैन र यो कुनै नकरात्मक दृष्टिकोण (Negative Approach) को उपजको रुपमा प्रस्तुत गरिएको असन्तुष्टी पनि हैन । जव हाम्रो यथार्थ नै यस्तै छ भने, यो यथार्थलाई स्वीकारौं र यसका कमी कमजोरीहरुलाई हटाऔं भन्ने आशय र आत्मस्वीकृति मात्र यहाँ अप्नाइएको छ । हामीले गर्न सक्ने तर "गर्न सक्छौं" भनेर व्यापक रुपमा अनुभूत नगरिएका कुराहरु उठाउने सानो प्रयत्न मात्र हो - यो ।

माथिकै प्रसंगमा पुन: जाऔं ।

वास्तवमा, कला-साहित्यको विकासमा हाम्रा नेतृत्वदायी अंगहरुले पर्याप्त ध्यान नदिएको कुरा आज हामी धेरैले महशूस गर्न थालेका छौं । यस "महशूस गराइ"लाई कसरी व्यवहारमा उतार्ने भन्ने प्रश्नको समाधान हामीले निकाल्नु जरुरी छ । पार्टीको लागि पैसा चाहिएको बेलामा शहर-बजारमा सांस्कृतिक कार्यक्रम गरिदिएर पैसा जम्मा गरिदिने "उर्वर टोली"को रुपमा मात्र कला- फाँटलाई लिने प्रवृत्तिमा परिवर्तन हुनु जरुरी छ । यसैगरी, चुनावी सभाहरुमा प्यारोडी गाइदिने "तयारी टोली"को रुपमा मात्र यस फाँटलाई लिने हाम्रो र हाम्रा पार्टीहरुको मनोवृत्तिमा पनि परिवर्तन हुनुपर्दछ ।

वैज्ञानिक र जनवादी दिशामा समाजलाई अगाडि बढाउन जरुरी सामाजिक मूल्य र मान्यताहरु निर्माण गर्ने र तिनको प्रचार प्रसार गर्ने महत्वपूर्ण कार्यका लागि कला-फाँटको निरन्तर महत्व रहीरहन्छ । यस महत्वलाई बुझेर यसफाँटको दीगो विकासमा हाम्रा जिम्मेवार संगठनहरु र ती संगठनहरुका सहयोगी शुभेच्छुक हामीहरु लाग्ने हो भने समाजका निम्ति ठूलो काम हुने थियो । यसो भएमा स्वस्थ विचारयुक्त मनोरंजनका सामग्रीहरु संस्थागत रुपमा उत्पादन र वितरण हुन थाल्थे । यसबाट आम-असचेत जनतालाई पनि चेतनाको गोरेटोतिर अघि बढाउन धेरै सजिलो हुन्थ्यो । प्रतिकृयावादी गीतसंगीत र अन्य मनोरंजनका साधनहरुको विकल्पमा हाम्रा राम्रा सामग्रीहरु समाजले पाउने थियो । हाम्रा सचेत कार्यकर्ताहरुले पनि "लय र स्वर भने राम्रा भएका तर विषाक्त विचार बाकेका" जनविरोधी गीतहरु गुन्गुनाएर हिड्नु पर्ने स्थितिको अन्त हुन थाल्ने थियो ।

यसका लागि हामीले ठोस कामहरु हुने वातावरण तयार गर्न लाग्नु जरुरी छ ।

गत पौषमा प्रगतिशील लेखक संघको

**"प्र. ले. संघको गत कार्य कालमा त्यति कामहरु हुन सके, जति कामहरु हामीले गर्‍यौं र त्यति कामहरू चाहिं हुन सकेनन्, जति हामीले गरेनौं ।"**

तेस्रो राष्ट्रिय सम्मेलनको समारोहमा त्यसका अध्यक्ष तथा नेपालका दीर्घसेवी साहित्यकार श्यामप्रसाद शर्माले आफ्नो सरल शैलीमा भन्नु भएको थियो- "प्र. ले. संघको गत कार्य कालमा त्यति कामहरु हुन सके, जति कामहरु हामीले गर्‍यौं र त्यति कामहरू चाहिं हुन सकेनन्, जति हामीले गरेनौं ।"

## के "साजन" फिल्मसँग चाहिं हाम्रो मतभेद छैन ?



श्यामप्रसाद शर्मा

सरल, तर मार्मिक उहाँको यो भनाइले हाम्रो यथार्थलाई निकै राम्ररी औल्याएको छ । वास्तवमा हाम्रो समग्र कला- फाँटमा यही भएको छ । हामीले जति गर्‍यौं, ती कामहरु भएका छन्, जत्ति गरेनौं ती भएका छैनन् । त्यसैले पर्याप्त काम नहुनुको कारण अरु हैन, हामी नै हौं । र पर्याप्त काम किन भएनन् भने- पर्याप्त काम हामीले गरेनौं ।

कला-फाँटका विद्यमान समस्याहरु पनि कम गम्भीर छैनन् नै, तर हाम्रो आन्दोलनले यस फाँटमा गम्भीर रुपले ध्यान दिने हो भने यी समस्याहरु ढीलो या चाँडो हल हुन नसक्ने छैनन् । खाँचो संगठित सक्रियताको हो । सक्रियता कम हुनुको कारण यस पक्षको महत्व- बोध राम्ररी नहुनु हो ।

यदि कला-फाँटले राम्रो प्रकारले सबैको ध्यान पाउने हो भने यसबाट निरन्तर सामाजिक जरुरतको पूर्ति मात्र हुने हैन, पार्टीहरुको निमित्त जरुरी "अर्थ संकलन" वा उपयोग वा वहिस्कारको चुनावी प्रचार" नै पनि साथसाथै हुने थिए । यस्ताखाले काम पनि आन्दोलनका निम्ति, जरुरत अनुसार, गर्नु पर्ने र हुनुपर्ने काम नै हुन् । यसमा पनि कसैको आपत्ति हुने र हुनुपर्ने कारण नै के छ र ?

हाल प्रगतिशील कला फाँटलाई प्रोत्साहित गर्न र यसको विकास गर्न संवन्धित संस्थाहरुले त पर्याप्त ध्यान दिएनन् नैं । तर के यसो भनेर असन्तुष्टी पोख्ने हामी "सचेत" मान्छेहरुले चाहिं यसका निमित्त कुनै "सिन्को भाँच्यौ" त ? हामीहरु हरेकको व्यक्तिगत जिम्मेवारी पनि यसमा छ कि छैन ? के हामी हरेकले व्यक्तिगत रुपमा पनि यसबारे केही गर्न सक्दैनौं ?

अपशोचको कुरा ! यी प्रश्नहरुको जवाफ खोज्ने हो भने पनि हामी धेरै प्रतिशत दुःखी हुनु पर्ने स्थिति यहाँ विद्यमान छ ।

आउनुस् यसबारे एक छिन चर्चा गरौं ।

माथि शुरुमा प्रस्तुत गरिएका "कहाँ गए रामेश- रायनहरु ?" भनी असन्तुष्टिका स्वरहरु निकाल्ने मेरा ती थुप्रै मित्रहरुले पटक पटक ती असन्तुष्टीहरु पोख्नु भएपछि मैले एउटा सर्वेक्षण अभियान शुरु गरें ।

सर्वेक्षणको रुपमा मैले ती धेरै वामपन्थी मित्रहरुकहाँ जाँदा उहाँहरुको कोठाका भ्यालका छेउमा वा दराजका कुनामा रहेका उहाँहरुका रेडियो- क्यासेटहरु जाँच्न थाले । प्रायः सबैकहाँ दश बाऱ्ह वटा देखि लिएर पच्चीस तीस वटासम्म क्यासेटका चक्काहरु क्यासेट प्लेयरसँगै चाङ्ग लगाएर राखिएका पाइए । मैले हेरें- ती चाङ्गहरुलाई । मैले जाँचे ती खातहरुलाई ।

तर अत्यन्त दुःख लाग्ने अवस्था मैले त्यहाँ पाएँ- सबै मित्रहरुका ती क्यासेटका खातहरुमा एउटा पनि प्रगतिशील गीतको क्यासेट चक्का थिएन । त्यहाँ चालु हिन्दी सिनेमाका थुप्रै क्यासेटहरु थिए । केही नेपाली फिल्म र रेडियो गीतका क्यासेट पनि थिए । एक दुई जनाकहाँ त एक दुई वटा अंग्रेजी गीतका क्यासेट पनि थिए ।

तर ती चाङ्गहरुमा "आस्था"को कुनै एउटा क्यासेट पनि थिएन, "इसास"को कुनै एउटा क्यासेट पनि थिएन," रक्तिम परिवार" वा "सामना परिवार" अथवा "जन सांस्कृतिक मंच" वा "कोरस परिवार"को कुनै एउटा गिती क्यासेट पनि थिएन ।

त्यहाँ "बडी महंगी पडेगी जुदाइ, किसिसे प्यार ना करे" भन्ने गीत थियो, तर "रक्त क्रान्तिको ज्वालामुखीमा आज उठेको यो बलिदान" भन्ने गती थिएन । त्यहाँ माइकल ज्याक्सन थियो, तर खुसीराम पाख्रिन वा मणि थापा थिएनन्, त्यहा कुमार बस्नेत र राम थापा थिए तर जीवन शर्मा र साम्दे शेर्पा वा राजन राई थिएनन् । त्यहाँ लता मंगेसकर र आशा भोस्ले थिए तर अंजना गुरुङ्ग थिएनन् । त्यहाँ नारायण गोपाल र किशोर कुमारहरु थिए तर रामेश र रायनहरु थिएनन् ।

प्रगतिशील कला क्षेत्रको, विकास नभएकोमा असन्तुष्ट हुनेहरुको यो हाल ?

प्रिय पाठकहरु ! तपाईंहरु पत्याउनु हुन्न होला । तर यो यथार्थ हो । यो अत्यन्त दुःख लाग्दो यथार्थ हो । हो, यहाँ यस्ता हामीहरु धेरै छौं, जो ठूलो ठूलो कुरा गर्छौं, तर त्यस कुराप्रतिको आफ्नो सानो भन्दा सानो कर्तव्य पनि पूरा गर्दैनौं ।

आज प्रगतिशील कलाकारहरु विभिन्न समूहमा रहेरै पनि र थोरै मात्र भएपनि जत्ति सक्रिय छन्, तिनलाई सहयोग गर्नु, हौसला दिनु के हाम्रो काम हैन ? अरु थोक गर्न नसके पनि उनीहरुले बल्लतल्ल निकालेका एक दुईटा क्यासेटका चक्का त हामी किनीदिन सक्छौं । यो त हाम्रै लागि पनि उपयोगी कुरा नै हो नि ! हामीले खोजेकै कुरा हो नि !

तर किन हामी यसो गरिरहेका छैनौ ?

यो प्रश्न हामी आफूले आफूलाई सोध्नु जरुरी छ ।

यहाँ अरु क्यासेटहरु सुन्दै, नसुनौं, घर परिवारलाई सुनाउँदै नसुनाऊँ ! भन्न पनि खोजिएको हैन । चाहनु हुन्छ भने सुन्नुहोस् ती कुराहरु पनि । तर तिनीहरुलाई तिनका गुण र दोषहरु छुट्याएर केलाउँदै, आलोचनात्मक रुपले ग्रहण गर्नुहोस्, परिवारलाई वा केटाकेटीहरुलाई पनि त्यसो गर्न मद्दत गर्नुहोस् ।

तर तपाईंले "काम गरेनन्" भनेर गुनासो पोख्नु भएका ती हाम्रा जनवादी कलाकारहरुका एक दुई वटा मात्र पनि निस्किएका कृतिहरु चाहिं तपाईंको खोजी र खरिदका विषय हुनुपर्छन् कि पर्दैनन् ?- आफैं सोच्नु-होस् ।

प्रगतिशील कलाकारहरुले वडो दुःखपूर्वक निकालेका थोरै संख्याका यी गिती क्यासेटहरु उत्पादन लागतका हिसाबले अरु क्यासेट भन्दा दुई रुपियाँ महंगा होलान्, सत्ता र सम्पत्तिको छेलोखेलोबाट ननिस्किएका हुनाले तिनीहरुमा केही प्राविधिक कमी पनि होलान् । त्यसो भन्दैमा के ती हाम्रा लागि प्रिय वस्तु ठहरिंदैनन् ?

मित्रहरूसँग पैसा नभएर ती क्यासेटहरु किन्न नसक्नुभएको हो कि भनौं भने मित्रहरुका ती अरु क्यासेटहरुको चांगले नै प्रमाणित गर्दछन् कि पैसाको खाँचो प्रमुख कारण हैन । गीत-संगीतमा मित्रहरुको पटक्कै रुची नभएको हो कि भनौं भने पनि तिनै चीजहरुले यस कुराको पनि खण्डन गर्छन् । र, फन मित्रहरु हाम्रो कला-क्षेत्र कमजोर भएकोमा असन्तुष्ट समेत हुनु हुन्छ । यति "सचेत" र समर्थ व्यत्तिहरु- हामीहरु ! तर वास्तवमा हामीहरु आफूलाई "तमासे" मात्र ठान्दारहेछौं, आफ्नो दायित्व केही नभएको ठान्नै र कुरा काट्न चाहिं पछि नपर्ने तमासे !



**साह्रै धेरै नभए पनि केही त छन् नि हाम्रा गिती क्यासेटहरू**

अनि हामी नै चाहँदा रहेछौं- हामी आफूले समर्थन गरेको वाम-आन्दोलन चौतर्फी रुपले फुलोस्, फलोस् ! आफूले भने सिन्को भाँच्नु पनि नपरोस्, तर स्थिति भने सब आफूले चाहेजस्तै होस् ।

आफू चाहिं अरु थरि गीत- संगीतमा लगानी गर्ने, अनि चाहना चाहिं गर्ने जनवादी गति-संगीतको विकासको !

हामी आफू चाहिं आफू र परिवारको लागि जनवादी गीतहरु नखोज्ने, संकलन नगर्ने, बच्चाहरुलाई नसुनाउने तर आम- जनताले चाहिं ती कुराहरु खोजोस्, संकलन गरोस्, सुनोस्, सुनाओस् भन्ने चाहना राख्ने !

रामेश- रायनहरु कता हराए ? भनी आक्रोशित जस्तै हुने, तर उनीहरुलाई उनीहरुको रचना किनीदिएर गरिने सहयोगसम्म मात्रै पनि नगर्ने !

वास्तवमा, यो विडम्वनापूर्ण स्थितिलाई हामीले तोड्नै पर्छ । हामी सबैले यस दिशामा थोरै मात्र चाख बढाएमा पनि हाम्रा कलाकारहरुलाई ठूलो टेवा पुग्न जान्छ । उनीहरुले क्यासेट वा कार्यक्रम तयार गर्न गरेको खर्च मात्र बेलैमा उठ्यो उनीहरुलाई भने मात्रै पनि अर्को रचना तयार गर्न मद्दत पुग्छ । शुरुको केही हजार क्यासेटहरु विक्री भए भने थप क्यासेटहरुको परल मूल्य कम पर्न जाने हुन्छ र अरु व्यवसायिक क्यासेटकै सरह कम मूल्यमा त्यो विक्री गर्न सम्भव हुन जाने हुन्छ । यही स्थितिको थप विकास भएमा हाम्रा कलाकारहरुलाई रोजगारी नै पनि यही कला-क्षेत्रले दिन सक्ला । यसो भएमा उनीहरुले पूरै समय यसैमा लगाउन सक्ने भई कला-कर्महरुको मात्रा र स्तर दुवै बढ्नेछन् ।

त्यसैले, अन्तमा पुनः माथि वर्णित प्रसंगकै एउटा प्रश्न यहाँ उभ्याएर म पाठक वर्गसँग विदा माग्छु । हे, सचेत नेता र कार्यकर्ता मित्रहरु हो ! तपाई- हाम्रा घर- डेरामा कति वटा प्रगतिशील गिती क्यासेटहरुका चक्का संकलित छन् ? -के हामीले राम्ररी ध्यान दिएर गनेका छौं ? फुर्सदका समयमा ती गीतहरू सुन्ने सुनाउने काम हामीले गरिरहेका छौं ? कसैले सोध्न आएमा "नेपालमा हाल जनपक्षीय गीतहरू यस्ता छन्" भनी नमूना मात्रै पनि बजाएर सुनाउन हामी सक्छौं ?

यहाँनेर, एउटा अर्को कुरा पनि उल्लेख गर्नु जरूरी छ, त्यो हो- विभिन्न वामपन्थी कला-समूहहरुसँग हाम्रो मतभेद भएकोले तिनीहरुका रचनाहरु हामीले किन्न नरुचाएको पनि हुन सक्छ ।

यदि यसो हो भने म पुनः प्रश्न गर्छु- के "साजन" फिल्मसँग चाहिं हाम्रो मत भेद छैन ? ननुपललोटा, रफीवा किशोर कुमार वा माइकल ज्याक्सन वा रामथापा, कुमार वस्नेत वा नारायण गोपालहरुसँग चाहिं हाम्रो मतभेद छैन ?

❂

# सबै कुरा "क्रान्ति" भएपछि मात्रै गर्ने कि क्रान्तिको प्रकृया आजैदेखि थाल्ने ?

**"संगठन केका लागि ? संगठन विस्तार का लागि"**

– प्रज्ञान रत्न

*"उत्पादन बढाउने, स्वास्थ्य स्तर बढाउने, सांस्कृतिक स्तर बढाउने वा शैक्षिक स्थितिमा फेरबदल ल्याउने काम पनि क्रान्तिकारीहरूले गर्ने काम हो र ? त्यो त सुधारवादी काम हो नि !"*

*"जनताको जीवनका समस्याहरू हल गर्न खोज्ने पनि अहिले हो र ? त्यो काम त क्रान्तिपछि गर्ने हो नि !"*

*"अहिलेको काम त जुलूस, आमसभा गर्नु हो, पर्चा-पोष्टर गर्नु हो, हडताल र "नेपालबन्द"हरु गर्नु हो, संगठन बढाएर सत्तामा पुग्नु हो । हाम्रो वामपन्थी विकल्प त त्यसपछि लागु गरेर देखाईदिने हो । अनि हेर न, नेपाल कस्तो स्वर्ग बन्ने छ ।"*

*"साथी हो !, संगठन ठूलो पार्नुहोस् सगठनको काम नै संगठन विशाल पार्नु हो ।"*

यी र यस्ता धारणाहरु हाम्रो आन्दोलनमा छ्यासछ्यास्ती सुन्न पाइन्छन् । हामी सबैमा, कार्यकर्तादेखि नेतासम्ममा, संगठन, क्रान्ति र सत्ता सम्बन्धमा यही धारणाले जरो गाडेको पाइन्छ ।

हाम्रो चिन्तनमा यो धारणाले बलियोसित घरजम बसाएको हुनाले हामी वामपन्थीहरू जुन जुन इलाकामा र क्षेत्रमा बलियो स्थितिमा छौं, ती जम्मै ठाउँमा पनि हाम्रो उत्पादन प्रणाली पुरानै छ । राजनीतिक प्रणाली उस्तै छ । जनताको विचारधारा र सांस्कृतिक स्तर उस्तै छ, शैक्षिक व्यवस्था पुरानै छ, स्वास्थ्य पद्धतिमा केही फेरबदल छैन । आधारभूत रुपमा सबै उस्तै छ, फरक यति मात्रै छ कि त्यहाँ वामपन्थी बाहुल्य छ । त्यहाँ वामपन्थीहरूको हाल-हुकुम चल्छ । त्यहाँ वामपन्थीहरूले ल्याउने सुनौला क्रान्तिको विहानप्रति जनतामा अपूर्व विश्वास र आशा छ । अन्तर फगत मात्राको छ, गुणको छैन ।

के संगठन, क्रान्ति र सत्ता संबन्धी हाम्रो यो धारणा सही छ ? के जनताको जीवन स्थिति, आर्थिक, सामाजिक प्रणाली र वैचारिक सांस्कृतिक स्थितिमा सामान्य फेरबदल ल्याउनको लागि पनि क्रान्ति सम्पन्न हुने दिन पर्खि रहनु जरुरी छ ? के आफ्नो पकडका ठाउँहरूमा जनसत्ता कायम गर्न र सुदृढ पार्नको लागि, जनताको जीवन स्थितिको विकास हुने काम गर्नको लागि नेपालमा गणतन्त्र घोषित हुने दिनको प्रतिक्षा गरिराख्नु जरुरी छ ?

जनसत्ता कायम र सुदृढ पार्दै, जनताको जीवनमा' विकास हुने कामहरू पनि गर्दै क्रान्ति, कि क्रान्तिपछि मात्र जनसत्ता र जनताको जीवनको विकासको काम ?

हामीले क्रान्तिलाई जनता स्वयंले आफ्नै सजग सहभागितामा अन्याय र उत्पीडनको एउटा वर्ग स्थितिलाई आमूल परिवर्तन गर्ने प्रक्रियाको रुपमा बुझेको भए जहाँसुकै, जुनसुकै बेला पनि त्यो परिवर्तनको प्रक्रिया थाल्न सकिन्थ्यो । त्यसको लागि कुनै काल्पनिक सुनौला क्रान्तिको विहान पर्खेर बस्नु जरुरी हुन्नथ्यो । जे जति अन्यायपूर्ण, र उत्पीडनकारी सामाजिक सम्बन्धहरू छन्, सामाजिक स्थितिहरू छन्, तिनलाई जनता स्वयं जति हदसम्म सचेत, तम्तयार र संगठित हुन्छन्, त्यति हदसम्म भत्काउँदै लान सकिन्थ्यो । त्यसको ठाउँमा नयाँ, न्यायपूर्ण र मुक्तिदायी सामाजिक सम्बन्धहरू र व्यवस्था बनाउँदै लान सकिन्थ्यो । जुन दिन देशव्यापी रुपमा अन्यायपूर्ण र उत्पीडनकारी हालको एउटा सम्बन्ध र व्यवस्था खत्तम गरेर अर्को उन्नत, प्रगतिशिल र न्यायपूर्ण संबन्ध र व्यवस्था स्थापना गर्ने कार्य सम्पन्न गर्न सम्भव हुन्थ्यो- हामीले क्रान्तिको एउटा प्रक्रिया पूरा गरेका हुन्थ्यौं । हामीले एउटा स्तरको क्रान्ति सम्पन्न गरेका हुन्थ्यौं । र तुरुन्तै फेरि क्रान्तिको अर्को उन्नत प्रक्रिया शुरु गर्ने कुरा हुन्थ्यो ।

गडबड कता भयो भने- हामीले क्रान्तिलाई एउटा निरन्तर द्वन्द्वात्मक प्रक्रियाको रुपमा बुझेनौं, जसमा परिवर्तनको मात्रात्मक प्रक्रिया शुरु हुन्छ, एउटा बिन्दुमा पुगेपछि पहिलेको स्थितिले गुणात्मक रुपमा फड्को मार्छ र फेरि परिवर्तनको अर्को उन्नत प्रक्रिया शुरु हुन्छ, अर्को उन्नत फड्कोको लागि । परिवर्तनको प्रक्रियामा कतै विराम हुँदैन । तर हामीले क्रान्तिलाई यान्त्रिक रुपमा खाली एउटा फड्कोको रुपमा मात्र बुझ्यौं ।

क्रान्ति एउटा फड्को त हो नै । तर के एउटा निरन्तर परिवर्तनको प्रक्रियाविना फड्को उत्तिकै आउँछ र ? जस्तो, पानीलाई उदाहरणको रुपमा लिऊँ । पानी १०० डिग्री तापक्रममा पुगेपछि उम्लन्छ । त्यो एउटा फड्को हो, पानीको स्थितिको मामलामा त्यो क्रान्ति नै हो किनकि यही बिन्दुमा पानी वाफ बन्न थाल्छ । तर के १०० डिग्री तामक्रममा पानी उत्तिकै पुग्छ ? के पानी उत्तिकै वाफ बन्न थाल्छ ? १०० डिग्री तामक्रममा पुग्न १, २, ३ डिग्री गर्दै ९९ डिग्रीसम्म पुगेको न हुनुपर्थ्यो ! अनि मात्रै न त्यो १०० डिग्री तापक्रममा पुग्छ ! फेरि वाफ बनेपछि पनि परिवर्तनको प्रक्या त समाप्त भएको हुन्न नै ।

खाली फड्कोको रुपमा क्रान्तिलाई बुझ्ने हाम्रो गल्ती कहाँ हुन गयो भने- हामीले १०० डिग्री तापक्रममा पानीले वाफको रुपमा फड्को मार्ने कुरा त बुझ्यौं, तर त्यो १०० डिग्रीको स्थितिसम्म ल्याउन पार गर्नु पर्ने बीचको प्रकृया भने छोडिदियौं । हामीले १, २, ३ गर्दै नै पानी १०० डिग्री तापक्रममा पुग्ने द्वन्द्वात्मक प्रक्रिया छोडिदियौं । एक्कासी, यान्त्रिक रुपमा, पानी वाफमा फड्को मार्ने ध्याउन्नमा हामी रहयौं । यो हाम्रो यान्त्रिक चिन्तन प्रक्रियाको उपज हो । यो द्वन्द्वात्मक चिन्तन प्रक्रिया होइन ।

हो, पहिलेको अन्यायपूर्ण र उत्पीडनकारी एउटा वर्ग-संबन्ध र वर्ग-व्यवस्था देशभरि पूरा ढलेपछि एउटा चरणको क्रान्ति सम्पन्न भएको हुन्छ । तर त्यो देशभरी पूरा ढल्ने स्थिति आउँछ कसरी ? कुन प्रक्रिया भएर गुज्रँदै त्यो उचाइसम्म पुगिन्छ ? के त्यो उत्तिकै आकाशबाट फुत्रुक्क झर्छ ? के हामी कार्यरत भएको प्रत्येक इलाकामा क्रान्तिको प्रक्रिया नथालीकन देशभरि क्रान्ति सम्पन्न हुने प्रक्रिया उत्तिकै पूरा हुन्छ ?

हामीले भने हामी कार्यरत कुनै इलाकामा पनि आमूल परिवर्तनको प्रक्रिया थालेका छैनौं । हामीले संगठन बढाएका छौं, समर्थन गर्ने मानिसहरू बढाएका छौं । तर त्यहाँको पुरानो उत्पादन सम्बन्ध र व्यवस्था, जति सकिन्थ्यो त्यति, पनि फेरेका छैनौं । चिन्तन प्रणाली र सांस्कृतिक स्थिति फेरेका छैनौं । स्वास्थ्य स्थिति फेरेका छैनौं । शैक्षिक व्यवस्था फेरेका छैनौं । आखिर किन त ?

किनभने, त्यो त क्रान्ति सम्पन्न गरेपछि मात्र फेर्ने कुरा हो भन्ने हाम्रो समझदारी छ । किनभने, पहिले क्रान्ति गर्ने र सत्ता आफ्नो हातमा लिने, अनि मात्र ती पुराना व्यवस्थाहरू फेर्न थाल्ने भन्ने हाम्रो क्रान्ति सम्बन्धी बुझाइ छ' । हाम्रो यो बुझाइ पानीलाई १, २, ३ डिग्री गर्दै ९९ डिग्रीसम्म नतताई एक्कासी १०० डिग्रीको तापक्रममा यो वाफमा बदलेको पाउने समझदारीभन्दा कम गलत र कम अवैज्ञानिक छैन ।

यहाँनेर आधारभूत प्रश्न के हो भने, के हामी कार्यरत घर घरमा, इलाका इलाकामा पुरानो, थोत्रो सम्बन्ध, व्यवस्था, संस्कृति र मानसिकता नफेरी देशव्यापी रुपमा त्यो फेरिने दिन (अर्थात क्रान्ति) उत्तिकै आउला भनेर आशा गर्न सकिन्छ ? हामीले घरघरबाट, इलाका इलाकाबाट प्रगतिशील परिवर्तनको प्रक्रिया थालेर आमूल परिवर्तनको फड्को ल्याउँदा क्रान्ति संभव हुन्छ कि पहिले एक्कासी क्रान्तिको अपेक्षा राखेर त्यसपछि मात्र परिवर्तनको प्रक्रिया थाल्ने समझदारीद्वारा क्रान्ति संभव हुन्छ ?

क्रान्ति सम्बन्धी हाम्रो समझदारी गलत छ । यसलाई फेर्नु जरुरी छ ।

क्रान्तिकारी फड्को देशव्यापी रुपमा ल्याउनका लागि हामीले सर्वप्रथम आफू आफूबाट घर, घरबाट, इलाका इलाका र जिल्ला जिल्लाबाट अहिले नै क्रान्तिकारी परिवर्तनको प्रक्रिया थाल्न जरुरी छ, त्यसो गर्न सम्भव पनि छ । त्यसको लागि कुनै "सुनौला विहान"को प्रतिक्षामा रहीराख्नु

**के हामी कार्यरत घर-घरमा ईलाका-इलाकामा पुरानो, थोत्रो सम्वन्ध, व्यवस्था, संस्कृति र मानसिकता नफेरी देशव्यापी रूपमा त्यो फेरि ने दिन (अर्थात् क्रान्ति) उत्तिकै आउला भनेर आशा गर्न सकिन्छ ?**

जरुरी छैन । आफू कार्यरत कुनै पनि इलाकामा पुरानो, थोत्रो, अन्यायपूर्ण उत्पादन प्रणाली र सम्बन्ध भत्काउन र नयाँ, न्यायपूर्ण र प्रगतिशील प्रणाली र सम्बन्ध स्थापना गर्न त्यहाँका जनताहरु अहिले नै आफूखुशी तयार हुन्छन्- भने केले उनीहरुलाई त्यसका निम्ति संघर्षशील हुन छेक्न सक्छ ? किन उनीहरूले त्यस निम्ति देशभरि जनवादी क्रान्ति सम्पन्न हुने दिन पर्खिरहने ? त्यस्तै कुनै इलाकामा सानो सानो टुक्रा जमीन भएका किसानहरु अहिलै नै उत्पादन बढाउनका लागि आफूखुशी वैज्ञानिक र सघन सहकारी खेती थाल्न तयार हुन्छन् भने उनीहरुले किन त्यसको लागि क्रान्ति संपन्न हुने दिन पर्खिरहने ? किन उनीहरूले अहिल्यै त्यो प्रगतिशील परिवर्तनको प्रक्रिया नथाल्ने ? कुनै इलाकामा हाम्रो कार्यद्वारा त्यहाँका वासिन्दाहरू त्यहाँको स्वास्थ्य चेनता र स्वास्थ्य व्यवस्थामा आमूल हेरफेर ल्याएर जनसहभागितामा नयाँ र प्रगतिशील स्वास्थ्य व्यवस्था ल्याउन तयार हुन्छन् भने त्यसका लागि नयाँ जनवादी क्रान्ति कुन दिन होला भनेर किन प्रतिक्षारत हुन जरुरी हुन्छ ?

जीवनको अनेकौं पक्षमा परिवर्तनको प्रक्रिया प्रत्येक इलाकामा अहिल्यै थाल्नु संभव छ । यसको लागि ढोल पिटिरहनु जरुरी नै छैन ।

तर हामीले बुझ्नु जरुरी छ कि- यो मात्रात्मक परिवर्तनको प्रक्रियाको थालनी मात्र हो । पानीलाई १, २, ३ डिग्री तापक्रम गर्दै १०० डिग्री तापक्रमसम्म पुऱ्याउने प्रकृयाको थालनी जस्तै हो यो । गुणात्मक फड्को १०० डिग्रीमा पुगेपछि नै हुन्छ । तर त्यो फड्कोमा पुग्न उत्तिकै सकिन्न । जीवनका सबै पक्षमा मात्रात्मक परिवर्तनको प्रक्रिया अहिल्यैदेखि थालेर मात्र भरे देशव्यापी रुपमा गुणात्मक परिवर्तनको स्थिति ल्याउन संभव हुनेछ । जीवनको सबै पक्षमा प्रगतिशील परिवर्तन अहिल्यैदेखि थाल्दै अन्ततः देशव्यापी गुणात्मक फड्को अर्थात क्रान्ति र त्यसपछि पनि फेरि प्रगतिशील परिवर्तनको प्रक्रिया र अर्को गुणात्मक फड्को । हाम्रो क्रान्ति सम्बन्धी धारणा यस्तो हुनु नै सही र वैज्ञानिक छ ।

वामपन्थीहरू कार्यरत इलाकामा अहिले नै जनताको जीवन स्तरमा प्रगतिशील परिवर्तन हुन थाले, उत्पादन बढ्न थाल्ने, बेरोजगारी घट्न थाल्ने, अन्यायको स्थिति घट्न थाल्ने, थोत्रा-पुराना चिन्तन प्रणाली, चाल चलन र संस्कृति खत्तम हुन थाल्ने, जनताको स्वास्थ्य चेतना र स्वास्य स्थितिमा व्यापक हेरफेर हुन थाल्ने चौतर्फी विकास हुन थाल्ने हो भने बामपन्थीहरूले भन्ने गरेको जनक्रान्ति र जनसत्ता भनेको के हो, त्यो बुझ्ने बुझाउन फगत कल्पनाको त्यो "सुनौलो भोलि" पर्खनु पर्ने छैन । कार्यरत इलाका आफैं त्यसको प्रत्यक्ष सबूत हुनेछन । त्यहाँको काम आफैं अन्यत्रको लागि सशक्त विज्ञापन र प्रचार हुनेछ । प्रतिक्रियावादीहरू कार्यरत भएको ठाउँ र त्यो ठाउँको बीचको तुलना आफैंले धेरै कुरा भन्ने छ ।

तर यस्तो हुन सकिरहेको छैन । आखिर किन ? किनभने, हामीमा मात्रात्मक परिवर्तनको प्रक्रियाको कामै नथालीकन गुणात्मक फड्कोको अपेक्षा राख्ने चिन्तन प्रणाली छ । किनभने, हामीमा क्रान्ति भनेको आमूल परिवर्तनको दिशातिर निर्देशित सतत परिवर्तनको प्रक्रिया हो भनेर बुझ्ने चिन्तन प्रणाली नै छैन । त्यसैले त हामी भनिरहेका छौं- पहिले केन्द्रीय सत्ता त कब्जा गरौं ! त्यसपछि सबै ठीकठाक हुनेछ, त्यसपछि नै जनताको जीवनमा परिवर्तन ल्याउने काम गर्ने हो ! क्रान्ति बारेको हाम्रो सोच र पण्डित पुरोहितहरूको स्वर्ग बारेको सोचमा खासै अन्तर देखिन्न ।

सत्ता बारेको हाम्रो समझदारी पनि दोषपूर्ण छ । हाम्रो समझदारी के छ भने- पहिले हामी वामपन्थीले केन्द्रीय सत्तामा कब्जा जमाउने हो, त्यसपछि जनताको लागि असल असल सुविधा र सहुलियतका प्याकेजहरू उपहारस्वरुप र दयावश जनतलाई प्रदान गर्ने हो ।

> **धनुषाको मधुवासामा इन्द्रबहादुर क्याप्छाकी जस्ता "गैर-कम्युनिष्ट" ले त यस्ता काम थाल्न सके भने हामी कम्युनिष्ट हौ भन्नेहरुले पनि यसो गर्न सम्भव छ । जीवनको हरेक मामलामा झनै नयाँ प्रगतिशील व्यवस्था थाल्न सकिन्छ ।**

हामीले भनेको क्रान्तिको मुख्य सार हो- केन्द्रीय सत्तामा हामी वामपन्थीको कब्जा हुनु । यो कब्जाको लागि जनतालाई प्रयोग गर्ने हो । जनताको समर्थन प्राप्त गर्ने हो । जनसमर्थन भऱ्याङ हो हाम्रो लागि, जसमा चढेर हामी सत्ताको माथिल्लो तलासम्म पुग्ने छौं ।

सत्ता बारेको यो समझदारीमा रहेको मुख्य दोष के हो भने- यसमा "हामी" शक्तिसम्पन्न हुने प्रक्रिया छ, जनता शक्तिसम्पन्न हुने प्रक्रिया छैन । यसमा जनतालाई भऱ्याङ झैं उपयोग गर्ने धारणा अन्तर्निहित छ, जनताकै सचेत सहभागीतामा जनसत्ता स्थापित गर्ने धारणा अन्तर्निहित छैन । यसमा जनताको लागि सत्ताले माथिबाट दयावश केही राम्रा राम्रा सुविधा, सहुलियतहरू दान गर्ने धारणा निहित छ, जनताको आलोचनात्मक सजगता आधारित भएर तलमाथि दुबैतिरबाट उनीहरुकै स्रोत र सहभागितामा सुविधा सहुलियतहरू झन् झन् अभिबृद्धि गर्दै लैजाने धारणा छैन । सत्ता सम्बन्धी यो धारणाले अन्ततः जनसत्तामा स्थापित हुँनेछैन, जनताबाट कटेको एउटा नोकरशाही राज्ययन्त्र खडा हुनेछ, जो कल्याणकारी होला तर जनसत्तामुखी हैन, जस्तो सोभियत संघ र पूर्वी यूरोपेली मुलुकहरूमा भयो । सत्ता बारेको यो धारणा "हामी" र "हाम्रो सत्ता" स्वार्थमुखी छ । सारमा, यो पनि व्यक्तिवादको अभिव्यक्ति हो, तर "हामी" जोडिएको हुनाले यो "सामूहिक व्यक्तिवाद" हो ।

मार्क्सवादीहरूको सत्ता सम्बन्धी धारणा जनसत्ताको धारणा हो र हुनु पर्ने हो ।

जनसत्ता भनेको त्यो सत्ता हो, जसमा मुलुकका बहुसंख्यक जनताहरू अनिवार्य रुपमा शक्ति सम्पन्न भएका हुन्छन् । त्यो शक्ति-सम्पन्नता जीवन र राज्यको हरेक प्रबन्ध र मामलामा उनीहरूको आफ्नै सचेत सहभागिता र उनीहरूको आलोचनात्मक सजगताले हमेशा सुनिश्चित गरेको हुन्छ, संविधानमा राम्रा राम्रा धाराहरू लेखिनाको कारणले मात्र होइन । राज्य र जीवनको हरेक प्रबन्धमा केही "कल्याणकारी" पदाधिकारीहरूको मात्र निर्णायक भूमिका हुन्छ, बहुसंख्यक जनता त्यसमा, सारमा, तमासे, असहभागी, अनालोचक र असजग नै रहन्छन् भने त्यस्तो सत्ता कदापि जनसत्ता हुँदैन । त्यो अनिवार्य रुपमा नोकरशाही सत्ता नै हुन्छ ।

जनशक्ति सम्पन्नता + जनसहभागिता + जनताको आलोचनात्मक सजगता = जनसत्ता

जनसत्ता सम्बन्धी वामपन्थीहरूको धारणा यस्तो हुनु पर्ने हो ।

जनसत्तामा- क्रान्तिकारी नेताहरूको भूमिका- नोकरशाहहरूको जस्तो- "निर्णय लाद्ने" र "सुविधा सहुलियत दान गर्ने" होइन, जनताहरूसँग काम गर्दै, जनताबाट सिक्दै, जनतालाई सिकाउने हुनुपर्छ । जनताको परिवर्तनको प्रक्रियामा प्रत्यक्ष रुपमा सामेल भएर जनतासँग निरन्तर संवादद्वारा आफू पनि परिवर्तित हुँदै अरुलाई परिवर्तित गर्ने परिवर्तन संवाहकको हुनुपर्छ । जनतामा आलोचनात्मक सजगता विकास गर्न मद्दत गर्नु नै उसको प्रमुख भूमिका हुनुपर्छ ता कि जनताहरू आफ्नो मुक्ति आफैं गर्न सक्षम होऊन । ऊ मुक्ति प्रक्रियामा मद्दतगार मात्र हुनुपर्छ, "मुक्तिदाता" होइन । ऊ सही चिन्तन प्रक्रिया र संस्कृतिको संवाहक मात्र हुनुपर्छ, ता कि जनताहरू आफैंमा जीवन र संसारलाई हेर्ने सही आलोचनात्मक दृष्टिकोण विकास होस्, उनीहरू आफैं अन्याय र उत्पीडनको स्थिति विरुद्ध संघर्ष गरुन् र पछौटे संस्कृति विरुद्ध संघर्ष गरुन् । जनसत्तामा सुविधा र सहुलियतहरू बढाउन जनता आफैंले पछौटेपन र प्रकृति विरुद्ध संगठित संघर्ष गर्ने हो, क्रान्तिकारी नेताहरूले संघर्षलाई बाटो देखाउन र संगठित गर्न मद्दत गर्ने मात्र हो । सुविधा सहुलियत माथिबाट "दान" गर्ने होइन ।

जुन जुन इलाकामा जनताहरू जति मात्रामा आफूमा आलोचनात्मक सजगता विकास गर्छन्, आफ्नो जीवन र भाग्यको निर्णयको लगाम आफ्नै हातमा लिन्छन्, संघर्ष गर्छन्, आफ्नो मुक्ति र जीवनको विकासको प्रबन्ध आफ्नै सहभागितामा गर्न तम्तयार हुन्छन्, त्यति नै मात्रामा जनताको शक्ति सम्पन्नता बढ्छ र जनसत्ता स्थापित र दीगो हुन्छ । त्यस्तो जनसत्ता स्थानीय रुपमा देशको बहुसंख्यक वा संपूर्ण क्षेत्रमा स्थापना गर्न समर्थ भएपछि केन्द्रीय रुपमा जनसत्ता स्थापना गर्नु सम्भव र सुगम हुनेछ । त्यसैले, जनसत्ता स्थापना पनि क्रान्ति जस्तै एउटा प्रक्रियाको नाम हो- मात्रात्मक परिवर्तनको प्रक्रिया हुँदै गुणात्मक फड्को मार्ने प्रक्रियाको नाम !

हामी जनसत्ताका पक्षधर हौं भने हामी कार्यरत कुनै पनि इलाकामा जनता जति मात्रामा आलोचनात्मक रुपले सजग हुँदै शक्ति सम्पन्न बन्छन्, आफ्नो जीवन र भाग्यको विकासको प्रबन्ध आफैं गर्न तम्तयार बन्छन्, त्यति मात्रामा त्यहाँ वैकल्पिक जनसत्ताको स्थापना गर्दै लैजान सकिन्छ । जनताको जीवनका संपूर्ण पक्षहरूमा जनताको उन्नत विकल्प विकास गर्दै लैजान सकिन्छ । खेतीपातीमा अन्यायपूर्ण सम्बन्ध खतम पार्दै उत्पादन बढाउन आफ्नै खालको जन सहभागितामुखी नयाँ व्यवस्था थाल्न सकिन्छ । धनुषाको मधुवासामा इन्द्रबहादुर क्याप्छाकी जस्ता "गैर-कम्युनिष्ट" ले त यस्ता काम थाल्न सके भने हामी कम्युनिष्ट हौ भन्नेहरूले पनि यसो गर्न सम्भव छ । जीवनको हरेक मामलामा झनै नयाँ प्रगतिशील व्यवस्था थाल्न सकिन्छ ।

हामी जान-अन्जानमै नोकरशाही राज्यको पक्षधर भईरहेछौं । त्यसैले हामी पहिले केन्द्रीय सत्ता नै कब्जा गरौं अनि मात्र सारा राम्रा विकल्प लागू गर्न थालौंला भन्ने धरणा रहेको हो ।

चीनमा केन्द्रीय सत्ता कब्जा हुनु अघि नै कैयन क्षेत्रमा स्थानीय जनसत्ता स्थापना गर्न संभव भएको थियो, जस्तो येनान मै । त्यस्तै रुसमा पनि १९०५ तिरै स्थानीय जनसत्ताका रुपमा "सोभियत" हरु बन्न थालेका थिए ।

क्रान्ति र सत्ता सम्बन्धी हाम्रो धारणा गलत भएकाले संगठन सम्बन्धी हाम्रो धारणा पनि गलत भएको छ । हाम्रा संगठनहरू जनसत्ताको साधन बनेका छैनन् । संगठन केका लागि ? भन्ने सवाल उठ्यो भने- हामी भनिरहेछौं- संगठन "संगठन"कै लागि, संगठन "संगठन विस्तार"का लागि । हाम्रो संगठन जनताको जीवनमा आमूल परिवर्तनको प्रक्रिया थाल्नको लागि, मुक्ति र जनसत्ताको लागि, भएका छैनन् । त्यसैले हाम्रो संगठनमा अक्सरतया औपचारिक सम्बन्ध बेशी हुन्छ, त्यहाँ जीवन हुन्न, जीवन्तता हुँदैन । यो स्थितिलाई फेर्न जरुरी छ । ❖

# ईश्वरको



- डी.आर. पोखरेल

**ईश्वरको सोच कसरी र कहिले पैदाभयो ?
के यो अनादि कालदेखि नै थियो ?
राजा महाराजाहरूलाई ईश्वरको अंश भनिन्छ, के यसलाई सत्य मान्न सकिन्छ ?
ईश्वरको सोच पैदा हुनुभन्दा पहिलेको आदिम मानवको सोच कस्तो थियो ?
के वेद उपनिषद दिव्य ग्रन्थ होइनन् ?
र ऋषिमुनिका मन्त्र अचूक ज्ञान होइनन् ?**

# कपोल कल्पनाको जन्म

आजसम्म पनि हाम्रो समाजमा भौतिक जगतबारे बैज्ञानिक धारणा बन्न सकेको दैखिदैन । यो भौतिक जगतको श्रृष्टिकर्ता कुनै अलौकिक अधिभौतिक स्वत्व हो भन्ने भनाइ समाजमा बग्रेल्ती पाइन्छ । यो भौतिक जगत बस्तु स्वयंको ऐतिहासिक विकास प्रकृयाको उपज हो भनी बुझ्ने मानिस नै हाम्रो समाजमा कति होलान् !

प्रायः यही नै भनाइ सुनिन्छ कि- यो जगतको श्रृष्टिकर्ता ईश्वर हो । र, त्यो सर्वशक्तिमान शाश्वत, सर्वज्ञ, अलौकिक, अधिप्राकृतिक र अधिभौतिक छ । त्यो मनुष्य लगायत समस्त ब्रह्माण्डको स्वामी र भाग्यविधाता हो । त्यसो भएकाले मनुष्य ईश्वराश्रित, छ । ईश्वरको इच्छा बाहेक मनुष्यले केही गर्न सक्तैन । "जो कुछ होगा वो उपरवालेका कृपासे होगा" भन्ने धारणा र संस्कारले समाज भरिएको पाइन्छ । यसमा धर्मको कुरो पनि आउँछ ।

धर्म र ईश्वर जोडिएका छन् । धर्मले ईश्वरको अस्तित्वलाई स्थापित गर्ने काम गरेको छ । अथवा कुनै न कुनै अधिभौतिक र सर्वोपरि स्वत्वको अस्तित्वलाई स्थापना गर्ने क्रममा नै धर्म, धार्मिक ग्रन्थ र धार्मिक साम्प्रदायहरू पैदा भएका देखिन्छन् । यी जे जति धर्म, धर्मग्रन्थ वा साम्प्रदायहरू छन्, यिनीहरूको आधार अलौकिक, अधिभौतिक र सर्वोपरि सत्ताप्रतिको आस्था भएकाले यी जम्मै अवस्तुवादी र अवैज्ञानिक खालका छन् ।

धर्मले विज्ञानलाई किमार्थ स्वीकार्दैन । किनभने, विज्ञान विचारमा आधारित छ, तर्क र प्रमाणमा आधारित छ, जव कि धर्म केवल विश्वासमा आधारित छ । विज्ञानको आधार वस्तुगत यथार्थ हो, जव कि धर्म कपोलकल्पनामा आधारित छ । त्यसो भएकाले ईश्वर वा धर्मको सोचले मानिसलाई एकांगी, अन्धो बनाई दिन्छ; सनकी, हठी र अवैज्ञानिक बनाउँछ; पराश्रित, पंगु र अविवेकी बनाउँछ ।

आज हामीले जुन धार्मिक उन्माद, साम्प्रदायिक दंगा वा मतवाद वा धार्मिक अखडाहरुका व्यभिचार, भ्रष्टाचार र हिंसाका खबरहरू अखवारहरूमा देखिरहेका छौं वा धर्मको नाममा समाजमा जुन लुट देखिरहेका छौं वा धर्म, जाति र लिंगको आधारमा जुन खालको मतवाद वा बैमनस्यता देखिरहेका छौं, यो केको प्रतिफल हो ? आजको समाजमा पाइने यस्ता कुराहरूले के हाम्रो समाजलाई उन्नति प्रगतितिर लैजान सक्छ ? के यसले हाम्रो जीवन मूल्यलाई न्यून बनाएको छै ? यी सवालहरू उपर गंभीर रूपले सोच्नु आज जरूरी भएको छ ।

हाम्रो समाजमा ईश्वरको अस्तित्वलाई सत्य प्रमाणित गर्नका लागि यससित अन्य धेरै कपोल-कल्पनाहरू जोडिएका छन् । जस्तो भनौं- स्वर्ग र नर्कको कल्पना छ । पूर्वजन्म र पुर्नजन्म, यहलोक र परलोकको कल्पना गरिएको छ । आत्माको अमरत्वको कल्पना छ ।

वेद उपनिषद् आदि ग्रन्थहरूलाई दैवीय ग्रन्थ भनी घोषणा गरिएको छ । वेदका ऋचाहरूलाई, "स्वयंभू महेश्वर" को "ताण्डव नृत्य" का "सारेगम" हरू हुन भनिएको छ । मानव जीवनका दुःख सुखलाई भाग्यको खेल वा इश्वरको लिला भनिएको छ । धर्म र यसमा आधारित संहिता वा रूढी नियमहरू, कर्मकाण्डहरू यति धेरै छन् र ती सबले अलौकिक, अधिभौतिक स्वत्वको कपोल-कल्पना (Conception) लाई मानिसको मन-मस्तिष्कमा बसाउने, हुर्काउने काम गरिरहेका छन् । त्यसो भएकाले यहाँ के चर्चा गर्नु पर्ने भएको छ भने- ईश्वरको सोच (Idea of God), मानव समाजमा कसरी र कहिले पैदा भयो ?

### ईश्वरको सोच कसरी र कहिले पैदाभयो ?

### के यो अनादि कालदेखि नै थियो ?

ईश्वरको सोच मानव समाजको विकासको धेरै पछिल्लो चरणमा मात्र देखा परेको हो भन्ने निचोड वैज्ञानिकहरूको छ । उनीहरूको दृढ मत छ कि- जबसम्म समाज वर्गहरूमा विभाजित भएको थिएन, सम्पत्तिको स्थिरता पैदा भएको थिएन, शासक दलहरूको नियन्त्रणमा जबसम्म एक प्रकारको प्रशासनिक व्यवस्था स्थापित भएको थिएन, त्यस बेलासम्म मानव जातिको मनमा ईश्वर पैदा भएको थिएन । जब जब यी कुराहरू देखा परे, त्यही समयदेखि समाजमा ईश्वरको धारणा पैदा भयो ।

यो कसरी हुन गयो भने- जव एकथरि मानिसले त्यस्ता शासकहरूको अधीनमा बस्नु पर्ने भयो, तिनको निर्दयी निरंकुश र जंगली हुकूमलाई शिरोपर गरेर बस्नु पर्ने भयो, तब तिनीहरूले शासक वर्गको सर्वसत्ताधिकारको स्तुति गर्न थाले । साथसाथै आफ्नो वरिपरि जुन प्रकृति र यसका अन्जान नियमहरू देखे, यस कुराले तिनलाई समस्त जगतको कोही मालिक वा कोही शासक हुनुपर्छ भन्ने लाग्यो । उनीहरूले सूर्यको उदय र अस्त, दिन र रात, चन्द्रमाको पूर्णमासी वा औंसी, ऋतुहरूको हेरफेर, जाडो-गर्मी, वर्षा-हूरी इत्यादि जे देखे, र यी कुराहरूको निश्चित समयावधिमा जुन पुनरावृत्ति देखे, यी कुराहरूले तिनीहरूको सोचाइलाई प्रभावित पार्‍यो । तिनीहरूले प्रकृतिमा निश्चित नियम-कानूनको राज देखे । यद्यपि यस नियमको वस्तुगत पक्षलाई बुझ्न तिनीहरूलाई सजिलो थिएन । तिनीहरूको सामर्थ्य थिएन । त्यसो हुनाले तिनीहरूले यसलाई कुनै "परम मालिक" वा शासकबाट संचालित वा नियन्त्रित ठाने ।

कुनै "परम मालिक" वा शासक नभै यत्रो विशाल दुनिया के गरी चल्छ ? भन्ने कुराले तिनलाई बेस्सरी उद्देलित तुल्यायो । त्यस समयको स्वेच्छाचारी शासन व्यवस्था र निरंकुश शासकहरूको शोषण उत्पीडनबाट भयभीत र आतंकित तिनको मनस्थिति र प्राकृतिक नियमहरूबारेको तिनको अज्ञानता दुबैको परिणाम स्वरूप तिनले "परम मालिक" वा ईश्वरको कपोल-कल्पना गर्नु अस्वभाविक थिएन । तर यसको आधारमा भय र अज्ञानता भएकाले र अबस्तुवादिता वा अधिभौतिकता भएकाले यो कपोलकल्पना मात्र हुन पुग्यो ।

ईश्वरको सोच यिनै पृष्ठभूमिमा यसरी पैदा हुन पुग्यो ।

तर जबसम्म मानवजाति जंगली अवस्थामा थियो । झुण्डको रूपमा गुफा-कन्दरामा जवसम्म मानिस बस्दथ्यो, जबसम्म जंगली कानूनको राज थियो, त्यतिखेरसम्म ईश्वरको सोच प्रकट भएको थिएन । मौर्गन लगायतका नृवंशशास्त्रीहरूको आदिमानव (Primitive men) बारेको खोजबाट के पत्ता लागेको छ भने ईश्वरको सोचको जन्म दासयुगमा आएर भयो ।

आदिम मानव र भग्नावशेषको रूपमा तिनले गुफाहुँदो कुँदेका चित्रहरू र विभिन्न कविला (Tribes) हरू भएका ठाउँहरूको अध्ययन, उत्खनन् र अनुसन्धानबाट दास-युगमा दास मालिकहरूको अत्याचारबाट आतंकित भएका दासहरूले कसरी अधिप्राकृतिक (Supernatural) कुराहरूमा काल्पनिक सहारा लिए भन्ने कुरा तिनले पत्तो लगाएका छन् । किनभने, दासयुगमा जुन दासहरूको पीडा थियो, त्यो ती चित्रहरूबाट अभिव्यक्त छन् र उनीहरूले जुन कुराहरूमा आश्रय खोजे, त्यो पनि ती चित्रहरू र ती भग्नावशेषहरूका प्रतीकहरूले औल्याई दिएका छन् ।

दास र मालिक गरी छुट्टै शत्रुतापूर्ण वर्गमा विभाजित भएको युग दासयुग थियो । दासहरूसित कुनै अधिकार थिएन । यहाँसम्म कि उनीहरूको आफ्नो शरीर पनि आफ्नो अधीनमा थिएन । उनीहरू आलु झैं साटिन्थे, बेचिन्थे र अटेर गरे बाम-चुटाइ चुटिन्थे र मूला काटेझैं काटिन्थे । उनीहरू पशुसरह थिए । उनीहरूको जीवनभरको एउटै अधिकार थियो- मालिकहरूको इच्छा हुन्जेल जीउनु ।

यसबाट दास समाजमा भयंकर भय र आतंक छायो, जसको कारणबश उनीहरू झन झन पराश्रित भए । र, मालिकको पनि मालिक "परम मालिक"को सोच पैदा भयो ।

डुब्नेलाई त्यान्द्राको सहारा भनिन्छ । जव मानिस निसाहाय हुन्छ, भयभीत हुन्छ, उसले कुनै साहारा खोज्छ, कुनै आश्रय खोज्छ । आज पनि हामी देख्छौं- कतै पनि कुनै साहारा नदेखेपछि मानिसहरू स्वभावैले "राम नाम" जप्न पुग्छन् । विश्वभरिनै के देखिन्छ भने जव जब पूंजीवादी साम्राज्यवादी आतंकको भयले दुनियाँलाई छुन्छ, जबजब सामाजिक जीवन कष्टसाध्य हुनपुग्छ, तब तब मानिसहरू विभिन्न धर्म एवं ईश्वरवादी संस्थाहरूमा आश्रित हुन पुगेका देखिन्छन् ।

जहाँसम्म ईश्वरको सोच अनादि कालदेखि नै थियो कि भन्ने प्रश्न हो, यो प्रश्नको उत्तर पनि माथि आई नै सकेको छ । माथि बताइयो कि - यस प्रकृतिमा मानव जाति देखापर्नु खुदै धेरै पछाडिको प्राकृतिक परिघटना हो । जव मानव जाति नै यति पछिको कुरो हो भने मानव चिन्तनमा यस्ता कुराहरू पैदा हुन अरू धेरै शताब्दी लाग्नु स्वाभाविकै भयो । त्यसकारण, यी कुराहरूले, यी तथ्यहरूले, ईश्वरको धारणालाई अनादि भएको पुष्टि गर्दैनन्, किनकि मानव जातिको इतिहासमा धेरै लामो पशु कालखण्डभरि मानव जाति पशु सरह भएर प्रकृतिमा रह्यो । पशुवृत्तिबाट छुटकारा पाउन वा समाज बनाएर बस्न वा सभ्य जीवन, व्यवस्थित जीवन शुरू गर्न हजारौं वर्ष लाग्यो ।

## राजा महाराजाहरूलाई ईश्वरको अंश भनिन्छ, के यसलाई सत्य मान्न सकिन्छ ?

यस सन्दर्भमा फ्रेडरिक ऐंगेल्सको एउटा भनाइ छ - "स्वर्ग लोकका शासक सम्बन्धी विचार पूर्वीय स्वेच्छाचारी शासकहरूको प्रतिविम्ब हो ।"

यस भनाइले राजा महाराजाहरू र ईश्वरको कल्पनालाई जोडेको छ । राजा महाराजाहरू ईश्वरका अंश मात्र नभई वंश नै भएको र ईश्वरको जन्म नै राजा महाराजाहरूको स्वेच्छाचारिताको पृष्ठभूमिमा भएको कुरालाई पुष्टि गरेको छ । पहिले ईश्वर जन्मिएर राजा महाराजा चाँहि त्यसपछिका अवतारहरू नभई बरू राजामहाराजाहरूको वा पूर्वीय स्वेच्छाचारी शासकहरूको प्रतिविम्वन पो ईश्वर भएको कुरो प्रष्ट भएको छ ।

दासयुगमा स्वेच्छाचारी मालिक वर्गबाट भयभीत भएका दासहरूले नै ती मालिकहरू वा शासकहरूको पूजा गरे, तिनको प्रशंसा गरे, तिनको स्तुतिगान गरे, तिनलाई स्वर्गका राजाहरूको दूत ठाने, वंश ठाने वा अवतार ठाने ।

राजाहरूले अहिले पनि आफ्नो नाममा "देव" जोड्दछन् । आफूलाई "प्रजावत्सल", "प्रभू", "चक्र चुडामणि" आदि विशेषणले विभुषित गराउँछन् । संस्कृतमा यिनलाई पृथ्वीको पति (भूपति) भनिएको छ । ईश्वरलाई स्वर्गको पति (भूवनपति) भनिएको छ । त्यसकारण, यिनीहरू एउटै वंशका, एउटै रक्त सम्बन्धका जस्ता लाग्छन् । दुवै सर्वसत्ताधिकारी, निरंकुश छन् र कृतदासहरू वा प्रजाहरूमाथि शासन गर्ने शासकहरू हुन् ।



"स्वर्ग लोकका शासक सम्बन्धी विचार पूर्वीय स्वेच्छाचारी शासकहरूको प्रतिविम्ब हो ।"

तर जव जव उत्पीडित वर्ग चेतनशील हुदै आएको छ, राजा महाराजाहरू पनि ढलेका छन् । जहाँ जहाँ भृत्यहरू, कृतदासहरू, गुलाम वा प्रजाहरू थिए, छन्, त्यहाँ त्यहाँ त्यहाँ राजाहरूले रजाइँ गरे र गरिरहेका छन् ।

राजा महाराजाहरूले मध्ययुगीन सामन्तवादको कालमा खुव रजाइँ गरे र तिनले आफ्नो सत्ताको दीर्घ जीवनको लागि आफूलाई स्वर्गका दूतहरू बताउने खालका काव्यहरूको रचना पनि गर्न लगाए । तर भौतिकवाद वा विज्ञानको विकासले यिनका सम्पूर्ण सोचहरूलाई गलत सावित गरिदिएको छ ।

## ईश्वरको सोच पैदा हुनुभन्दा पहिलेको आदिम मानवको सोच कस्तो थियो ?

आदिम मानवको सोच प्राकृतिक भौतिकवादी थियो । उनीहरू बस्तुपुजा (Fetishism) का पक्षपाती थिए । उनीहरू जादु, टुनामुना वा टोटेमवादको प्रवक्ता थिए । बस्तु जगतका नियमहरूलाई बुझ्ने सामर्थ्य त उनीहरूमा थिएन, तर त्यो नियमलाई अध्यात्मवादीले झैं अवस्तुवादी वा अधिभौतिकवादी ढंगले पनि हेर्न उनीहरूले जानेका थिएनन् । उनीहरू प्रकृतिका नियहरूलाई रहस्य ठान्थे- "अन्ध" नियम ठान्थे । जडबस्तु पनि रिसाउँछ भनी ठान्थे । किनकि उनीहरु सबै कुरामा "आत्मा" देख्थे । जडबस्तुको पनि संसार हुन्छ र ऊ रिसायो भने प्रकोप फैलिन्छ भन्ने ठान्दथे । ईश्वरको त्यतिखेर जन्म भएको थिएन । सर्वात्मवाद (Animism) त्यतिखेरको समाज-दर्शन थियो । ईश्वर वा धर्मको कुनै नाम निसान थिएन । अधिभौतिक, अलौकिक सोचको कुनै अस्तित्व थिएन । त्यति खेरको विज्ञान भन्नु नै जादू टुनामुना वा टोटेमबाद थियो ।

## धर्म र ईश्वरको सम्बन्ध कस्तो छ ?

जसरी अज्ञानता र भयको कारणले ईश्वरको सोच पैदा भयो, धर्मबारे पनि यही कुरा लागु हुन्छ । त्यसो भएकाले यी दुबैको पृष्ठभूमि एउटै खालको छ । ईश्वरको अस्तित्वलाई सिद्ध गर्नका लागि आध्यात्मवादको साहारामा धर्मले ठूलो भूमिका खेलेको छ । त्यसो भएकाले धर्म र ईश्वरको गहिरो सम्बन्ध देखिन्छ ।

पूर्वीय दर्शनमा धर्मले स्वर्ग र नर्कको कुरो उठाएको छ । त्यसको भौगोलिक वा वस्तुगत अस्तित्व कहाँ छ भन्ने कुराको कुनै प्रमाण छैन । काव्यको भाषामा, उपन्यास वा दन्त्यकथाको भाषामा अनगिन्ती फैन्टेसीहरूलाई धर्मले अघि सारेको छ । धर्मले तिनका ग्रन्थहरूलाई वेद उपनिषद, गीता आदिलाई दैवी ग्रन्थ वा दिव्य ग्रन्थ बताएको छ र तिनमा लेखिएका कुराहरूलाई अचूक बताएको छ, शाश्वत ज्ञान वा "एक मात्र सत्य" बताएको छ । ती ग्रन्थहरूलाई काव्यको हिसाबले हेरिएको छैन । बरु "ब्रह्म वाक्य" को हिसाबले हेरिएको छ ।

यसरी ईश्वरलाई स्थापित गर्ने धूनमा धर्मले नानाभाँतिका जडसूत्रहरूको निर्माण, नानाभाँतिका रुढी नियम र कर्मकाण्डको निर्माण गरेको छ, जसले भयंकर सामाजिक मानसिक जटीलता पैदा गराएको छ । संभवत : यिनै कुराहरूलाई इंगित गरेर कार्लमार्क्सले "धर्म अफिम हो" भन्ने सार निकाल्नु भएको हुन सक्छ ।

## के वेद उपनिषद दिव्य ग्रन्थ होइनन् ? र ऋषिमुनिका मन्त्र अचूक ज्ञान होइनन् ?

हाम्रो समाजमा यस्ता खालका सोचहरू पनि छन् कि धार्मिक ग्रन्थहरू "दिव्यग्रन्थ" हुन् । यसमा ऋषिमुनिहरूले जे-जति थपेका छन्, ती अचूक ज्ञान हुन्, त्यस्ता ज्ञानहरू सर्वकालीक महत्वका हुन्छन्, जुनसुकै युगमा पनि तिनै विचारहरूको महत्व हुन्छ भन्ने खालको सोच यहाँ पाइन्छ । वेद वा उपनिषद ईश्वरबाटै मानव जातिलाई "सादर भेट" अर्पण गरिएको, कृपा गरिएको, निगाह गरिएको, कुरो सचिन्छ । तर के वास्तविकता यो हो त ?

वास्तविक्ता त के हो भने वेद-उपनिषद बन्यो नै ६/७ सय वर्ष लगाएर । बेदको रचनाको शुरुवात ई. पू. १५०० मा भयो भन्ने कुरा भारतका महापण्डित राहुल सांकृत्यायनले उल्लेख गर्नु भएको छ र, यो निर्माणको क्रम धेरै पछि सम्म चलीरह्यो । यहाँसम्म कि- वेद मध्ये सर्वाधिक पूरानो वेद- कृग्वेदको रचना नै १५०० देखि १००० इ.पू. सम्म भएको बताइएको छ । ऋग्वेदका ऋचाकारहरूमा विश्वामित्र, वशिष्ठ, भारद्वाज, गौतम, अंगिरा, वृहस्पति, गौरवती आदि ऋषिहरूको ६/७ पुस्ता लागेको बताइएको छ । विश्वामित्रको काललाई १५०० ई.पू. बताएको छ । यी कुराहरूले के प्रमाणित गरेका छन् भने- वेद उपनिषद वा रामायण, महाभारत, पुराण वा गीता कुनै पनि धार्मिक ग्रन्थहरू अनादिकालका र दैवीय ग्रन्थ वा दिव्य ग्रन्थ होइनन् । ती मानव मष्तिष्ककै देन हुन् र काव्य रचनाको हिसाबले ती मानव सभ्यताका शुरुवातका रचनाहरू हुन् ।

आजको जस्तो ज्ञान विज्ञानको भण्डार नभएको त्यस समयमा पनि केवल आफ्ना अनुभवहरूको आधारमा उल्लेखित ग्रन्थहरूको जसरी रचना भयो, त्यो हिसाबले वा काव्य रचनाको हिसाबले हेर्दा त्यति बेलाका चिन्तकहरूको मानसिक क्षमतालाई बेजोड मान्नु पर्छ । मन्त्रद्रष्टा

## शब्द परिचय

***अधिभौतिक*** = *भौतिक अस्तित्वभन्दा पर वा अलग । भौतिक अस्तित्वको अस्वीकार र काल्पनिक अस्तित्वको स्वीकारमा आधारित शब्दावली ।*

***स्वत्व*** *(Being) = सत् । यो एउटा यस्तो दार्शनिक अवधारणा (Cetagory) हो, जस अनुसार चेतनाभन्दा बाहिर अस्तित्वमान भएको वस्तु- जगत बुझिन्छ । अथवा, सूक्ष्म सत्ता, जसलाई अध्यात्मवादीहरूले भौतिक वस्तुभन्दा अलग सम्झिन्छन् ।*

***सापेक्षताको सिद्धान्त*** *(Theory of Relativity) = सबै कुरा सापेक्षिक छन् भन्ने सिद्धान्त । यो १९१६ मा आईन्स्टाइनद्वारा प्रतिपादित देश काल विषयको भौतिक सिद्धान्त हो, जस अनुसार सबै वस्तु र घटना एवं कालप्रवाह कुनै प्रणालीको गतिमा निर्भर गर्दछन् । निरपेक्ष काल, निरपेक्ष देश र निरपेक्ष परिवेशको सिद्धान्तलाई परित्याग गरिएको सिद्धान्त ।*

***सर्वात्मवाद*** *(Animism) = सबै वस्तुहरूमा आत्मा देख्ने सोचाइ । यो आदिम युगको सोचाइ थियो । जड वस्तुहरूको समेत आत्मा हुन्छ, उनीहरूको छुट्टै संसार हुन्छ । गाई वस्तुहरू वा जड वस्तुहरूको रक्तसित उनीहरूको सम्बन्ध जोडिएको, बंश जोडिएको हुन्छ भन्ने मानिन्थ्यो ।*

***टोटेमवाद*** = *यो सर्वात्मवाद वा वस्तु- पूजासितै जोडिएको आदिम मानवको एक प्रकारको भौतिकवादी सोच हो । उनीहरू प्रकृतिका प्रकोपहरूबाट बँच्न वा प्रकृतिलाई खुसी पार्न जादू टुनामुना गर्दथे, भूत-प्रेत भगाउने टोटेम गर्दथे । यही नै टोटेमवाद थियो ।*


***बस्तुपूजा*** *(Petishism) = यो सर्वात्मवाद वा टोटेमवादसँगै आदिम मानवको चिन्तन थियो । जड बस्तुहरूको पूजा वा प्रकृतिको रहस्यलाई बस्तुकै खेल सम्झिने सोच ।*

***फैन्टेसी*** = *स्वैर कल्पना वा अति कल्पना । यसमा कल्पना असमान्य हुन्छ ।*

***नृबंश शास्त्र*** *(Anthropology) = यो मानव जातिको कृयाकलाप वा स्वभाव वा विशेषता एवं गुणहरूको ऐतिहासिक विकासलाई प्रकृतिसित सम्बन्धित गरेर हेर्ने शास्त्र हो ।* ❑

# माओको सादा जीवन

## "हिजोको बाँकी खाना कहाँ गयो ?"



*चिनियाँ क्रान्तिमा अत्यन्तै चर्चित लामो अभियान (Long March) को प्रत्यक्ष नेतृत्व गर्ने क. माओत्से तुङको तात्कालीन सादा जीवन निकै चर्चित र उल्लेखनीय छ ।*

*यस अभियानको क्रममा क. माओका अर्दलीको रूपमा कार्यरत रहेका योद्धा क. छन छाङ फङले यसको बारेमा जीवन्त चित्रण गरेका थिए ।*

*प्रस्तुत छ, त्यस बेला कमिसार माओका नामले चर्चित माओको लामो अभियानकालीन शादा जीवनको प्रेरणादायक झाँकी !*

कमिसार माओ अत्यन्त सादा जीवन व्यतीत गर्नु हुन्थ्यो । म तुरुन्तै उहाँका बानीहरूबाट परिचित भएँ ।

उहाँको निजी सम्पतिको नाममा केवल दुई वटा कम्बल, एउटा सुतीको खास्टो, दुई वटा खैरो रंगको बर्दी, जुन हामी साधारण सैनिकले लगाउने जस्तै खालको थियो, र अर्को एउटा खैरो रंगकै स्वीटर थियो । यी सबका अतिरिक्त उहाँसंग एउटा बिग्रेको छाता थियो । खानका लागि एउटा भाँडो थियो । र, नौ वटा खल्ती भएको उहाँको एउटा झोला थियो, जसमा उहाँ आफ्ना नक्सा, दस्तावेज र कितावहरू राख्नु हुन्थ्यो ।

अभियानको क्रममा वा मार्च गर्ने बेलामा त्यो झोला र छाता उहाँ आफैं नै लिएर हिंड्नु हुन्थ्यो । बाँकी सामान मात्रै म लिएर हिंड्थें ।

जब हामी क्याम्पतिर पुग्दथ्यौं, तब म काठका दुई वटा तख्ताहरू खोजेर ल्याउँथें र त्यसलाई जोडेर जमीनमा ओछ्याईदिन्थें, त्यसमाथि दुई वटा कम्बल विछ्याईदिन्थें र उहाँका बर्दीहरू बेरेर तकिया बनाईदिन्थें । यही नै उहाँको बिस्तर हुन्थ्यो ।

राती उहाँ धेरै कम सुत्नुहुन्थ्यो । हामीसँग एउटा सानो लालटिन थियो, मार्चको क्रममा बाटो देखाउनका लागि यसलाई मशालको रूपमा उपयोग गरिन्थ्यो । तर जब हामी क्याम्पमा रहन्थ्यौं, तब अफिसमा यसको उपयोग गर्नका लागि यसलाई कुनै ईटामाथि राखिन्थ्यो ।

रातको भोजनपछि उहाँ यस लालटिनलाई बाल्नु हुन्थ्यो, आफ्नो झोला खोल्नु हुन्थ्यो र आफ्ना नक्सा, दस्तावेज एवं किताव, कागज र कलम निकाल्नु हुन्थ्यो । कहिलेकाहीं त उहाँ बिहान हुँदासम्म काम गरिरहनु हुन्थ्यो ।

अनुहारमा ताजापन ल्याउन रूमाललाई पानीमा भिजाएर, त्यसबाट आफ्नो मुख र कहिलेकाहीं शरीर पनि पुछ्ने गर्नु हुन्थ्यो ।

जब उहाँलाई भोक लाग्दथ्यो, तब म "चामलको सैण्डविच" (पाकेको चामलको दुई तहका वीचमा साग सब्जी राखेर बनाइने खाना) तताउँथें, जुन तेस्रो प्रहरको खानाको समय उहाँ खान हुन्थ्यो । कहिलेकाहीं उहाँ आफ्नो थालभरिको खाना सबै खान सक्नु हुन्नथ्यो, त्यसैले त्यसलाई पछि खानका लागि म कागतले ढाकेर राखीदिने गर्थें ।

एक दिन थालमा राखिएको बाँकी खाना फ्याँकिन पुग्यो, तर कमिसार माओलाई यस बारेमा केही थाहा थिएन । अर्को दिन त्यही बाँकी चामल खानु आवश्यक संझेर माओले भन्नु भयो- हिजो मैले बाँकी राखिछोडेको खाना कहाँ गयो ?"

अर्दली कमरेडले जवाफ दिए- "त्यो त फ्याकियो नि !"

अध्यक्ष माओले यसको लागि उनलाई आलोचना गर्नु भयो र भन्नु भयो- "चामलको एउटा गेडा पनि सजिलै प्राप्त हुँदैन । त्यसलाई जनताले उब्जाउँछ । भविष्यमा मैले जे सुकै बाँकी राखेतापनि त्यसलाई कहिल्यै न फ्याक्नु होला । त्यसलाई पछिल्लो भोजनको लागि बाँकी राख्नु होला ।"

अभियानको समयमा धेरै जसो कुनै न कुनै स्थानलाई कब्जा गरिन्थ्यो र युद्धमा शत्रुहरूको सामान पनि हात पर्थ्यो । तर अध्यक्ष माओ आफ्नो लागि केही पनि लिनु हुन्नथ्यो, सबै कुरा अस्पतालको लागि पठाउनु हुन्थ्यो । शुरूमा खानका लागि उहाँसँग एउटा थाल बाहेक अरू केही पनि थिएन । फरवरी १९३४ मा जब फुच्चेनमाथि कब्जा गरियो, त्यसबेला मात्र उहाँको लागि तीन डिब्बा भएको टिफिन- क्यारिएरको व्यवस्था गर्न सकियो । ☆

---

ऋषिमुनिहरूको महत्व यस अर्थमा ज्यादै ठूलो छ ।

तर त्यस समयका, त्यतिखेरको परिवेशमा भएका ज्ञान वा कलाकृतिहरूलाई आजको परिवेशमा पनि लागू गर्न खोज्नु वा त्यही अनुकूल चल्न खोज्नु भने "लकीरको फकीर" हुनु हो, अन्धविश्वासी हुनु हो ।

मानव-जातिको सभ्यताको इतिहासले यही बताएको छ कि मानव जातिको ज्ञान, अनुभव विकसित भइरहेछ, परिमार्जित भइरहेछ, उन्नत भइरहेछ।र झन झन् अधिकतम सत्यको नजीक पुगिरहेछ । त्यसो भएकाले आजको उन्नत विज्ञान र प्रविधिको दुनियाँलाई, हिजोका ऋषिहरूका दास युगीन वा सामन्त युगीन मन्त्रहरूले, सोचहरूले संचालन गर्न किमार्थ सक्तैनन् । ती हिजोको लागि नै उचित थिए वा हिजो तिनै सोचहरूको आधारमा समाज चल्नु पर्ने बाध्यता थियो ।

तर आज मानव जातिले धेरै ज्ञान आर्जन गरिसकेको छ । आज मानव जातिसित ज्यादै ठूलो ज्ञानको भण्डार छ । आज वेदका ऋचाहरूले न जहाज बनाउन सहयोग पुऱ्याउँछन्, न तिनबाट टेलिभिजन बन्छ, न विद्युत र चुम्बकको सिद्धान्त प्रतिपादन हुन्छ । सापेक्षताको सिद्धान्त आइन्स्टाइन भन्दा अधिका युगहरूमा किन पत्तो लाग्न सकेन ? त्यस कारण, युगका सीमाहरूले मानिसका क्षमतालाई पनि, ज्ञान र अनुभवलाई पनि, सीमित पारिदिन्छन् । यो कुरो ऋषिमुनिहरुमा पनि लागू हुन्छ र तिनका ग्रन्थहरूबारे पनि लागू हुन्छ । किनभने, ऋग्वेदकै कुरो गरौं, त्यसमा कस्ता ऋचाहरू वा मन्त्रहरू छन् ? त्यो हेरौं ।

मन्त्रहरू यस्ता छन्- हे वायु ! हाम्रा गाई बाच्छाहरूको रक्षा गर । हे अग्नि ! अक्रोधित नभइदेऊ । हे बाढी ! हाम्रा गाई गोठ नबगाईदिऊ" इत्यादि । यी मन्त्रीहरूले के कुराको पुष्टी गर्दछन् ? के यी ऋचाहरूद्वारा हवाईजहाज उडाउन वा गाडी गुडाउन मद्दत मिल्छ ?

### हाम्रा विचारहरू वैज्ञानिक नभए के हुन्छ ?

ईश्वरको सोच सम्बन्धी यी चर्चाहरूले हामीलाई ईश्वरको अलौकिक, अधिभौतिक स्वत्वको केवल कपोल कल्पना मात्र भएको र यो भय एवं अज्ञानताको कारणद्वारा पैदा भएको दास युगीन सोच थियो र दास युगभन्दा अगाडिका आदिम मानवको सोच यस्तो खालको अवस्तुवादी वा अधिभौतिक प्रकारको थिएन, बरु प्राकृतिक- भौतिकवादी थियो भन्ने कुरा अवगत गराएको छ ।

तर यसमा के कुरो गंभीर प्रश्न बनेर उभिएको छ भने- आज यदि हामीले वैज्ञानिक धारणालाई छोडेर यही अबस्तुवादी, अलौकिक, अधिभौतिक स्वत्वको सोचलाई नै पक्रिराख्यौं भने हाम्रो जीवनमा के फरक पर्छ ? समाजमा के अन्तर आउँछ ? किन हामीलाई भौतिकवादी नै हुनु जरुरी छ ? किन विज्ञानको सहारा लिनु जरुरी छ ? निश्चय नै आज यस प्रश्नको समुचित जवाफ आवश्यक देखिन्छ ।

मानीलिऔं, हाम्रा विचारहरू वैज्ञानिक भएनन्, हामी अलौकिक र अवास्तविक र अधिभौतिक कुरामा विश्वस्त भयौं । यस्तो भयो भने के हुन्छ ?

यस्तो भयो भने- हामी भौतिक जगत र यसको बहुरुपी नियम (Objective Laws) लाई बुझ्न सक्तैनौं, जीवनका समस्याहरूसित सामना गर्ने सही मार्ग पक्रिन सक्तैनौं । हाम्रो दृष्टिकोण भ्रमहरूमा आधारित हुन्छ । हामीले जीवन र जगतलाई जस्तो छ, त्यस्तो रुपमा वा वस्तुगत रुपमा बुझ्न सक्तैनौं । यही कारणले गर्दा हामी भाग्यवादी हुन पुग्छौं । आफ्नो कर्मको नियन्ता ईश्वर सम्झिन पुग्छौं । हामी पराश्रित हुन्छौं । परनिर्भर हुन्छौं । हामीले तर्क गरेर, विचार गरेर हेर्न भुल्छौं र केवल विश्वासमा आधारित हुन्छौं । हामी प्राकृतिक नियमहरूको अधीन हुन्छौं । हामी स्वतन्त्र हुन सक्तैनौं । विज्ञानको वा सत्यको खोजीनीति गर्न असमर्थ हुन्छौं र रुढी नियम वा कर्मकाण्ड, वा "अरे" को कुरामा भर पर्छौं । यसो हुँदा हामीमाथि भएको प्राकृतिक वा सामाजिक अन्याय, शोषण, उत्पीडन र अत्याचारलाई पनि ईश्वरको लिला वा पूर्वजन्मको कमाइ ठान्न पुग्छौं । समाजका आततायी वर्गसित लड्ने, प्रतिरोध गर्ने हाम्रो क्षमता भुत्ते हुन्छ र हामी सधैंका कृतदास हुन्छौं । त्यसो भएकाले हामीहरूले जीवनप्रति, जगतप्रति संवेदनशील हुनु जरुरी छ, सजग र सतर्क हुनु जरुरी छ । हामीले नै विज्ञान र यसको प्रकृयालाई सर्वाधिक बुझ्नु जरुरी छ- हामीलाई नै वस्तुवादी हुनु वा भौतिकवादी हुनु यसकारणले पनि जरुरी छ कि हामीले मानसिक वा भौतिक दासत्वबाट मुक्त हुनु छ ।

❑

# ओजोन तहमा प्वाल

# नेपाली आकाशको

# हाल !

– डा. नारायण पोखरेल

*केही समय यतादेखि प्रायशः "ओजोनको विनाशको परिणामले सम्पूर्ण धरतीमा जीवन नष्ट हुने हुँदा सो रोक्नका लागि सबैको भागीदारी आवश्यक छ" भनेर प्रचार-प्रसार भएको पाइएको छ। खास गरी उपभोक्तावादी साम्राज्यवादी शक्तिहरू र तिनीहरूका पृष्ठपोषक कठपुतली शासकहरू आफ्ना संचार माध्यमहरूद्वारा विश्वको ध्यान यस खतरामै मात्र केन्द्रित गर्न प्रशस्त समय खर्च गरिरहेछन्।*

तर वास्तविकतामा भने जलवायु र वातावरण सखाप पार्न यिनै शक्तिहरू नै मात्र उत्तरदायी छन् र वास्तवमा भन्ने हो भने- यिनीहरूले नै यसको परिणामको मूल्य चुकाउनुपर्ने हो।

तर साम्राज्यवाद केही पैसा खर्च गरेर नक्कली "पर्यावरण-प्रेम"को नाटक गरिरहेछ र पर्यावरण विनाशलिलामा उत्तिकै सहभागी भएको दोष भने विश्वभरिका सम्पूर्ण निमुखा जनतामाथि थोपर्ने दुष्प्रयास गरिरहेछ।

बिहान बेलुकीको समस्या टार्न दिनभरि ठेलागाडी वा रिक्सागाडी चलाउनेदेखि लिएर कुटो, कोदालो र हलो-अनौमै जीवन गुजार्ने किसानले समेत यो विनाशको भागीदार हुनुपर्ने स्थितिको वकालत पनि त्यहीं शक्ति गरिरहेछ। त्यसैले यस विनाशमा यसरी सर्वसाधारणले अन्यायपूर्वक भागीदारी बेहोर्नु परिरहेछ।

आउनुहोस् सो बारेमा तथ्यगत लेखाजोखा गरौं।

सन् १९३० मा सिड्नी च्यामेनले आकाशमा स्ट्रेटो-स्फेयर भन्ने तहमा ओजोनको उत्पादन प्रकाश रासायनिक प्रक्रियाद्वारा हुने तथ्य प्रकाशमा ल्याएपछि यसका सैद्धान्तिक नमूनाहरू बनाउने प्रयत्नहरू शुरू भए। सो पछिका दिनहरूमा यी प्रयासहरु झन् तीब्रतर यसकारण हुँदै गए कि- मानव जातिका क्रियाकलापका कारण ओजोन तह अनायाश नै झन् प्रभावित भएको कुरा छर्लङ्ग हुन थाल्यो।

**ठेलागाडी वा रिक्सागाडी चलाउनेदेखि लिएर कुटो, कोदालो र हलो–अनौमै जीवन गुजार्ने किसानले समेत यो विनाशको भागीदार हुनुपर्ने स्थितिको वकालत यहाँ हुँदैछ।**

ओजोन (Ozone) भनेको अक्सिजन परमाणुको बहुरूपीय अवस्था (Allotrophic form) मध्ये एक हो। माथिल्लो वायुमण्डलमा यसको उत्पादन सौर्य परावैजनी किरण (Ultra–violetrays) द्वारा अक्सीजनको प्रकाश विच्छेदन (Photo–dissociation) प्रकृयाले र तल्लो वायुमण्डलमा नाइट्रोजन अक्साइडहरुको उपस्थितिमा मिथेन, कार्वन मानोक्साइड तथा हाइड्रोजनको अक्सीकरण (Oxidation) द्वारा हुन्छ। वायुमण्डलको स्ट्रेटोस्फेयर (हेर्नुहोस् मूल्यांकन ११ (८) २०४९ पृ. ३२) मा भएको सामान्य अक्सिजनमाथि परावैजनी किरणको कृयाकलापका कारण ओजोन बन्ने र यसको मात्रा समुद्र सतहदेखि करीब २५ कि.मि. को उँचाईमा अधिकतम हुने हुँदा त्यहाँ यसको एउटा घेरा वा तह (layer) नै बनेको हुन्छ।

**ओजोन तहमा प्वाल पार्न उपभोक्तावादी धनी शक्तिहरू नै कसरी एक्लै जिम्मेवार छन् ?**

यस घेराले सौर्य विकिरणलाई अत्याधिक मात्रामा अवशोषित गर्दछ र परावैजनी किरण सोझै पृथ्वीमा आइपुग्न पाउँदैन। फलतः यसले वायु मण्डलमाथि एउटा कम्बलको काम गरी पृथ्वीलाई बचाउँछ। किनकि यदि परावैजनी किरण सोझै पृथ्वीसम्म आउने हो भने यहाँ भएको जीवन अत्यन्त नराम्ररी प्रभावित हुनेछ, छालाको क्यान्सर, आँखाको दृश्य शक्तिमा हानी र वनस्पतीय क्षय हुनुका साथसाथै वंशगुण र कोषहरूलाई सन्तुलनमा राखीछाड्ने जैवाणु (DNA) संभवः भत्किन्छ ! यसका अलावा भूमण्डलीय जलवायुमा समेत ठूलो परिवर्तन आउँछ भनेर वैज्ञानिकहरू एक मतले भनिरहेछन्। यसकारण नै वायुमण्डलको यस भागमा ओजोन तह हुनुको अत्यन्त ठूलो महत्त्व छ।

तर साह्रै दुःखको कुरो के छ भने- ओजोन तह ठाउँठाउँमा फाटेर पृथ्वी बचाउने कम्बलमा प्वालैप्वाल परिसकेको छ। आन्टार्कटिका र ग्रीनलैण्डमाथिको ओजोन-तह च्यातिएको तथ्य पहिले नै प्रकाशमा आइसकेको थियो। तर हालैका जानकारीहरू अनुसार रूस, स्केन्डेनेभिया, जर्मनी, ब्रिटेन, क्यानाडा आदि जस्ता देशका आकाश पनि च्यातिएको आशंका बढिरहेछ। यदि यो च्यतिने प्रक्रिया बढी नै रह्यो भने कल्पना नै गर्न नसकिने गरी धरतीबाट जीवजन्तुको अस्त हुनेछ भन्ने प्रचार प्रचुर भइरहेछ।

ओजोन तहमा प्वाल पार्न उपभोक्तावादी धनी शक्तिहरू नै कसरी एक्लै जिम्मेवार छन् ? सो को बारेमा ब्यख्या गर्नुपर्ने हुँदा ओजोनको गुणबारे संक्षेपमा ज्ञान हुनु जरूरी छ।

रसायनविद्हरूका अनुसार यो एक अति तीब्र अक्सिकारक वस्तु (oxidizing agent) हो, जो धरतीमा मानव जातिका निम्ति विषालु नीलो ग्यासको रूपमा अति कम मात्रामा (०.००००५ प्र.स. समुद्री सतहको औसत सुख्खा हावाको आयतनमा) पाइएता पनि करीब २५ कि.मि. को उँचाईमा धेरै मात्रामा (१० मी.ग्रा. प्र.कि.ग्रा. वाफ) पाइन्छ। नाइट्रोजन अक्साइड, हेलोजन तथा अन्य विभिन्न हाइड्रोकार्वनसँग सजिलै प्रतिक्रिया गरी यो अक्सिजनमा परिणत हुन्छ।

सुविधाभोगी पश्चिमी मुलुकहरूको जीवन शैली यस्तो भएको छ कि- तिनीहरू वायुमण्डलमा उल्लेखित क्रित्रिम यौगिकहरू निरन्तर मिल्काईरहन्छन्। वैज्ञानिकहरूका अनुसार यी यौगिक पनि ओजोनको तहलाई च्यात्ने काममा सक्रिय र मुख्य उत्तरदायी चाहिं हेलो-ग्यास : क्लोरोफ्लूरो कार्बन (CFC) हो। यस ग्यासको प्रयोग १९३० पश्चात वृहद् रूपमा गरिन थालिएको हो। यसलाई प्रशितन (Refrigeration) का अलावा रंग रोगन तथा कीटनाश कार्य (Aerosol Spray) का साथसाथै वातानुकूलन (Air Conditioning) मा प्रमुखरूपले प्रयोग गरिने भएता पनि डनलप र फोम बनाउने कारखानाबाट त यसको उत्पादन झनै बढ्यो र वायुमण्डलमा थुप्रदै गयो।

यसरी वृहद रूपलें वायुमण्डलमा थुप्रिएको सी एफ सी नै ओजोन तहको विनाशमा जिम्मेवार छ भन्ने कुरा वैज्ञानिकहरूले निरंतर वकालत गरिरहेछन्।

उनीहरूका अनुसार प्रकाशको उपस्थितिमा वातावरणमा रहेको सी एफ सी विघटित हुन्छ, जसलाई फोटोलाईसीस (Photolysis) भनिन्छ। यसको परिणाम स्वरूप मुक्त भएको क्लोरिन (Chlorine) ले ओजोनसँग प्रतिक्रिया गर्छ र यसलाई अक्सिजनमा परिणत गरीदिन्छ। प्रामाणिक आंकडा अनुसार एक परमाणु क्लोरिनले ओजोनको लगभग १ लाख अणुलाई नष्ट गर्ने क्षमता राख्दछ। प्रकाश प्रकाश

सी. एफ. सी.लाई वायुमण्डलमा घनित बनाउने मानव क्रियाकलापमा एरोसोल स्प्रेले १५% वातानुकुलनले २०%, सफाई एजेन्टले २४% र फोम निर्माणले २४% को भागीदारी लिन्छन्।

हालसम्म प्राप्त जानकारीअनुसार नेपाल जस्ता कम आयमा र सामान्य जीवनशैलीमा बाँच्ने नागरिकका देशहरूका आकाशमा त्यस्तो छिद्र परेको रेकर्ड छैन। र, त्यो छिद्र पर्ने सम्भावना पनि देखिदैन, किनकि नेपालमा उल्लेखित भूमिका निभाउने ग्यास उत्पादक क्रियाकलाप अति नगण्य हुनु र पश्चिमी जीवन शैली बाँच्ने नेपाली पनि थोरै मात्र हुने हुँदा विनाशकारी ग्यास निस्की सोझै आकाशमा गएर ओजोन तहमा प्वाल पर्ने खतरा छैन।

तर विकसित शक्ति देशका जमीनबाट निरन्तर निस्किरहेका त्यस्ता दुषित ग्यास सिधै माथि गएर त्यहींकै

**अक्सीजन तत्व (O) का ३ बहुरुपीय अवस्था हुन्छन् :**

(क) दुई परमाणुले बनेको सामान्यतया हावामा पाइने अक्सीजन ($O_2$)

(ख) अक्सीजनका ३ परमाणुले बनेको ओजोन ($O_3$) र

(ग) अति अस्थीर अवस्था ($O_4$)


आकाशमा जम्मा हुन्छन् र ओजोन तहमा प्वाल पार्छन् । जस्तो कि-माथि उल्लेखित देशहरूका आकाशमा भइरहेछ ।

त्यहाँको ओजोन तहमा प्वाल किन पऱ्यो त भन्दा वैज्ञानिकहरू "विगत केही दशकदेखिं चालू औद्योगिक गतिविधिका दुष्परिणाम" भनीकन भन्ने गर्छन् ।

यी औद्योगिक देशहरू र धनी देशहरू नै हुन् । यिनीहरू आफ्ना ठूल्ठूला उद्योगधन्दाका कारण वायुमण्डलमा लगातार कार्बनडाईअसक्साइड र क्लोरोफ्लूरोकार्बन जस्ता विषाक्त ग्यासहरू फाली नै रहेछन् । यी ग्यासले पृथ्वीको गर्मीलाई वायुमण्डलमै कैद गरेर "हरीत गृह प्रभाव" पार्नुका साथसाथै सी. एफ. सी.को बढी घनत्व पनि त्यहींको वायुमण्डलमा रहनाले त्यहाँ ओजोन तह च्यातिन पुगेको हो भन्ने धारणा यस क्षेत्रमा संलग्न वातावरणविद्हरूको रहेको छ ।

तर यी उपभोक्तावादी पूँजीपतिहरू के हौवा पिटिरहेछन् भने- विश्वभरिका जनतालाई अब परावैजनी किरणले रोगग्रस्त पार्नेछ ! किनकि- (१) मनुष्यको अनुहार डढेर कालो हुनु (२) आँखाको दृष्टि बिग्रिई अन्धो हुनु (३) छाला चाउरिनु अनि क्यान्सर हुनु (४) विजांकुर नहुनु र विरुवाले खाना बनाउने "प्रकाश संश्लेषण" क्रममा सिथिलता आई वृद्धि नहुनु (५) समुद्री इकोसिस्टम अत्यन्त प्रभावित हुनु आदि जस्ता अमंगलकारी परिणाम परावैजनी किरण सोझै पर्नाले हुन्छन् । विशेषज्ञका अनुसार ओजोनको मात्रामा १०% कमीले पृथ्वी सतहमा आउने परावैजनी किरण हालको भन्दा थप २०% ले बढ्ने छ । परिणामतः वर्षेनी १००००० मान्छेहरू मर्नेछन् ।

तर हामी नेपालीले तत्कालै रोगग्रस्त हुनेछौं भनेर डराइहाल्नु पर्ने स्थिति चाहिं छैन, किनकि प्रकाश सरल रेखामा विचरण गर्दछ र ग्रिनल्याण्ड वा क्यानाडाको आकाशमाथि परेको प्वालबाट छिरेको परावैजनी किरण बक्र रेखामा हिंडी नेपाल आएर यहाँका वासिन्दालाई रोगी बनाउन चाहिं सक्तैन । यसको मतलब यो होइन कि ओजोन क्षयको चिन्ता हामी नेपालीलाई छँदैछैन । चिन्ता सबैलाई हुनुपर्छ, किनकि यो समस्या विश्वव्यापी हो, विश्वको एक कुनामा परेको असरले अर्को कुना पनि स्वभावतः प्रभावित भइहाल्दछ । तर भन्न के खोजिएको हो भने- "सगर थुक्नेकै मुखमा थुक" भने झैं पर्यावरण विनाशकारीहरुले नै बढी दुःख भोग्नु पनि अप्राकृतिक हुँदै होइन ।



ओजोन प्वालको सेटलाइट नक्सा

**हामी नेपालीले तत्कालै रोगग्रस्त हुनेछौं भनेर डराइहाल्नु पर्ने स्थिति चाहिं छैन, किनकि प्रकाश सरल रेखामा विचरण गर्दछ**

पश्चिमा पूँजीवादी उपभोक्तावादी शक्तिहरूको "पर्यावरण प्रेम" एक पाखण्डपूर्ण नाटक मात्र हो भन्ने कुरा "१९९२ को रियो-सम्मेलनले पनि देखाएको थियो । यिनीहरू आफ्नो बाहेक अरूको स्वार्थ वा हित देख्दै देख्दैनन्, अरूको दुःखप्रति सहनुभूति (sympathy) को कुरै त परै जाओस्, सामान्य आत्मानुभूति (empathy) पनि यिनीहरूमा छैन । किनभने प्रति वर्ष गर्मी र सुख्खाको कारण मर्ने अफ्रिकी जनताहरूको समस्यालाई "स्थानीय" भनीकन गरीब राष्ट्रहरूलाई हेप्ने परम्परा बोकेका यी पश्चिमाहरूले १९८८ मा अमेरिकी शहरहरूमा गर्मी बढेर ३८° से. तापक्रम पुग्नासाथ त्यो तापक्रम चाहिं स्थानीय समस्या मात्र नरहेको महशूस गर्न थालेको नाटक हाम्रो स्मृतिबाट हटेकै छैन । यदि, उनीहरूले जस्तै गरी समस्यालाई हेर्ने हो भने गर्मी प्रदेशका "काला" जातिले परावैजनी किरणका कारण "छाला" कालो हुने खतराबाट डराउनु नै किन ? कालो छाला हुने खतरा वा डर त योराहरूकै मात्र हो ।

पृथ्वीमाथि यस्तो पर्यावरणीय संकट आइपरेको कुरा सर्वत्र महशूस भइरहेछ र खास गरी धनी राष्ट्रहरूकै जीवन शैलीका कारण ओजोन तहलाई विनाश गर्ने ग्यासहरू वायुमण्डलमा उत्सर्जित भइरहेछन् भन्ने पनि एक मत भनाइ रहेको छ । तरै पनि पूँजीवादी राष्ट्रहरू त्यो संकट दूर गराउने नैतिक दायित्व बोध गरिरहेका छैनन् । रियो सम्मेलनमै सी. एफ. सी. जस्तो ग्यास नियन्त्रणमा पनि तात्कालनि अमेरिकी राष्ट्रपति जर्ज बुशले "अमेरिकी जीवनशैली कुनै प्रकारको वहसभन्दा माथि" रहेको धारणा व्यक्त गरेबाट के कुरा स्पष्ट हुन्छ भने- ओजोन तहमा प्वाल पार्ने कार्यमा धनी राष्ट्रहरू लागि नै रहून् र यसलाई थुन्ने दायित्व चाहिं सारा विश्व (खास गरी तेस्रो विश्वले समेत) काँधमा बोकून् । यो कहाँ सम्मको न्याय हो ?

एक्ले गरेको अपराधको सजाय अर्कोले पाउनु पटक्कै हुँदैन ।


अन्यायको विरुद्ध उभिनु न्यायको विजारोपण गर्नु जत्तिकै हो । त्यसैले पर्यावरणीय संकट मोचनमा धनी राष्ट्रले गर्दै गरेका अन्यायपूर्ण रबैयाको फर्दाफास गर्नु हामी सबैको कर्तव्य हो ।

परावैजनी किरण पृथ्वीमा आयो भने समुद्री इकोसिस्टमको अवस्था एकदम नाजुक हुनेछ । UV-B हजारौं मील तल पानीभित्र छिरेर समुद्री वनस्पति (phytoplankton) र चिंगडी माछा (Krill) जस्ता जनावरहरू मर्नेछन् । यिनीहरू पिंधको खाद्य चक्रका महत्वपूर्ण अवयव हुन, यिनमै ठूला माछाहरू बाँच्ने गर्दछन् । ठूला माछा मानव खाद्य वस्तुका रूपमा उत्पादित हुन्छन् । तर Phytoplankton र Krill को अभावमा यिनीहरूको उत्पादनमा पनि ह्रास आई मानिसले खाद्यन्नको अभाव महशूस गर्नु स्वाभाविक हो ।

तर वैज्ञानिकहरूका अनुसार अवस्था सधैं यस्तै र एकनाश पनि हुने अवश्य छैन । परावैजनी किरणको उच्च मात्रा विरुद्ध वनस्पति तथा जनावरहरू आफूमा विस्तार विस्तार अवरोध क्षमता (immunity) वृद्धि गर्न सक्षम हुनेछन् । यसकारण परावैजनी किरणको निर्वाध पृथ्वी-प्रवेशले सारा सृष्टि नै समाप्त हुन्छ भनेर साम्राज्यवादी उपभोक्तावादीहरूले ढोल पिटेको पनि उनीहरूकै आर्थिक स्वार्थ रक्षाको लागि हो ।

त्यसैले हामीले कालो छाला हुनबाट आत्तिनु वा समुद्री इकोसिस्टम खलबल्लिएर खाद्याभाव महशूस गर्नु वा सगरमाथामाथि प्वाल पऱ्यो भनेर डराउनुपर्ने अवस्था भइसकेको छैन । हामीले सगरमाथा चढ्ने विदेशीद्वारा वतावरण फोहोर पार्नबाट बचायौं, रसायनिक मल र कीटनाशक पदार्थको प्रयोगलाई पूर्णतया रोक्यौं र जैविक मलको प्रयोग तथा बाली विरुवामा लाग्ने कीट तथा रोग विरुद्ध जैविक उपायहरूको अवलम्बन गऱ्यौं भने तथा दीगो विकासका लागि अनुसन्धानहरू गरी कृषि उत्पादनमा बढी जोड दियौं भने ओजोन विनाश विरुद्धको खर्चमा दामासाही बेहोर्नु पर्ने देखिंदैन । किनभने, वातानुकूलन, प्रशितन, वायुयान,, एरोसोल स्प्रे आदिको निस्फिक्री प्रयोग गरी जसले ओजोन सतहलाई प्वाल पार्छ, उसैले नै यसलाई थुन्नु पनि पर्छ । अरूले गरेको अपराध हामीले स्वीकार्ने नै किन ?

❑ ❑ ❑


साहित्यिक
"लहर" त्रैमासिक बजारमा उपलब्ध छ !




पारिजात स्मृति केन्द्रद्वारा प्रकाशित पारिजातको आत्मसंस्मरण भाग-३ "अध्ययन र संघर्ष" प्रकाशित भयो ।

# प्रगतिशील लेखक संघले राष्ट्रिय स्तरको कविता-गोष्ठी गर्ने

नेपालमा प्रगतिशील लेखकहरुको साझा मंच "प्रगतिशील लेखक संघ"ले गत फागुन ७ गतेको राष्ट्रिय परिषदको बैठकले गरेको टुंगोका आधारमा विभिन्न कामहरु गर्ने निर्णय गरेको छ ।

आगामी २०५१ वैशाख ९ र १० गते पूर्वाञ्चलको इटहरीमा "जन आन्दोलनपछिका नेपाली कविताको स्वर र संरचना" बारे विचार गोष्ठी हुने र सोही स्थानमा कविता गोष्ठी हुने कार्यक्रम रहेको छ । यसैगरी "लेखकीय प्रतिबद्धता र स्वतन्त्रता" बारे आगामी कार्तिक २५ गते पोखरामा र "जन साहित्यमा सरलता र स्तरीयता" बारे पौष २२ गते सुर्खेतमा विचार गोष्ठी गरिने भएको छ । काठमाण्डौमा हुने नेपाल भाषा साहित्य सम्बन्धी गोष्ठी र सौन्दर्यशास्त्रीय विवेचनका कृतिहरुको परिचर्चाको तिथि भने पछि निश्चित हुने बुझिएको छ ।

यी बाहेक प्रगतिशील लेखक संघले अबदेखि हरेक वर्ष भाद्रको अन्तिम शनिवार राष्ट्रिय स्तरको "कविता-गोष्ठी" को आयोजना गर्ने भएको छ '। संघको स्थापना दिवसको उपलक्ष्यमा मनाइने उक्त कविता गोष्ठी पहिलो पटक आगामी २०५१ भाद्र २५ गते हुने भएको छ ।

यसैबीच, प्र.ले. संघको सांगठनिक विस्तारको क्रम पनि अघि बढेको छ । गत फागुन महिना भित्रमा यसका तीन वटा शाखाहरुका सम्पर्क समितिहरु गठन भएका छन् । सूर्यप्रसाद शर्माको संयोजकत्वमा मकवानपुरमा, मदनमोहन जोशीको संयोजकत्वमा चितवनमा र भरतप्रसाद अधिकारीको संयोजकत्वमा जनकपुरमा सो समितिहरु गठन भएका छन् । स्मरणीय छ- दांग र सुर्खेतमा पनि यस संघका शाखाहरु क्रियाशील छन् ।

गत फागुन ७ गते चितवनमा "मार्क्सवादी सौन्दर्यशास्त्र र समकालीन साहित्य" विषयमा भएको विचार गोष्ठी जस्ता कला-साहित्यका अन्तवस्तु र रुपबारे विचार स्पष्टता हासिल गर्न मद्दत पुग्ने खालका प्रयत्नहरुबाट प्राप्त निचोडहरु जनसमक्ष लैजाने उपयुक्त बाटोहरु खोज्ने काम चाहिं प्रलेसका सामु चुनौतिकै रुपमा रहेको छ । यस दिशामा पनि संघ सक्रिय हुनु पर्छ भन्ने हाम्रो राय रहेको छ । ❑



प्रगतिशील लेखक संघद्वारा प्रकाशित ४४ जना कबिहरुका कविताहरुको संगालो

कथा

# लुगा

**- खलिल जिब्रान**



एक दिन सुन्दरता र कुरूपताको भेट समुद्रको किनारमा भयो । दुवैले परस्पर भने- "आऊ समुद्रमा स्नान गरौं !"

त्यसपछि दुवैले आफ्ना लुगाहरू फुकाले र दुवै समुद्रमा तैरन लागे ।

केही छिनपछि कुरूपता किनारमा आयो र सुन्दरताको लुगा आफ्नो शरीरमा सजाएर लगाएर हिंड्यो ।

जव सुन्दरता समुद्रबाट बाहिर आयो, तव उसले देख्यो- उसको कपडा गायव छ । ऊ नांगै रहनुमा लाज अनुभव गरिरहेको थियो । केही सीप नलागेपछि उसले कुरूपताको कपडा नै लगायो र बाटो लाग्यो ।

आजसम्म संसारका मानिसहरू कुरूपतालाई सुन्दरता र सुन्दरतालाई करूपता ठान्ने भूल गरिरहेछन् ।

तर पनि संसारमा यस्ता मानिसहरू पनि केही छन, जो सुन्दरताको अनुहारबाटै परिचित छन् र सुन्दरतालाई बदलिएको लुगामा पनि चिन्न सक्छन् ।

साथै, केही यस्ता मानिसहरू पनि छन्, जो कुरूपतालाई चिन्दछन् र उनीहरूको आँखाको अगाडि कुरूपताको सच्चा रूप छोपिएर रहन सक्दैन । ❑

### छूवाछूत र जातीय भेदभाव विरूद्ध

# सामाजिक अभियान तीव्र हुँदैछ

**"सार्वजनिक कुवा-पानी प्रयोग गरौं ! उत्पीडित जाति एक हौं !"**

गत फागुन अन्तिम सातामा सिन्धुपाल्चोकको सीपा पोखरे गाउँ विकास समितिमा माथिका नाराहरूसहित "कुवा उवाऊ" कार्यक्रम सम्पन्न गरियो । दलित जातिका मानिसहरूलाई सार्वजनिक कुवाबाट पानी लिन नदिइने प्रथाका विरूद्ध अभियानको रूपमा नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजद्वारा संचालित यो कार्यक्रम उक्त समाजको स्थानीय जिल्ला समितिका अध्यक्ष हस्तबहादुर विश्वकर्माको सक्रियतामा भएको थियो । दलित जातिका मानिसहरूले कुवाबाट पानी उबाएपछि सहभागीहरूले एक जुलूस र आमसभाको पनि आयोजना गरे । सो कार्यक्रममा एमाले, संजमो, ने.का. र रा.प्र.पा. को समेत सहभागिता र समर्थन रहेको थियो ।

यसै गरी, गत फागुन ७ गते सो समाजको गोरखा जिल्ला समितिको आयोजनामा केन्द्रिय अध्यक्ष पदमलाल विश्वकर्मा र अन्य केन्द्रिय पदाधिकारीहरूसमेतको अगुवाइमा गोरखास्थित गोरखकाली मन्दिरमा दलित जातिहरूको प्रवेश कार्य पनि अभियानकै रूपमा सम्पन्न गरिएको थियो । यसै प्रसंगमा केही समय अघि दलित जातिले उत्पादन गरेको दूध नकिन्ने प्रवृत्तिका विरूद्ध स्याङ्जामा गरिएको आन्दोलन पनि स्मरणीय छ ।

एक थरि मानिसले अर्को थरि मानिसलाई जातिको आधारमा आफूभन्दा नीच सोच्ने र उनीहरूको अधिकार खोस्ने काम हाम्रो देशमा लामो समयदेखि नै चल्दै आएको छ । तल्लो जातिका मानिसहरूले छोएको नखाने कथित माथ्ला जातिका मानिसहरू ती तल्लो जातिका मानिसहरूलाई सार्वजनिक धारा-कुवा, इनारमा पानी थाप्न वा उबाउन समेत दिंदैनन् । सबैको लागि खुला होटेल र रेस्टुराहरूमा समेत तल्लो जातिका मानिसहरूलाई भित्र पस्न नदिने र खाएका भाँडा-गिलास आफैं माझ्नु पर्ने बाध्यता यहाँ अझै कायम छ । आफूसरहको अर्को मान्छेले आफूलाई छुँदा मात्रै पनि "जात जान्छ" भन्ने धारणा राख्नेहरू यत्तिसम्म गर्छन् कि "प्राणी मात्रका स्वामी" मानिने देउताहरूका मन्दिरमा समेत अछूत जातिले टेक्नु पनि हुन्न भन्ने उनीहरूको दावी रहन्छ ।

हाम्रो समाजमा विद्यमान यस्ता पिछडिएका धारणाहरू अवैज्ञानिक, अन्धविश्वासी, रूढीवादी मात्रै छैनन्, यिनीहरू सरासर परपीडक र अन्यायपूर्ण पनि छन् । यस्ता धारणाजनित जातीय भेदभाव र असमानताका विरूद्ध नेपालमा केही हदसम्म कानून पनि बनेका छन् र हाल देशमा क्रियाशील सबै राजनैतिक पार्टीहरूका घोषणा-पत्रहरू यो जातीय भेदभावका विरूद्ध छन् । तर यत्ति हुँदा हुँदै पनि व्यवहारमा नेपालमा परंपरागत रूपमा यो जातीय भेदभाव कायमै छ ।

यस्तो स्थितिमा के गरिनु पर्छ ?

बास्तवमा, यस्तो स्थितिमा गरिनु पर्ने काम भनेको व्यवहारमा व्यापक साँस्कृतिक आन्दोलन चलाउनु नै हो । यो आन्दोलनको अग्रभागमा तिनै मानिसहरूमध्येका सचेत व्यक्तिहरू रहनु अपरिहार्य र अत्यन्त प्रभावकारी हुन्छ, जो आफैं यो उत्पीडनमा परेका छन् । उनीहरूको सचेत र संगठित प्रयत्नमा अरू सचेत व्यक्ति र संस्थाहरूको दृढ सहयोग र समर्थन जुट्दा यसले व्यापकता लिने छ र सफलता पाउने छ ।

ठीक, यही कुराको शुरूवात उत्पीडित दलित जातीय उत्थान मंचल गरेको छ । यो अत्यन्त सह्राहनीय कदम हो । मन्दिर-प्रवेश, दुग्ध पदार्थ खरिद गराउनमा जोड र कुवा-उघाऊ जस्ता हालैका अभियानहरू यस अर्थमां नेपाली समाजलाई वैज्ञानिक र न्यायपूर्ण दिशामा थोरै मात्र भए पनि अघि बढाउने अर्थपूर्ण अभियानहरू हुन् । नेपाल उत्पीडित दलित जातीय उत्थान मंचले सबै पार्टीहरूको सहयोग लिएर यस्ता कार्यक्रमहरू ठाउँठाउँमा फेरि फेरि पनि गर्नु पर्दछ ।

यहाँनेर एउटा विचार पुऱ्याउनु पर्ने कुरा के छ भने- कुनै पनि कुपरंपरा विरूद्ध सामाजिक अभियानहरू चलाउँदा तिनीहरूको पक्षमा आम जनतालाई बुझाउने, संझाउने, चेतनशील बनाउने बैचारिक कार्य पर्याप्त मात्रामा हुनु जरूरी हुन्छ । मूल रूपमा चेतनाको जागरणद्वारा नै यस्तो आन्दोलन सफल र दिगो हुन्छ । यस दिशामा यस मंचको अरू बढी ध्यान जानुपर्छ भन्ने हामीलाई लाग्दछ ।

खास गरी तमाम उत्पीडित नेपाली जनताको हक अधिकारको लागि काम गर्न प्रतिबद्ध नेपाली वामपन्थी पार्टीहरूले देशमा विद्यमान जातीय उत्पीडनको परंपरा र प्रवृत्तिका विरूद्ध तमाम जनतालाई सचेत गराउन वैज्ञानिक विचार र वैज्ञानिक विचार-निर्माण-प्रक्र्याको संचार गर्नु जरूरी छ । यो काम हाल हाम्रो समाजमा अत्यन्त कम मात्रामा मात्र भएको छ । ❑

## दलितमाथि आक्रमण

*गत चैत्र १४ गते काभ्रे जिल्लाको धनेश्वर मन्दिरमा दलित जातिका मानिसहरू व्रतबन्धपछि गरिने पूजा गर्नका लागि मन्दिर पस्दा पूजारी र अन्य व्यक्तिहरू मिली उनीहरूमाथि आक्रमण गरिएको समाचार प्राप्त भएको छ । यस आक्रमणको विरोध गर्दै नेपाल उत्पीडित दलित जातीय मुक्ति सामाजले ती आक्रमणकारी-हरूमाथि कारबाहीको माग गरेको छ । स्थानीय प्रशासन र बनेपा नगर प्रमुख समेत आक्रमणकारीको बचाऊमा लागेकोमा सो समाजले खेद व्यक्त गरेको छ ।* ❑

# अब नेपाली कांग्रेसमा के होला ?

श्याम श्रेष्ठ




## निर्णायक फैसला गर्ने ठेक्का निर्णय-शक्तिहीन भट्टराईको जिम्मा !

### धरातल बिनाको सत्ता

कांग्रेसी फुट यति गहिरो, यति व्यापक, यति शत्रुतापूर्ण भएर सडकमा छताछुल्ल भएको इतिहासमै पहिलो पटक हो। मातृका- वि.पी. विवादको बेला समेत कांग्रेसी अन्तर्विरोधको धाँजा यति गहिरो र व्यापक नभएको त्यतिखेरका जानकारहरू बताउँछन्।

उपचुनावमा गिरिजाको अन्तर्घातबाट भट्टराईको हार भएको अनुभूतिबाट शुरु भएको यो विवाद सडकमा दुई थरीबीच पिटापिट र संसदमा सत्ता पक्षका सांसदबाटै प्रधानमन्त्रीप्रति खुलेआम अविश्वासको अभिव्यक्ति र राजीनामाको मागसम्म अघि बढ्यो। ३५ जना कांग्रेसी सांसदहरूले संसदमा प्रधानमन्त्रीले विश्वासको मत लिई हेर्न गिरिजा सरकारलाई ठाडो चुनौति दिए। यसको तात्पर्य, वाम प्रतिपक्षको ८१ मत यसमा थपिंदा संसदमा यथार्थमा गिरिजा सरकारको बहुमत बाँकी रहेन र २७ सदस्यीय सत्तारुढ पार्टीको केन्द्रीय कार्य समितिमा १४ जनाले विधिवत आफ्नो पार्टीको प्रधानमन्त्रीको राजीनामाको माग गरे, जुन केन्द्रीय कार्यसमितिको बहुमत थियो।

सार्वभौमसत्ता सम्पन्न जनताबाट त सडकमै जनआन्दोलनमा आफ्नो अभूतपूर्व सहभागिताद्वारा गिरिजाको पद त्यागको माग पटक पटक भै सकेको थियो। देशको सर्वोच्च अदालतले टनकपुरको मुद्दामा प्रधानमन्त्रीलाई जनता र संसदलाई ढाँट्ने, फटाहा (संविधान मिचाह) प्रमाणित गरेसकेको थियो। यी मध्ये कुनै एउटा कारण मात्र पनि पूँजीवादी प्रजातन्त्रमा प्रधानमन्त्रीको राजीनामाको निम्ति काफी थियो। अब त्यसमाथि सर्वाधिकार सम्पन्न संसद उनको बहुमत नभएपछि र सत्तारुढ पार्टीकै केन्द्रीय समितिको बहुमतको उनीप्रति विश्वास नरहेपछि गिरिजालाई पूँजीवादी प्रजातान्त्रिक शासन पद्धतिमा सत्तामा रहने कुनै ठाउँ, कुनै धरातल बाँकी थिएन।

तर यो देशको बिडम्बना! सत्तामा रहने कुनै स्रोत, कुनै जमीन नै बाँकी नरहे पनि गिरिजा भने प्रधानमन्त्रीमा बाँकी नै रहे। उनलाई न सार्वभौम संसदले पदच्युत गर्न सक्यो, न सत्तारुढ पार्टीले, न शक्ति सम्पन्न सर्वोच्च अदालतले। डेढ महिनामा आठ-आठ चोटि बसेर पनि कांग्रेसको केन्द्रीय समितिले बिना कुनै कारवाही निर्णायक फैसला गर्ने ठेक्का निर्णय-शक्तिहीन भट्टराईलाई छोडेर आफ्नो बैठकको अन्त गर्‍यो।

### उठेका सवालहरू

यसले थुप्रै आधारभूत सवालहरू सिर्जना गरेको छ।

आखिर यो पूँजीवादी प्रजातन्त्रमा गिरिजाको वास्तविक सत्ताको स्रोत के त? पूँजीवादी प्रजातन्त्रको विश्व चर्चित मान्यता हो- सत्ताको स्रोत जनता हो, जनताले चुनेको संसद हो।

पटक पटकको देशव्यापी जन आन्दोलनले प्रमाणित गरिसक्यो- जनताको गिरिजाप्रति कुनै विश्वास बाँकी छैन। जहाँसम्म संसदको सवाल हो, यसको अत्यधिक बहुमतले गिरिजाप्रति अविश्वास दर्शाइसक्यो र नपत्याए विश्वासको मत लिई हेर्न ताजा चुनौति दिईसक्यो। अरु, त अरु आफ्नै पार्टीको केन्द्रीय कार्यसमितिको समेत उनीप्रति विश्वास छैन।

अब गिरिजाको सत्ताको वास्तविक स्रोत के त? कुन धरातल उनको प्र.म.को कुर्सी अड्नको निम्ति बाँकी छ? - तथापि गिरिजा प्रमुख शासककै रुपमा सिंहासनमा विराजमान छन्। यो तीतो वास्तविकता हो कि- जनता, संसद, अदालत, सत्तारुढ पार्टी, विपक्ष कसैको पनि गिरिजाप्रति विश्वास र समर्थन बाँकी छैन। अर्को नांगो वास्तविकताको पाटो यो पनि हा- यी सबैको अविश्वास भए पनि पूँजीवादी प्रजातन्त्रमा एउटा हठी भ्रष्ट र अनैतिक प्रधानमन्त्रीलाई यिनले केही लाछारपाटो ल्याउन सक्दैनन्, छलकपट र राज्ययन्त्रको सहायताले उनी सारा अविश्वासको बावजूद सत्तारुढ भैरहन सक्छन्। यो अहिलेको कटु यथार्थमा आधारित अन्तरविरोध हो। पूँजीवादी प्रजातन्त्र र पूँजीवादी संसदको सीमा र चरित्र दुवैलाई यो घटनाले छर्लंगै उदांगो पारेको छ।

सत्ताको स्रोत जनता हो, जनताले चुनेको संसद हो भन्ने पूँजीवादी प्रजातन्त्रको मान्यता अब पूँजीपति वर्ग स्वयंलाई मान्य छैन, उनीहरू त्यो मान्यताबाट च्यूत भै सकेका छन्, पूरापूर प्रतिक्रियावादी र प्रतिक्रान्तिकारी भएका छन् भन्ने कुरा यो घटनाले प्रष्टै देखाएको छ।

एउटा गंभीर अन्तर्विरोध के भएको छ भने- स्वयं पूँजीपति वर्गलाई पूँजीवादी संसद, पूँजीवादी अदालत, पूँजीवादी प्रजातान्त्रिक मान्यताहरू अमान्य भएपछि अब यिनको वारीस को हुने त? यस अर्थमा स्वयं पूँजीवादीहरुको तर्फबाटै पूँजीवादी प्रजातन्त्रका मान्यताहरू बेवारिस भएका छन्। अब पूँजीवादी प्रजातन्त्रको बिंडोसमेत पूँजीपति वर्गले होइन ती वामपन्थीहरूले, श्रमिक वर्गले थामीदिनु पर्ने भएको छ, जो यिनको निषेध चाहन्छन्।

प्रश्न के पनि उठेको छ भने, अब संसदले, अदालतले, सम्बन्धित सत्तारुढ पार्टीले भ्रष्ट र अनैतिक प्रधानमन्त्रीमाथि नियन्त्रण कायम गर्न सक्दैनन् भने आखिर नियन्त्रण कायम गर्ने कसले त? यदि संसदीय बाटोबाट संवैधानिक तवरले प्रधानमन्त्रीमाथि प्रजातान्त्रिक नियन्त्रण कायम हुन सक्दैन भने नियन्त्रण कायम हुन सक्ने प्रभावकारी बाटो कुन त?

**खै त संसदीय र संवैधानिक बाटोबाट बदमाश प्रधानमन्त्रीलाई पदच्यूत गर्न सकिएको? खै त त्यो संसदीय र संवैधानिक बाटोको प्रभावकारिता? के यो घटनाले संसदीय र संवैधानिक बाटोको सीमा र ढोंगलाई उदांगो पारेको छैन?**

पोहोर सडकबाट सार्वभौम जनताले प्रधानमन्त्रीलाई हटाउन खोज्दा यही नेपाली कांग्रेस थियो, जसले संसदीय बाटोबाट, संबैधानिक तवरले मात्र नर्वाचित प्रधानमन्त्रीलाई हटाउनुपर्छ, अरु बाटोबाट हटाउनु मिल्दैन भनेर जबर्जस्त वकालत गरेको थियो। यही मान्यताको स्वीकृतिको जगमा भाद्र १ मा ने.का.-एमाले सम्झौता गरिएको थियो। तर एक वर्ष पनि बितेको छैन, संसदीय बाटोबाट प्रधानमन्त्रीलाई हटाउन संबैधानिक तवरले संसदमा अविश्वासको प्रस्ताव राखियो। संसदको बहुमत प्रधानमन्त्रीको पक्षमा प्रष्ट रुपले थिएन। तर खै त संसदीय र संबैधानिक बाटोबाट बदमास प्रधानमन्त्रीलाई पदच्यूत गर्न सकिएको? खै त संसदीय र संवैधानिक बाटोको प्रभावकारिता?

यो घटनाले संसदीय र संवैधानिक बाटोको सीमा र ढोंगलाई पनि निकै उदांगो पारेको छ।

यसले के देखाएको छ भने- अनैतिक, निरंकुश र पथच्यूत प्रधानमन्त्रीलाई कार्यबाही फगत सडक आन्दोलनबाट जनताले मात्र गर्न सक्छन्। र, पोहोर परार अवलम्बन गरिएको जनआन्दोलनको बाटो बिल्कूलै सही थियो। संसदीय बाटोबाट अंकुश लाउन र हटाउन असमर्थ भएको स्थितिमा अब निरंकुश गिरिजालाई अंकुश लाउने र कुर्सी मुक्त गर्ने फेरि पनि एउटै बाटो मात्र बाँकी छ, त्यो हो- जनताको सडक- आन्दोलन अर्थात



गैर संसदीय बाटो । कांग्रेसभित्रै जो गिरिजा प्रबृत्तिको साँच्चै नै अन्त चाहन्छन्, उनीहरूको लागि पनि अब जन आन्दोलन सिवाय अर्को कुनै प्रभावकारी बाटो बाँकी छैन ।

**लंगडो तर्क**



गिरिजा गिरोह र त्यसप्रति अविश्वास भएका कांग्रेसी नेतृत्वको समेत लंगडो तर्क के छ भने- संसदबाट आफ्नै पार्टीका सांसदको मतदान-द्वारा आफ्नै पार्टीको प्रधानमन्त्री हटाउनु गैर-प्रजातान्त्रिक हुन्छ, गैर-संसदीय हुन्छ । त्यसैले, विश्वास नभए पनि भोट भने गिरिजालाई नै दिनु पर्छ । यही मान्यता अनुसार पहिलो पटक अविश्वास प्रस्तावलाई संसदमा पराजित गरियो ।

यदि यो तर्क सही हो भने, संसारको कुनै पनि प्रजातान्त्रिक संविधानबाट "अविश्वास प्रस्ताव" भन्ने धारणा र प्रावधान नै झिकीदिए हुन्छ । अविश्वास प्रस्ताव भनेकै सरकारले गलत काम गरेमा त्यही दलका सांसद समेतले प्रतिपक्षलाई साथ दिएर गलत काम गर्ने सरकारलाई पदच्यूत गर्ने नियन्त्रणकारी पूँजीवादी प्रजातान्त्रिक उपाय हो । अन्यथा, संसदमा बहुमत भएको प्रधानमन्त्रीलाई उसले जे कुकर्म गरे पनि त्यो बहुमतले साथ दिइरहने हो भने- "अविश्वास प्रस्ताव" भनेकै कसरी पास हुन्छ ? कसरी कुकर्म गर्ने शासक संसदमा बहुमत छउन्जेल कार्वाहीमा पर्छ ? शासकको निरंकुशतामाथि कसरी अंकुश लाग्छ ?

तर नेपाली कांग्रेसका विद्रोहीहरूले यही कुरामा कार्यनीतिक रुपले महागल्ती गरे । आफ्नो विश्वास नहुँदा नहुँदै उनीहरूले वाम पक्षले राखेको अविश्वास प्रस्तावको विरुद्ध मत दिए । फलतः संसदीय बाटोबाट गिरिजालाई पदच्यूत गर्ने सारा बाटो नै बन्द भयो । बाम पक्षको अविश्वासको प्रस्तावको पक्षमा मत दियो भने प्रतिपक्षलाई, वाम शक्तिलाई फाइदा पुग्छ भन्ने गिरिजा-गिरोहको दाउपेचपूर्ण मान्यता र प्रचारमा उनीहरू सहमत भए ।

उनीहरुले के भुले भने- वामपन्थी शक्ति भनेको विश्व र नेपालको इतिहासको एउटा जिउँदो र प्रष्ट वास्तविकता हो । यहाँको ऐतिहासिक आवश्यकताले उनीहरू अस्तित्वमा आएका हुन् र त्यो आवश्यकता इतिहासमा रहुन्जेल उनीहरू अस्तित्वमा रहिरहने छन् । कसैको स्वार्थी चाहनाबाट उनीहरू नामेट हुनेवाला छैनन् । यदि वामपन्थीहरू अस्तित्वमा छन् र उनीहरूलाई फाइदा पुग्छ भन्ने नाममा भ्रष्टता र अनैतिकतालाई साथ दिईरहने हो भने नेपाली कांग्रेसभित्र कोही पनि अन्याय र बेठीक विरुद्ध लड्न चाहनेहरूले यो पृथ्वीमा सभ्य मानवजाति रहुन्जेल अन्याय र वेठीकलाई नै साथ दिई रहनुपर्ने स्थिति हुने छ । किनकि अहिलेका कुनै वामपन्थी पार्टी कुनै गल्तीवश नाशिईहाले पनि पृथ्वीमा अरू वामपन्थीहरू फेरि हुनेछन् । पृथ्वीमा अन्याय, उत्पीडन र वेठीक विरूद्ध द्वन्दको वस्तुगत आवश्यकताले वामपन्थीहरूलाई सदैव जन्माईरहने छ ।



यो विवाद सडकमा दुई थरीबीच पिटापिट सम्म अघि बढ्यो

अनि कतिञ्जेल वामपन्थीलाई फाइदा पुग्ने नाममा अन्याय र वेठीकको गोमन साँपलाई दूध ख्वाएर बचाई राख्न सकिएला ? फेरि अन्याय र वेठीक विरूद्ध मत दिंदा फाइदा त जहिले पनि त्यसका विरूद्ध सदैव लडिरहनेलाई पुग्छ पुग्छ । अर्को उपाय के छ ? रात खतम होस् भन्ने पनि चाहने, बिहानीलाई फाइदा पुग्ला भनेर पनि डराउने, यो कसरी हुन्छ ? यस्ता डराउनेहरूले हमेशा रातलाई नै लम्ब्याउने काम गरिरहेका हुन्छन् । नेपाली काँग्रेसमा अहिले यस्तै भैरहेछ ।

**सत्ताको स्रोत**

यी घटनाले के देखाएका छन् भने- गिरिजाको सत्ताको स्रोत न जनता हो, न संसद, न आफ्नो सत्तारूढ पार्टी, न कानून र अदालत । गिरिजाको सत्ताको स्रोत- यी सारा पूँजीवादी प्रजातान्त्रिक संस्थाहरूभन्दा बाहिर छ । त्यसैले त उनी यी साराको नजरबाट गिरे पनि- सत्तामा बाँकी रहन सके ।

त्यो स्रोत आखिर के त ?

एउटा हो- राज्यशक्ति र बन्दूक, जुन उनले आफ्नो कुर्सी अलिकता पनि खतरामा पर्नासाथ सार्वभौम जनता विरूद्ध पनि बारंबार प्रयोग गर्दै आएका छन् । र, यो राज्यशक्तिको वरपर स्रोत र अवसरको शक्तिशाली चुम्बकले तानेका हज्जारौं अबसरवादी कार्यकर्ताहरू छन्, जो तिनको उपभोग गर्न पाउञ्जेल गिरिजा प्रवृत्तिंको आँखा चिम्लेर समर्थन गर्छन् ।

अर्को हो- बाह्य प्रतिक्रियावादी शक्तिको समर्थन ।

यो समर्थन उनले देशका कैयन राष्ट्रिय हितहरूलाई बली चढाएर प्राप्त गरिरहेछन् । यसको टडकारो उदाहरण हो- टनकपुरको सन्धि, अरूण तेस्रोको लागि सहमति, देशका शिशु उद्योगहरू धराशायी हुने शर्तमा पनि अरू देशका सामानहरू बेरोकटोक कम भन्सार महशूलमा भित्रिन दिने उदार अर्थनीति, किसानको ढाड भाँचिने शर्तमा पनि डंकल प्रस्ताव स्वीकार गरेर- रासायनिक मलमा दिई आएको क्षतिपूर्ति (Subsidy) खतम पार्ने निर्णय, चिनी जस्ता दैनिक उपभोगका वस्तुको आपूर्ति पनि नाफाखोर व्यापारीको हातमा सुम्पीदिने निर्णय, आदि । चैत्र १४ गतेको बानेश्वर- घटना त त्यसको तरो-ताजा उदाहरण हो ।



पिटाइका शिकार

यसरी उत्पीडित वर्गको र राष्ट्रिय हितको तिलाञ्जलीको मूल्यमा रिझाइएका साम्राज्यवादी शक्तिहरू यस पटक गिरिजाको सत्ता जोगाउन निकै क्रियाशील रहे । भारतीय शासक वर्ग र अमेरिकी शासक वर्ग यो विवादलाई गिरिजाको फाइदा हुने गरी टुंग्याउन सबैभन्दा बेसी क्रियाशील रहे । भारतीय प्रयत्न हुदाहुँदै पनि सडक भीडन्तको स्तरमा पुगेको र संसदमा विश्वासको मत लिने माग र "भट्टराईले स्वीकार गरे पनि हामीले स्वीकार नगर्ने" भन्ने ३५ विद्रोही काँग्रेस सांसदहरूको हुँकारले उचाइमा पुऱ्याएको काँग्रेसी- अन्तरविरोध एक्कासी तब शिथिल भयो, जब अमेरिकी उप-विदेशी मन्त्री राफेल नेपाल आइन् र विद्रोहीहरूलाई भेटिन् । यस मामलामा बेलायती रक्षा मन्त्रीको पनि उल्लेखनीय भूमिका रहेको देखियो ।

नाटकीय रूपमा केन्द्रीय कार्य समितिमा सारा विवादको हल गर्ने ठेक्केदारी भट्टराईलाई दिने प्रस्ताव सर्वसम्मतिबाट पास भयो । संसदमा हिजोसम्म खुलेआम गिरिजाको राजिनामाको माग गर्ने र काँग्रेस सरकारले ल्याएको खानीसम्बन्धी विधेयक फेल ख्वाउने विद्रोही सांसदहरू तुरून्तै गिरिजा सरकारसितको आफ्नो व्यवहारमा फरक ल्याउने र फेल ख्वाइएको विधेयक फेरि पास गर्ने हदसम्म रूपान्तरित भए । यी सारा घटनाहरू अकारण उत्तिकै भएका थिएनन् । यी घटनाको मेन-स्वीच यिनै बाह्य-प्रतिक्रियावादी शक्ति केन्द्रहरूमा थियो ।

यी घटनाक्रमहरूले नेपाली काँग्रेसको बर्ग-चरित्र राम्रोसित छर्लंग्याएको छ । नेपाली काँग्रेसको शक्तिको निर्णायक मेन-स्वीच वा स्रोत नेपाली जनता र निर्वाचित संसद होइन, नेपाल बाहिर अन्तरराष्ट्रिय प्रतिक्रियावादी शक्ति केन्द्रहरूमा छ भन्ने कुरा समेत यसले छर्लंग पारेको छ । यदि नेपाली जनता र पूँजीवादी संसद नै उनीहरूको शक्तिको मुख्य स्रोत हुँदो हो त न गिरिजा एक छिन पनि प्र.मं.को कुर्सीमा यसरी बाँकी रहन सक्थे, न यसरी चर्को विवाद नै एकै चुट्कीमा यसरी सामसुम हुन संभव हुन्थ्यो ।

**निरंकुश राजतन्त्र र गिरिजा सरकार**

यो घटना क्रमले के पनि देखाएको छ भने- अब वर्तमान काँग्रेसको सत्ता र निरंकुश राजतन्त्रको प्रवृत्तिमा कुनै तात्विक भेद छैन । दुवैमा निर्वाचित संसदभन्दा माथि र आधिक शक्तिशाली हुने प्रवृत्ति छ, दुवैमा जनताको प्रजातान्त्रिक अंकुशबाट माथि र फुक्का हुने प्रवृत्ति छ, दुवैमा व्यक्ति-स्वार्थमुखी हुने र व्यक्ति केन्द्रित

सत्ता विकास गर्ने प्रवृत्ति छ । प्रवृत्ति एउटै भएपछि- राजतन्त्र र गिरिजा-राजमा अन्तरै के रह्यो ? फरक यति मात्रै छ कि- एउटा निर्वाचित हो, अर्को हैन ।

यो प्रवृत्तिले के संकेत गर्छ भने- कुनै सख्त प्रतिरोध भएन भने जनतासित, संसदसित र अदालतसित अहिले जे जति सीमित अधिकार छन्, ती सबै एक एक गर्दै खोस्दै जाने दिशातिर काँग्रेस सरकारले काम गर्नेछ । नेपाल अघोषित राजतन्त्र वा एकदलीय तानाशाहीतिर प्रवृत्त हुने प्रष्ट लक्षण यी प्रवृत्तिहरूले देखाएका छन् । सबै न्याय र प्रजातन्त्रका प्रेमीहरूले यो सवालमा गंभीरतापूर्वक सोच्नु जरूरी छ ।

### रा.प्र.पा. र सद्भावना पार्टी कतातिर ?

गिरिजा प्रवृत्ति चरम प्रतिक्रियावाद र एकतन्त्रतिर उन्मुख भएको हुनाले- र राजतन्त्रको वर्ग-स्वार्थ पनि त्यहीं भएको हुनाले नेपालको राजतन्त्रवादी शक्तिको यो घटनामा द्वैध भूमिका रहेको देखियो । एउटा, संघर्षको अह- अवसरमा अनेक निहुँबाट गिरिजाले प्रतिनिधित्व गरेको वर्ग-प्रवृत्तिलाई नै सत्तारूढ भइरहन सघाउने । अर्को, संघर्षको दौरानमा सरकार कमजोर भएको र वामपन्थीहरूको जागरूकता पनि क्षीण भएको मौका पारेर- आफ्नो शक्ति वृद्धि गर्ने खालका कदमहरू चाल्दै जाने ।

यस पटक संसदमा वामपन्थीहरूले अविश्वासको प्रस्ताव राख्दा- रा.प्र.पा.ले मतदानबाट बाहिरिएर घुमाउरो रूपमा गिरिजालाई नै सत्तारूढ भईरहन सघायो । यही कुरा सद्भावना पार्टीले पनि गऱ्यो । एकातिर संसदीय बाटोबाट काँग्रेस सरकारको अन्तको कुरा गर्ने, अर्कोतिर काँग्रेस सरकारलाई संसदीय बाटोबाटै अन्त गर्ने ठीक घडी आउँदा भने अन्त हुनबाट बचाउने भूमिका खेल्ने । यो अन्तर्विरोधपूर्ण व्यवहारले के देखाएको छ भने- रा.प्र.पा. र सद्भावना पार्टीले वास्तवमा- ने.का. को भन्दा अलग्गै र उन्नत वर्गीय र सैद्धान्तिक अस्तित्व राख्दैनन् । निर्णायक क्षणमा यिनहरूले ने.का. कै पुच्छर वा जगेडा-शक्तिको काम गर्छन् । यो व्यवहारबाट यिनीरूको वर्ग चिरत्र एक हदसम्म उदांगो भएको छ । यसले देखाउने भविष्यको दिशातिर हामी वामपन्थीहरू सजग हुन जरूरी छ ।

### अब के होला ?

संपूर्ण घटना क्रमले के इंगित गर्छन् भने- जुन कुरा सिंगो संसद र केन्दिय कार्य समितिको अत्यधिक बहुमतले गर्न सकेन, त्यो एक्लो भट्टराईले गर्न समर्थ हुने छैनन् । कार्यकर्ताको अत्यधिक दवावले गर्दा भट्टराईलाई- गिरिजामाथि केही न केही कार्यवाही गर्नुपर्ने बाध्यता त छ नै । तर उनले पार्टी फुट्ने शर्तमा पनि गिरिजालाई पदच्यूत गर्ने हदको कार्यवाही गर्ने साहस र क्षमता राख्दैनन् । त्यसैले यस्तो कार्यवाही हुने धेरै कम संभावना छ ।

यो कुरा धेरै हदसम्म विद्रोही कार्यकर्ताको संघर्षमा भर पर्ने छ । उनीहरूको संघर्ष तीव्र भयो भने कार्यवाहीको मात्रा पनि तीव्र हुन कर लाग्ने छ । हैन, यत्तिकै शिथिल भयो भने- एउटा सामान्य बीच- बचावको उपायबाट यो समस्या टालटुल गर्ने प्रयत्न भट्टराईबाट हुने संभावना छ ।

नेपाली काँग्रेसभित्र वर्तमान अन्तर्विरोधको प्रवृत्ति सैद्धान्तिक देखिन्न । अन्तरविरोधहरू मूलतः अस्तित्वको समस्याबाट पैदा भएका देखिन्छन् । गिरिजाको अगाडि अब हाम्रो अस्तित्व नै नहुने भो, आत्मसमर्पण नै गर्नुपर्ने भो भन्ने अहम्- केन्द्रित पीडाले वर्तमान संघर्ष मुख्य रूपमा निर्देशित भएको देखिन्छ । त्यसैले, अस्तित्वकै समस्याको काम- चलाउ हलबाट वर्तमान विवादलाई टालटुल गर्ने भट्टराईको प्रयत्न हुने बेसी संभावना छ । संकट हल गर्ने कुनै साहसपूर्ण निर्णायक कदम नलिएर संकटलाई हालको निम्ति स्थगित गर्ने हदको कदम चालिने बेसी संभावना छ ।

तर यो तदर्थवादी निर्णयबाट विद्रोही कार्यकर्ताहरू भने निराश हुने अवश्यंभावी छ । यसले कार्यकर्ताको पलायनको समस्या त खडा गर्ने छ नै । नेपाली काँग्रेस अहिलेभन्दा पनि खुँखार, निरंकुश र प्रतिक्रियावादी शक्तिको रूपमा विकसित हुने संभावना पनि त्यत्तिकै छ । काँग्रेस पार्टीमा त्यतिबेला भट्टराई र गणेशमानको अस्तित्व नाम मात्रको हुनेछ ।

गिरिजा प्रवृत्तिको दासत्वसमक्ष आत्म-समर्पण, या त्यो विरूद्ध निर्णायक संघर्ष- यी दुईमध्ये एउटा छान्नै पर्ने बाध्यता अहिले काँग्रेसी कार्यकर्ता र नेताहरू समक्ष छ । उनीहरूले कुन छान्छन्- इतिहास त्यही दिशातिर डोरिने छ । तर अन्तर्राष्ट्रिय शक्ति केन्द्रको दबाव र काँग्रेसी नेतृत्वको मनस्थिति भने- आत्म-समर्पणमुखी नै छ ।

सारा बाह्य मेन-स्वीच र प्रवृत्तिका बाबजूद पनि वामपन्थी शक्तिको यो मामलामा ठूलो भूमिका हुन सक्छ । वेठीक र अन्यायसित जुधिरहेका नेता कार्यकर्ताहरूसित जीवित सम्पर्क र उनीहरूको संघर्षमा हर संभव सहायता यतिखेरको आवश्यकता हो । काँग्रेसमा ठीक र बेठीकबीच तीव्र अन्तरविरोध चर्कनु, निर्णायक संघर्ष हुनुमै देश र जनतालाई तुलनात्मक रूपले फाइदा छ । उनीहरू बीचको सुलह-संझौता देश र जनताको हितमा हुने छैन । त्यसैले, हाम्रो कामको मुख्य दिशा यी दुई बीच निर्णायक संघर्ष तीव्रतर पार्नुतिर, अन्तरविरोधलाई अरू प्रस्ट पार्नुतिर नै हुनु जरूरी हुन्छ । ❑

# नेपालको बैदेशिक व्यापार घाटातिर

*राष्ट्र बैंकको ताजा तथ्यांक अनुसार- गएको वर्षको तुलनामा यस आर्थिक वर्षको पहिलो आठ महिनामा नेपालको बैदेशिक व्यापारमा ३१.७ प्रतिशत वृद्धि भएको दावी गरिएको छ ।*

*तर तथ्यांकको गहिराइमा जाने हो भने- हाम्रो बैदेशिक व्यापारको चित्र त्यति रंगीन छैन, जति देखाउन खोजिँदैछ । यो वृद्धिमा निर्यातको योगदान केबल १७.३ प्रतिशत छ । र, सबैभन्दा बेसी त आयात बढेको छ । ३८.८ प्रतिशत आयात वृद्धि हुनाले बैदेशिक व्यापार यति धेरै बढेको देखिएको हो । स्मरणीय छ- अहिले हाम्रो १३ अरब १४ करोड ४६ लाख रूपैयाँ बराबरको निर्यात व्यापार छ । तर आयात व्यापार भने त्यसको करीब अढाई दोव्बर बेसी अर्थात ३१ अरब ६२ करोड ३७ लाख बराबरको हुने गरिरहेको छ । यसले हाम्रो व्यापार घाटा पहिलेभन्दा ५९.६ प्रतिशतले बढिरहेको देखाउँछ । अर्थात्, हाम्रो व्यापार घाटा अहिले १८ अरब ४७ करोड ९१ लाख पुगेको देखिएको छ ।*

*हाम्रो निकासीको प्रवृत्ति हेर्ने हो भने- निकासी मुख्य रूपमा भारततर्फ बढेको छ । त्यहाँ हाम्रो निकासी पोहोरभन्दा ५१.९ प्रतिशतले बढेर १ अरब ६७ करोड ५७ लाख पुगेको छ । तर अन्य मुलुकतर्फको निकासी भने खालि १३.५ प्रतिशत मात्र बढेको छ । त्यहाँ हाम्रो ११ अरब ४६ करोड ८९ लाख बराबरको आयात व्यापार भएको छ । यस हिसावले व्यापारिक प्रवृत्ति पोहोरभन्दा ठीक उल्टो भएको छ । पोहोर भारततर्फको निकासी निकै कम (८.१ प्रतिशत) र अरू देशतर्फको निर्यातमा निकै बेसी (३८.५ प्रतिशत) भएको थियो ।*

*हाम्रो निकासी हुने मुख्य वस्तुहरू ऊनी गलैंचा, गार्मेण्ट, दाल, छाला र भुसे तील रहेका छन् । जम्माजम्मी निर्यातमा यी वस्तुहरूको अनुपात ८३ प्रतिशत रहेको छ । यी मध्ये पनि सबैभन्दा बढी अनुपात ऊनी गलैंचा र गार्मेण्टको रहेको छ । यी कुराहरू कोटा-प्रणालीमा पाश्चिमी देशको दयामा निर्यात हुने गरिरहेको छ । बैदेशिक व्यापारमा यी दीगा व्यापारिक वस्तुहरू हैनन् र कोटाको दया खतम हुने वित्तिकै कुनै पनि बेला यिनीहरूमा आधारित हाम्रो बैदेशिक व्यापार धराशायी हुन सक्छ । त्यसैले, यिनीहरूमा आधारित भएर बैदेशिक व्यापारमा खुड्‌डा टेक्नखोज्नु निकै खतराजनक छ । हामीले निर्यातको लागि प्रतिस्पर्धात्मक दीगा वस्तुहरू र बेसी मूल्य नेपालमै थपिने वस्तुहरू खोज्न सक्नु पर्दछ । अन्यथा हाम्रो बैदेशिक व्यापारको भविष्य अन्धकार छ ।*

*आयातको प्रवृत्ति हेर्ने हो भने- भारत र अरू मुलुक दुवै तिरबाट हुने आयातमा करीव ३८ प्रतिशतको हाराहारीमा वृद्धि भएको छ । पोहोरसित दाँज्ने हो भने- भारततिरबाट हुने आयात अन्यत्रबाट हुने आयातभन्दा निकै बढेको छ । पोहोर भारततिरबाट ७.९ प्रतिशत र अन्यत्रबाट हुने आयातमा १६.२ प्रतिशतले बढेको थियो ।*

*यी तथ्यांकहरूले देखाएका छन्- हाम्रो देशको व्यापार आयातमुखी दिशातिर बेसी लम्किरहेछ । बैदेशिक व्यापारमा व्यापार घाटामा चर्को वृद्धि हाम्रो मुख्य समस्या भएको छ ।*

**(हाम्रा आर्थिक समीक्षकबाट)**



८ पेजको बाँकी...

नेपालीहरूलाई जुन चोट पुऱ्याएको छ, त्यसबाट नेपालीहरू झन् झन् सचेत हुनु पनि जरुरी छ । यस काण्डले नेपालीहरूमा पुर्खौंदेखि रहीआएको देशभक्तिको भावनालाई फेरि एक पटक जागा गराइदिएको छ । यतिखेर भारतको निर्लज्ज हैकमवादलाई नेपाली जनताले फेरि एक पल्ट कटु अनुभूति गरेको छ । यतिखेर नेपाली जनताले देशभित्रका राष्ट्रद्रोहीहरूको अनुहार पनि एक पल्ट पुनः देखेका छन् ।

यतिखेर यो भारतीय हस्तक्षेपको विरोध गर्न र यसबाट आम जनतालाई सचेत गर्न सबै राष्ट्रवादी शक्ति र व्यक्तिहरू एक ढिक्का हुनु जरुरी छ ।

**वामपन्थीहरूले सदनमा जत्ति नै काम सडकमा पनि गर्नुपर्छ**

नेपाली राष्ट्रिय स्वाधीनताको पक्षका प्रखर प्रवक्ताहरूको रुपमा रहेका नेपाली वामपन्थी पार्टीहरूले संसदमा यो काण्डको विरुद्ध जुन जोडपूर्ण भूमिका निर्वाह गरे, त्यो अत्यन्त प्रशंसनीय छ । सर्वदलीय जाँच आयोग गठन नभैकन संसदका अरु गतिविधिहरू रोकियोस् भनी वामपन्थीहरूले प्रस्तुत गरेको "स्थगन प्रस्ताव" लाई गिरिजा वा भट्टराई वा गणेशमान पक्षीय भनिने जत्ति सबै कांग्रेसीहरू मिलेर "असफल" गराए । तर यसले कांग्रेसीहरू कुर्सीका लागि सधै झगडा गरे पनि राष्ट्रघातका लागि भने सधै "एक" हुने गरेको कुरालाई फेरि एक पल्ट प्रमाणित गरेको छ ।

भारतीय विस्तारवादलाई "विस्तारवाद" कै नाममा वा हैकमवाद वा साम्राज्यवाद वा प्रभूत्ववादी आदि जे को नाममा भए पनि नेपाली जनताको प्रगतिशील आन्दोलनको एउटा प्रमुख बाधाको रुपमा लिने नेपालका वामपन्थी पार्टीहरूले यो काण्डलाई लिएर जनतामा भारतीय बल मिचाइको व्यापक भण्डाफोर अभियान चलाउनु जरुरी छ । गाउँ गाउँमा देशभक्तिको भावना फैलाउन र राष्ट्रद्रोहीहरू विरुद्ध जनतालाई सचेत गराउन सडकमा उत्रने क्रममा वामपन्थी पार्टीहरूले आफ्ना भातृ संगठनहरूलाई मात्र ओरालेर पुग्दैन । यो अत्यन्त संवेदनशील र राष्ट्रिय महत्वको घटना हो । यदि यतिखेर व्यापक विरोध हुँदैन भने भोलिका दिनहरूमा यो हैकम अरु बढ्दै जाने संभावना रहन्छ । त्यसैले वामपन्थीहरूले पार्टी स्तरबाटै एकीकृत रुपमा यो विषयलाई जनता समक्ष लिएर जानमा गंभीर पहल लिनु जरुरी देखिन्छ । यो घटना "बूढी मरी" भन्ने पीर पनि हो र त्यसभन्दा बढी यो "बाघ पल्क्यो" भन्ने पीर हो । – हरिगोबिन्द लुइटेल


विशेष पुस्तक प्रकाशित भयो

JUSTICE DENIED !

(अस्वीकृत न्याय !)

पाइने स्थान: इन्सेक इन्टरन्याशनलको कार्यालय ।


# राष्ट्रघात र जनघात विरुद्ध संघर्ष

## संघर्षमा पार्टीहरू

**ने**.का. सरकारको राष्ट्रघात र जनघातका विरूद्ध संयुक्त जनमोर्चाले वैशाख ४ गतेदेखि सडक संघर्ष शुरू गरिरहेछ । वैशाख ४ गते प्र.मं. लाई र भारतीय दूतावासलाई विरोध पत्र दिने, ९ गते प्रमुख शहरहरूमा दौड जुलुस, १० गते गाउँ टोलहरूमा मसाल जुलुस, १४ गते कालो झण्डा गाड्ने र भारतीय दूतावास अगाडि धर्ना दिने, १६ गते राव र गिरिजाको पुत्ला जलाउने, १८ गते जुलूस र सभा गर्ने, १९ गते निजीकरण गरिएका राष्ट्रिय उद्योगहरूमा विरोध प्रदर्शन र हड्ताल, २० गते प्रमुख शहरहरूमा साँझ ८-८.१५ ब्ल्याक आउट गर्ने र २१ गते नेपाल-बन्द गर्ने कार्यक्रम यस पार्टीले राखेको छ ।

यसैगरी ने.क.पा. एमालेले पनि पार्टीस्थापना दिवसको समेत अवसर पारी वैशाख ९ गते बानेश्वर काण्ड र विद्युत महशूल वृद्धिका विरूद्ध जुजूस र आमसभा गर्ने भएको छ ।

राष्ट्रियता र जनजीविकाका यी सवालहरू सबैका साझा भएका हुनाले यस्ता संघर्षका कार्यक्रमहरूमा युवा संघहरू र पार्टीहरूबीच एकता कायम गर्न संबद्ध सबै पक्षहरूमा चासो र लगाव हुनुपर्छ भन्ने हामीलाई लाग्दछ ।

## संघर्षमा युवासंघहरू

*हा**ल सरकारले जनतामाथि लादेको विजुली र चिनी लगायतको मूल्य वृद्धि र भारतीय हस्तक्षेपको विरूद्ध देशका दुई प्रमुख वामपन्थी युवा-संगठनले संघर्षको कार्यक्रम संचालन गर्दै आएका छन् । प्रजातान्त्रिक राष्ट्रिय युवा संघले दास-ढुंगा काण्डको जाँच गर्न सर्वसम्मत आयोगको मागसहित संघर्षको कार्यक्रम अघि बढाइ रहेको छ । यो आयोगको निर्माण गर्ने काम र विद्युत महशूल घटाउने काम नगरिएमा आगामी वैशाख १० गतेदेखि सशक्त कार्यक्रमहरू सहित यो युवासंघ सडकमा ओर्लने भएको छ । गत चैत्र २२ गते यस संघले प्र.म. समक्ष ज्ञापन-पत्र दिएको थियो ।*

*यसै गरी अखिल नेपाल जनवादी युवा लिगले यही वैशाख ३ देखि ९ सम्म प्रचारात्मक कार्यक्रम, ११ गतेदेखि विद्युत महशूलको वृद्धिका विरूद्ध हस्ताक्षर संकलन, १५ देखि २५ गते सम्म जन-जागरण अभियान र जनसभाहरू एवं वैशाख ३० गते सरकारलाई ज्ञापन-पत्र दिने कार्यक्रम राखेको छ ।* ✱


**केवल दिनको रु. १०/- जम्मा गर्नु भई निम्न लिखित फाईदा उठाउनु होस्**

○ १. सदस्य भएको मिति देखि २४ महिनाभित्र बिरामी भएमा अस्पतालमा लाग्ने औषधी खर्च निशुल्क पाउनु हुने छ ।

○ २. केही गरी सदस्यको मृत्यु भएमा परिवारले पूरा रकम फिर्ता पाउनु हुनेछ ।

○ ३. सदस्य भएको मिति देखि ३ महिना पछि साना-तिना व्यापार गर्न साना-तिना उद्योग गर्न वा छोरा-छोरीहरुको व्यवहार गर्नको लागि सापटी पाउनु हुने छ ।

अन्य जानकारीको लागि सम्पर्क राख्नु होस्

हिमालय फाइनान्स एण्ड सेभिंग कम्पनी (प्रा.) लि.

ताहाचल, नेपाल, फोन २७०५८६

नव वर्षको उपलक्ष्यमा
समस्त देशवासीहरूमा
हार्दिक
शुभकामना
साल्ट ट्रेडिङ कर्पोरेशन लि.

नव वर्षको उपलक्ष्यमा
समस्त देशवासीहरूमा
हार्दिक
शुभकामना
नेपाल बैंक लिमिटेड

शुद्धताको प्रतीक राजहंस





वनस्पति घ्यू सोयाबिन तेल

### समस्त नेपालीहरूका लागि एउटा दुःखद् समाचार

# कुलेखानीको आयु अब ७ वर्ष मात्र बाँकी



कम्तिमा पनि ५० वर्षसम्म नियमित संचालन हुने भनी बनाइएको र हाल संचालनको तेह्रौं वर्षमा चालू कुलेखानी जलविद्युत परियोजना अब ७ वर्षमै बन्द हुने स्थितिमा पुगेको छ। नेपाल जस्तो गरीब मुलुकले भारी ऋणको बोझ काँधमा खेपेर बनाएको यो विद्युत परियोजना निर्धारितभन्दा आधा समय पनि चल्न नसक्ने हुनु ठूलो क्षति र दुःखको कुरा हो।

यो ७ वर्ष मै बन्द हुने कारण हो- यसको रिजरभ्वाएरमा जम्मा हुन पुगेको माटो-ढुंगाहरूको थुप्रो।

श्री ५ को सरकारको भूसंरक्षण विभागले विशेषज्ञहरूद्वारा गत वर्षदेखि शुरू गराएको कुलेखानी रिजरभ्वाएरको सिल्टेसन (Siltation) सर्भेको रिपोर्टले यो कुरा औंल्याएको छ। यो रिपोर्ट विशेषज्ञहरूले सरकारलाई बुझाइसकेका छन्, तर सरकार भने यसलाई सार्वजनिक रूपले बाहिर ल्याउन हिच्किचाई रहेको छ।

रिजरभ्वाएरमा सुरूङको मुखको लेभलमुनि ५० वर्षको लागि ढुंगामाटोले भरिन पर्याप्त हुने गरी डिजाइन गरिएको जगेडा ठाउँ (Dead Volume) हालसम्ममा नै ६६ प्रतिशत भरीइसकेको पाइएको कुरा रिपोर्टमा उल्लेख छ। रिजभ्वाएरको कूल पानी अटाउने क्षमता ८५.३ मिलियन क्यूबिक मिटरबाट १०.१९ मिलियन क्यू. मिटर घटेको छ, जसमध्ये ७.७१ मिलियन क्यू. मिटर चाहिं गत एकै वर्षको भीषण बाढी र वर्षाले घटाएको थियो।

कुलेखानी-१ को यो असरले त्यही पानी लगेर चलाइएको कुलेखानी-२ लाई पनि सोझै असर गर्नेछ। यसरी दुई चरण गरी गरिएको त्यत्रो ठूलो राष्ट्रिय लगानी दुवै एकसाथ डुब्ने निश्चित देखिएको छ।

एक विशेषज्ञ-सूत्रका अनुसार अत्यन्त ठूलो खर्च लगानी गरी कुलेखानी जलाशय वरपर पहिरो रोक्ने काम गरियो भने बढीमा ४-५ वर्ष यो अवधिलाई अरू लम्ब्याउन सकिएला, हैन भने, जलाशय पुरिने ट्रेण्ड (प्रवित्ति) यही रहेमा सात वर्ष पनि हैन, आगामी ५ वर्षदेखि नै कुलेखानी परियोजनाले काम गर्न छोड्नेवाला छ। किनभने, यसको क्षमताको सक्रिय आयतन (effective storage) अहिले नै ७३.३ मि.क्यू.मि. बाट ७१.३ मि.क्यू.मि. मा झरिसकेको छ।

अपर्याप्त जलाधार क्षेत्र (catchment area) मा यत्रो आयोजना निर्माण गर्ने गल्ती शुरूमै भएको र शुरूदेखि नै यो आयोजना डिजाइन गरिएको (१ र २ बाट गरी ९२ मेघाबाट) विद्युत पूरा क्षमतामा उत्पादन गर्न असक्षम रहँदै आएको छ। गत वर्षको भीषण वर्षाको कारण मात्र यो हैन, वरपरका डाँडाहरूको स्लोप अस्थिर छ भन्ने जान्दा जान्दै पनि भू-संरक्षण कार्य गर्न शुरूदेखि नै कंजुसी गरिएको कारण नै हालको यो स्थिति आइलागेको हो।

एकै ठाउँमा ठूलो रकम खन्याउँदा विनाश भएमा पनि ठूलै बिनाश हुने कुरा कुलेखानीको जलाशयको यो असामयिक पुराइले प्रष्ट पारेको छ। त्यही पानी प्रयोग गरी कुलेखानी-३ आयोजना पनि संचालन गर्ने मूर्खता पनि सरकारले विगतमा गर्न खोजेको तर विशेषज्ञहरूको दवावले सो रोकिएको हो। यसो भएको भए, त्यो कुलेखानी-३ मा ओइर्‍याएको स्रोत र साधन पनि खेर जाने स्थिति हुन्थ्यो। विकेन्द्रित र सना स्तरका विद्युत आयोजना लागू गर्न छोडी अरूण-तेस्रो जस्ता विशाल आयोजनामा हात हाल्न थालेको सरकारले यसबाट ठूलो पाठ सिक्नु पर्छ। ❑


**कुलेखानी रिजरभ्वाएको क्षमतामा परिवर्तन**

| कूल क्षमता (gross capacity) | गत वर्ष मात्र घटेको | हालसम्म घटेको |
|---|---|---|
| ८५.३ मिलियन क्यू. मिटर | ७.७१ मि.क्यू.मि. | १०.१९ मि.क्यू.मि |

**सुरूङको मुख मुनि रिजरभ्वाएरको जगेडा आयतन** (Dead Volume)

| कूल | गत १३ वर्षमा घटेको | घटेको प्रतिशत |
|---|---|---|
| ११.२ मि.क्यू.मि. | ७.३९ मि.क्यू.मि | ६६% |


# जन-आन्दोलन दिवस



२०४६ सालमा नेपाली जनताले ठूलो वलिदान दिई संघर्ष गरेको घटनाको संस्मरण गर्दै चैत्र २४ गते जन-आन्दोलन दिवस मनाइयो। सो दिन राजधानीमा संयुक्त जनमोर्चा नेपाल र अखिल नेपाल जनवादी युवा लिगले अलग अलग जुलूस र आमसभाहरू सम्पन्न गरे। सोही दिन उक्त लिगको आव्हानमा साँझ भएको ब्लाक-आउट कार्यक्रम उपत्यकाका तीन वटै शहरहरूका वरपर आंशिक रूपले सफल भएपनि प्रमुख शहरी केन्द्रहरूमा भने अत्यन्तै प्रभावकारी ढंगले सफल भयो।

सोही दिन देशका अन्य जिल्लाहरूमा पनि संजमोका कार्यक्रमहरू सम्पन्न भए। ❑

# समवेदना



*३ दशक लामो राजनीतिक जीवन बिताएर गत माघमा ५४ वर्षको उमेरमा क. तिलकबहादुर देवकोटाको निधन भयो। पूर्व ने.क.पा., चौ.म. र पछि ने.क.पा. एकता केन्द्रका जिल्ला नेता र एक कर्मठ किसान नेताको रूपमा प्रतिष्ठित क. देवकोटाको यस असामयिक निधनप्रति गहिरो दुःख व्यक्त गर्दै स्वजनहरूमा समवेदना प्रकट गर्दछौं।*

**– संयुक्त जनमोर्चा नेपाल, महोत्तरी**
तथा अ.ने.किसान संघ/अ.ने. ट्रे.यू. महासंघ/अ.ने.म. संघ/अ.ने.रा.स्व.वि.यू. तथा अ.ने. जनवादी युवा लिग, महोत्तरी


**Always Remember us for :**

Water Turbine, Steel Structures & Workshop Facility
With up to date machines
Complete Hydropower Generating Equipment,
Trusses, Suspension Bridges, Steel Furnitures & Other Mechanical Engineering Works.

**Balaju Yantra Shala (Pvt.) Ltd.**

Balaju Industrial District
Balaju, Kathmandu. P.O. Box 209
Tel : 272147,270894, Fax : 977-1-272379
Tlx : 2429 BYS NP

# बेलायती कम्युनिष्ट पार्टीको अधिवेशन सम्पन्न

## वाम-एकताको आह्वान

*पूर्वी यूरोप र सोभियत संघबाट समाजवादी सत्ता अन्त भएपछि बेलायती वामपन्थी आन्दोलन पनि विघटनको स्थितिबाट गुज्रेको थियो । यसै स्थितिमा जन्मिएको न्यू कम्युनिष्ट पार्टीले गत मंसीर १९ र २० गते लण्डनमा आफ्नो नवौं महाधिवेशन गरेको छ । दक्षिण अफ्रिकी कम्युनिष्ट पार्टी र जर्मन कम्युनिष्ट पार्टी लगायत अन्य विदेशी कम्युनिष्ट पार्टीहरूको समेत सहभागितामा सम्पन्न यस महाधिवेशनले मूलतः वाम-एकताको बारेमा आह्वान गरेको छ ।*

*गरीबी, बेरोजगारी, घरवारविहीनता र निराशाका कारणले सामाजिक विघटनको स्थितिबाट अगाडि बढिरहेको बेलायतमा बढ्दो फासिस्ट र दक्षिणपन्थी शक्तिहरूको विरुद्ध संघर्ष गर्दै आमूल परिवर्तन गर्न महाधिवेशनले वाम-एकतामा विशेष जोड दिएको छ ।*

*नेपालमा जस्तै बेलायतमा पनि प्रगतिशील एवं वापमन्थी शक्तिहरू विभिन्न पार्टी र समूह-समूहमा विभाजित भइरहेको स्थितिमा यस वाम-एकताको आह्वानले सकारात्मक भूमिका खेल्ने विश्वास गरिएको छ ।*

*यस पार्टीका महासचिव इरिक ट्राभेटका अनुसार यस आह्वानलाई व्यवहारमा उतार्न कम्युनिष्ट पार्टीले फासिवाद र जातिवादको विरोधमा सम्पूर्ण वामशक्तिहरूलाई एकताबद्ध पार्दै संघर्ष गर्ने कार्य जारी गरिसकेको छ ।*

## ११ पेजको बाँकी

हित रक्षा नहुने हुनाले त्यस सम्झौताको विरूद्ध आफ्नो संघर्षलाई निरन्तर जारी राख्ने अडान पनि प्रकट गरेको छ ।

क्यूवाली सरकार, जनता र क्यूवाली कम्युनिष्ट पार्टीप्रति ऐक्यवद्धता र अमेरिकाको ३० वर्षे आर्थिक नाकावन्दीको विरोधमा आफ्नो आवाज बुलन्द पार्ने कुरा पनि सो घोषणामा समावेश छ । यस ११ बुँदे घोषणामा एउटै महादेशका, एउटै खालको आर्थिक, राजनीतिक हालत र ऐतिहासिक अनुभवलाई दृष्टिगत गरी पूंजी वादलाई फ्याँकी समाजवाद निर्माण गर्न संयुक्त रूपमा मिली संघर्ष गर्ने योजना छ । आफ्नो देशको विशिष्ट स्थिति र संघर्षलाई ध्यानमा राखी, ती संघर्षका अनुभवहरूलाई साझेदारी गर्ने, वैचारिक अन्तर्क्रियाहरू चलाउने र ती अनुभव एवं अन्तर्क्रियाबाट सिकी आ-आफ्नो देशको विशिष्ट स्थितिमा लागू गर्ने र संगसँगै संघर्ष गरिहने कुरा त्यसमा उल्लेख छ ।

ती तीनवटै पार्टीहरूले यसका लागि लगातार भेटीरहने, आ-आफ्ना बिचार आदानप्रदान गर्ने र अन्तर्क्रियाहरू जारी राख्ने र पार्टी एवं जन-संघर्षहरूको निर्माणका विशिष्ट अनुभवहरू आदान-प्रदान गर्ने निर्णय गरेका छन् । ती तीन पार्टीको वैचारिक पृष्ठभूमि विस्तृत रूपमा थाह हुन सकेको छैन । यस निर्णयले एकातिर उनीहरूका अनुभव र बिचारहरू आदान-प्रदान हुने त निश्चित नै देखिन्छ । अर्कोतिर, विश्वव्यापी रुपमा अमेरिकाको नेतृत्वमा चलिरहेको साम्राज्यबादी शक्तिको आक्रमणलाई आफ्नै देश, आफ्नै महादेश र आफ्नै जनताबाट चुनौतिको सामना गर्नुपर्ने स्थिति भने उत्पन्न हुने संभावना देखिन्छ । ❑❑

# पूँजीवाद विरुद्ध लड्न कम्युनिष्ट एकता अति जरूरी

### जर्मन कम्युनिष्टद्वारा व्यक्त राय

*बेलायतको न्यू कम्युनिष्ट पार्टीको नवौं महाधिवेशनमा सहभागी भएका जर्मन कम्युनिष्ट पार्टी (CPG) का प्रतिनिधिले जर्मनीमा स्थापित पूँजीवाद विरुद्ध लड्न कम्युनिष्टहरूबीच एकता अति नै जरूरी भएको विचार व्यक्त गरेका छन् ।*

*पूर्वी जर्मनी र पश्चिम जर्मनीबीचको तथाकथित एकीकरणपछि जर्मनीमा स्थापित पूँजीवादको कटु यथार्थ थुप्रै जर्मनहरूले अब भोगिसंकेको कुरा बताउँदै जर्मन कम्युनिष्ट पार्टीका प्रतिनिधिले पूँजीवादको विरुद्ध लडन् कम्युनिष्ट एकता अति जरूरी भएको छ भनेका छन् ।*

*उनका अनुसार, जर्मन कम्युनिष्ट पार्टी (CPG) को एजेण्डामा प्रमुख रूपमा जर्मनीका कम्युनिष्टहरूबीच साँगठनिक एकताको लागि काम गर्ने रहेको छ । यस एजेण्डालाई कार्यरूप दिन पार्टीले जर्मन कम्युनिष्ट पार्टी, कम्युनिष्ट पार्टी अफ दि जर्मनी, दि कम्युनिष्ट प्लेटफर्म अफ दि पी.डी.एस. र मार्क्सिष्ट-लेनिनिष्ट पार्टी एवं अन्य समूहमा विभाजित संगठनहरूबीच एकीकरणको आधार निर्माण गर्ने काम गर्दैछ । वर्तमान स्थितिमा आफ्नो शक्तिभन्दा शत्रु-पूँजीवादी शक्ति बलियो भएको कुरा उल्लेख गर्दै उनले संसारभरिका कम्युनिष्ट शक्तिहरूले साम्राज्यवाद र पूँजीवादविरुद्ध लड्न नयाँ कम्युनिष्ट इन्टरनेशनलको आवश्यकतातर्फ पनि औंल्याएका छन् ।* ❑

### डेनमार्क

# नयाँ कम्युनिष्ट पार्टीको निर्माण

## डेनिश कम्युनिष्ट फोरमलाई "कम्युनिष्ट पार्टी अफ डेनमार्क" मा रूपान्तरण

डेनमार्कका "मर्क्सवादी-लेनिनवादी शक्तिहरू" ले पनि केही समय अगाडि मात्रै राजधानी कोपेन हेगनमा महाधिवेशन गरी नयाँ कम्युनिष्ट पार्टीको निर्माण गरेका छन् । उक्त महाधिवेशनद्वारा तिनीहरूले पूर्व कम्युनिष्ट पार्टीको रूपमा कार्यरत "डेनिश कम्युनिष्ट फोरम (KF) " लाई श्रमिक वर्गको अगुवा दस्ता बनाउने क्रममा त्यसको नाम र काममा परिवर्तन गर्दै अबदेखि त्यस फोरमलाई "कम्युनिष्ट पार्टी अफ डेनमार्क" (KPD) नामाकरण गरेको घोषणा गरेका छन् ।

फोरमकी अध्यक्षा बेट्टी कार्लसनले "कम्युनिष्ट पार्टी अफ डेनमार्क" को स्थापनाको घोषणा गर्दै पुरानो डेनिश कम्युनिष्ट पार्टी (DKP) माथि संशोधनवादले विजय प्राप्त गरेपछि अप्रिल १९९० देखि मार्क्सवादी-लेनिनवादी शक्तिहरू यस फोरममार्फत संघर्षरत रहेको जानकारी दिएकी छिन् ।

कमरेड कार्लसनका अनुसार फोरममार्फत कार्यरत मार्क्सवादी-लेनिनवादी शक्तिहरूले गत वर्ष नै फोरमलाई सार र रूपमा आमूल परिवर्तन गरेर कम्युनिष्ट पार्टीको पुनर्निर्माण गर्ने निर्णय लिएका थिए । आफ्नो शक्ति र विचार स्पष्टतापछि मात्रै यसरी कम्युनिष्ट पार्टीलाई पुनर्स्थापित गर्ने निर्णय कृयान्वयन गरिएको हो । स्मरणीय छ, डेनमार्कका जनता, समर्थक र कार्यकर्ताहरूको नैतिक र भौतिक सहयोग पाएर फोरमद्वारा प्रकाशित 'Kommunist' पत्रिकाले जनसंघर्षको उत्थान गर्न र संशोधनवादी तत्वहरूको विरुद्ध वैचारिक संघर्षमा आफ्नो भूमिका निर्वाह गरेको थियो ।

सोभियत संघ र पूर्वी यूरोपमा खुश्चोभद्वारा स्थापित संशोधनवादले नग्न पूँजीवादी नाच प्रदर्शन गरेपछि यूरोपकै एक राष्ट्र डेनमार्कको पुरानो डेनिश कम्युनिष्ट पार्टी (DKP) पनि त्यहीं नाचका तालमा ताल मिलाउन पुगेको थियो । यसले डेनिश वापमन्थी आन्दोलनलाई कमजोर बनाउनुका साथै श्रमिक वर्गको संघर्षलाई नराम्ररी धक्का लागेको थियो ।

भूकम्पग्रस्त पूँजीवादी अर्थतन्त्रद्वारा उत्पीडत श्रमिक वर्ग थप मारमा परिरहेको डेनमार्कमा अहिले २५% बेरोजगारी रहेको छ । त्यहाँ व्यापार क्षेत्रलाई राज्यबाट खरबौं पाउण्ड क्षतिपूर्ति दिइरहनु परेको स्थिति छ । यस अवस्थामा संघर्षको तीव्र आवश्यकतामाथि क. कार्लसनले जोड दिएकी छिन् ।

क. कार्लसनले वापमन्थीहरूबीच अन्तर्राष्ट्रिय ऐक्यबद्धतामाथि जोड दिंदै क्यूवाली क्रान्तिप्रति ऐक्यबद्धताको निरन्तरताको आवश्यकतातर्फ ध्यान केन्द्रित गर्न अनुरोध गरेकी छिन् ।

डेनमार्कको कम्युनिष्ट पार्टी (KPD) को स्थापना-महाधिवेशनमा चीन, क्यूवा, उत्तर कोरिया, जर्मनी, स्पेन, चेक, नर्वे, स्वीडेन, इटाली र ग्रीसका प्रतिनिधिहरू लगायत बेलायतका कम्युनिष्ट पार्टी अफ ब्रिटेनका प्रतिनिधि र न्यू कम्युनिष्ट पार्टीका महासचिव इरिक ट्राभेट सहभागी भएका थिए । महाधिवेशनमा कम्युनिष्ट पार्टी अफ यू.एस.ए. पोर्चुगीज कम्युनष्टि पार्टी, भाकपा (मार्क्सवादी) एवं भियतनामी कम्युनिष्ट पार्टीले ऐक्यबद्धता सन्देश पठाएका थिए । ❑❑

## संक्षेपमा

**रूस:** पार्टी एकीकरणका लागि कार्यरत "दि यूनियन अफ कम्युनिष्ट पार्टीज-CPSU र कम्युनष्टि पार्टी अफ दि रसियन फेडरेशनका नेताहरूवीच पुनः भेटघाट । ती नेताहरूद्वारा संयुक्त रूपमा घोषणा: "कम्युनिष्ट पार्टीहरू वीच साँगठनिक एकताको बाटोलाई फराकिलो पार्न संसदीय एवं गैर-संसदीय संघर्षलाई बढ्दो मजदूर संघर्ष अन्तर्गत एकतावद्ध ढंगले चलाउदै जाने छौं ।"

**मोल्दोभा :** मिखाइल गोर्वाचोभकालीन सोभियत संघको कम्युनिष्ट पार्टीका पोलिट्ब्यूरो सदस्य एवं हालको एग्रेरियन डेमोक्रेटिक पार्टीका नेता पेत्रु लुशिन्को तयाँ संसदका सभामुखमा निर्वाचित भएका छन् । उनको पार्टीले सोभयित संघबाटै स्वतन्त्र भएपछि मोल्दोभामा गत महिना सम्पन्न भएको प्रथम संसदीय निर्वाचनमा १०४ सिटमध्ये ५६ सिटमा विजय हासिल गरेको थियो ।

**बंगलादेश** मार्क्सवाद, लेनिनवाद र माओ विचारधारालाई आफ्नो मार्गदर्शक सिद्धान्त मान्ने वंगलादेश श्रमिक पार्टी (Bangladesh Workers Party) ले डिसेम्वर २६, १९९३ मा ढाकामा कमरेड माओत्से तुंगको शतवार्षिकीको उपलक्ष्यमा "समकालीन विश्व र समाजवाद" बारे अन्तर्राष्ट्रिय स्तरको सेमिनारको आयोजना गरेको छ । ❑❑

# अब उत्तर कोरिया टङ्कारो संकटमा !

*अमेरिकी साम्राज्यवादले आफ्नो नीच स्वार्थको लागि आणविक हतियारको मामलाको निहुँमा उत्तर कोरियाको समाजवाद्लाई धराशायी पार्न-उसमाथि कसरी युद्ध थोपर्दैछ-त्यसको मोटामोटी रिपोर्ट "मूल्यांकन" को गएको अंकमा प्रकाशित गरिएको थियो । तर अब स्थिति त्यही दिशामा त्यो भन्दा धेरै अगाडि बढिसकेको छ । उत्तर कोरिया अब टङ्कारो संकटमा छ । अमेरिकी साम्राज्यवादीहरू अब सम्पूर्ण पश्चिमेली साम्राज्यवादको सहमति लिएर कुनै पनि बेला उत्तर कोरियामाथि धावा बोल्ने प्रयत्न गर्दैछन् । प्रतीक्षा खालि अनुकूल परिस्थिति र निहुँको छ, पर्याप्त तम्तयारीको छैन ।*

अमेरिका अहिले त्यस दिशामा दुई वटा कार्य एक साथ गरिरहेछ । एउटा, उत्तर कोरियालाई बाँकी विश्वबाट, खास गरी चीनबाट, एक्लो पार्ने प्रयत्न । अर्को, निर्णायक हवाई हमलाको लागि आफ्नो तम्तयारीमा रहेका केही खोट र दोषहरूलाई हटाउने र तम्तयारीलाई अन्तिम रूप दिने प्रयत्न ।

आर्थिक नाका-वन्दीका लागि होस् वा युद्धको लागि, चीनलाई चूपचाप राख्न सकिएन भने अमेरिकाको लागि यी दुवै प्रयासहरू विफल हुने निश्चित छ । सीमा जोडिएको चीनले साथ दिउन्जेल न आर्थिक नाकावन्दी नै प्रभावकारी हुन सक्छ, न युद्ध नै । त्यसैले अमेरिकी साम्राज्यवाद अहिले चीनलाई तटस्थ बनाउने दाउपेच गर्दैछ । यसमा यो सफल भइरहेको छैन ।

हालै मात्र पनि संयुक्त राष्ट्र संघको सुरक्षा परिषद मार्फत उत्तर कोरियामाथि आर्थिक नाकावन्दी लगाउने प्रयत्न अमेरिकाले गऱ्यो । तर चीनले भीटो प्रयोग गर्ने धम्की दिएकाले यो प्रयत्न सफल भएन । फगत एउटा वक्तव्य मात्र सुरक्षा परिषदको मंचले जारी गऱ्यो- *आणविक सुविधाको पुनः पूर्ण निरीक्षणको* अनुरीध गर्दै । ६ पटकभन्दा बढी आफ्ना आणविक संयन्त्रहरू अमेरिकाको माग अनुसार अन्तर्राष्ट्रिय आणविक उर्जा एजेन्सी (IAEA) लाई आम निरीक्षण गर्न दिईसकेको र पछिल्लो पटक यही मार्चमा पनि आम निरीक्षण गर्न दिईसकेको कारणले र उनीहरूले उत्तर कोरियामा कुनै आणविक हतियार नपाएको हुनाले उत्तर कोरियाले यस पटक त्यो मागलाई स्वीकार गरेन ।

तर अमेरिकाले यही कुरामा खोचे थाप्यो- यदि पूर्ण निरीक्षण गर्न नदिने हो भने उत्तर कोरियासित पक्कै आणविक हतियार हुनुपर्छ । त्यसैले, या त पूर्ण निरीक्षण, या युद्ध- यी दुईमध्ये एउटा उत्तर कोरियाले रोज्नु पर्छ । अमेरिकाको शंका उत्तर कोरियाको योङ्व्योनको सातौं आणविक संयन्त्रमाथि छ । त्यहाँ पक्कै आणविक हतियार निर्माण गर्ने तयारी छ र एउटा अणुवम उत्तर कोरियाले बनाई सकेको छ- अमेरिकी दावी यही छ । त्यसैले, योङ्व्योनको आणविक संयन्त्रको सुक्ष्म निरीक्षण गर्न दिइनुपर्छ- अमेरिकी राष्ट्रपतिको यही माग छ । अन्यथा, उत्तर कोरियामाथि हवाई हमला गरिनेछ ।

योङ्व्योन उत्तर कोरियाको प्रमुख सैनिक अखडा हो ।आफ्नो प्रमुख सैनिक अखडा कसैले पनि आफ्नो शत्रुलाई सुक्ष्म रूपमा निरीक्षण गर्न दिन सक्दैन । के अमेरिकाले आफ्नो सैनिक अखडाभित्र चीनलाई वा अरू कुनै राष्ट्रलाई पूर्ण निरीक्षण गर्न अनुमति दिन सक्छ ? *त्यसैले, उत्तर कोरियाले आणविक* हतियारको निहुँमा आफ्नो सैनिक तयारीको गुह्य पत्ता लाउने अमेरिकी चाललाई स्वीकारेन, पूर्ण निरीक्षणको अनुमति दिएन । प्रत्येक स्वतन्त्र राष्ट्रको लागि स्वाभाविक हुने यही अडान अहिले अमेरिकी साम्राज्यवादको लागि भने आक्रमण गरेर उत्तर कोरियाको समाजवाद धराशायी पार्ने निहुँ बनेको छ ।

पूर्ण निरीक्षण गर्न नदिएको बहानामा अमेरिकी शासक वर्गले अहिले युद्धको लागि अन्तिम तयारीका कदमहरू चाल्दैछ । ४८ वटा "प्याट्रियट" नाम गरेका क्षेप्यास्त्रभेदी क्षेप्यास्त्र दक्षिण कोरियामा तैनाथ गर्न पठाइएको छ । युद्ध भएमा उत्तर कोरियाले छोड्ने संपूर्ण स्कड क्षेप्यास्त्रलाई बीचमा खत्तम पार्ने उद्देश्यका लागि यो पठाइएको छ । उत्तर कोरियाको ओन्सान बन्दरगाह नजीकै जापानी सागरमा आणविक हतियार सहितको बमवर्षक विमान अडाउन सक्ने जहाज तैनाथ गर्न लागिंदैछ । जापानी सरकारको आनाकानीका बाबजूद ओकीनावा, मिसावा र कादेनास्थित जापानी फौजी हवाई अड्डाहरूलाई यस युद्धका लागि तम्तयार पारिंदैछ । त्यहाँ अत्याधुनिक अमेरिकी बम वर्षकहरूको संख्या बढाईदैछ । साथै, युद्धका लागि त्यहींबाट उत्तर कोरियामाथि हवाई आक्रमण गर्ने सवालमा जापान सरकारलाई मनाउने कार्य हुँदैछ ।जापानको योकोसुकास्थित अमेरिकी वेडा Independence लाई यस युद्धका लागि निर्दिष्ट पारिसकिएको छ । जापानको ओकिनावास्थित अमेरिकाको नवौं जल-सेना बृगेडलाई पनि युद्धका निम्ति संपूर्ण रूपमा तयार हुन निर्देशित गरीसकिएको छ ।

यसरी अमेरिका अहिले निर्णायक तयारीमा जुटेको छ ।

तर यो युद्धको प्रचण्ड विरोध दक्षिण कोरियाले आफ्नै नागरिकहरूबाट पनि खपिरहनु परेको छ । युद्धको तयारी र प्याट्रियट क्षेप्यास्त्रको तैनाथीका विरूद्ध हज्जारौं दक्षिण कोरियावासीहरू दिनहुँ जसो सडकमा ओर्लिरहेका छन् । युद्ध भएमा आफ्ना उद्योग व्यवसायहरू नष्ट हुने भयले दक्षिण कोरियाका पूँजीपतिहरू समेत दक्षिणकोरियाली शासक वर्गलाई युद्ध नगर्न दवाव दिंदैछन् । तथापि अमेरिकी शासक वर्गको दलाल दक्षिण कोरियाली शासक-वर्ग प्रचण्ड विरोधका बाबजूद अहिले युद्धको तयारमा जुटेको छ ।

आणविक हतियार उत्तर कोरियाले तयार नै गरिरहाल्यो- एक छिन यो मान्ने हो भने पनि, संसारलाई थुप्रै पटक नाश गर्न सक्ने आणविक हतियार- भण्डार भएको अमेरिकासित यो युद्ध थोपर्ने कुनै नैतिक अधिकार थिएन र छैन ।

किन आणविक हतियार थुपार्ने अधिकार एकलौटी रूपमा अमेरिकासित मात्र हुनु पर्ने ? अरू दशले अमेरिकाले जस्तै आत्म रक्षाको निम्ति त्यस्तो हतियार किन बनाउन नहुने ? फेरि अमेरिकाले दक्षिण कोरियामा नै आणविक हतियार थुपारेको कुरा अमेरिकाको रक्षा मंत्रालय स्वयम्ले प्रकाशित गरेको छ । आफ्नो शत्रु छिमेकी राष्ट्रसित आणविक हतियार हुँदा आत्मरक्षाको लागि उत्तर कोरियाले पनि आणविक हतियार बनाउनु कसरी अन्यायपूर्ण कुरा हुन्छ ? खै यहाँनिर समानताको प्रजातान्त्रिक अधिकार उत्तर कोरियाले उपभोग गर्न पाएको ?

त्यसैले, आणविक हतियार त फगत निहुँ मात्र हो । मुख्य कुरो अमेरिकी साम्राज्यवाद जुनसुकै निहुँमा समाजवादी वा भु.पू. समाजवादी वा स्वतन्त्र स्वाभिमानी देश सबैलाई धराशायी पार्न चाहन्छ । सबैमा आफ्नो एकछत्र साम्राज्यवादी प्रभुत्व कायम गर्न चाहन्छ । यो आक्रमण त्यसैको लागि हुन लागेको हो । आज यो उत्तर *कोरियामाथि हुन लाग्दैछ । भोलि अर्को* कुनै स्वाभिमानी मुलुकमाथि हुनसक्छ । रामेलाई खान बाघले श्यामेलाई पनि बाँकी राख्दैन ।

त्यसैले अमेरिकी साम्राज्यवादको यो प्रवृत्तिको सख्त विरोध हुन जरूरी छ । यतिखेर हर तरहले अन्यायमा पर्न लागेको उत्तर कोरियाको न्यायपूर्ण अडानको समर्थनमा सम्पूर्ण न्यायप्रेमी नेपालीहरू पनि उत्रनु जरूरी छ । ❑ ❑

## नेपालमा अमेरिकी साम्राज्यवादको विरोध

उत्तर कोरियामाथि भइरहेको षडयन्त्र र यसमाथि लाद्न खोजिएको यद्धका त्रिरूद्ध गत चैत्र २६ गते अखिल नेपाल जनवादी युवा लिगले काठमाण्डौंमा अमेरिकी दूतावाससम्म जुलूस गरी एक विरोध-पत्र दिएको थियो । जुलूसमा नेपाल कम्युनिष्ट पार्टी संस्थापक सदस्य क. नरबहादुर कर्माचार्यका साथै स.ज.मो सांसद क. लिलामणि पोखरेल, क. कमानसिंह लामा, पूर्व सांसद घनश्याम पौड्याल लगायतको उपस्थिति थियो ।



**धार्मिक गेरु वस्त्रको ढकनीभित्रबाट**

# नेपालमा 'स्वतन्त्र तिब्बत'को राजनीति बढ्दै छ

तिब्बतलाई चीनबाट अलग्याउने साम्राज्यवादी स्वार्थलाई बल प्रदान गर्न भारतको नयाँ दिल्लीमा गत चैत्र ५ गते देखि भएको तीन दिने "विश्व-सम्मेलन" ले "तिब्बत स्वतन्त्रता आन्दोलन" को पक्षमा व्यापक समर्थन गरेको छ । चीनको विरूद्ध तिब्बती धार्मिक नेता दलाई लामाको नेतृत्वमा खडा गरिएको भनिएको "निर्वासित" तिब्बत-सरकारले मान्यता पाउनु पर्छ भन्ने कुरालाई पनि सो सम्मेलनले "जोडदार ढंगले" समर्थन गर्‍यो ।

२३ देशका ४० जना सांसदहरू र भारतका पनि करीव ४० जना नै सांसदहरू उपस्थित भएको भनिएको सो सम्मेलनले तिब्बती मामलाको समाधान भनेको तिब्बतले चीनबाट "पूर्ण-स्वतन्त्रता" प्राप्त गर्नुलाई मानेको छ ।




हाल मूलतः अमेरिकी साम्राज्यवादले विश्वमा आफ्नो एकलौटी प्रभुत्व कायम गर्न बाँकी रहेका समाजवादी वा भू.पू. समाजवादी मुलुकहरूलाई छिन्नभिन्न पार्ने वा आफ्नो दलाल बन्न बाध्य पार्ने रणनीति अप्नाइरहेको छ । "स्वतन्त्र तिब्बत" को नारालाई यतिखेर बढी उराल्नु र "धार्मिक नेता" दलाई लामालाई यसका निम्ति थप सक्रियतापूर्वक उतार्नुका पछाडि पनि त्यही शक्तिको यही रणनीति रहेको छ ।

आफ्नै देश भारतमा सरकारले सैया कास्मिरीहरूको निर्मम हत्या र दमन गरकोमा चाहिं त्यसको समर्थन गर्ने "मानव अधिकारप्रेमी" केही भारतीय पूँजीवादी नेताहरूको यसमा विशेष लगाव रहेको बुझिन्छ । चीनबाट तिब्बत फुटेमा त्यसलाई आफ्नो प्रभावभित्र पारी तिब्बतका प्राकृतिक स्रोतहरूबाट आफ्नो स्वार्थ पूरा गर्न र तिब्बतलाई चीन विरोधी कार्यवाही-अड्डा बनाउने मनसाय बोकेका जनविरोधी र प्रभूत्ववादी-भारतीय शासक गुटको आड-भरोसा समेत प्राप्त यस "स्वतन्त्र तिब्बत अभियान" मा नेपालको सत्तारूढ पार्टी ने.का.को पनि उत्ताउलो किसिमको चाख र भित्रभित्रै सहयोग रहेको देखिन्छ, यद्यपि यसले बाहिर तिब्बत चीनको अभिन्न अंग हो भन्ने कुरा सर्वजनिक रूपमा स्वीकार गरेको छ ।

यसैबीच, गत फागुन २२ गतेदेखि २४ गतेसम्म कथित "निर्वासित तिब्बतीहरूको संसद" का सभामुख साम्दोङ रिम्पोछे काठमाण्डौं आएर राजनीतिक गतिविधिहरू गरेर गए । काठमाण्डौंमा रहेका चीन विरोधी तिब्बतीहरूको महिला र युवा संगठनहरूको आयोजनामा भएको "स्वागत समारोह" मा उनले खुलेरै भाग लिए भने उनका अन्य गतिविधिहरू गोप्य रहे । उनले नेपालस्थित तिब्बतीहरूको चीन विरोधी गतिविधिलाई "अरू सुदृढ पार्न" थुप्रै व्यक्तिहरूलाई भेटेर गएका छन् । यसै गरी गत चैत्रको दोस्रो हप्तामा दलाई लामाका विशेष दूत शाक्य तेन्जीनले पोखरा गई खुला रूपले चीन विरोधी भाषण गरेका छन् ।

गिरिजा सरकारले-चीनसित-नेपाललाई चीन विरोधी क्रियाकलाप गर्ने अड्डा बनाउन दिइने छैन भनेर कबोले तापनि नेपालमा केही समय यता "स्वतन्त्र तिब्बत" को नाममा हुने जुलूस, भेला, प्रदर्शन आदिका क्रमहरू विशेष रूपमा तीव्र भएका छन् । धार्मिक गेरूवस्त्रको ढकनीभित्र सि.आई.ए.को अग्रसरतामा तीब्र गरिन थालिएको यो चीन विरोधी राजनीतिक अभियानले भारतीय सत्ताधारी गुटको र नेपालको "असंलग्न परराष्ट्र नीति" को खिल्ली उडाइरहेको छ । यस्तो कार्यवाहीले नेपाल र चीनको बीच रहेको सुमधुर सम्बन्ध बिग्रिने मात्र हैन, नेपाललाई हमेशा आपतमा सहयोग गरिरहेको चीनको निम्ति ढाडमा छूरा रोप्ने काम यो हुनेछ । यस्ता सम्पूर्ण कार्यवाहीहरू रोकिनु पर्छ र नेपाललाई कुनै पनि हालतमा एउटा घनिष्ठ मित्रराष्ट्र विरोधी अड्डा बनाइन दिनु हुँदैन । ❑

## तिब्बतमा नेपालतिरबाट आक्रमण गराउने

# सि.आई.ए. को चाल

*"स्वतन्त्र तिब्बत" को नारामुनि भारतीय र अमेरिकी सत्ताधारी वर्गको निहित स्वार्थ लुकेको कुरा पष्टै छ । यस मामलामा अमेरिकाले लामो समय अघिदेखि नै सि.आई.ए. मार्फत के कस्ता करतूतहरू गरेको थियो भन्ने कुराको सानो झलक प्रगति प्रकाशन, मास्कोबाट १९८८ मा प्रकाशित "एशिया विरूद्ध सि आइ.ए." भन्ने पुस्तकले पनि दिन्छ । प्रस्तुत छ-नेपालको भूमिलाई प्रयोग गरी तिब्बतमा गडबडी मच्चाउने सि.आई.ए. को करतुतको पर्दाफास गर्ने तात्कालीन प्रसंगको नेपाली अनुवाद-*

१९५६ मा तिब्बतबारेका मामलाहरूमा सि.आई.ए. को दखल ज्यादै नै बढ्यो । एशियालीहरूले यो कुरा अमेरिकी सूचना-माध्यमहरूबाट ज्ञात गरे । कोलोराडो (अमेरिकाको एक शहर-सं.) मा एक सुनसान सडकमा एउटा वस-दुर्घटना भयो । दुर्घटना ज्यादा गम्भीर थिएन । तर सो दुर्घटनास्थललाई सेनाद्वारा घेरावन्दी गरिएको देख्दा त्यहाँका स्थानीय वासिन्दाहरू छक्क परे । केही समयपछि नै सैनिक घेरावन्दीको कारण प्रष्ट भयो-बसमा तिब्बतीहरूलाई लगिदै रहेछ, जसलाई सायद थाह पनि थिएन होला कि उनीहरू अमेरिकामा छन् । एक वर्षपछि थाह पाइयो- ती तिब्बतीहरूलाई "तिब्बतको पुनर्विजय" कार्यक्रम अन्तरगत विशेष प्रशिक्षण दिनको लागि अमेरिका लगिएको थियो । र, यो कार्यक्रमको योजना सि.आई. ए. ले बनाएको थियो । त्यसको संचालन पनि सि.आइ.ए.ले नै गरिरहेको थियो ।

१९६० सम्म पुग्दा के कुरा प्रष्ट भयो भने- पूर्वी तिब्बतमा प्रतिरोध आन्दोलन संगठित गर्ने सबै अमेरिकी प्रयास बेकार भए । तव केही हजार मानिसहरूको एक फौज तयार गर्ने कुरा तय गरियो, जसले नेपालबाट पश्चिमी तिब्बतमा हमला गरोस् । यसको लागि मुस्ताङ घाँटीलाई अड्डा बनाइयो, जहाँ तिब्बती मूलका खम्पाहरू रहन्छन् र जो २७,००० फूट उचाँ अन्नपूर्ण र धौलागिरी पर्वतहरूको श्रृंखलाद्वारा शेष विश्वबाट छुट्टिएको छ । "रणनीतिक दृष्टिले यो आदर्श थियो"-समाचार पत्र "गार्जियन" मा क्रिस म्यूलिनले लेखे- "किनकि, यहाँबाट तिब्बतको सिंक्यांग-ल्हासा राजमार्ग केही घण्टाको पैदल यात्राको दूरीमा पर्दछ । यो निस्चय नै सि.आई.ए. को सबभन्दा दूरवर्ती कारवाही थियो ।"

खंपा टुकडीहरूको कमाण्डर एक निरक्षर, तर ज्यादै नै चतुर र निर्मम, भूतपूर्व भिक्षु बाबा येशीलाई बनाइएको थियो । सारा कारबाहीहरूलाई अत्यन्त गुप्त राखियो । काठमाण्डौंमा केही सि.आई.ए. एजेन्टहरू ट्रान्समिटरहरूसहीत नपक्डीयुन्जेल सम्म त नेपाली अधिकारीहरूलाई उनीहरूको अस्तित्वको बारेमा केही थाहै हुन सकेको थिएन । यसको केही पछि नेपालको राजधानीको नजिकै हतियारहरूको भण्डार पनि प्राप्त भयो । १९६४ मा नेपाली अधिकारीहरूले एक जना अर्को सि.आई.ए. कर्मचारी रकी स्टोनको पनि पर्दाफास गरे, जो स्थानीय एजेन्टहरूलाई हतियार र पैसा उपलब्ध गराउने गर्थ्यो । लैग्ली (सि.आई.ए. को हेडक्वार्टर रहेको ठाउँ -सं.) ले उसलाई तुरून्तै काठमाण्डौंबाट हटायो । तैपनि यो मामलामा बदनाम हुनबाट भने सि.आई.ए. जोगिएन । नेपाल सरकारले रकी स्टोनको लागि आड-भरोसा दिने काम गरिरहेको अन्तर राष्ट्रिय विकास अभिकरण (Agency for International Development) लाई बन्द गराउने माग गर्‍यो, जसको नेपालमा आफ्नै हवाइ-अड्डा र हवाइ जहाजहरू थिए । ❑

(हिन्दी संस्करण, पेज १०७/१०८ बाट)




## प्रश्नोत्तर मञ्च

यस मूल्यांकन मासिकको नियमित पाठक हुँ । यसले म जस्ता थुप्रै पाठकहरूको मन जित्न सफल भएको छ ।

यस पत्रिका मार्फत हामीले विश्व कम्युनिष्ट आन्दोलनबारे राम्ररी बुझ्न पाएका छौं । त्यसैले "विश्व कम्युनिष्ट आन्दोलन" स्तंभ कायमै राखियोस् ।

यस पत्रिकाले नेपालमा एकीकृत कम्युनिष्ट पार्टी निर्माण गर्नमा अति महत्वपूर्ण भूमिका खेलेको छ । आगामी अंकहरूमा नेपालमा एकीकृत कम्युनिष्ट पार्टी निर्माण गर्न नेपालका शीर्षस्थ वाम नेताहरूका विचारहरू कस्ता छन् ? अन्तर्वार्ताको रूपमा प्रस्तुत गरियोस् । आगामी अंकमा "प्रश्नोत्तर मञ्च" पनि राखियोस्, जसबाट हामीले जिज्ञासा लागेका कुराहरू सोध्न पाउँन सकौं ।

- सुरत बहादुर बानियाँ
पुलाचौर- ८ म्याग्दी

## जन युद्धको रिपोर्ट समावेश होस् !

१६ अंकको मूल्यांकन सार्है राम्रो लाग्यो, किनकि यसमा हाम्रो देशको ताजा घटना तुलाधर आयोगको ठहरका साथै निकारागुआको कम्युनिष्ट आन्दोलन समावेश छ । निकारागुआको कम्युनिष्ट आन्दोलनबाट मात्रै होइन, संसारभरका न्यायप्रेमी क्रान्तिकारी जनताहरूले लड़ेका बलिदानपूर्ण आन्दोलनबाट नेपालका क्रान्तिकारी वामपन्थीहरूले पाठ सिक्नु पर्छ । त्यसैगरी क. माओका मननयोग्य भनाई दिएको हुँदा मलाई झन खुशी लाग्यो । यसै गरी आगामी अंकमा विश्वका कुना कुनामा लडिएका जनयुद्धको विवरण पनि समावेश होस् र अहिले पेरू र फिलिपिन्सका जन-युद्धहरूबारे के भइरहेको छ ? एक्दमै खुल्दुली भैरहेछ । त्यो पनि समावेश होस्

- रमेश ब. सुनुवार
लहरे पौवा गा.वि.स. (रसुवा),

## अरूण तेस्रो बारे

"अरूण तेस्रो" बारे स्पष्ट जानकारी दिएकोमा अरूण सरोकार समूहलाई न्यानो अभिवादन । प्रज्ञान रत्नको लेख "उग्र वामपन्थी गल्ती किन र कसरी हुन्छ ?" ले नेपालका वामपन्थी नेताहरूलाई ऐनाको काम गर्ने छ भन्ने ठानेको छु । "भट्टराईको हार किन भयो ?", कम घनीभूत संघर्ष भनेको के हो ?, केही खल्वाट अनुहारहरू, स्वतन्त्र तिब्बतबारेका लेखहरू यस अंकका रोचक प्रस्तुति हुन् । सफलताको कामना गर्दछु ।

- डमरू पौडेल (झापा)
हाल- रा. वा. बैंक याशोक, पाँचथर

## "चट्यांग" लेखले भ्रम साफ गऱ्यो

मुल्यांकनको १७ अंकमा मैले आजसम्म खोजी गरिरहेको विषय "चट्याङ्ग पर्दा के कुखुरा र बन्चरो पनि फर्छ ? चट्याङ्ग कसरी पर्छ ?" भन्ने कुरा विस्तृत रूपमा पढ्न पाउँदा अत्यन्त हर्षित भएको छु । साथै यसका लेखक- धीरेन्द्रप्रसाद कोइरालाज्यूलाई हार्दिक बधाई टक्राउँछु । सम्पूर्ण व्यक्तिहरूलाई भ्रमित पार्न सफल रहेको यस विषयमा छर्लङ्ग पारी सम्पूर्ण जनताको आँखा खोलीदिनाले यो निकै उपलब्धीमूलक कार्य भएको छ । साथै आउँदो अंकमा ने.क.पा. (एमाले), ने.क.पा. (एके), ने.क.पा. (मसाल), ने.क.पा. (संयुक्त), ने.म.कि.पा. र ने.क.पा. (मालेमा) का सैद्धान्तिक मतभेदहरूबारे स्पष्ट गरी लेख प्रकाशनमा ल्याइने छ भन्ने आशा पनि गर्दछु ।

- रमेश चन्द्र गिरी
मोतीनगर ९, मुनुवा, कैलाली
हाल- अत्तरीया, कैलाली

## चुनाव उपयोगबाट

फागुन अंकमा दिइएको साण्डिनिष्टा क्रान्तिका उपलब्धीहरू बारेको लेख ज्ञानवर्धक छ । विश्व कम्युनिष्ट आन्दोलनको जानकारी दिने कार्यमा "मूल्यांकन" अति उपयोगी छ । यस कुरामा मलाई पूर्ण विश्वास छ कि अन्तर्राष्ट्रिय वामपन्थी गतिविधिलाई यसले प्रकाशनमा निरन्तरता दिँदै जानेछ । यसका अतिरिक्त, ने.का. सभापतिले गत उपनिर्वाचनमा हार्नु किन जरूरी थियो र त्यो कसरी संभव भयो भन्ने तथ्यलाई स्पष्ट पार्न पनि "मूल्यांकन" सफल रहेको छ । प्रज्ञानरत्नको लेखले हामीमा तर्कशक्ति बढाएको छ भन्नुमा अत्युक्ति देखिदैन । नेपाली कम्युनिष्टहरूको विभाजित अवस्थालाई एकीकृत रूपमा बदल्ने कार्यमा "मूल्यांकन" ले सहयोगी भूमिका निर्वाह गर्दै जानु पर्दछ ।

वर्तमान वहुदलीय व्यवस्थामा चुनाब लड्दैमा आमूल परिवर्तन गर्न सकिदैन । यो सबै कम्युनिष्टहरूले मान्नुपर्ने कुरा हो । तर "चुनाब उपयोग" को नीति उक्त कार्यप्रति सहयोगी सिद्ध हुन सक्छ अर्थात् यस मार्फत् जनतालाई अझ बढी सचेत पार्न सकिन्छ- यसलाई भने हामीले स्वीकार्नै पर्छ । यो चुनाव-उपचुनावको उपयोगबाट यस पुंजीवादी प्रजातन्त्रका नकारात्मक कुराहरू जनतालाई बुझाउन सहायता मिल्छ । यसबाट जनताका समस्याहरू समाधान भैहाल्छ भन्ने होइन । जनताको समस्या समाधान गर्ने जनवादी सत्ता स्थापित गर्न सघाउ पुग्छ भन्ने मात्र हो । तसर्थ, वर्तमान व्यवस्थामा चुनाब बहिष्कार गर्ने काम जडसूत्रवादी चिन्तन मात्रै हो । गतांकमा "उपचुनाबमा एमालेलाई किन सहयोग गर्ने ?" भन्ने एक जना मित्रको विचारप्रति मैले यो प्रतिक्रिया लेखेको हुँ । आफूलाई मात्र "सच्चा" कम्युनिष्ट ठान्ने रोगबाट मुक्त नभई वाम एकता असम्भव छ । विकृत पूँजीवादी चिन्तनको विरूद्धमा "मूल्यांकन" ले मिसाइलको काम गर्नेछ र प्रजातन्त्रको नाम जप्दै जनता चुस्ने जुकाहरूको पाखण्डलाई उदिंग्याउन "मूल्यांकन" सदा सफल हुँदै जाओस्- मेरो यही शुभकामना छ ।

- एन.सी. "विप्लव"
इन्द्रपुर-४ (हरैंचामोड)
(मोरंग)

## पक्ष पोषण चाहिं उचित छैन

"मूल्यांकन" ले कम्युनिष्ट आन्दोलनको वैचारिक पक्षमा जुन अन्तर्क्रिया थालनी गरेको छ, त्यो साच्ची नै महत्वपूर्ण छ । यसका सबै अंकहरू संग्रहणीय र पठनीय छन् । यसभित्रका स्तम्भहरू पनि राम्रा छन् । "मूल्यांकन" ले आफ्नो आवरणमा व्यवसायिक दृष्टिकोण अति उत्तम तरीकाले छनौट गर्न सफल रहेकोमा सम्पादक मण्डल धन्यवादको पात्र भएको छ ।

नेकपा, एमाले वर्तमान राजनीतिको प्रमुख शक्ति भएकोले यसलाई प्राथमिकता दिनु स्वभाविक भए पनि, त्यसको पक्ष पोषण नै गर्नु सान्दर्भिक र उचित छैन । "घटना प्रवाह" मा नेपालको सन्दर्भमा आइरहेका कुराहरू त ठीकै छन् । तर "आजको घटना/ आजको विचार" मा अन्तर्राष्ट्रिय समाचारको विश्लेषण कि त पुराना लाग्छन् कि त अपूर्ण छन् । यस सन्दर्भमा रूसी घटनावलीलाई उदाहरणको रूपमा पेश गर्न सकिन्छ । साहित्यमा प्रकाशित कृतिका रचनाहरू मात्र प्रकाशित नगरेर, लेखकको ताजा र नयाँ रचना समावेश गर्न अनुरोध गरिन्छ । यसमा खस भाषा मात्र होइन, नेपाल भाषा, मैथिली र अन्य भाषाका लेखकहरू पनि समेटियून् ।

एउटा अन्तिम प्रश्न : के यही मूल्यमा पेजको संख्या ५५-५६ सम्म गर्न सकिदैन ?

सुरेश "नसंचा"
पनौति, हाल-सम्भना प्रेस, ठमेल

## बेसारले जत्ति महत्व ...

"बेसारले जत्ति महत्व विचारले किन पाएन ?" स्तम्भले प्रभावित भएर दुई शब्द लेख्ने अग्रसरता देखाउँदै छु । चन्द्रदेव नेपालीले आजको नेपाली समाजको चेतना र जागरणको यथार्थ तहको नक्सा खिच्ने गर्नु भएको प्रयासको क्रम निरन्तर रूपमा अगाडि बढ्दै जाने आशा र कामना गर्दछु ।

आज नेपाली समाजलाई विचारको तहबाट माझेर लानु अति जरूरी छ । बाल जगत आज विकृत र सस्तो संस्कृतिको दुष्प्रभावले मनोवैज्ञानिक रूपबाटै ग्रसित छन् । यस अन्तर्क्रियामुखी मासिकका माध्यमबाट यस क्षेत्रमा यहाँको योगदान अविस्मरणीय ठहर्ने छ ।

- सुरेश भट्ट, भैरवस्थान, सुर्खेत

## नव वर्षको कामना !

नव वर्ष २०५१ को सिलसिलामा यस पत्रिकाले पाठक बर्गलाई बढी भन्दा बढी सेवा पुऱ्याउन सकोस्, यही कामना ।

- कृष्ण राम सुवाल,
भक्तपुर, बोलाछें-१४ ताहामला (तँचा)

## अछुतहरूको बस्तीबाट

२०५० फाल्गुनको "मूल्यांकन" मासिकमा लेखक शरद पौडेलद्वारा लिखित अछुतहरूको बस्तीबाट भन्ने लेख सत्यघटनामा आधारित भएको महशूस गर्दै लेखक एवं पत्रिका मण्डललाई धन्यवाद दिन्छु ! आगामी अंकमा पनि यस्तै यस्तै विकृतिहरूको चिरफार गर्ने प्रयत्न गर्नु हुनेछ भन्ने विश्वास राख्दै पुनः लेखकप्रति धन्यवाद !

- कुर्महरी सुवेदी
महोत्तरी जि., गा.वि.स. वर्दिवास-७, जनकपुर

## स्तरीय लेखहरूको अपेक्षा

यस १७ अंकमा "भट्टराईको हार किन भयो" र "अरूण तेस्रो अहिले किन रोक्नु जरूरी छ ?" लेखलाई प्रमुख मान्यता दिएकोमा राम्रो लाग्यो । अरू लेखहरूमा निकारागुआ साण्डिनिस्टा क्रान्तिपछि, अमेरिकाले उत्तर कोरियामाथि आक्रमण गर्ने, मेक्सिकोको किसान विद्रोह र विश्व प्रभुत्वको लागि अमेरिकाको चाल आदि लेख स्तरीय छन् । यी लेख पढेर अमेरीकी साम्राज्यवादप्रति घृणा पनि जाग्यो । आगामी अंकमा यस्ता स्तरीय लेखहरूको अपेक्षा राख्छु ।

मूल्यांकन वर्तमान नेपाली बाम आन्दोलनलाई अत्यन्त खड्किरहेको अभाव पूरा गर्न तिर लागेको छ । यसलाई अरू व्यवस्थित बनाउनु जरूरी छ ।

- सनत "सर्वहारा"
धुलाबारी-३,झापा

## जापानबाट प्रगति कामना !

कार्ल मार्क्सलाई समेत थरिथरिका सस्ता पहिरन पहिराएर आ-आफ्नै खुशीले मनपरी ब्याख्या गर्दै दौडिरहेका नेपाली विखण्डनबादी कम्युनिष्टहरूलाई बहस र अन्तर्क्रियाको क्रममा एउटा मन्चमा भेला पार्ने प्रयास गरिरहने "मुल्यांकन" लाई सर्वप्रथम धन्यवाद ! आउँदा दिनहरूमा पनि आफूभित्रका अन्तरविरोधहरूलाई त्यांगेर समान लक्ष्य प्राप्तिका लागि एउटै चौतारीमा वामपन्थीहरूलाई एकजुट बनाउन मुल्यांकन क्रियाशील रहने नै छ भन्ने आशा लिएको छु । अन्त्यमा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा घटीरहेका घटनाहरूलाई जनसमक्ष ल्याउने अनि वाम एक्ताको प्रयास गरिरहने मूल्यांकनको उत्तरोत्तर प्रगतिको कामना !

- गणेश गुरूङ
कास्की, लाहाचोक रिमान
हाल- साइतामाकेन (जापान)

## माननीय कथन

आफ्नो प्रयासमा सफल भएको "मूल्यांकन" लाई मेरो तर्फबाट धेरै धेरै धन्यवाद !

नेपालका पत्रिकाहरूमा "मूल्यांकन" ले लाखौं पाठकहरूलाई आकर्षण गर्न सकेकोमा खुसी लागेको छ । अझ यसमा विद्वानहरूको माननीय कथनलाई समावेश गरे सुनमा सुगन्ध झैं हुनेछ ।

संजय कुमार चौरसिया
रामपुर, टोकना, बारा

## अंक १५, १६, १७

मूल्यांकन अंक १५ हात लाग्यो, मेरो लागि यो पहिलो पटक थियो, ज्यादै खुशी लाग्यो ! विश्व कम्युनिष्ट आन्दोलन, चद्रदेव नेपालीद्वारा लिखित "किन शिक्षितहरूमा सुविधा भोक मात्र जागिरहेछ ?" ज्यादै प्रशंसनीय छ । त्यस्तै अंक १६ मा तुलाधर आयोगको रिपोर्टले स्पष्ट पारेको छ कि- यो वास्तविक दुर्घटना नभै सुनियोजित हत्या हो । तर पनि प्रतिपक्ष र सत्तारूढ पार्टी किन मौन छन् ? हत्यारा पत्ता लगाउन नखोजेकोमा नेपाली कांग्रेसको सरकारप्रति घृणा प्रकट गर्दछु । त्यस्तै १७ अंकमा शरद पौडेलद्वारा लिखित "अछुतहरूको बस्तीबाट" लेख ज्यादै प्रशंसनीय छ । त्यस्तै लेख, रचनाहरूले भरीपूर्ण "मूल्यांकन" पत्रिकाले प्रगतिशील विचार भएका युवाहरूको दिमागमा अरू बौद्धिक खुराक थपी दिनेछ भन्ने आशा गर्दछु र म जस्तै नयाँ पाठकहरूको मन जित्न मूल्यांकन पछि नपरोस् भन्ने चाहन्छु । आवरण पृष्ठमा स्व. कमरेडहरूको र अरू कमरेडहरूको पालैसँग तश्वीर छापियोस् !

- सरोज परियार अभिलाशी,
अमरदह-१, मोरङ

## पेज छुटे

"मूल्यांकन" पत्रिकाको नियमित पाठक हुन नसके पनि यस पत्रिका ढिलो, चाँडो, भएपनि प्रायः जसो पढ्दै आएको छु । पूर्णांक १७ हेर्दा यसमा भएका लेख रचना तथा अन्य सामाग्रीहरू पनि राम्रो लाग्यो । पूर्णांक १७ कै पेज नं. २९, ३०, ३१, ३२ नै छुटेको हुनाले पूर्ण पाठहरू पढ्न पाइएन । यो कसरी भयो ? यस्तो कमजोरी मूल्यांकन परिवारको हो कि, कस्को ? यसले गर्दा पाठक वर्गहरूमा पर्ने असरहरूलाई मध्य नजर राखी अब आउँदा दिहरूमा यस्ता गल्तीहरू नदोहोरिउन् भन्ने सुझाव दिँदै उत्तरोत्तर प्रगतिको कामना !

- तारा ब. अस्लामी
पाल्पा मस्याम ७, मिलन टोल

# मीठो मीठो

# साह्रै मीठो




# Kathmandu Maida Mills Pvt. Ltd.

## AN AUTOMATIC FLOUR MILL




KMM

You have a deal. A fair deal. Best quality flour and atta.
From our modern and automatic plant.
For you and for all your needs.
Quality flour for bakeries and confectioneries.
Hygenic Atta for breads.
All suited to your needs
Give your flair a name.
The name of

***KATHMANDU MAIDA MILLS PVT. LTD.***

Balaju Industrial District, Balaju
P.O. Box 351 Kathmandu Nepal
Phone No. 272221, 272285

**MULYANKAN**
A magazine for Thought-Interaction

ल.पु.जि.प्र.का द.नं. ११।०४९।५० म.क्षे.हु.नि./हु.द.नं. ४८।०४९।५०


# बोर्डिङ्ग पास - समयको उपहार

एक वृद्ध महिला जसले चल्नेमा मोटरसम्म देखेकी छैनन्, आज आफ्नो जिन्दगीमा अनमोल परिवर्तनको घडी पर्खिरहेकी छिन्। छिट्टै उनी एक चरा झैं उडेर शहरमा आफ्नो छोरालाई भेट्न पुग्नेछिन्। बडो उत्सुकताका साथ पर्खिराखेको आफ्नो छोरालाई चाँडै नै भेट्न पाउने कुरामा भन्दा उनी प्राचीन युगको "पुष्पक विमान" को परिकल्पनामा मग्न छिन्।

शहरमा छोरा भेट्न धेरै दिन लगाएर भरिया-तरिया सहित पैदल यात्रामा निस्कनु पर्दा हुने लामो हिडाईको दुख कष्ट भोग्नु नपर्दा उनी ज्यादै नै खुशी हुनेछिन्। अहिले उनको हातमा रहेको उडान बोर्डिङ पासले उनलाई यात्रामा बचेका केही गौरवमय दिनहरु छोरासंग बसी बिताउन पाउने एक उपहार हुन पुगेको छ।

बोर्डिङ्ग पास - अमूल्य समयको उपहार।

देशको कुना कान्चासम्म विकासको प्रतिफल पुऱ्याउनमा संलग्न





**शाही नेपाल वायुसेवा**

जति उड्यो उति उडौं उडौं लाग्ने